रूपान्तरणीय सामाजिक परिचालन

# सामाजिक परिचालकहरूका लागि

# सहयोगी हातेपुस्तिका

दोस्रो संशोधन सहित

असार २०७२

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर

# प्रकाशकीय

सामाजिक परिचालन निरन्तर चलिरहने गतिशील प्रक्रिया हो । स्थानीय शासन प्रक्रियामा नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैजाने अभिप्रायले नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा नेपालका सबै ३२७६ गाविस र १९१ नगरपालिकाहरूमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनमा छ । अधिकार तथा रूपान्तरणीय विधिमा आधारित सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन स्थानीय निकायहरूबाट स्थानीय सेवाप्रदायकहरू छनौट गरी देशव्यापी रूपमा परिचालन गर्ने काम भएको छ । सामाजिक परिचालन कार्यक्रमलाई सहयोग र सहजीकरणका लागि स्थानीय निकायहरूबाट ५५४ गैरसरकारी संस्थाहरू परिचालन भई प्रत्येक गाविसमा एक जना सामाजिक परिचालक कार्यरत रहेका छन् । नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त प्रयासमा माग पक्षलाई सशक्तिकरण र आपूर्ति पक्षको क्षमता विकास गरी नागरिकहरूलाई छिटो, छरितो, गुणस्तरीय र पारदर्शी सेवा प्रवाह गर्ने प्रयोजनमा सामाजिक परिचालन कार्यक्रम निकै प्रभावकारी सिद्ध भएको छ । वडा नागरिक मञ्चहरूबाट समावेशी विकास प्रक्रियालाई नागरिकस्तरदेखि नै सहयोग र सहजीकरण गर्ने, सेवाप्रदायकहरूबाट प्रवाह गरिने सेवा र वस्तुको नागरिक स्तरबाट निगरानी तथा अनुगमन गर्ने, आफ्नो वडाभित्र सामाजिक सुधारका गतिविधिहरू सञ्चालन गर्ने जस्ता अनुकरणीय कामहरू भएका छन् ।

वडाभित्रका साझा सवालहरू, विकास गतिविधि तथा सामाजिक विभेदहरूको अन्त्य गर्न नागरिकस्तरबाटै पहल गर्ने प्रयोजन स्वरूप अहिले सबै ३२७६ गाविसका सबै वडा र नगरपालिकातर्फ पनि कूल २७२७ वडाहरूमध्ये १२७४ वडाहरूमा वडा नागरिक मञ्चहरू सक्रिय रूपमा क्रियाशील रहेका छन् । नगरपालिकाका बाँकी वडाहरूमा पनि यसै वर्षदेखि वडा नागरिक मञ्च गठन गर्ने काम प्रारम्भ भइसकेको छ । सामाजिक र आर्थिक रूपमा पछाडी परेका र विकासको मूलप्रवाहमा समेटिन नसकेका वर्ग तथा आधारभूत सेवाहरूबाट वञ्चित परिवारहरूको सम्बन्धित समुदायद्वारा नै विपन्नता स्तरीकरण गरी वडा नागरिक मञ्चले अतिविपन्न एवं पछाडी परेका वस्तीहरूमा नागरिक सचेतना केन्द्रहरू गठन गरी साप्ताहिक रूपमा रिफ्लेक्ट सत्रमा सहभागि भई नागरिकका कर्तव्य, अधिकार बारे सचेत बन्दै गएका छन् । आगामी आर्थिक वर्षदेखि नागरिक सचेतना केन्द्रहरूको संख्या बृद्धि गरिने कार्यक्रम समेत रहेको छ ।

त्यसैले, सामाजिक परिचालन के हो ? यसका विषय क्षेत्रहरू के के हुन सक्छन् ? वडा नागरिक मञ्चले के के काम गर्दछ ? नागरिक सचेतना केन्द्र किन ? नागरिकहरू विशेष गरी महिला, विपन्न, सामाजिक सचेतनाका दृष्टिले पछाडी परेकावर्गहरूलाई कसरी बढी भन्दा बढी सक्रिय रूपमा स्थानीय शासन प्रक्रियामा सहभागि हुने अवसर सिर्जना गर्न सकिएला ? वडा नागरिक मञ्चलाई कसरी वडास्तरको सेवा प्रवाहका लागि प्रवेश विन्दुका रूपमा विकास गर्न सकिन्छ ? जस्ता अहंम् सवालहरूमा विभिन्न स्तरमा छलफल, अन्तरक्रिया र पृष्ठपोषण समेतका लागि यो सामाजिक परिचालकहरूका लागि सहयोगी हातेपुस्तिका प्रकाशन गरिएको हो । यो हातेपुस्तिकालाई बढी भन्दा बढी सूचनामूलक बनाउन यसमा सामाजिक उत्तरदायित्व, बाल विकासका आयाम, वातावरणीय पक्ष, जलवायु तथा वातावरणीय अनुकूलन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, मतदाता शिक्षा, कृषि र पशुसम्बन्धी आधारभूत जानाकारीहरू समेत समावेश गर्ने प्रयत्न भएको छ । त्यसैले, प्रस्तुत सहयोगी हातेपुस्तिका सामाजिक परिचालकहरूलाई लक्षित भए तापनि यसले सामाजिक परिचालन, सामुदायिक विकास लगायत समाज रूपान्तरणका क्षेत्रमा आवद्ध नागरिकहरूलाई उत्तिकै उपयोगी ठहरिने कुरामा समेत विश्वस्त छौं ।

यो पुस्तिका प्रकाशनका लागि मन्त्रालयको सामाजिक परिचालन तथा गै.स.स.समन्वय शाखा र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको राष्ट्रिय सेवा प्रदायक इकाईबाट लिइएको नेतृत्वदायी भूमिका र यससँग सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छौं । सामाजिक परिचालनका अतिरिक्त बहुसरोकारका विषयहरू समेटेर हातेपुस्तिकालाई बढी भन्दा बढी उपयोगी बनाउन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उप-सचिव श्री सीता परियार, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका उप-निर्देशक एवं राष्ट्रिय सेवाप्रदायक इकाईका प्रमुख श्री कृष्णचन्द्र ढकाल र क्षेत्रीय शासन तथा क्षमता विकास विज्ञ श्री सिपी सिग्देलले पुऱ्याउनु भएको योगदान उल्लेखनीय रहेको छ । यस हातेपुस्तिका प्रकाशनका लागि रचनात्मक सहयोग प्रदान गर्नुहुने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रा. डा. विष्णु सापकोटा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव श्री रेश्मीराज पाण्डे, उप-सचिव श्री पुरूषोत्तम नेपाल, डिएफआईडीका श्री गोविन्द न्यौपाने, जिआईजेडका श्री अरूण रेग्मी लगायत विकास साझेदार सबैलाई धन्यवाद ज्ञापन गर्दछौ । हातेपुस्तिका तयार गर्ने क्रममा विभिन्न निकायबाट प्राप्त सन्दर्भ सामाग्रीका लागि समेत धन्यवाद दिन चाहन्छौ ।

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर ।**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

# सामाजिक परिचालन सहयोगी हातेपुस्तिका
## विषय-सूची


| विषयवस्तु | पृष्ठ |
|---|---|
| **भाग- एक : सामाजिक परिचालन** | ५ - ५३ |
| **१.१ सामाजिक परिचालनको आधारभूत अवधारणा** | ५ |
| **१.२ गरिबी र सोका अन्तरनिहित मूलभूत कारणहरु "परिवेशको विश्लेषण"** | ७ |
| १.२.१ गरिबीका मूलभूत कारणहरूलाई कसरी बुझ्ने ? | ८ |
| १.२.२ गरिबीका मूलभूत कारणहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ? | ८ |
| १.२.३ गरिबीका मूल कारणलाई सम्बोधन गर्ने भनेको के हो ? | १० |
| **१.३. गरिबीका अन्तरनिहित कारणहरुको विश्लेषण (खण्ड- एक)** | ११ |
| १.३.१ गा.वि.स. तथा न.पा.का छनौट भएका वडाहरूमा स्रोत र साधनमा पहुँच नक्साङ्कन | ११ |
| १.३.२ सामाजिक स्रोत नक्साङ्कन तथा स्थलगत हिँडाइ | १३ |
| १.३.३ सम्पन्नता स्तरीकरण | १४ |
| **१.४. नागरिक सचेतना केन्द्र**<br>१.४.१ परिचय<br>१.४.२ नागरिक सचेतना केन्द्रका सहभागिहरू<br>१.४.३ नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले के गर्छन् ?<br>१.४.४ नागरिक सचेतना केन्द्रमा सहभागिहरूले के गर्छन ?<br>१.४.५ नागरिक सचेतना केन्द्रमा चाहिने वातावरण तथा सामाग्री | १७ - १८ |
| **१.५. गरिबीका अन्तरनिहित कारणहरुको विश्लेषण (खण्ड- दुई)** | २२ |
| १.५.१ इतिहास विश्लेषण | २२ |
| १.५.२ शक्ति सम्बन्ध विश्लेषण | २४ |
| १.५.३ निर्भरता विश्लेषण | २५ |
| १.५.४ वृक्ष विश्लेषण | २६ |
| १.५.५ लैङ्गिक विश्लेषण | २८ |
| क. महिला गतिशीलता | २८ |
| ख. कार्यबोझ विश्लेषण | २९ |
| १.५.६ चुहिने गाग्रो विश्लेषण | ३१ |
| १.५.७ मौसमी पात्रो विश्लेषण | ३२ |
| १.५.८ सामुदायिक सूचना- पाटी<br>१.५.९ स्थानीय संस्थाको स्रोत, सहभागिता र प्रतिनिधित्व विश्लेषण<br>१.५.१० जनमुखी नीति नियमहरूको विश्लेषण<br>१.५.११ परिदृश्य विश्लेषण वा निर्माण<br>१.५.१२ परिवर्तन मापन | ३३ - ३७ |
| **१.६. वडा नागरिक मञ्च**<br>१.६.१ परिचय<br>१.६.२ वडा नागरिक मञ्चको वनावट<br>१.६.३ वडा नागरिक मञ्चको काम, कर्तव्य र जिम्मेवारी<br>१.६.४ वडा नागरिक मञ्चको बैठक<br>१.६.५ वडा नागरिक मञ्चको पदावधि<br>१.६.६ वडा नागरिक मञ्च व्यवस्थापन समिति<br>१.६.७ वडा नागरिक मञ्चको क्षमता विकास | ४० - ४३ |
| **१.७. नागरिक सचेतना केन्द्र**<br>१.७.१ परिचय<br>१.७.२ नागरिक सचेतना केन्द्रका कार्यहरू<br>१.७.३ नागरिक सचेतना केन्द्र गठन र सञ्चालन<br>१.७.४ नागरिक सचेतना केन्द्र संयोजन समिति<br>१.७.५ नासके सञ्चालनमा सामाजिक परिचालकले ध्यान दिनुपर्ने कुराहरू<br>१.७.६ नागरिक सचेतना केन्द्र परिपक्वताका आधारहरू | ४३ - ४८ |
| **१.८. स्थानीय सेवाप्रदायकको काम कर्तव्य र भूमिका** | ४८ |
| **१.९. सामाजिक परिचालकका मुख्य काम कर्तव्य र जिम्मेवारी** | ४९ |

| | |
|---|---|
| १.१०. सामाजिक परिचालकमा आवश्यक गुणहरु र आचार-संहिता | ५० |
| १.११. जीविकोपार्जन सुधार योजना | ५० |
| भाग- दुई : गाविसका कार्यहरू | ५३ - ६२ |
| २.१ पञ्जीकरण | ५३ |
| २.२ सिफारिस | ५६ |
| २.३ सामाजिक सुरक्षा | ५९ |
| भाग- तीन : सामाजिक जवाफदेहिता | ६२ - ६७ |
| ३.१ सामाजिक जवाफदेहिताका अनुगमनका औजारहरु | ६३ |
| भाग- चार : बालमैत्री स्थानीय शासन | ६७ - ७० |
| ४.१ सेवा प्रवाह सम्बन्धी न्यूनतम सूचकहरु<br>४.१.१ बाल बचाउका सूचकहरू<br>४.१.२ बाल संरक्षणका सूचकहरू<br>४.१.३ बाल विकासका सूचकहरू<br>४.१.४ बाल सहभागिताका सूचकहरू<br>४.२ संस्थागत विकास सम्बन्धी न्यूनतम सूचक | ६९ |
| भाग- पाँच : सामुदायिक मेलमिलाप | ७१ - ७३ |
| ५.१ सामुदायिक मेलमिलापका प्रक्रिया र चरणहरु | ७२ |
| भाग- छ : लोकतन्त्र र निर्वाचनसम्बन्धी सामान्य जानकारी | ७४ - ७५ |
| ६.१ लोकतन्त्र | ७४ |
| ६.२ निर्वाचन | ७४ |
| ६.३ निर्वाचन शिक्षा कार्यकर्ता वा स्वयंसेवकको भूमिका | ७५ |
| भाग- सात : विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकूलन | ७६ - ८२ |
| ७.१ समुदायमा आधारित विपद् व्यवस्थापन | ७६ |
| ७.२ राष्ट्रिय भवन संहिता | ७७ |
| ७.३ जलवायु परिवर्तन र अनुकूलन | ८० |
| भाग- आठ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ८२ - ८९ |
| ८.१ लैङ्गिक समानता | ८२ |
| ८.२ सामाजिक समावेशीकरण | ८५ |
| ८.३ लैङ्गिक हिंसा | ८६ |
| ८.४ बालविवाह | ८९ |
| भाग- नौ : लक्षित समूहहरूलाई उपयोगी कार्यक्रम तथा आयोजनाहरू | ९०-९१ |
| भाग- दश : कृषि तथा पशु सेवा सम्बन्धी कार्यहरू | ९२ - ९४ |
| १०.१ कृषि सेवासम्बन्धी कार्यहरु | ९२ |
| १०.२ पशु सेवासम्बन्धी कार्यहरु | ९३ |
| भाग- एघार : वातावरणमैत्री स्थानीय शासन | ९४ - १०० |
| ११.१ गाविस क्षेत्रका वातावरणमैत्री स्थानीय शासनका सूचकहरु | ९५ |
| ११.२ नगरपालिका क्षेत्रका वातावरणमैत्री स्थानीय शासनका सूचकहरु | ९७ |
| अनुसूचीहरू | १०० - १०२ |
| अनुसूची १ : वस्ती तथा वडास्तरमा समस्या पहिचानका लागि प्रयोगमा ल्याउन सकिने फाराम | १०१ |
| अनुसूची २ : समस्या समाधानका उपायहरूको खोजी | १०१ |
| अनुसूची ३ : प्राथमिकताका बुँदाहरूलाई तालिकामा आयोजनागत रूपमा प्राप्त अंकका आधारमा प्राथमिकता निर्धारण | १०१ |
| अनुसूची ४ : सामाजिक परिचालक वा सहजकर्ता डायरी | १०१ |
| अनुसूची ५ : पैरवी कार्य योजना | १०२ |
| अनुसूची ६ : प्रगति/परिवर्तन/असर अभिलेख | १०२ |
| अनुसूची ७ : पैरवी योजना अनुगमन फाराम | १०२ |
| अनुसूची ८ : नागरिक सचेतना केन्द्र | १०२ |

# भाग- १
# सामाजिक परिचालन

## १.१ सामाजिक परिचालनको आधारभूत अवधारणा

### पृष्ठभूमि

सामाजिक परिचालन प्रत्येक व्यक्तिभित्र रहेका असीमित क्षमता र सम्भावनाहरू उजागर गर्न सक्ने सशक्त तरिका र औजार हो । सामाजिक परिचालन समुदायका सदस्यहरूलाई उनीहरूको समस्याप्रति सचेत गराइ सामुदायिक कार्यको निमित्त उच्च प्राथमिकताप्राप्त समस्याको पहिचानमा सघाएर समस्या समाधानमा उपयुक्त विकल्प छनौट गरी कार्यान्वयनको निमित्त कदम चाल्न सामूहिक निर्णय लिने सशक्तिकरण प्रक्रिया हो । सहभागिता, पारदर्शिता, जवाफदेहिता र समान हैसियत जस्ता बिषयहरू सामाजिक परिचालनका आधारभूत पक्षहरू हुन ।

विकास आर्थिक, सामाजिक, राजनैतिक, मानवीय आयाममा देखा पर्ने सकारात्मक र गुणात्मक परिवर्तन हो । यो बाहिरबाट उपहार दिए जस्तो कसैले कसैको लागि उपलब्ध गराइ दिने कुरा होइन । यसका लागि स्थानीय नागरिक नै सजग र सक्रिय हुनु पर्दछ । नागरिक त्यसै सक्रिय हुने र अगाडि बढ्ने गर्दैनन्, त्यसका लागि उनीहरूलाई कामको स्वरूप, प्रक्रिया र प्रतिफल बारे बोध हुनुपर्दछ । उनीहरूकै प्रत्यक्ष संलग्नतामा काम गर्ने हो भने मात्र उनीहरूको मनोबल उच्च हुन पुग्छ । उनीहरूलाई जागरूक बनाउने काममा बाहिरका परिवर्तनकारी सम्वाहकहरू (Change agents) ले सहजकर्ता (Facilitator) को भूमिका मात्र निर्वाह गर्न सक्दछन् । स्थानीय विपन्न तथा सीमान्तकृत परिवारलाई विकासका हरेक क्रियाकलापमा सुरूदेखि अन्तसम्म सहभागि बनाई लैजानुपर्ने हुन्छ । कुनै कार्यक्रम वा योजनाको पहिचान, उद्देश्य निर्धारण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, लाभको बाँडफाँड र पुनः कार्यक्रम तर्जुमा (re-planning) मा सरोकारवालाहरूलाई अर्थपूर्ण रूपमा सहभागि गराई आफू सहयोगी मात्र भएर काम गर्ने गराउने प्रक्रिया नै सामाजिक परिचालनको कार्यनीति हो । अहिलेसम्मको हाम्रो विकास व्यवस्थापन तथा योजना प्रक्रिया त्यति बढी प्रभावकारी हुन नसक्नुको प्रमुख कारण भनेकै नागरिकहरूलाई योजना तर्जुमा प्रक्रियामा सक्रिय रूपमा सहभागि गराई अपनत्व लिने वातावरण सृजना गर्न नसकिएकाले हो । केवल ऐन, कानूनका आधारमा मात्र सहभागिता स्वस्फूर्त हुन सक्दैन । यसका लागि स्थानीयस्तरमा सक्षम र सशक्त नागरिक समाज तयार गरी उनीहरू मार्फत नै विकासका गतिविधि सक्रियतापूर्वक अगाडि बढाउनुपर्ने हुन्छ । यसका लागि निम्न तरिकाहरू अवलम्बन गर्न सकिन्छ :-

- रूपान्तरणको लक्ष्य बोकेर सञ्चालनमा आइरहेका नागरिक सचेतना केन्द्रहरूलाई नागरिक कर्तव्य र अधिकार बारे सचेत गराउने ।
- स्थानीय स्तरबाटै स्वस्फूर्त रूपले गठन भएका वा हुने नागरिक सरोकारका संघसंस्थाहरू (आमा समूह, बालसमूह, सामुदायिक संस्थाहरू, गैरसरकारी संस्था तथा यसमार्फत गठन भएका विभिन्न समूहहरू) लाई रूपान्तरणीय सामाजिक परिचालन पद्धति बारेमा अभिमुखीकरण गर्ने ।
- नागरिक तथा समुदायलाई स्थानीयस्तरका विकास व्यवस्थापन प्रक्रियामा आवश्यकताको पहिचानदेखि प्रतिफलको वितरणसम्मका चरणहरूमा सक्रिय रूपमा सहभागि हुने वातावरण सृजना गर्ने ।

**सामाजिक परिचालन** समुदायका सदस्यहरूले आफ्नो दैनिकीमा भोगेका अप्ठेरा र कठिनाइहरूलाई सजिलोमा बदल्न एक आपसमा छलफल गरी सामूहिक रूपमा उपायहरूको खोजी गरिने प्रयास र तरिका हो । सामूहिक रूपमा बिचार, बिमर्श र छलफलका लागि सामाजिक परिचालन कार्यक्रमले समुदायका सदस्यहरूमा लेखाजोखा,

विश्लेषण, कार्यान्वयन, चेतना जगाउने, हौसला बढाउने र हामीले प्रयास गऱ्यौं भने अप्ठ्यारा कार्यहरू पनि सजिलै गर्न सक्छौं भन्ने आत्मविश्वास जगाउन मद्दत गर्दछ ।

**रूपान्तरणीय प्रणालीको सामाजिक परिचालनले REFLECT** विधि र प्रक्रियाको प्रयोग गर्दै सबै नागरिक विशेष गरेर गरिबी र वञ्चितीकरणमा परेका परिवार, महिला तथा बालबालिकाहरूलाई निम्न कुराहरूमा सहयोग पुऱ्याउँछ :

- नागरिक कर्तव्य र अधिकार बारे बोध गराई कर्तव्य पालना र अधिकार दावी गर्न सक्ने आवश्यक क्षमताको विकास,
- स्थानीय योजना तर्जुमा प्रक्रियाका सबै चरणहरूमा अर्थपूर्ण सहभागिताको सुनिश्चितता, र
- स्थानीयस्तरमा सरकारी तथा गैरसरकारी निकायहरूबाट उपलब्ध सेवा र सुबिधामा पहुँच बृद्धि, आदि ।

## रूपान्तरणीय सामाजिक परिचालन

रूपान्तरणीय सामाजिक परिचालन **REFLECT (Regenerated Freirean Literacy through Empowering Community Techniques- Paulo Freire)** पाउलो फ्रेरीले प्रतिपादन गरेको शिक्षा र सचेतनाको सिद्धान्त र रोवर्ट च्याम्वरको PRA विधिमा आधारित छ । **REFLECT** ले प्रौढ वा वयश्क उमेर समूहका विपन्न तथा सीमान्तकृत वर्गको सचेतीकरण, महसुसीकरण र सशक्तिकरणमा जोड दिन्छ । **REFLECT** सहभागितात्मक सिकाईसहितको सामाजिक परिवर्तनका लागि नवीन तरिका हो । जसले व्यक्तिलाई आफ्नो वरिपरिको परिवेशको गहन विश्लेषण (critical analysis) का लागि उत्प्रेरित गर्छ ।

### सारांशमा REFLECT विधि भनेको

- जीवनस्तर उकास्न मद्दत गर्ने नागरिकहरूको जीविकासँग गाँसिएको शिक्षा ।
- गरिबी र वञ्चितीकरणमा परेकाहरूलाई एकजुट वा संगठित बनाउने शिक्षा ।
- मानिसमा रहेको सुषुप्त चेतना वा मनस्थितिलाई सशक्त बनाउने शिक्षा ।
- कुसंस्कार, कुप्रथालाई तोडी जीवन र समय सुहाउँदो रूपान्तरण ल्याउने शिक्षा ।

यस हिसावले रिफ्लेक्ट भनेको जीवनमा घटेको घटनालाई मूल मुद्दा बनाई सार्वजनिक हित र सामाजिक न्यायको लागि निरन्तर आवाज उठाउने व्यवहारिक शिक्षा हो ।

### REFLECT पद्धतिका मान्यताहरू

- **REFLECT** ले विद्यमान सामाजिक संरचनालाई बुझ्न, त्यहाँको शक्ति-सम्बन्धलाई केलाउन र संरचना अन्तर्गत विपन्न र सीमान्तकृतहरूको स्थान र भूमिका खोज्न र देख्न सघाउ पुऱ्याउँछ ।
- **REFLECT** ले विभेदकारी संरचनालाई रूपान्तरण गर्ने र बढी लोकतान्त्रिक प्रणाली र प्रक्रिया अप्नाउनेतर्फ उन्मुख गर्दै मौनताको संस्कार तोड्न र नागरिकहरूको आवाज मुखरित हुने वातावरण स्थापित गर्न मद्धत गर्दछ ।
- प्रत्येक मान्छेभित्र रहेको आत्मशक्तिलाई **REFLECT** प्रक्रियाले उजागर गर्न मद्दत गर्दछ ।
- **REFLECT** प्रक्रियाले विपन्न तथा सीमान्तकृत समुदायको सशक्तिकरणलाई सहयोग पुऱ्याउने सिकाई र जागरण पद्धतिलाई अघि बढाउँछ ।

## सामुदायिक विकासमा रूपान्तरणीय सामाजिक परिचालन किन ?

- नीति निर्माण र कार्यान्वयनमा नागरिक खास गरेर गरीव र पछाडी परेका वर्गको आवाज अभिबृद्धि र पहुँच सुनिश्चित गर्न ।
- लक्षित वर्गको आवश्यकता र प्राथमिकता बमोजिम सार्वजनिक सेवा, स्रोत र साधनको न्यायोचित वितरण गर्न ।

- सार्वजनिक सेवा, स्रोत, साधनको परिचालनबाट प्राप्त हुने लाभको बाँडफाँडमा लक्षित वर्गको अधिकार स्थापित गर्न ।
- राज्यको नागरिकप्रतिको जवाफदेहिता बढाउन, सामाजिक न्याय स्थापना र मानव अधिकारको उपयोग गर्न ।
- स्थानीय तहमा रहेको वित्तीय जोखिम न्यूनीकरण गर्न ।
- स्थानीय निकायको काम कारवाहीप्रति आमनागरिकको अपनत्व बढाउन ।
- सीमान्तकृत नागरिकहरूलाई कर्तव्य र अधिकारप्रति सचेत गराई उनीहरूको क्षमता विकास गर्न ।

## १.२. गरिबी र सोका अन्तरनिहित मूलभूत कारणहरू "परिवेशको विश्लेषण"

नेपालमा योजनावद्ध विकास प्रयासको थालनी भएको साढे पाँच दशकभन्दा बढी भैसकेको छ । यस क्रममा विकासमा गरिबी निवारणको मुद्दाले ठाउँ लिएको पनि निकै भइसक्यो । केही दशकदेखि विकासमा संलग्न निकायहरूले विगतका अनुभव, सिकाइ, परिवेश र अनुकूलता अनुरूप आफूलाई भिन्न रूपमा प्रस्तुत गर्ने र विकास कार्यलाई नयाँ चिन्तन र सोचका साथ अगाडी बढाउने प्रयासहरू गर्दै आएका छन् । विकासका विभिन्न मोडेलहरूलाई अपनाउने क्रममा सन् १९९० को दशकदेखि अधिकारमुखी विकास अवधारणाको बारेमा व्यापक छलफल र बहस सुरू भयो । अवधारणागत बहस र छलफलमा भएका सिकाइलाई अभ्यासमा ल्याउने कार्य पनि विभिन्न तहमा सुरू भए । अधिकारमा आधारित अवधारणाअन्तर्गत गरिबीका मूल कारणहरूलाई सम्बोधन गर्ने गरी कार्यक्रममा समायोजन र परिमार्जन गर्दै अभ्यासमा ल्याउने क्रममा आवश्यकताअनुसार राज्य र गैरसरकारी संस्थाहरूको नीतिगत परिमार्जन र संस्थागत पुनःसंरचना गरी केही हदसम्म परिष्कृत रूप दिने प्रयासहरू पनि अगाडी बढिरहेका छन् ।

रूपान्तरणीय प्रणालीको सामाजिक परिचालनको आवश्यकता निम्न अवस्थाले अझ बढ्न गयो :

- विगतमा गरिएका विकासका प्रयासहरूले गरिबीको मूलभूत कारणलाई यथोचित रूपमा सम्बोधन गर्न सकेन । यी प्रयासहरूले मानिसहरूको अवस्थामा सामान्य परिवर्तन ल्याए तापनि सामाजिक हैसियतमा अपेक्षाकृत परिवर्तन ल्याउन सकेन ।
- विकासका विभिन्न प्रयासका बाबजुद पनि गरीव झनै गरीव हुँदै गए, धनी अझै धनी हुँदै गए । शक्तिमा पहुँच भएकाहरू अझै बढी शक्तिशाली भए र अधिकारबाट वञ्चितहरूको स्थिति दिनप्रतिदिन दयनीय हुँदै गयो ।
- गरीव र धनीबीच (व्यक्ति, क्षेत्र, राज्य) को, अधिकारवाला र अधिकारबाट वञ्चित गराइएकाहरूबीचको, महिला र पुरूषबीचको, तथाकथित उपल्लो र तल्लो जातबीचको, ग्रामीण र शहरी क्षेत्रबीचको दूरी पहिलाभन्दा पनि अझै फराकिलो भयो, गरिबी झनै गहिरिएर गयो ।
- त्यसैले गरिबीका मूलभूत कारणहरूलाई सम्बोधन गर्नका लागि, असमान शक्ति सम्बन्धमा परिवर्तन ल्याउनका लागि, पछाडी पारिएकाहरूको सामाजिक हैसियतमा परिवर्तन गर्नका लागि र समष्टिगत रूपमा सामाजिक रूपान्तरणका लागि अधिकारमुखी विकासको अवधारणा अवलम्वन गर्न जरूरी देखियो ।

सम्पत्ति, ज्ञान र क्षमता नहुनु मात्रै गरिबीका कारण होइनन् । सामाजिक बहिष्करण र विभेद पनि गरिबीको महत्वपूर्ण कारण भएकाले मानव अधिकारलाई विकास कार्यक्रममा समायोजन नगरी वा विकास कार्यक्रममा अधिकारमुखी अवधारणालाई समाहित नगरेसम्म गरिबीका मूलभूत कारणहरूलाई सम्बोधन गर्न सकिदैंन । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पनि रूपान्तरणीय सामाजिक परिचालनको माध्यमबाट गरिबीको वृहत कारणहरूलाई सम्बोधन गर्न, जीविकोपार्जनमा सुधारका लागि अधिकारमा आधारित विकास अवधारणालाई अङ्गिकार गरेको छ ।

### १.२.१ गरिबीका मूलभूत कारणहरूलाई कसरी बुझ्ने ?

गरिबी राजनीतिक, सामाजिक, आर्थिक र वातावरणीय तत्वहरूको संयुक्त मिलनले जन्माएको परिणाम हो । यसले गरिबीलाई संरचनागत तथा प्रणालीगत (structural and systematic) रूपमा नै मौलाउन सहयोग गर्दछ । यी तत्वहरू स्थानीय तहदेखि विश्वव्यापी रूपमा रहेका हुन्छन् ।

गरिबीका कारणहरू गरीव वस्तीमा मात्रै सीमित छैनन्, व्यक्तिगत कारणले मात्रै कोही गरीव हुँदैनन् । आफ्नो इच्छाले कोही अधिकारबाट वञ्चित हुँदैन । कुनै पनि मानिस गरीव हुनु, कुनै पनि समूह वा वर्ग विभिन्न हिसावले पछाडी पर्नुमा राजनीतिक, आर्थिक, सामाजिक र वातावरणीय कारणहरू हुन्छन् । यस्ता कारणहरूमा राज्य संरचना तथा कार्य सञ्चालन प्रणाली, सामाजिक संरचना तथा नीति, आर्थिक अवसर र पहुँच, वितरण प्रणाली र ऊ बसेको वातावरणले गर्दा जन्मने, हुर्कने, बढ्ने, मौलाउने र फैलिने हुन्छन् । यसले गरिबीका कारणहरू स्थानीय तहमा व्यक्ति, घरपरिवार, समाज, सामाजिक संरचनादेखि लिएर राज्यव्यवस्था सञ्चालन प्रणालीलगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत अस्तित्वमा रहेका हुन्छन् ।

रूपान्तरणीय सामाजिक परिचालनले गरिबीका मूलभूत कारणहरूलाई सम्बोधन गरी दिगो प्रतिफलतर्फ उन्मुख हुने लक्ष्य लिएकाले हामीहरूले गरिबीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुन जरूरी छ । परिवर्तित धारणा अनुरूप मूलभूत कारणहरू केलाउने, निफन्ने र पहिचान गर्ने विश्लेषणात्मक पद्धति र प्रक्रियामा पनि परिमार्जन हुन आवश्यक छ । यसका साथै निश्चित रूपमा कार्यक्रम सञ्चालनका स्वरूप तथा प्रक्रियामा समेत परिवेशअनुसार परिष्कृत गर्दै लैजानु पर्दछ ।

### १.२.२ गरिबीका मूलभूत कारणहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

विभिन्न तह र स्तरमा रहेका गरिबीका कारणहरूलाई जबसम्म राम्रोसँग बुझी, विश्लेषण गरी सही रूपमा सम्बोधन गरिँदैन तवसम्म कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । विभिन्न तहका कारणहरूलाई बुझ्न तथा सम्बोधनका लागि सम्भावित उपायहरूलाई सरल रूपमा जानकारी दिने उद्देश्यले यसलाई निम्नानुसार ३ तहमा वर्गीकरण गर्न सकिन्छ ।

#### गरिबीका तत्कालीन कारणहरू (Immediate Causes of Poverty) भनेका के हुन् ?

मानिसको जीवन र मरणलाई प्रत्यक्ष असर पुऱ्याउने तत्वहरू यस अन्तर्गत पर्दछन् । कुपोषण, रोगव्याधि, प्राकृतिक प्रकोप आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ । यो तहका कारणहरू सिधै देख्न र अनुभव गर्न पनि सकिन्छ । यो तहका कारणहरू पहिचान गरी कार्यक्रममार्फत तत्काल सम्बोधन गर्न जरूरी छ । तर यसको सम्बोधनले मात्रै गरिबी निवारण गर्न सकिँदैन ।

#### गरिबीका अन्तरिम कारणहरू (Intermediate Causes of Poverty) भनेका के हुन् ?

मानिसको सम्पन्नता तथा समृद्धिपूर्ण जीवनसँग सम्बन्धित रहेका कुराहरू यस अन्तर्गत पर्दछन् । यी कारणहरूले विशेष गरी मानिसहरूलाई आवश्यकतामा आधारित रही काम गर्नुपर्ने कुरामा जोड दिन्छन् । यसले आधारभूत सेवा सुविधाको पहुँच, सीपको कमी, उत्पादकत्वको कमी जस्ता कुराहरूलाई लक्षित गरी काम गर्छ । हाल सञ्चालन भएका अधिकांश विकास कार्यक्रमहरू यसै तहका कारणहरूलाई लक्षित गरी कार्यान्वयन भएका छन् ।

#### गरिबीका मूलभूत कारणहरू (Underlying Causes of Poverty) भनेका के हुन् ?

विकासका नियमित प्रयासको बाबजुद पनि किन विभिन्न अन्तरिम कारणहरू अस्तित्वमा हुन्छन् भन्ने पक्षहरूलाई विशेषत मूलभूत तहका कारणहरूले लक्षित गर्दछ । यस तहका कारणहरू पत्ता लगाउनका लागि हामीहरूले किन स्रोतमा केही मानिसहरूको मात्र पहुँच छ र धेरै मानिसहरूको पहुँच पुग्न सकेको छैन ? किन थोरै मानिसहरूले अधिकांश स्रोतको नियन्त्रण गरेका छन् र धेरै यसबाट वञ्चित छन् ? किन धेरै मानिसहरू गरीब छन् र थोरै मानिसहरू

मात्र धनी छन् ? किन २०% मानिसहरूले ८०% स्रोतमाथि नियन्त्रण र त्यसको उपभोग गरेका छन् र ८०% मानिसहरूको २०% स्रोतमा मात्रै पहुँच छ ? भन्ने जस्ता प्रश्नहरू गर्नुपर्ने हुन्छ । गरिबीका मूलकारणहरूको तहमा हामीले निफन्नु पर्ने यस्ता विश्लेषणात्मक प्रश्नहरू सबैजसो नीति, नियम, प्रणाली, पद्धति र मान्यतासँग सम्बन्धित हुन्छन् । यसले समाजमा जरा गाडेर बसेको हुन्छ र यसैबाट नै स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा समाज सञ्चालित हुन्छन्। यस अन्तर्गत आर्थिक, राजनीतिक, सामाजिक संरचनागत कुराहरू पर्दछन् ।

संक्षेपमा, गरिबीका विभिन्न तहमा (विशेष गरी तीन तहमा) रहेका कारणहरूलाई बुझ्नका लागि संलग्न तालिकाले थप मद्दत गर्न सक्छ । तालिकामा उल्लेख गरिएका विभिन्न तहमा अवस्थित गरिबीका कारणहरू बुझ्नका लागि सरल पार्ने उद्देश्यले दिइएका हुन् । सबै समय, ठाउँ र परिस्थितिका लागि यहाँ उल्लेख गरिएका उदाहरणहरू मात्रै पर्याप्त छैनन् । यसले हामीहरूलाई कुन तहमा कस्ता किसिमका कारणहरू हुने रहेछन् भनेर सोच्न पक्कै पनि मद्दत गर्नेछ ।

**गरिबीका कारणहरूको तहगत उदाहरण**

| | | |
|---|---|---|
| **तत्कालीन कारणहरू** | मानिसको प्रत्यक्ष जीवन र मरणसँग सम्बन्धित कारणहरू<br>• रोग, भोकमरी, प्राकृतिक प्रकोप, द्वन्द्व आदि | **मानवीय अवस्था र सामाजिक हैसियतमा सुधार** |
| **अन्तरिम कारणहरू (Intermediate Causes)** | मानिसको जीवनस्तर, विकासका अवसर र जीविकोपार्जनको सुरक्षालाई प्रभाव पार्ने कारणहरू<br>• जीविकोपार्जनका लागि आवश्यक हुने कृषि र अन्य आयको न्यून उत्पादकत्व<br>• जीविकोपार्जनका अवसरहरूमा कमी, सीपको अभाव, खाद्यान्नको पहुँचमा कमी,<br>• स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाको अपर्याप्तता | |
| **मूल कारणहरू (Underlying Causes )** | गरिबी र पछौटेपनसँग सम्बन्धित र समाजमा संरचनागत रूपमा (सामाजिक संरचना, राजनीतिक संरचना तथा आर्थिक संरचना तथा वातावरणीय सवालहरू) जरा गाडेर बसेका कारणहरू<br>• आर्थिक : असमतामूलक हिसाबले स्रोतको वितरण, विश्वव्यापीकरण, व्यापार र वाणिज्यसम्बन्धी शर्त, नीति र नियमहरू, संरचनागत समायोजन<br>• राजनीतिक : सुशासन नहुनु र संगठनात्मक क्षमताको कमी, भ्रष्टाचार, हिंसात्मक द्वन्द्व<br>• सामाजिक : सीमान्तकृत, असमानता, विभिन्न कारणले सामाजिक रूपमा निश्चित समूह र वर्गका मानिसहरूलाई समाजले नसमेट्नु,<br>• समतामूलक विकासलाई बाधा पार्ने तथा एकपक्षीय रूपमा फाईदा हुने गरी मान्यता दिइएका सामाजिक तथा सांस्कृतिक रीतिस्थिति, पद्धति र अभ्यासहरू, बढी जनसंख्या<br>• वातावरणीय : स्रोतमा आधारित द्वन्द्व, प्राकृतिक प्रकोपहरू, मानिस, पशु र बालीहरूमा नयाँ नयाँ किसिमका रोगहरू लाग्नु आदि । | |

### १.२.३ गरिबीका मूल कारणलाई सम्बोधन गर्ने भनेको के हो ?

गरिबीका मूल कारणहरूलाई सम्बोधन गर्ने भनेको सुशासनको अवस्थालाई खुला र समतामूलक बनाउन उद्देश्य प्राप्ति गर्ने गरी कार्य गर्नु हो । यसै गरी गरीब, अधिकारबाट वञ्चित, जोखिमपूर्ण अवस्थामा रहेका, समाजले समेट्न नसकेका वर्गहरूका लागि जीविकोपार्जनसम्बन्धी अवसरहरूमा, पहुँचमा व्यवहारिक र नीतिगत रूपमा अभिबृद्धि गर्नु पनि मूलभूत कारणलाई लक्षित गर्नु हो । गरिबीलाई वस्तुगत न्यूनताको अतिरिक्त शक्तिविहिनताको हिसाबले पनि हेरिनु पर्छ । गरीवहरूको हितअनुकुल सामाजिक रूपमा तथा राज्यका नीतिहरूमा सम्बोधन नभएमा उनीहरूको गरिबीका कारणहरूको पहिचान हुनुपर्छ । यसरी गरिबीका कारणलाई फराकिलो दायरामा राखेर हेऱ्यो भने मात्र हाम्रो क्रियाकलाप र कार्यक्रमहरू पनि वस्तुगत हुन गई गरीव नागरिकहरूको हितअनुकूल बनाउनेतर्फ लक्षित गर्न सकिन्छ । यसो गरेमा मात्रै सही रूपमा गरिबीका कारणलाई सम्बोधन गरेको ठहर गर्न सकिन्छ । यसका लागि आर्थिक, राजनीतिक र सामाजिक संरचना र पद्धतिको विश्लेषण गरी स्थानीयदेखि नीतिगत तहसम्म प्रभाव पार्ने काममा हाम्रो संलग्नता हुनुपर्दछ ।

अर्को अर्थमा भन्ने हो भने समाजमा माथि उल्लेख गरिएका वर्गहरूलाई स्थापित गराउँदै हालको हैसियतमा परिवर्तन गरेर सम्मानित रूपमा जीवनयापन गर्नसक्ने स्थितिको सृजना गर्नु भनेको पनि गरिबीको मूलभूत कारणहरूलाई सम्बोधन गर्ने गरी काम गर्नु हो । सशक्तिकरणको प्रक्रियामार्फत उनीहरूलाई संगठित गर्दै परिचालन नगरेसम्म समाजमा अधिकार स्थापित गराउन र सामाजिक हैसियतमा परिवर्तन ल्याउन सकिँदैन । यसका लागि विभिन्न सवालमा आधारित  नागरिक संगठनहरूको निर्माण गर्नुका साथै अभिमतको दायरालाई फराकिलो बनाउनका लागि अन्य नागरिक समाजसँगको गठबन्धन पनि त्यतिकै महत्वपूर्ण हुन आउँछ किनभने समाजलाई रूपान्तरण गर्ने काम एक जना व्यक्ति वा संस्थाले एक ठाउँमा बसेर गर्ने प्रयासबाट मात्र सम्भव छैन । यस किसिमले काम गर्नका लागि वातावरण अनुकूल बनाउनु अर्को प्रमुख चुनौती हो । यो चुनौतीको सामना गर्न साझेदारी अर्को विकल्पको रूपमा कल्पना गर्न सकिँदैन । नागरिक समाज र निजी क्षेत्रसँगको साझेदारीमा पैरवी गर्दै सुशासनका लागि नीतिगत तहमा प्रभाव पार्नुपर्छ ।

**गरिबीका मूलभूत कारणमा प्रहार**




मानिसको अवस्थामा सुधार, सामाजिक हैसियतमा परिवर्तन र समतामूलक समाज तथा सबैका लागि जीविकोपार्जनको सुरक्षालाई प्रवर्द्धन गर्न सक्ने सहयोगी सामाजिक, राजनैतिक र आर्थिक अवस्था सुनिश्चित गर्ने गरी योजनावद्ध ढंङ्गले काम गरेमा गरिबीका मूल कारणहरूलाई सम्बोधन गर्न सकिन्छ । यसरी हेर्दा मानवीय अवस्था, सामाजिक हैसियत र अनुकूल वा सहयोगी वातावरणको एकअर्कासँग अन्तर सम्बन्ध रहेको कुरा प्रष्ट हुन्छ । एउटालाई मात्रै सम्बोधन गर्ने गरी काम गरेमा हामीले चाहेको समष्टिगत विकास सम्भव छैन । गरिबी अन्त्यका लागि गरिने प्रयासहरूसँग यिनीहरूको अन्तरसम्बन्ध छ जसलाई माथिको चित्रले थप प्रष्ट पार्न मद्दत गर्दछ । यसरी तीनवटै क्षेत्रमा प्रभाव पार्ने गरी काम गर्नका लागि नीतिगत सवालहरू प्रवल रूपमा आउँछन् ।

## १.३. गरिबीका अन्तरनिहित कारणहरूको विश्लेषण (खण्ड- एक)

*(तत्कालीन कारणहरू, अन्तरिम कारणहरू र मूल कारणहरू)*

*पहिचान तथा विश्लेषणका लागि सहभागितात्मक विधि र प्रक्रियाहरू (औजारहरू) : **REFLECT** विधि र प्रक्रिया*

### नागरिक सचेतना केन्द्र सञ्चालन गर्नुभन्दा पहिले प्रयोग गरिने विधि र प्रक्रिया (औजारहरू)

१. **स्रोत र साधनमा पहुँच नक्साङ्कन** (Access mapping on available resources and services at VDC/ Municipal ward level): गा.वि.स. र न.पा.का छनौट भएका सबै वडाहरूमा यो विधि प्रयोगमा ल्याउनु पर्दछ।

२. **सामाजिक स्रोत नक्साङ्कन तथा स्थलगत हिँडाइ** (Social resource mapping and transit walk): गा.वि.स.का हकमा स्रोत र साधनमा पहुँच नक्साङ्कनले देखिएका विपन्न र वञ्चितीकरणमा परेका परिवार र समुदायको बाहुल्यता रहेका सबै वडाहरू र सो वडाभित्रका सबै वस्ती तथा नगरपालिकाका हकमा वडाभित्रका विपन्न र वञ्चितीकरणमा परेका परिवार र समुदायको बाहुल्यता रहेका सबै वस्तीहरूमा तथा नागरिक सचेतना केन्द्र (CAC) मा पनि यो विधि प्रयोगमा ल्याउनुपर्ने हुन्छ।

३. **सम्पन्नता स्तरीकरण (Wellbeing Ranking):** सामाजिक तथा स्रोत नक्साङ्कन समाप्त भएपछि, सामाजिक स्रोत नक्साङ्कन गरिएका सबै वडाका वस्तीहरूमा "सामाजिक स्रोत नक्साङ्कनमा समेटिएका घर नक्साङ्कन परिवारहरूको" नागरिक सचेतना केन्द्रमा आवश्यकताका आधारमा मात्र यो विधि प्रयोगमा ल्याउनु पर्ने हुन्छ।

### १.३.१. गा.वि.स. तथा न.पा.का वडाहरूमा स्रोत र साधनमा पहुँच नक्साङ्कन (Access mapping on available resources and services at Selected VDC/ Municipal ward level)

**प्रयोग :** गा.वि.स. तथा नगरपालिकामा कार्यक्रमको अभिमुखीकरण भइसकेपछि यो विधि प्रयोगमा ल्याउनु पर्ने हुन्छ। यस नक्साङ्कनले गा.वि.स. तथा न.पा. का वडामा रहेका विपन्न र लक्षित समुदायसम्म पुग्ने बाटोलाई सहज बनाइ दिन्छ।

**उद्देश्य**

- स्थानीयस्तरमा (गा.वि.स. तथा न.पा.का वडाहरूमा) उपलव्ध स्रोत, सेवा र सुविधामा सहज पहुँच भएका र नभएका परिवार, वर्ग र समुदायको पहिचान गर्ने।
- स्थानीयस्तरमा (गा.वि.स. तथा न.पा.का वडाहरूमा) उपलव्ध स्रोत, सेवा र सुविधामा सहज पहुँच हुनु र नहुनुका कारणहरूको विश्लेषण गर्ने।
- गाविस/नगरपालिकाका छनौट भएका वडाहरूमा नागरिक सचेतना केन्द्र सञ्चालन गर्नका लागि लक्षित वस्ती र समुदायको पहिचान गर्ने।

**सहभागिहरू :** गा.वि.स. तथा नगरपालिकाका वडाअन्तर्गतका जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, समुदायस्तरका संघसंस्थाका प्रतिनिधिहरू, बुद्धिजीवी, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक अगुवाहरू, गाउँका भद्रभलादमीहरू, बालक्लव, बालसञ्जाल वा बालबालिकाका प्रतिनिधिहरू, विपन्न र सीमान्तकृत समूहका प्रतिनिधिहरू, गाविस सचिव आदि।

**आवश्यक सामाग्री :** ब्राउन पेपर, मार्कर, साइन पेन, विभिन्न आकारका ढुङ्गा, विभिन्न रंङ्गको माटो, काठका टुक्रा, रूखका हाँगा-स्याउला, डोरी आदि।


**प्रक्रिया**

- गा.वि.स. सचिव वा न.पा.का सम्बन्धित कर्मचारीसँगको समन्वयमा गाविस तथा नगरपालिकाका वडामा माथि

सहभागिका रूपमा उल्लेख गरिएका व्यक्तिहरू सबैलाई पायक पर्ने कुनै निश्चित स्थान, मिति र समयमा भेला हुनका लागि अनुरोधसहितको सूचना पठाउने ।

- सबै सहभागिहरूलाई अर्धगोलाकारमा बस्न लगाउने ।
- सामाजिक परिचालकले उपस्थित सबै सहभागिहरूलाई गा.वि.स. वा नगरपालिकामा वडास्तरमा स्रोत साधनमा पहुँच नक्साङ्कन तयारीको उद्देश्य र तयार पार्ने प्रक्रियाका बारे प्रष्टताका साथ जानकारी गराउने ।
- सहभागिमध्ये दुई तीन जनाले नक्सा कोर्न सहजीकरण गर्ने र अरूले थप सूचनाहरू दिने, नक्सामा पहिला गाविसका ९ वटै वडाहरू/नगरपालिका भए वडाहरूको सिमाना छुट्टयाई त्यसभित्रका सबै वस्तीहरू छुट्याउने ।

**गा.वि.स. वा न.पा. वडाको स्रोत र साधन माथि पहुँच नक्साङ्कनको नमूना**




- गा.वि.स. वा न.पा.का वडा वा वस्तीमा भएका विद्यालय, स्वास्थ्य चौकी, गाविस भवन वा वडा समितिको कार्यालय तथा विगतका वर्षहरूदेखि भएका विकास निर्माणका कार्यहरू जस्तै : पुल, बाटो, सिंचाइ, कुलो, खानेपानी, बाल विकास केन्द्र, विद्यालय भवन, सामुदायिक संस्थाको भवन, महिला स्वास्थ्य स्वयंमसेविकाको घर, स्वास्थ्य चौकी, गाँउघर क्लिनिक, सामुदायिक भवन आदि संकेत गर्ने ।
- गाविस तथा नगरपालिकाका वडा स्तरमा नेतृत्व तहमा पुगेका र हाल नेतृत्व गर्दैआएका व्यक्तिहरूको घरहरूलाई संकेत गर्ने ।
- स्थानीयस्तर (गा.वि.स. तथा न.पा. का वडाहरू) मा उपलव्ध स्रोत, सेवा र सुविधामा न्यून पहुँच वा पहुँच नै नभएका सामाजिक रूपमा भेदभावमा परेका, विद्यालय जानबाट वञ्चितीकरणमा परेका आदि अतिविपन्न वडा वा वस्तीहरूको क्रमागत रूपमा संकेत गर्ने ।
- पहिचान भएका, स्थानीयस्तर (गा.वि.स. तथा न.पा. का वडाहरू) मा उपलव्ध स्रोत, सेवा र सुविधामा न्यून पहुँच वा पहुँच नै नहुनुका कारणहरू बारे छलफल गर्ने ।

## सामाजिक परिचालकले बिर्सन नहुने केही कुराहरू

- गा.वि.स. वा न.पा. को वडाको स्रोत र साधन माथिको पहुँच नक्साङ्कन सहभागिहरूले गर्ने हो । सामाजिक परिचालकले उक्त कार्यमा सहजीकरण र आवश्यकताअनुसार सहभागिहरूलाई उत्प्रेरित मात्र गर्नु पर्दछ ।
- भूईमा नक्सा तयार भइसकेपछि समुदायको अनुमति लिएर सामाजिक परिचालकले उक्त नक्सालाई राम्रो तरिकाले ब्राउन सीटमा ३ प्रति उतार गर्नुपर्दछ । पहिलोप्रति गा.वि.स. वा न.पा. कार्यालयमा दोस्रोप्रति सम्बन्धित सेवाप्रदायकले आफनो कार्यालयमा र तेश्रोप्रति नागरिक सचेतना केन्द्रमा राख्नु पर्दछ ।
- स्रोत र साधनमाथि पहुँच नक्साङ्कनका लागि सहभागिहरूको उपस्थितिमा, पहिचान भएका, उपलब्ध स्रोत सेवा र सुविधामा पहुँच भएका र नभएका वस्तीहरूको नाम र पहुँच हुन नसक्नुका कारणहरू, नागरिक सचेतना केन्द्र सञ्चालनका लागि छनौट भएको वडा र वस्ती निर्णय पुस्तिकामा उतार गरी उक्त निर्णयमा सबैको दस्तखत गराउनु पर्दछ ।
- अन्तमा गा.वि.स. सचिव वा न.पा.का सम्बन्धित कर्मचारीबाट प्रमाणितसमेत गराउनु पर्दछ ।

## १.३.२.सामाजिक स्रोत नक्साङ्कन तथा स्थलगत हिंडाइ (Social Resource Mapping and Transit Walk)

**प्रयोग :** स्रोत र साधनमा पहुँच नक्सांन भइसकेपछि पहिचान भएका अतिविपन्न र सीमान्तकृत वडाहरूको प्राथमिकता क्रमका आधारमा सामाजिक स्रोत नक्सा बनाउनुपर्ने हुन्छ। गाविसका हकमा छनौट भएका वडाहरूमा रहेका वस्तीहरूको अलग अलग रूपमा सामाजिक स्रोत नक्सा बनाउन सजिलो हुन्छ । नागरिक सचेतना केन्द्र सञ्चालनका लागि छनौट भएको वस्तीबाट सुरू गरी क्रमिक रूपमा अन्य विपन्न र सीमान्तकृत वस्तीहरूको पनि सामाजिक स्रोत नक्सा तयार हुनुपर्दछ । सामाजिक स्रोत नक्सालाई समय समयमा भएका प्रगतिहरू पनि समेटिने गरी अद्यावधिक गर्दै जानुपर्दछ ।

### उद्देश्य

वस्तीमा रहेको वर्तमान अवस्थाको चित्र (सवल पक्ष, समस्या र अवसरहरू) तयार गरी सामाजिक, आर्थिक र भौतिक अवस्थामा सुधारको आधार तयार गर्ने ।

### सहभागिहरू

सम्बन्धित वडा र वस्ती अन्तर्गतका दलीय प्रतिनिधिहरू, समाजसेवी, वडा नागरिक मञ्चका पदाधिकारीहरू, बुद्धिजीवी, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक अगुवाहरू, विपन्न र सीमान्तकृत समुदायका प्रतिनिधिहरू, गाउँका भद्रभलादमीहरू, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, दलित, जनजाति र अपाङ्गता भएकाहरूका प्रतिनिधिहरू, बालबालिकाका प्रतिनिधिहरू (समग्रमा उक्त वस्तीमा बसोबास गर्ने सबै परिवारको प्रतिनिधित्व) गा.वि.स. वा न.पा. का प्रतिनिधिहरू आदि ।

### आवश्यक सामाग्री

ब्राउन पेपर, मार्कर, साइन पेन, विभिन्न आकारका ढुङ्गा, विभिन्न रंङ्गको माटो, काठका टुक्रा, रूखका हाँगा-स्याउला, डोरी आदि ।

### प्रक्रिया

- गा.वि.स.सचिव वा न.पा.का सम्बन्धित कर्मचारीसँगको समन्वयमा माथि सहभागिका रूपमा उल्लेख गरिएका व्यक्तिहरू सबैलाई पायक पर्ने कुनै निश्चित स्थान, मिति र समयमा भेला हुनका लागि सूचित गर्ने ।
- सामाजिक परिचालक र ३-४ जना समुदायका जानिफकारहरू मिलेर पहिले नै सामाजिक स्रोत नक्सा बनाउने, वस्तीको स्थलगत हिंडाइ गरी हालसाल भएका परिवर्तनका बारेमा जानकारी लिने ।
- सबै सहभागिहरूलाई अर्धगोलाकार (U) आकारमा बस्न लगाउने ।
- उपस्थित सहभागिहरूलाई सामाजिक स्रोत नक्साङ्कन तयारीको उद्देश्य तथा तयार पार्ने तरिकाका बारेमा सामाजिक परिचालकले जानकारी गराउने ।
- सुरूमा सामाजिक परिचालकले समुदायको कुनै एक जानिफकारको सहयोगमा आफू बसेको घरको आँगन वा चौरलाई आधार मानी संकेतहरू राख्ने र सहभागिहरूले आफ्ना बिचारहरू राख्न थालेपछि उनीहरूलाई नै कार्य अगाडी बढाउन जिम्मेवारी हस्तान्तरण गर्ने ।
- सामाजिक स्रोत नक्सा तयार गर्दा सुरूमा कुनै एक विषय जस्तै : घर राखिसकेपछि मात्र अर्को राख्न सुरू गर्ने ।
- विभिन्न संकेतहरू दिई सामाजिक स्रोत नक्सामा समेटिनु पर्ने सूचनाहरू जस्तै : घरपरिवार र घरको बनोट, घरमूली जातजाति, घर वरिपरिका सुविधाहरू जस्तै : चर्पी, खानेपानीको धारा, बाटो, विद्यालय भवन, बालबालिका विद्यालय पठाउने र नपठाउने परिवार, घर छाडेर बाहिर रहेका बालबालिकाको परिवार, अपाङ्गता भएका व्यक्तिको परिवार, गर्भवती भएका महिलाहरूको घरधुरी, पूर्वप्रसुति सेवा नपाएका गर्भवती तथा प्रसुतिपश्चात् सेवा नपाएका सुत्केरी, नवजात शिशु भएको घरधुरी, समूहमा आवद्ध नभएका घरपरिवार, वनजंगल आदि ।

- बीच बीचमा कुनै विषय छुटे कि भनी प्रश्न गर्दै जाने र स्थलगत हिंडाइबाट देखिएका सूचनाहरू थप्न उत्प्रेरित गर्ने।
- नक्सामा घर नं. राख्ने र घर नं. अनुसार घरमूलीको नाम रजिष्टरमा टिप्ने। छलफलका लागि थप आवश्यक सूचनाहरू लिन फारामहरूको प्रयोग गर्ने।

## सामाजिक परिचालकले बिर्सन नहुने केही कुराहरू

- सामाजिक परिचालकले सहभागिहरूले तयार गरेको सामाजिक स्रोत नक्सा सहभागिहरूकै अनुमति लिएर राम्रो तरिकाले ब्राउन सीटमा ३ प्रति उतार गर्नुपर्दछ। एकप्रति गा.वि.स. कार्यालय वा न.पा. कार्यालयमा, एकप्रति सम्बन्धित सेवाप्रदायक र नागरिक सचेतना केन्द्र खोलिने वस्तीको नागरिक सचेतना केन्द्रमा राख्ने र एकप्रति सम्बन्धित वडा नागरिक मञ्चमा राख्ने व्यवस्था मिलाउने।
- छनौट गर्दा सामाजिक स्रोत नक्सा तयार भइसकेपछि उक्त वस्तीका नागरिकहरूले महसुस गरेका सवाल र समस्याहरू सामाजिक परिचालकले सहभागिहरूलाई सम्झना गराइ त्यहींबाट सवालहरू वा समस्याहरूको खोजी गर्न उत्प्रेरित गर्नुपर्दछ।
- सामाजिक स्रोत नक्साङ्कनका लागि बढी भन्दा बढी स्थानीय सहभागिहरूको उपस्थिति गराउनु पर्दछ।



**सामाजिक स्रोत नक्सा तयार भइसकेपछि उक्त वस्तीका नागरिकहरूले महसुस गर्न सक्ने संभाव्य सवाल र समस्याहरू**

खानेपानीको अभाव, खुल्ला रूपमा दिसापिसाब गर्ने बानी, विद्यालय जान नपाएका बालबालिकाहरू, बालबालिकाहरूको सरोकार राख्ने विषयमा बालबालिकाहरूलाई सहभागि नगराउनु, छोरा छोरी र महिला पुरूषबीचको विभेद, घरेलु तथा सामाजिक हिंसा, बालविवाह, बालश्रम, बिजुली बत्तीमा गरीबवर्गहरूको पहुँच नहुनु, कुनै पनि संघसंस्थामा संलग्न नभएका महिलाहरूको संख्या बढी आदि।

### १.३.३. सम्पन्नता स्तरीकरण (Well-being Ranking)

**प्रयोगः** सामाजिक स्रोत नक्साङ्कन भइसकेका वस्तीहरूमा सामाजिक स्रोत नक्साङ्कनमा देखिएका घरपरिवार लाई आधार बनाएर क्रमिकरूपमा सम्पन्नता स्तरीकरण गर्नुपर्दछ। सम्पन्नता स्तरीकरण भइसकेपछि मात्र नागरिक सचेतना केन्द्र सञ्चालन हुने वस्तीमा नागरिक सचेतना केन्द्रका वास्तविक तर संभाव्य सहभागिहरू पहिचान गर्न सकिन्छ। अन्य वस्तीहरूमा पनि वास्तविक लक्षित समूह को- को हुन भनी छुट्टाउन सजिलो हुन्छ।

#### उद्देश्य

- वस्तीमा बसोबास गर्ने सबै परिवारहरूको सामाजिक र आर्थिक अवस्था सहभागितात्मक तरिकाले विश्लेषण गर्ने।
- स्तर फरक फरक हुनुका कारणहरू महसुस गराउने।

#### सहभागिहरू

सम्बन्धित वडा र वस्तीअन्तर्गतका दलीय प्रतिनिधिहरू, वडा नागरिक मञ्चका पदाधिकारीहरू, विपन्न तथा सीमान्तकृत समुदायका प्रतिनिधिहरू, बालसमूह, बालसञ्जालका प्रतिनिधिहरू, शिक्षक शिक्षिकाका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक अगुवाहरू, गाउँका भद्रभलादमीहरू, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूका प्रतिनिधिहरू, (समग्रमा उक्त वस्तीमा बसोबास गर्ने सबै परिवारको प्रतिनिधित्व) गा.वि.स. वा न.पा.का प्रतिनिधिहरू आदि।

## आवश्यक सामाग्री

ब्राउन पेपर, मार्कर, साइन पेन, सामाजिक स्रोत नक्सा, घरमूलीको नामनामेसी, घर नं. र घरमूलीको नाम लेखिएका कागजका टुक्रा र सामाजिक परिचालन निर्देशिका (अनुसूची-५) र दिग्दर्शनमा उल्लेखित सूचकहरू, छलफल गर्दै जाँदा स्थान विशेषका आधारमा सहभागिहरूले थप गरेका सूचकहरू लेखिएको ब्राउन पेपर, विभिन्न आकारका डालो, आदि ।

## प्रक्रिया

- गा.वि.स. सचिव वा न.पा. का सम्बन्धित कर्मचारीसँगको समन्वयमा माथि सहभागिका रूपमा उल्लेख गरिएका व्यक्तिहरू सबैलाई पायक पर्ने कुनै निश्चित स्थान, मिति र समयमा भेला हुनका लागि सूचित गर्ने ।
- सबै सहभागिहरूलाई अर्धगोलाकार आकारमा बस्न लगाउने ।
- उपस्थित सहभागिहरूलाई सम्पन्नता स्तरीकरणको उद्देश्य तथा स्तरीकरणको तरिकाका बारेमा सामाजिक परिचालकले जानकारी गराउने ।
- सामाजिक परिचालन निर्देशिका (अनुसूची-५) मा उल्लेखित ८ वटै सूचकका बारेमा छलफल गरेर सबैले देख्ने ठाँउमा ब्राउन सीटमा लेखेर टाङ्गी राख्ने, सहभागिहरूसँग छलफल गरी स्थान विशेषका आधारमा अन्य थप सूचकहरू समेत टाङ्गेर राखेको ब्राउन सीटमा थप गर्ने ।
- सामाजिक स्रोत नक्सामा उल्लेखित घर नं. का आधारमा एक एक गरी कार्डमा सबै घर मूलीको नाम लेख्ने । कुनै एक कार्डको नं. र नाम पढेर सबै सहभागिहरूबीच परिचित बनाउने र कार्डलाई एक ठाउँमा राख्ने ।
- पहिलाको जस्तै गरी अर्को कार्ड लिएर सबैलाई पहिलो परिवारसँग टाङगेर राख्न दुबैलाई तुलना गरी बन्दोवस्ती राम्रो भए दायाँ र कम भए बाँयातिर राख्ने एवं प्रकारले सबै कार्डमा तुलना गर्दै राख्दै जाने र अन्तमा कमदेखि बढी बन्दोवस्ती भएको कार्डको लाइन बन्छ ।
- सूचकहरूलाई आधार बनाएर अतिविपन्न, विपन्न, गरीव तथा मध्यम गरी वर्गीकरण गर्ने ।
- यो विधिको प्रयोगबाट सही सूचना लिनका लागि छलफल गरिँदै गरेको व्यक्ति नबोल्ने र सहभागिहरूले गरेको निर्णय मान्नुपर्ने नियम बनाउँदा बढी प्रभावकारी हुन्छ ।
- अतिविपन्न वर्गमा पर्ने घरहरूलाई सामाजिक नक्सामा भिन्दै रङ्गले संकेत दिने ।

### सामाजिक परिचालन निर्देशिका अनुसूची- ५ : विपन्नताका सूचकहरूको व्याख्या

१. ठूला पशु पाल्ने क्षमता र रोजगारका अवसर नभई दैनिक ज्यालादारीमा आधारित जीविकोपार्जन (आर्थिक विपन्नताका कारण दैनिक ज्यालादारीको काम गर्न बाध्य घर परिवार)

२. खाद्य अपर्याप्तता (आफ्नो खेती/मुख्य आम्दानीबाट ३ महिनाभन्दा कम समयसम्म मात्र खान पुग्ने वा ३- ६ महिनासम्म मात्र खान पुग्ने विपन्न घरपरिवार । यस अन्तर्गत त्यस्ता घरपरिवारहरू पर्दछन् जसले बाँकी अवधिको लागि ज्याला मजदुरी गरेर गुजारा गर्नुपर्ने हुन्छ)

३. सार्वजनिक तथा व्यक्तिगत रूपमा छेउ लगाइएका वा सीमान्तकृत गरिएका (Marginalised) वा भेदभाव गरिएका परिवार जस्तै : दलित, जनजाति आदि । यसमा विशेष गरेर समाजमा पिछडिएको वर्गका घरपरिवारहरू पर्दछन् । (तर स्पष्ट हुनुपर्ने कुरा के छ भने दलित तथा जनजाति भन्दैमा स्वत: विपन्न हुने र अन्य जातजाति हुँदैमा स्वत: विपन्न नहुने भने होइन । यो त उनीहरूको सामाजिक, आर्थिक अवस्था र स्थितिको आधारमा बिचार गरी (condition and position) निर्धारण गरिनुपर्ने कुरा हो) ।

४. ऋणबाट ग्रस्त परिवार (ऋणको भुमरीमा फसेको परिवार जस्तै : दैनिक गुजारा गर्न गाह्रो परी बेसाएर खाँदा ऋणमा डुवेका, सामान्य औषधोपचार गर्न लिएको ऋण चुक्ता गर्न नसकेका, बाबु बाजेको पालामा लिएको ऋण चक्ता गर्न असक्षम भई मारमा परेका, विपन्न र पीडित परिवार आदि पर्दछन् ।

५. गरिव एकल महिला (विधवा, बृद्धा, बेसहारा, श्रीमान् बेपत्ता भएका, व्यक्तिगत तथा सामुहिकरूपमा सताइएका)

६. घरवारविहीन र सुकुम्वासी वा द्वन्द्वबाट विस्थापित भई आएको परिवार (जग्गा जमिन नभएका, अरूको जग्गा कमाउने)

७.आफ्ना हक अधिकारका लागि आवाज उठाउन नसक्ने परिवार (सूचनामा पहुँच भएर वा नभएर आवाज उठाउन सकेका छैनन्, थिचोमिचो र अन्यायविरूद्ध आवाज उठाउन सक्दैनन्) जुटाउन असक्षम परिवार ।

८. न्यूनतम आधारभूत आवश्यकता, जस्तैः- एकसरो लत्ताकपडा, प्राथमिक शिक्षा तथा औषधि उपचारको लागि खर्च जुटाउन असक्षम परिवार ।

### उदाहरण (३.क)

| सम्पन्नताको स्तर | कूल ४३ परिवार मध्ये | स्तरीकरणका सूचकहरूको उदाहरण |
|---|---|---|
| अतिविपन्न : नागरिक सचेतना केन्द्रको सहभागिमा पहिलो प्राथमिकता | १, ५, ११, १५, १६, १८, १९, २०, २१, २२, २३, २४, २७, २९, ३०, ३८, ४० (कूल १७ परिवार) | अनुसूची-५ लाई ध्यानमा राखी गाँउ समाजले निर्धारण गरेका सूचक (आधारहरू) (१-३ महिनाका लागि मात्र बन्दोवस्ती भएका परिवार) तथा अन्यमा जस्तै : झुपडी घर, दैनिक ज्याला मजदुरी गर्ने, छोरा- छोरी विद्यालय पठाउन नसकेका, सामाजिक रूपमा अछुत भनी अपहेलित भएका, निर्णय प्रक्रियामा भूमिका नभएका, न्यूनतम आधारभूत आवश्यकता जुटाउन नसक्ने, चाडपर्व मान्दा ऋण खोज्नु पर्ने, परिवारमा अपाङ्ग सदस्यहरू रहेका, घरमूली कुलतमा लागेका, महिला घरमूली भएका, एकल महिला आदि । |
| विपन्न : नागरिक सचेतना केन्द्रको सहभागिमा दोस्रो प्राथमिकता | ४, ७, १०, १२, १४, १७, २५, २८, ३४, ३६, (कूल १० परिवार) | अनुसूची-५ लाई ध्यानमा राखी गाउँ समाजले निर्धारण गरेका सूचकहरू (आधारहरू) (३-६ महिनाका लागि मात्र बन्दोवस्ती भएका परिवार) |
| मध्यम | ३, ८, १३, २६, ३७, ३९, ४२, ४४, ४५ (कूल ९ परिवार) | अनुसूची ५ लाई ध्यानमा राखी गाउँ समाजले निर्धारण गरेका सूचक/आधारहरू |
| उच्च वर्ग | २, ९,६, ३५, ४१, ४३, ४६ (कूल ७ परिवार) | अनुसूची-५ लाई ध्यानमा राखी गाउँ समाजले निर्धारण गरेका सूचक (आधारहरू) |

### उदाहरण (३.ख)

| सम्पन्नताको स्तर | कूल ४३ परिवार मध्ये | दलित पहाडे र मधेसी | जनजाति पहाडे र मधेसी | क्षेत्री पहाडे र मधेसी | बाहुन पहाडे र मधेसी | मुसलमान | पिछडा वर्ग |
|---|---|---|---|---|---|---|---|
| अतिविपन्न : नागरिक सचेतना केन्द्रको सहभागिमा पहिलो प्राथमिकता | कूल १७ परिवार | (२ ४) ६ | (३ १) ४ | (२ २) ४ | (१ २) ३ | ० | ० |
| विपन्न : नागरिक सचेतना केन्द्रको सहभागिमा दोस्रो प्राथमिकता | कूल १० परिवार | ३ | १ | ३ | ३ | ० | ० |
| मध्यम | कूल ९ परिवार | ० | २ | ५ | २ | ० | ० |
| उच्च वर्ग | कूल ७ परिवार | ० | ० | ४ | ३ | ० | ० |

### सम्पन्नता स्तरीकरण भइसकेपछि उक्त वस्तीका नागरिकहरूले महसुस गर्न सक्ने संभाव्य सवाल/समस्याहरू

- गरिबीका कारणहरू (सूचकहरू) आफैंमा वस्तीस्तरमा सवाल वा समस्याका रूपमा आउन सक्छन् । जस्तैः निर्णय प्रक्रियामा महिला सहभागिता नहुनु, बालबालिकालाई विद्यालय नपठाउनु, बालश्रमिक बन्नु, बालबालिका माथि दुर्व्यवहार, हिंसा, शोषण गरिनु, छोरा छोरी, महिला पुरूषबीचको विभेद, विपन्न तथा सीमान्तकृत परिवारलाई अवसर तथा पहुँचको कमी हुनु, महिला तथा बालिकाहरूलाई विभेदपूर्ण व्यवहार, घरमूलीहरू कुलतमा लाग्नु आदि, जो नागरिक सचेतना केन्द्र अथवा वडा नागरिक मञ्चमा छलफलका विषयवस्तु बन्न सक्दछन् ।

### सामाजिक परिचालकले बिर्सन नहुने केही कुराहरू

१. सहभागिहरूले तयार गरेको सम्पन्नता स्तरीकरण उनीहरूकै अनुमति लिएर सामाजिक परिचालकले राम्रो तरिकाले ब्राउन सीटमा ३ प्रति उतारी पहिलोप्रति गाविस कार्यालय वा नगरपालिकामा राख्ने, दोस्रोप्रति सम्बन्धित सेवाप्रदायकले आफ्नो कार्यालयमा राख्ने र तेस्रोप्रति नागरिक सचेतना केन्द्र खोलिने वस्तीमा नागरिक सचेतना केन्द्रमा राख्ने र अन्त्यमा सम्बन्धित वडा नागरिक मञ्चमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।
२. सम्पन्नता स्तरका आधारमा अतिविपन्न परिवारलाई पहिलो प्राथमिकता दिंदै नपुग भएमा विपन्न परिवारलाई समेत समेटी तोकिएको संख्यामा **नागरिक सचेतना केन्द्रका सहभागिहरू**को छनौट गर्नुपर्दछ ।
३. नागरिक सचेतना केन्द्रमा छलफलका विषयवस्तुहरू छनौट गर्दा सम्पन्नता स्तरीकरण गर्दा देखिएका गरिबीका कारणहरू सामाजिक परिचालकले सहभागिहरूलाई सम्झना गराई त्यहीबाट नै REFLECT विधि र प्रक्रियाअनुसार सवाल तथा समस्याहरूको खोजी गर्न उत्प्रेरित गर्नुपर्दछ ।
४. सम्पन्नता स्तरीकरणमा सहभागिहरूको उपस्थितिको रेकर्ड राख्नुपर्दछ ।

## १.४. नागरिक सचेतना केन्द्र

**१.४.१ परिचय :** सामाजिक तथा आर्थिक रूपले पछि परेका वा पारिएका विपन्न परिवारहरूलाई सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सहभागितामूलक विधिहरूको प्रयोग गरी गाउँ विकास समितिभित्रका पनि अतिविपन्न वडामा पर्ने वस्तीहरूमा नागरिक सचेतना केन्द्र गठन हुने गरेका छन् । नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई रूपान्तरणीय सामाजिक परिचालनका विधिहरूको प्रयोग गरी सामाजिक रूपमा सशक्तिकरण गर्ने प्रक्रियासँगै उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि सामाजिक परिचालन कार्यक्रमका अतिरिक्त अन्य विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्य हुने गरेको छ । अन्य संघ संस्थाहरूले पनि लक्षित वर्गका रूपमा पहिचान भएका नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई आ-आफ्नो विषय क्षेत्रबाट सहयोग गर्नेछन् ।

**१.४.२ नागरिक सचेतना केन्द्रका सहभागिहरू :** नागरिक सचेतना केन्द्र सञ्चालनका लागि स्रोत र साधनमा पहुँच नक्साङ्कन गर्दा छनौट भएको वडा र सो भित्रका वस्तीहरूको सम्पन्नता स्तरीकरण गरी सकेपछि **अतिविपन्न** भनिएका परिवारहरूमध्येबाट २० देखि ३० जना सहभागि उक्त समुदायले नै छनौट गर्नुपर्दछ । सहभागि छनौट गर्दा निम्न कुरालाई ध्यान दिनु पर्दछ :

- **अतिविपन्न**भित्र पनि आर्थिक र सामाजिक अवस्था सबैभन्दा कमजोर भएका परिवारहरूबाट एक परिवार एक सहभागि **महिलालाई प्राथमिकता** दिने ।
- **अतिविपन्न** परिवारहरूबाट २० देखि ३० जनाको संख्या नपुगेमा **विपन्न** भनिएका परिवारहरूमध्येबाट पनि नपुग सहभागि संख्या पुऱ्याउनु पर्ने ।
- नागरिक सचेतना केन्द्र सञ्चालन स्थान छनौट भएका सबै सहभागिहरूलाई पायक पर्ने ठाउँमा आउँदा जाँदा (बढीमा १५-३० मिनेटको दूरी) सहभागि र उक्त वडा र वस्तीका प्रतिनिधिहरूको सहमतिमा निर्धारण गर्ने ।
- नागरिक सचेतना केन्द्रमा हप्तामा एक दिन कम्तीमा २ घण्टा समुदायले तोकेको स्थान, समय, मिति र वारमा सामाजिक परिचालकले छलफल गराउने छन्/छिन् ।

### १.४.३ नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले के गर्छन्/गर्छिन् ?

सहभागिहरूलाई नागरिक अधिकार र कर्तव्यका बारेमा जानकारी, जिल्ला विकास समिति, नगरपालिका वा गा.वि.स., स्वास्थ्य केन्द्रहरू, गाउँघर क्लिनिक, कृषि र पशु कार्यालय, बालविकास केन्द्र, विद्यालय एवं अन्य स्थानीय सरकारी तथा गैरसरकारी कार्यालयहरूबाट पाइने सेवा र सुविधाका बारेमा जानकारी दिने ।

## १.४.४ नागरिक सचेतना केन्द्रमा सहभागिहरू के गर्छन् ?

- आफना सुख दुःख एक आपसमा साटासाट गर्ने ।
- सामाजिक वञ्चितीकरण र गरिबीको चपेटामा किन परियो भनी **REFLECT** विधि र प्रक्रियाबाट सवाल तथा समस्याहरूको खोजी र विश्लेषण गर्ने ।
- सवाल तथा समस्याहरूको सम्बोधनका लागि जनवकालत र पैरवीमार्फत नीति निर्माताहरूलाई प्रभाव र दवाव सिर्जना गर्ने ।
- आफ्ना आवश्यकता र मागहरू प्राथमिकतासहित आफ्ना प्रतिनिधिमार्फत वडा नागरिक मञ्चमा पठाउने ।

## १.४.५ नागरिक सचेतना केन्द्रमा चाहिने वातावरण तथा सामाग्री

नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यसको वातावरण र आवश्यक पर्ने सामाग्रीहरूले ठूलो प्रभाव पार्दछ । जसका लागि निम्न कुराहरूमा बिशेष ध्यान दिनुपर्ने हुन्छ ।

१. घर/कोठामा -केन्द्र सञ्चालन गर्दा सहभागिहरूले गरेको कार्यहरू सुरक्षित रहन सक्दछ । बाहिरी वातावरणले असर पार्दैन जसले गर्दा सिकाई प्रभावकारी हुन्छ । कोठा फराकिलो र सफा तथा कम्तीमा २०-३० जना गोलाकारमा बस्न मिल्ने हुनुपर्छ ।

२. डट्पेन, डायरी, हाजिरी रजिष्ट्र र निर्णय लेख्ने रजिष्टर, ब्राउन पेपर, कार्डसिट पेपर, मार्कर, साइनपेन, स्केल, कैची, ग्लुस्टिक, मेटाकार्ड, चक, कालो वा सेतो पाटी आदि ।

३. अध्ययन सामाग्री : फिलिप चार्ट, सामाजिक परिचालन निर्देशिका, सञ्चालन कार्यविधि पुस्तिका, श्रव्य दृष्य (भएमा) आदि ।

४. केन्द्र सञ्चालन विधि : सम्बन्धित विषय वस्तुमा सहभागिहरूलाई के थाहा छ उनीहरूबाट जानकारी लिने र दिने, छलफल गर्ने, भूमिका प्रदर्शन, नतिजा प्रदर्शन, महसुस गराउने, प्रश्न उत्तर आदि ।

**नोट :** नागरिक सचेतना केन्द्रको उपयुक्त व्यवस्थापनका लागि नागरिक सचेतना केन्द्रका सहभागि र उक्त वडामा बसोबास गर्ने व्यक्तिहरू मध्येबाट सामाजिक परिचालन निर्देशिका र दिग्दर्शनमा व्यवस्था भएबमोजिम व्यवस्थापन समिति गठन गर्नुपर्दछ । जो निम्न अनुसार हुनेछ :

संयोजक नागरिक सचेतना केन्द्रका सहभागिहरूबाट उप-संयोजक तथा एक सदस्य त्यस वडाको गन्यमान्य व्यक्तिहरूबाट (जो नागरिक सचेतना केन्द्रका सहभागि होइनन्) र अन्य सदस्यहरू नागरिक सचेतना केन्द्रका सहभागिहरू मध्येबाट छनौट गर्ने ।

### नागरिक सचेतना केन्द्रमा छलफलका बिषयवस्तुहरू






ना.स.के. मा छलफल भइरहेको अवस्था


## नागरिक  सचेतना केन्द्रका सहभागिहरूमा REFLECT विधि र प्रक्रियाको प्रयोगले

- सूचना र ज्ञान थोपर्ने होइन, विश्लेषण र खोजी गर्न सिकाउँछ ।
- उत्पीडनको संरचनामा छिर्न होइन, त्यसलाई बुझ्न र फेर्न सिकाउँछ ।
- अन्याय र निरासा होइन, आँट र साहसका साथै आशा जगाउँछ ।
- सचेत, सवल र संगठित रूपमा  सशक्त बन्दै सामाजिक परिवर्तनमा सरिक हुने उत्प्रेरणा दिन्छ ।
- न्यायमुखी परम्परा थालनी गर्न सिकाउँछ ।
- सशक्तिकरणमुखी व्यवहार गर्न सिकाउँछ ।

## क) नागरिक सचेतना केन्द्रमा सवाल र समस्या विश्लेषणका चरणहरू

नागरिक सचेतना केन्द्रमा सवाल तथा समस्या विश्लेषण गर्नका लागि निम्नानुसारका चरणहरूलाई प्रक्रियागत रूपमा पूरा गर्दै गएमा सहभागिहरूलाई बुझ्न सहज हुन्छ । सवालको हालको वास्तविक अवस्था पत्ता लगाई गहिराइसम्म पुग्न सकिन्छ । सवाल विश्लेषणमा जति गहिराईमा पुग्न सकियो त्यत्ति नै कार्यान्वयन पक्षलाई दरिलो र प्रभावकारी बनाउन सकिन्छ । तसर्थ सवाल विश्लेषणमा यी चरणहरूको प्रयोग गरिन्छ ।



## नागरिक सचेतना केन्द्रमा सवाल र समस्या विश्लेषणमा प्रयोग हुने सशक्तिकरणका चरणहरू

| चरण | क्रियाकलाप |
|---|---|
| **मूल सवालको छनौट** | समुदायमा विद्यमान समस्याहरू पहिचान गर्ने । दुई वा दुईभन्दा बढी सवालहरू एकैचोटी पहिचान भएको अवस्थामा प्राथमिकीकरण गरेर मूल सवाल छनौट गर्ने । यसरी सवाल छनौट गर्दा जोडागत स्तरीकरण वा Matrix Ranking को विधिद्वारा छनौट गर्न सकिन्छ । मूल सवाल छनौट गर्ने क्रममा अनौपचारिक भलाकुसारीको चरणबाट थालनी गर्न सकिन्छ । |
| **अनौपचारिक छलफल (भलाकुसारी)** | सहभागिबीच भलाकुसारी (अभिवादन, बसाइ, सञ्चो बिसञ्चो आदि) गर्ने,<br>केन्द्रमा कुनै गीतहरू बनाएको छ भने शुरू हुनु भन्दा पहिले सबै जना मिलेर गाउने । जसले गर्दा सहभागिहरू घरको सबै धन्दा र बितेका कामहरूमा गएको मनलाई एकचित्त गराइ छलफलमा केन्द्रित हुनेछन् । केन्द्रमा अघिल्लो छलफलमा गरिएका क्रियाकलापको सहभागिबाट समीक्षा गरी पुनः समीक्षा तथा पुनः मूल्याङ्कन गर्ने ।<br>जस्तै : अघिल्लो छलफलमा के भएको थियो भन्ने कुरा पुनः स्मरण गराउने र कुनै पनि कार्य योजनाहरू छन भने त्यो कार्य योजनामा गरिएका निर्णयहरूको कार्यान्वयन प्रगातिका बारेमा जानकारी लिने र अन्य बाँकी रहेका योजनाहरू सम्पन्न गर्न उत्प्रेरित गर्ने । |
| **मूल सवाल चिनारी तथा वातावरण तयारी** | सवाल तथा विषय छलफल गर्दा कुनै पनि सवाल पहिलेनै छनौट भईसकेको र प्राथमिकीकरण गरी सकेको हो भने आज हामी यो सवालमा छलफल गर्ने भनेर सिधै कहिले पनि नबताउने । सवाल तर्फ जोड्नका लागि ५- १० मिनेटसम्मका गीत, कविता, उखान, नाटक, घटना विवरण, चित्र, पोष्टर, क्यासेट, फिल्प चार्ट, आदि प्रस्तुत गर्ने ।<br>उदाहरणको लागि बालबालिकाको अधिकारको बारेमा छलफल गर्ने हो भने पोष्टर प्रयोग गर्दा बालबालिका खेलिरहेको, पढिरहेको आदिको पोष्टर देखाउन सकिन्छ यो पोष्टरमा के देखिन्छ होला ? के भन्न खोजिएको होला ? वा यो प्रस्तुतिबाट के कुरा देखाउन खोजिएको होला ? यस प्रस्तुतिको अवस्था हाम्रो गाउँसँग मिल्छ त ? जस्ता प्रश्न गरी सम्बन्धित सवालमा केन्द्रित भएर सहभागिमूलक विधिको प्रयोग गर्न सहभागिहरूलाई उत्प्रेरित गर्ने । या यसमा को-को छन् ? हाम्रो गाँउमा बालबलिकाहरू छन् कि छैनन् भन्ने जस्ता प्रश्नहरू गर्ने । त्यसो भए आज हामी के कुरामा छलफल गर्ने त ? सहभागिबाट बालबालिकाको विषयमा भन्ने जवाफ आएपछि पहिला पनि सवालहरूको सूचीमा बालबालिका भन्ने आएको भन्ने स्मरण गराउन सकिन्छ । यदि सवाल सोहि दिनको छलफलबाट आएकोमा सबै सहभागिमा बिषयवस्तु ताजा रहने भएकोले वातावरण तयारी नगरी सिधै विधिको प्रयोग गर्न सहभागिहरूलाई उत्प्रेरित गर्ने । यसरी छलफल गर्दा सवाल अनुसारको विधि प्रयोग गर्न सकिन्छ । |
| **सहभागितामूलक विश्लेषण विधिको प्रयोग सवाल दृश्यात्मक** | सवाल हाल कुन अवस्थामा छ भनि सामाजिक तथा स्रोत नक्सा, स्थलगत हिंडाई, इतिहास विश्लेषण, चुहिने गाग्री, मौसमी पात्रो, लैङ्गिक विश्लेषण, सूचना पाटी जस्ता कुनै एक उपयुक्त औजारको प्रयोग गरी हालको अवस्था पत्ता लगाउने । सवाल १०-२० वर्ष पहिला र आगामी १०-२० वर्षपछि कस्तो अवस्थामा होला भनि छलफल गर्न लगाउने । सवालसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरू तथा सत्य घटनाहरूको विश्लेषण गर्ने । उदाहरणको लागि बालबालिकाको विषयमा छलफल गर्दा सामाजिक नक्साबाट हेर्दा वा यो सवाललाई नक्सामा विश्लेषण गर्दा समुदायको जम्मा घर राख्न लगाई प्रत्येक घरमा कति बालिका बस्छन् राख्न लगाउने र सूचना संकलन गर्ने । त्यसमा पनि ५ वर्ष मुनिका वा १० वर्ष मुनिका आवश्यकता अनुसारको सूचना संकलन गर्न सकिन्छ । त्यसपछि विद्यालय जाने बालबालिका बालसंजालमा आवद्ध बालबालिका आदि आवश्यकता अनुसारको सूचना तथ्याङ्क लिने र के विषयमा केन्द्रित गर्न खोजेको हो बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, आदिको सूचना लिएर यो अवस्था रहेछ है भन्ने दृष्यात्मक या सहभागिहरूमा छर्लङ्ग बनाउने वा सहभागिहरूलाई प्रष्ट गर्ने । |

| | |
|---|---|
| **कारण तथा असर विश्लेषण** | सवाल किन सबैको छलफलको बिषय बनेको हो ? सवालले व्यक्ति तथा समाजमा के कस्ता असरहरू पारेको छ ? असरले खास गरेर कसलाई बढी प्रभाव पारेको छ (महिला वा पुरूष, बालक वा बृद्ध, गरीव वा धनी, किसान वा कर्मचारी, जातजाति, धर्म, पेशा, क्षेत्र आदिमा केन्द्रित भएर छलफल गराउने, घटनाको बिश्लेषणमा जोड दिने । यस्तै अवस्था रहे मा भविष्यमा देखपर्ने परिणामको लेखाजोखा गरी आत्मसात गराउने । त्यस्तै सवाल यस अवस्थामा आइपुग्नुका मुख्य कारणहरू के के रहेछन् ? छलफल गराउँदै टिप्दै जाने, किन हालको अवस्था सम्म आइपुग्दा यस्तो भएको हो । यो अवस्थाको कारण कस्ता भोगईहरू भोग्नु परिरहेको छ ? वा कस्तो असरहरू परिरहेको छ भन्ने कुरामा छलफल केन्द्रित गर्ने । यो चरण पुरा गर्न वृक्ष बिश्लेषण विधिको सहयोग लिने । अन्त्यमा अहिलेको यस्तो अवस्था भविष्यमा पनि हामीले यस्तै भोगाई खोजेको हो भन्ने प्रश्न गर्दै विभिन्न घट्नालाई विश्लेषण गर्दै हामीले यसो पो गरिरहेका रहेछौ । जानेर नजानेर यस्तो भएछ । ओहो हामीले गर्नुपर्ने त यस्तो पो रहेछ भन्ने कुराले सहभागिहरूको मन छुनुपर्छ । सहभागिहरूले महसुस गर्नुपर्ने ठाँउ यही हो । रिफ्लेक्टको मूल मर्म पनि यही हो । जव सहभागिले भित्रबाट महसुस गर्न सक्दैनन् तव छलफलको लागि मात्रै छलफल हुनेछ सहजकर्ताले यो चरणमा सहभागिहरूलाई महसुस गराउनको लागि एक हप्ताभन्दा बढी दुई तीन हप्ता छलफल गर्नुपरेपनि गहिरो छलफल गराई महसुस गर्न आवश्यक छ । |
| **निर्णय/निर्णय लेख्न/योजना निर्माण** | सवालका कारणहरूलाई आधार बनाएर समाधानका उपायहरू खोज्ने । आफू वा आफ्नो पहुँच तथा नियन्त्रणमा भएको स्रोत साधनबाट समाधान गर्न सकिने भएमा सोही अनुसार योजना बनाउने । समुदाय परिचालन वा अभियान सञ्चालन गर्नुपर्ने सवाल भएमा सरोकारवालाको पहिचान एवम् समन्वय गरी सेवा लिनको लागि कार्ययोजना सहित पहल गर्ने । कार्ययोजना बनाउँदा : के, कहाँ, कति, कहिले, कसरी र को को ले सहयोग गर्ने ? लिखित रूपमा योजना तयार पार्ने । योजनालाई ब्राउन पेपरमा उतारी सचेतना केन्द्रमा राख्ने साथै निर्णय गरी निर्णय पुस्तिकामा पनि राख्ने । प्राविधिक सवाल भएमा अन्य थप छलफलको लागि जानिफकार (स्रोतब्यक्ति) को सहयोग लिने हो भने पनि योजनामा प्रष्ट खुलाउने । |
| **योजना कार्यान्वयन** | कार्ययोजनामा उल्लेख भएअनुसार सरोकारवाला सबैले आ-आफ्नो जिम्मेवारी अनुसार कार्यान्वयन गर्ने । योजना कार्यान्वयनका लागि सामाजिक परिचालक, सहभागि, व्यवस्थापन समितिका सदस्यहरूले पहिला आफैबाट कार्यान्वयन गरी अन्य समुदायलाई पनि कार्यान्वयका लागि प्रोत्साहन गर्ने । |
| **अनुगमन तथा मूल्याङ्कन** | कार्य योजनामा तोकिए अनुसारका कार्य पूरा गर्न, ठीक समयमा ठीक काम भएको छ छैन भनि हेर्ने कार्य अनुगमन हो । कार्य गर्ने भनि तोकिएको समय पूरा भएपछि कार्य के कति गर्न सकियो भनि लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । योजनाको मूल्याङ्कन गर्दा सहभागिमूलक रूपमा स्रोत नक्सामा संकेत गरी योजना तयार पारेको भएमा सो को आधारमा मूल्याङ्कन गर्दा प्रभावकारी हुन्छ । |
| **प्रयोगको निरन्तरता** | कार्य योजनाअनुसार सफल नभएमा त्यसबाट प्राप्त सिकाइलाई आधार बनाएर पुनः योजना तयार पार्ने र कार्यान्वयन गर्ने । कार्य योजनामा उल्लेख भएअनुसार सफल भए प्रयोगमा निरन्तर दिने । अन्य सवालहरू छलफल भईरहेको बेला पनि अघिल्लो योजनाहरूको कार्यान्वयन र निरन्तरतालाई बेला बेला फलोअप गर्दा पनि प्रभावकारी हुनेछ । |

## १.५. गरिबीका अन्तरनिहित कारणहरूको विश्लेषण (भाग-दुई)

*(तत्कालीन कारण, अन्तरिम कारण र मूल कारण)*
*पहिचान तथा विश्लेषणका उपयोगी सहभागितात्मक विधि र प्रक्रियाहरू (औजारहरू) : REFLECT विधि र प्रक्रिया*

### नागरिक सचेतना केन्द्रमा प्रयोग गरिने विधि र प्रक्रियाहरू (औजारहरू)

**१.५.१ इतिहास विश्लेषण** (History/time Line Analysis): नागरिक सचेतना केन्द्रमा प्रयोग गरिने विधि ।

**१.५.२ शक्ति सम्बन्ध विश्लेषण** (Power Relation Analysis): नागरिक सचेतना केन्द्रमा प्रयोग गरिने विधि ।

**१.५.३ निर्भरता विश्लेषण** (Dependency Analysis): सम्पन्नता स्तरीकरणले निर्धारण गरेका स्तरहरूकाबीचमा नागरिक सचेतना केन्द्रमा प्रयोग गरिने विधि ।

**१.५.४ वृक्ष विश्लेषण** (Tree Analysis) : नागरिक सचेतना केन्द्रमा तथा आवश्यकताका आधारमा वडा नागरिक मञ्चमा पनि सवाल र समस्या विश्लेषणका लागि यो विधि प्रयोगमा ल्याउन सकिन्छ ।

**१.५.५ लैङ्गिक विश्लेषण (Gender Analysis)** : (महिला गतिशीलता तथा कार्यबोझ विश्लेषण: Women Mobility & workload Analysis): नागरिक सचेतना केन्द्रमा र आवश्यकताका आधारमा वडा नागरिक मञ्चमा पनि सवाल र समस्या पहिचानका लागि यो विधि प्रयोगमा ल्याउन सकिन्छ ।

**१.५.६ चुहिने गाग्रो विश्लेषण** (Dropping Pot Analysis): नागरिक सचेतना केन्द्रमा पारिवारिक आम्दानी र खर्च तथा वडा नागरिक मञ्चमा पनि वडास्तरमा प्राप्त बजेट र खर्चको विश्लेषणका लागि यो विधि प्रयोगमा ल्याउन सकिन्छ ।

**१.५.७. मौसमी पात्रो** (Seasonal Calendar): नागरिक सचेतना केन्द्रमा र आवश्यकताका आधारमा वडा नागरिक मञ्चमा पनि वडावासीहरूको कार्य व्यस्तता, फुर्सदको समय, बालबालिकाहरूका लागि लगाइने खोपको समय, बालबालिकाहरू धेरै बिरामी हुने समय, स्थानीय योजना तर्जुमा प्रक्रियाको समय जस्ता विषयहरूलाई यो विधि प्रयोग गरी सजिलो रूपमा हेर्न सकिन्छ ।

**१.५.८ सामुदायिक सूचना पाटी** (Community Information Board) : नागरिक सचेतना केन्द्र र आवश्यकताका आधारमा वडा नागरिक मञ्चमा पनि बालबालिकाहरूसँग सम्बन्धित विषयहरूलाई यो विधि प्रयोग गरी सजिलो रूपमा हेर्न सकिन्छ ।

**१.५.९ स्थानीय संस्थाहरूको स्रोत, सहभागिता तथा प्रतिनिधित्व विश्लेषण** (Resource, Participation and Representation Analysis of CBOs)

**१.५.१० जनमुखी नीति नियमहरूको विश्लेषण** (Analysis of People centric or Pro-poor Policies)

**१.५.११ परिदृश्य निर्माण** (Visioning exercise)

**१.५.१२. परिवर्तन मापन** (Moon Meter-measuring the change)

### १.५.१. इतिहास विश्लेषण (History Analysis or Time Line Analysis)

**प्रयोग :** नागरिक सचेतना केन्द्र सञ्चालनमा आइसकेपछि सहभागिहरूको आत्मविश्वास बढाउन सामाजिक परिचालकले सामान्य भलाकुसारीपछि यो विधि प्रयोगमा ल्याउँदा राम्रो हुन्छ । यो विधिले सहभागिहरूमा आफूले देखेका र भोगेका कुराहरूबाट नै छलफल सुरू भयो भनी रमाउने गर्दछन् । चालीस पचास वर्ष पहिलेदेखिको इतिहास सम्झँदा व्यावहारिक हुन्छ ।

**उद्देश्य**

- सहभागिहरूले आफ्नो समुदाय र आफ्नो विगत सम्झने र अहिलेको अवस्थासँग जोडेर हेर्ने अवसर पाउने ।
- के कस्ता व्यक्तिहरूले समाजमा आफ्नो इतिहास कायम गर्दा रहेछन् र त्यो इतिहास बनाउन अन्य क-कसको भूमिका हुँदो रहेछ भन्ने बारे जानकारी दिने ।
- इतिहास बनाउन योग्दान गर्ने व्यक्ति पहिचान गरी आत्मसम्मान जगाउन साथै समाजका साझा सवाल पहिचान गर्न सहयोग गर्ने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, वोर्ड मार्कर र वोर्ड आदि ।

**प्रक्रिया**

- कुनै विशेष प्रसंगबाट समुदायको विगत इतिहासका बारेमा सूचना दिन सक्ने तथा समुदायका पूराना घटनाका बारेमा जानकार व्यक्तिहरूसँग छलफल गर्दै थप सूचना लिन सामाजिक परिचालकले बीच बीचमा प्रसंग जोड्दै र सही थाप्दै जाने ।
- छलफलमा आएका कुराहरू टिपोट गर्ने ।
- घटनाले कुन वर्गलाई कस्तो प्रभाव पारेको थियो खोतल्दै जाने र टिपोट गर्ने ।
- घटना लिंदा कुनै एक क्षेत्रबाट प्रवेश गरी विस्तारै अन्य क्षेत्रमा खोतल्दै जाने (जस्तै : सामाजिक, आर्थिक, स्वास्थ्य, शिक्षा, विकास निर्माण, प्राकृतिक प्रकोप आदिसँग केन्द्रित भएमा सहजता आउँछ ।)

**उदाहरण**

| मिति | घटना | प्रभाव | | | |
|---|---|---|---|---|---|
| | | आर्थिक प्रभाव | सामाजिक प्रभाव | वातावरणीय प्रभाव | विकास निर्माणमा प्रभाव |
| २०४० फागुन | पल्लो गाउँ सिस्नेरीमा प्राथमिक विद्यालयको स्थापना | मानो मुठी चन्दाको रूपमा हामीले पनि दिनु पऱ्यो | छोराछोरीलाई पढाउनु पर्छ भन्ने जानकारी भयो । माइला दाइले आफ्ना छोराछोरी पढ्न पठाए | | विद्यालय बनाउँदा सल्लेरी वनबाट जथाभावी ढुङ्गा निकालियो । हामीले पनि ५ दिन श्रमदान गर्नु पऱ्यो |
| २०४५ चैत्र | ...मा मन्दिर, मस्जिद तथा गुम्वा निर्माण | | | | |
| २०५२ भाद्र ५ गते | सल्लेरी वनमा पहिरो गयो, ५ जनाको मृत्यु, २ जना बेपत्ता, ७ घर विस्थापित | घर तथा खेतीयोग्य जमिन बिग्रियो | अन्य परिवारलाई बोझका रूपमा पाल्नुपर्ने भयो | पानीका मुहान पुरिएकाले झाडा पखाला फैलियो | राहत वितरण गर्नुपर्दा विकास निमार्णमा खर्च गर्ने पैसा भएन |

**इतिहास विश्लेषणका लागि केही सहयोगी प्रश्नहरू**










१. समाजमा कस्ता कस्ता वर्गको इतिहास लेखिंदो रहेछ ?
२. किन सम्पन्नवर्गको इतिहास राम्रा घटनासँग र विपन्नवर्गको नराम्रा घटनासँग जोडिएको होला ?
३. किन विपन्नवर्ग बाढी, पहिरो बढी जाने ठाउँमा वर्षौं वर्षदेखि बस्दै आएका होलान् ?
४. समाजको नेतृत्व वर्षौं वर्षदेखि एक दुई परिवारका सदस्यहरूले मात्र गर्दै आउनुको कारण के होला ?
५. हाम्रो समाजमा सबैको समान इतिहास राख्नका लागि नागरिक सचेतना केन्द्रमा के कस्ता विषय र सवालहरूका बारेमा छलफल गर्नुपर्ला ?

## १.५.२ शक्ति सम्बन्ध विश्लेषण (Power Relation Analysis)

> **प्रयोग :** नागरिक सचेतना केन्द्र सञ्चालनमा आईसकेपछि इतिहास विश्लेषणपछि शक्ति सम्बन्ध विश्लेषण विधि र प्रक्रिया प्रयोगमा ल्याउँदा राम्रो हुन्छ । यो विधिले सहभागिहरूमा समाजमा विद्यमान असमान शक्ति सम्बन्धलाई बुझ्न र शक्ति संरचनामा परिवर्तन ल्याउन सहयोग पुग्दछ ।

कुनै कार्यक्रममा त्यस कार्यक्रमको सम्बन्धित सरोकारवालाहरूका अधिकार (Right) को उपभोगको सापेक्षमा वहन गरेको जिम्मेवारी (Responsibility) वा कर्तव्य र कार्यक्रमबाट पाउने प्रतिफल (Return) बीचको सापेक्षिक विश्लेषण गर्नु नै सरोकारवाला र शक्ति सम्बन्ध विश्लेषण हो। यो औजारले कुनै कार्यक्रममा कुनै निकायले कति, कसरी अधिकार उपभोग गर्दै आएको छ ? जिम्मेवारी र कर्तव्य कसरी र कति बहन गर्दै आएको छ र अधिकार र कर्तव्यको तुलनामा उक्त कार्यक्रमबाट कसरी, कति प्रतिफल र लाभ प्राप्त गरेको छ भनी सूक्ष्म रूपमा विश्लेषण गर्दछ ।

कुनै व्यक्ति, संस्था वा निकायले जवसम्म अधिकार उपभोग र प्रतिफल प्राप्त गरिरहन्छ त्यस वेलासम्म मात्र आफ्नो जिम्मेवारी वहन गर्दछ। जसले धेरै अधिकारको उपयोग गर्दछ त्यसले कर्तव्य र जिम्मेवारी पनि धेरै वहन गर्नुपर्दछ र सोही अनुसारको प्रतिफल पाउनु पर्दछ, परिणाम स्वरूप त्यहाँ समान शक्ति सम्बन्धको अवस्था सृजना हुन्छ। अधिकार, जिम्मेवारी र प्रतिफलबीच असमानता हुनु भनेको असमान शक्ति सम्बन्ध हुनु हो। शक्ति सम्बन्धमा रूपान्तरण गर्नु भनेको अधिकारबाट वञ्चितवर्गको अधिकारको स्थापना गर्नु र सोहीअनुसारको जिम्मेवारी वहन गर्नु हो । फलस्वरूप सोवर्गले सोहीअनुसारको प्रतिफल प्राप्त गर्दछ र समान शक्ति सम्बन्धको स्थापना हुन्छ र समुदायस्तरमा सुशासन सुदृढीकरण हुन्छ । अधिकारमुखी अवधारणाले असमान शक्ति सम्बन्धका कारण वहन गरेको जिम्मेवारीको तुलनामा अधिकारको उपयोग र प्रतिफलको प्राप्ति गर्न नपाएको अवस्था छ भने त्यसका मूल कारणहरू पहिचान गरी पीडित पक्षलाई अधिकार स्थापित गराउन सहयोग गर्दछ र विद्यमान असमान शक्ति सम्बन्धमा नै रूपान्तरण गर्दछ। शक्ति सम्बन्धको विश्लेषणले अधिकार हनन् गर्ने पक्ष र अधिकारबाट वञ्चित वर्गको पहिचान गर्दछ। अधिकारमुखी अभियानमा शक्ति सम्बन्धको विश्लेषण एउटा प्रवेश विन्दु हो । उदाहरणको लागि नेपालको घरायसी काममा महिला र पुरूषको विद्यमान अधिकार, जिम्मेवारी र प्रतिफल प्राप्त गरेको अवस्थालाई शक्ति सम्बन्ध विश्लेषण औजारद्वारा विश्लेषण गर्दा यसप्रकारको नतिजा देखिन्छ :

| तह | | अधिकार (अहिले उपयोग गरेका) | जिम्मेवारी वहन | प्रतिफल उपयोग |
|---|---|---|---|---|
| घरपरिवार | पुरूष |  |  |  |
| | महिला |  |  |  |
| समुदाय | दलित र विपन्न |  |  |  |
| | गैर दलित वा सम्पन्न |  |  |  |

माथिको चित्रमा गोलाको आकारले धेरै र थोरैको संकेत गरेको छ । महिलाको तुलनामा पुरूषले धेरै अधिकार उपभोग र प्रतिफल प्राप्त गरी रहेको छ भने जिम्मेवारी महिलाले बढी वहन गरेको अवस्था देखिन्छ । अधिकार उपभोग, जिम्मेवारी वहन र प्रतिफल प्राप्तिको आधारमा हाल नेपालका धेरै जसो समुदायहरूमा महिला र पुरूषबीच असमान शक्ति सम्बन्ध रहेको छ ।

### शक्ति सम्बन्ध विश्लेषण कसरी गर्ने ?

- कुनै कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरू पहिचान गर्ने ।
- शक्ति सम्बन्ध विश्लेषण गर्ने समूहलाई पूर्व जानकारी दिने ।
- तलको तालिका अनुसार सरोकारवालाहरूको नाम उल्लेख गर्ने ।

**सरोकारवालाहरूको अधिकार, जिम्मेवारी र प्रतिफलको आधारमा शक्ति सम्बन्ध**

| सरोकारवाला | अधिकार | | प्राप्ताङ्क | जिम्मेवारी कर्तव्य | | प्राप्ताङ्क | प्रतिफल | |
|---|---|---|---|---|---|---|---|---|
| | पाउनु पर्ने | पाएको | | निभाउनु पर्ने | निभाएको | | के पाउँछन | प्राप्ताङ्क |
| | | | | | | | | |

### अधिकार

- स्रोतको उपयोगमा पहुँच, स्रोतमा स्वामित्व, स्रोतको उपयोग र व्यवस्थापनमा नियन्त्रण

### जिम्मेवारी/कर्तव्य

- व्यवस्थापनमा सहभागि हुने/योगदान गर्ने
- नियम/कानूनको कार्यान्वयन गर्ने
- नियम/कानूनको परिधिभित्र रही काम गर्ने

### प्रतिफल

- स्रोतको प्रयोगबाट हुने प्रत्यक्ष फाइदा/आय
- स्रोतमा आधारित रोजगारी
- अप्रत्यक्ष फाइदाहरू (शक्ति, अख्तियारी)

अधिकारको उपयोग गरी आफ्नो जिम्मेवारी निभाएमा प्रतिफल प्राप्त हुन्छ । त्यसकारण असमान शक्ति सम्बन्ध भएको अवस्थामा सुधार गर्नुपर्ने क्षेत्र भनेको अधिकारको स्थापना र जिम्मेवारी वहन गर्नका लागि गरिने प्रक्रियाहरू हुन् । अहिलेको विद्यमान अवस्थामा कार्यक्रमका सरोकारवालाहरूको अधिकार स्थापना र जिम्मेवारी वहन गरी समान शक्ति सम्बन्ध स्थापना गर्न सम्बन्धित निकायहरूले के के गर्नु पर्ला ? हाम्रो भूमिका के के हुन सक्छ ? हामीले के के गर्नु पर्ला ? भनी छलफल गराउने र कार्यक्रमको सबै सरोकारवालाहरूले गर्नुपर्ने भूमिका तथा कामहरू समेटिने गरी सार्वजनिक रूपमा प्रतिवद्धता तयार गर्न सकिन्छ ।

## सरोकारवालाको प्रतिवद्धता

| क्र.सं. | सरोकारवालाको नाम | के क्रियाकलाप गर्ने | कहिले गर्ने |
|---|---|---|---|
| | | | |

## १.५.३ निर्भरता विश्लेषण (Dependency Analysis)

**प्रयोग :** इतिहास विश्लेषणपछि वस्तीस्तरमा पहिले गरिएको र “ब्राउन सिटमा उतार गरी टाँसिएको” सम्पन्नता स्तरीकरणका बारेमा नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई सम्झना गराउँदै वस्तीमा विद्यमान विभिन्न स्तरका परिवारको एक आपसमा हुने निर्भरतालाई खोतल्नुहोस् । जसले नागरिक सचेतना केन्द्रका सहभागिहरूमा जीवनयापनका लागि हामीलाई अरूको सहयोग आवश्यक भए जस्तै अरूलाई पनि हाम्रो सहयोग आवश्यक पर्दो रहेछ भन्ने कुरा महसुस गराउने ।

### उद्देश्य

नागरिक सचेतना केन्द्रका सहभागिहरूमा जीवनयापनका लागि विपन्न वर्ग, सम्पन्न वर्गमा आश्रित भए जस्तै सम्पन्नहरू पनि विपन्नमा आश्रित रहेको कुरा बोध गराई आत्मविश्वास बढाउन सघाउने ।

### सहभागि

नागरिक सचेतना केन्द्रका सहभागि, नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिका पदाधिकारी, वडा नागरिक मञ्चका पदाधिकारी, गाउँका भद्र भलाद्मी आदि ।

**सामाग्री :** ब्राउनपेपर, मार्कर, वोर्ड र वोर्डमार्कर वा चक डस्टर र आवश्यक चित्रहरू ।

### विधि

- ब्राउन पेपरमा उदाहरणमा देखएअनुसारको ठाडो र तेस्रो रेखा कोरेर कोठा बनाउने । तल दिएअनुसार अलग अलग कोठामा क्रमशः सम्पन्न, मध्यम, विपन्न र अतिविपन्न लेख्ने ।
- तेस्रो कोठामा रहेको वर्ग ठाडो कोठामा रहेको वर्गसँग के कस्ता विषयमा निर्भर रहेको हुन्छ भनी एक एक गरी छलफल गर्दै जाने र आएका निचोडहरू टिप्दै जाने ।
- वर्ग-वर्गबीचको निर्भरताका बारेमा आएको निचोड वास्तविकतामा आधारित हुन या होइनन् भनी सबैबीच सहमति लिने ।

### निर्भरता विश्लेषण खाका

| वर्ग | अतिविपन्न | विपन्न | मध्यम | सम्पन्न |
|---|---|---|---|---|
| अतिविपन्न | | | | |
| विपन्न | | | | |
| मध्यम | | | | |
| सम्पन्न | | | | |

### विश्लेषणका लागि केही सहयोगी प्रश्नहरू

१. हाम्रो समुदायमा कुन कुन वर्ग को कोसँग निर्भर रहेका रहेछौं ?

२. समाजमा कुनै वर्ग अन्य वर्गमा निर्भर नभईरहन सक्छ होला ?

३. के सबै वर्गको निर्भरतामा सम्मानजनक र न्यायपूर्ण व्यवहार भएको पाएका छौं ?

४. न्यायपूर्ण र सम्मानजनक निर्भरताका लागि कुन कुन वर्गले के कस्ता व्यवहार गर्नुपर्ला ?

५. हाम्रो समाजका कुन-कुन वर्गबीचको निर्भरताका बारेमा नागरिक सचेतना केन्द्रमा चरणगत विश्लेषण गर्नु पर्ला ?

## १.५.४ वृक्ष विश्लेषण (Tree Analysis)

**प्रयोग :** पहिचान भएका प्रत्येक सवाल र समस्यालाई वृक्ष विश्लेषण विधि प्रयोग गरी विश्लेषण गर्दा कारण र असरहरू महसुस गर्न सजिलो हुन्छ । कारणहरूलाई ध्यानमा राखी कार्य योजना तयार गरियो र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइयो भने मात्र उक्त सवाल तथा समस्यालाई सम्बोधन गर्न सकिन्छ । बालविवाह, लैङ्गिक हिंसा, विद्यालय जानबाट बञ्चित बालबालिकाको अवस्था जस्ता महिला तथा बालबालिकासँग सम्बन्धित सवाल तथा समस्याहरूलाई लिएर विश्लेषण गर्न सकिन्छ ।

### उद्देश्य

सवाल र समस्या श्रृजना हुनुका कारणहरू र उक्त सवाल र समस्याले दैनिक जीवनमा पारेको असर बारे सहभागिहरूलाई सजिलो गरी तर प्रभावकारी रूपमा महसुस गराउने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, वोर्ड र वोर्ड मार्कर आदि ।

### प्रक्रिया

- रूखको काण्ड (फेद) मा छलफलको विषय सवाल र समस्या राख्ने ।
- छलफलबाट आएका कारणहरूलाई जरातिर राख्ने ।

- हाँगा तथा पातका रूपमा ती कारणहरूले पारेका असरहरूलाई राख्ने ।
- असरहरू व्यक्तिका वास्तविक घटनाहरूसँग जोडेर छलफल गराउने, जसले महसुस गराउन सजिलो पार्दछ ।
- कारणहरूलाई आधार बनाएर कार्ययोजना तयार गर्न सहजीकरण गर्ने ।

**विश्लेषणका लागि केही प्रश्नहरू : (कुनै सवाललाई आधार मान्दा जस्तैः अनपढ वा निरक्षरता)**


१. हामीले किन पढ्न पाएनौं होला ?

२. हामीले पढ्न नसक्दा कस्ता कस्ता दुःखहरू भोगेका छौं ?

३. के हामी आफूले भोगेको यस्तो पीडा हाम्रा सन्तानहरूले पनि भोगुन् भन्ने चाहन्छौ ?

४. यदि चाहदैनौं भने अब हामीले के गर्नु पर्ला ?

**उदाहरण**




## वृक्ष विश्लेषणका आधारमा बालबालिकाको अवस्था विश्लेषण

**प्रयोग :** मानिसको विकास उसको वाल्यकालमा पाएको वातावरणमा भर पर्छ । राम्रो शिक्षा, असल पारिवारिक वातावरण, असल संस्कार, उचित अवसरले उसको भविष्य सुखद हुन्छ । हाम्रो समुदायमा पनि कति अवसरबाट वञ्चित रहेका हुन सक्दछन् । यस अभ्यासले समुदायमा बालबालिकाले भोगेका समस्याहरूबाट पर्न जाने असर बारे छलफल गरी बालबालिकाको वर्तमान अवस्था र अवस्था सुधारका सम्भावनाको बारेमा छलफल गर्न सहयोग पुऱ्याउँछ ।

**उद्देश्य :** नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई बालबालिकाको वर्तमान अवस्था मूल्याङ्कन गर्न सघाउने ।


**सहभागि :** नागरिक सचेतना केन्द्रका सहभागिहरू ।

**सामाग्री :** ब्राउन पेपर, मार्कर, वोर्ड र वोर्ड मार्कर वा चक डस्टर, आवश्यक चित्रहरू ।

**विधि**

- सबै सहभागिलाई २ मिनेटसम्म आँखा चिम्लन लगाई शान्त भइ आफ्नो बाल्यावस्थाको कुनै एक घटना सम्झन भन्ने । समय सकिएपछि के कस्ता घटना सम्झनु भयो ? भनी सोधने ।

- हामी सानो छँदा भोगेका कति घटना तथा परिस्थिति सुखद छन् भने कति दुःखद । समग्रमा हामीलाई कस्ता व्यवहार र वातावरणले खुसी दिन्छ र कस्ता व्यवहार र वातावरणले दुःखित बनाउँछ, फरक फरक तवरले टिप्दै जाने । बाल्यकालमा राम्रो वातावरण पाए विकास राम्रो हुन्छ भने कुनै पनि असहज वातावरणले विकासमा नकारात्मक असर पार्छ भन्ने ।
- अब समुदायमा बालबालिकाले आफ्नो उमेरअनुसार कस्ता अवसर पाएका छन् र कस्ता समस्याहरू (बालबालिकालाई हानी पुऱ्याउने घटना तथा व्यवहारहरू) भोगिरहेका छन्, छलफल गर्ने । सहभागिहरूले भनेका कुरा टिपोट गर्दै जाने ।
- यस्ता टिपोट गरिएका समस्याहरूका कारणहरू के के हुन सक्दछन् भनी सोधने । यस्ता समस्याले पार्ने प्रभावका बारे छलफल चलाउने (समस्या तथा परिणाम वृक्ष विश्लेषण विधिबाट पनि गर्न सकिन्छ) ।
- यी र यस्ता समस्याहरूलाई कम गर्न हामी आफैं के गर्न सक्छौं र यसमा सहयोग गर्न सक्ने निकायहरू कुन कुन हुन सक्दछन् भनी छलफल गर्ने ।




## १.५.५ लैङ्गिक विश्लेषण (Gender Analysis)

### क. महिला गतिशीलता विश्लेषण

**प्रयोग :** महिला गतिशीलता सवाल र समस्या बोध वा पहिचानका लागि प्रयोग गरिने विधि हो । यो विधिले सहभागिहरूलाई महिलाहरूको अवस्था महसुस गराई अवसरको सिर्जना गरी उनीहरूको अवस्थामा सुधार ल्याउन घच्घच्याउँछ ।

**उद्देश्य**

- समुदायका महिलाहरूको गतिशीलता (घरबाहिर, गाउँमा, गाउँबाहिर जिल्ला, जिल्लाबाहिर आदि) कहाँसम्म छ भनी बोध गराउने ।
- के कस्ता उद्देश्य लिएर महिलाहरू त्यहाँसम्म पुगेका रहेछन् भन्ने सम्झना गराउने ।
- कुन- कुन कुरामा मात्र महिलाहरू सीमित रहेका छन् र कुन क्षेत्रमा महिलाहरूको पहुँच बढाउनु पर्छ महसुस गराउने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, वोर्ड, वोर्ड मार्कर र विभिन्न कलरको गोलाकार मेटाकार्ड ।

**प्रक्रिया**

- सहभागिहरूमध्ये एक जना सहभागिको स्वेच्छा र सहमतिमा उनको दैनिकीलाई छलफलको आधार बनाउने र अरू सहभागिहरूलाई पनि उनीहरूको जीवनसँग तुलना गर्न सल्लाह दिने ।
- गाउँ, गा.वि.स. र जिल्ला तहमा महिलाहरू के के कामले जाने गर्छन् भनी छलफल गर्ने ।
- गाउँ तहमा, महिलाहरू किन वा के कामले जाने गर्छन् छलफल गर्ने ।

- छलफलबाट आएको कुरालाई नक्सामा उतार्दै जाने ।
- सबैभन्दा बीचमा महिला लेख्ने वा कुनै संकेतले मान्ने ।
- केही दूरीमा पहिलो घेरा, दोस्रो घेरा, तेस्रो घेरा वा गोलाकार सर्कल बनाउने । त्यो दूरीलाई गाउँ, गा.वि.स. र जिल्ला तह मान्न सकिन्छ ।
- पहिलो गोलो घेराभित्र गाउँ तहमा जानको कारणहरू लेख्दै जाने । दोस्रो घेरामा गा.वि.स. तहमा जानको कारण लेख्दै जाने ।
- तेस्रो घेरामा जिल्ला तहमा जानको कारणहरू लेख्दै जाने ।
- गाउँ तह, गा.वि.स.तह र जिल्ला तहमा जाने कारणहरूलाई कति पटक कहाँसम्म बाहिर जान्छ भनी प्रत्येकका लागि अलग अलग रंङ्का ब्राउन पेपरका टुक्राहरू काटी गोलाकार बनाई देखाउन सकिन्छ ।
- मेटा कार्ड प्रयोग गरेको भएमा सर्कल या गोलाकार आकारभित्र मेटाकार्ड थप्दै जाने ।
- छलफलबाट महिलाहरू बाहिर जाँदा एक्लै वा अरू कोसँग जान्छन् पत्ता लगाउने ।
- गाउँबाहिर जाँदा आइपर्ने अप्ठ्यारा वा समस्याहरूको पहिचान गर्ने, घरबाहिर उपचार, व्यापार, ज्याला मजदुरी, भ्रमण आदिको सिलसिलामा जाँदाका भोगाइ वा सिकाइहरूलाई आधार बनाएर छलफल अगाडि बढाउने ।
- महिलाहरू पछि पर्नुका कारणहरू छलफल गराई सानो घेरामा कारणहरू छर्लङ्ग पार्ने या महसुस गराउने ।
- पछाडी परेको क्षेत्रमा सक्रियता बढाउने योजना बनाउन र कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

### विश्लेषणका लागि केही सहयोगी प्रश्नहरू

१. हामी हाम्रो गाउँभित्र के कति कामले जाने गर्छौं होला ?
२. हामी हाम्रो वडाभन्दा बाहिर गा.वि.स. सम्म के कति कामले जाने गर्छौं होला ?
३. हामी जिल्लासम्म के कति कामले जाने गरेका छौ ? हामी कतिजना जिल्ला सदरमुकामसम्म पुगेका छौ होला ?
४. हामी जिल्लासम्म जाँदा साथीसँग जान्छौं कि एक्लै जान सक्छौ ?
५. हामीलाई एक्लै बाहिर निस्कँदा कस्ता दु:खहरू भोग्नु परेको छ ? आदि ।

### महिला गतिशीलताको उदाहरण




माथिको चित्र विश्लेषण गर्दा महिलाहरू शिक्षा, स्वास्थ्य, रोजगार तथा व्यापारका लागि घरपरिवारदेखि वस्ती, वडा, गाविस, जिल्ला हुदै राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रसम्म महिलाहरूको गतिशीलता रहेको कुरा स्पष्ट हुन्छ ।

## ख. कार्यबोझ विश्लेषण

**प्रयोग :** कार्यबोझ विश्लेषण सवाल तथा समस्या बोध वा पहिचानका लागि प्रयोग गरिने विधि हो । यो विधिले सहभागिहरूलाई महिलाहरूको अवस्था महसुस गराउनुका साथै अवस्था परिवर्तनमा घचघच्याउन सहयोग गर्छ ।

### उद्देश्य

- मौसम, परिवेश र स्थानअनुसार महिला र पुरूषको दैनिक कार्यबोझको महसुस गराउने ।

- महिला र पुरूषको काम, समय र कामको प्रकृति पुनरावलोकन गरी कामको परिवर्तन - महिलाले गर्दै आएका तर पुरूषले पनि गर्दा हुने कामका बारेमा बोध गराई महिलाहरूको हैसियत परिवर्तनमा सहयोग गर्ने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, बोर्ड र बोर्ड मार्कर ।

**प्रक्रिया**

- मौसमअनुसार वा महिनाअनुसार महिला र पुरूषले एक दिनमा के कति काम गर्दछन् छलफल चलाउने ।
- सम्बन्धित समुदाय/परिवारलाई आधार मानी महिला बिहान कति बजे उठ्छिन्, के काम गर्छिन् ? समय र कामको सूची तयार गर्ने ।
- महिलाले दिनभरि के के काम गर्छिन् ? समय र कामको सूची तयार गर्ने ।
- यस्तै पुरूषहरूले पनि त्यो समयमा के के काम गर्छन् ? समय र कामको सूची तयार गर्ने ।
- महिलाले गर्ने कार्यहरूको सूची पुरूषबाट र पुरूषले गर्ने कार्य महिलाबाट तयार पार्न लगाउने । महिला र पुरूषको काम गर्ने समयको तुलना गरी महिलाहरूलाई पुरूषको तुलनामा कति बढी बोझ रहेछ भनी विश्लेषण गर्ने ।
    - महिलाहरूले गर्ने के के काममा पुरूषले सहयोग गर्न सक्दछन् छलफल गर्ने ।
    - पुरूषको थोरै सहयोगले महिलाको धेरै बोझ कम हुन सक्ने कुरालाई छर्लङ्ग पार्ने ।
    - महिलाहरूको केही काम छैन भन्ने पुरूषहरू र समुदायमा महिलाको धेरै काम रहेछ र महिलाकै सहयोगको कारण पुरूषहरू बाहिर निस्कने, पढ्ने र जागिर खाने कुरामा अगाडी भएको महसुस गराई पुरूषले महिलाहरूलाई सहयोग गरेमा महिलाहरूको हैसियतमा परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास जगाउने ।
    - छोरा र छोरीलाई दिने जिम्मेवारीको महिला पुरूषको कार्य जस्तै सूची तयार पारेर कहाँ कहाँ विभेद रहेछ र त्यसले उनीहरूको भविष्यमा के कस्तो प्रभाव पार्दछ भनी छलफल गराई सुधारका लागि उत्प्रेरित गर्ने ।

**विश्लेषणका लागि केही सहयोगी प्रश्नहरू**

१. हाम्रो गाँउमा महिलाहरू कति बजे उठ्ने गरेका छन् ?
२. पुरूष र महिलामध्ये कसको काम धेरै हुँदो रहेछ ?
३. महिलाहरूले गर्ने गरेका कामहरूमध्ये कुन कुन काममा पुरूषहरूले सहयोग गर्न सक्दछन् ?
४. महिलाले गर्ने गरेका काममा पुरूषको पनि सहयोग भएमा के हुने रहेछ ?
५. हामी हाम्रो छोरा र छोरीमा पनि यसरी नै कामहरू छुट्याउने गरेको छौं कि छैनौं ?

**उदाहरण : पश्चिम पहाडको एक गाउँको महिला र पुरूषको दैनिक कार्यबोझ विश्लेषण**

| समय | महिला | समय | पुरूष |
|---|---|---|---|
| बिहान ४ बजे देखि ६ सम्म | कुचो लगाउने, पानी ल्याउने, शारीरिक सरसफाई, पिस्ने तथा कुट्ने | बिहान ६ बजेदेखि | बिहान उठ्ने |
| ५ बजेदेखि ७ बजेसम्म | गोबर सोहर्ने, घाँस दिने, दुध दुहुने | ६ - ७ | हातमुख धुने, समाचार सुन्ने |
| ७ बजेदेखि ९ बजेसम्म | खाजा बनाएर खान दिने, मही पार्ने, छोराछोरीलाई खाना खुवाउने | ७ - ८ | गाई, भैंसी दुहुने |
| १० बजेदेखि ११ बजेसम्म | खाना खान दिने, भाँडा माझ्ने, कपडा धुने | ८ - ११ | खाना खाने, गाउँ घुम्न जाने |

| | | | |
|---|---|---|---|
| ११ बजेदेखि ४ बजेसम्म | दाउरा घाँस लिन वन जाने | ११ - ४ | परिवारलाई काम लगाउने, पसलमा चिया खाने, बाख्रा चराउने |
| ४ बजेदेखि ६ बजेसम्म | बच्चालाई दुध खुवाउने, खाजा बनाउने | ४ - ५ | घरमा खाजा खाने |
| ६ बजेदेखि ७ | गाई वस्तुलाई घाँस दिने, दुध दुहुने | ५ - ७ | गाईभैंसी दुहुने, समाचार सुन्ने |
| राती ८ देखि १० बजेसम्म | खाना पकाउने, खाना खुवाउने, भाँडा धुने | ७ - ८ | टि.भी हेर्ने र रेडियो सुन्ने |
| महिलाले काम गर्ने समय दैनिक १९ घण्टा | | पुरूषले काम गर्ने समय दैनिक १४ घण्टा | |

### १.५.६ चुहिने गाग्रो विश्लेषण (Dropping Pot Analysis)

**प्रयोग :** चुहिने ग्राग्रो विश्लेषण पनि सवाल तथा समस्या बोध वा पहिचानका लागि प्रयोग गरिने विधि हो । यो विधिले सहभागिहरूलाई आम्दानीका श्रोत र खर्चका क्षेत्रहरू बारे स्पष्ट गरी कुन खर्च घटाउन जरूरी छ र कुन खर्च बढाउन जरूरी छ भन्ने विषयमा जानकारी गराई सहभागिहरूको अवस्था परिवर्तनमा घचघच्याउन सहयोग गर्छ । यस विधिले बालबालिका, विपन्न तथा सीमान्तकृत समुदायको उत्थान र विकासका लागि गरिने खर्च बृद्धिबाट भविष्यमा समग्र गरिबीको कुचक्र तोड्न सकिन्छ भन्ने बुझाउन सहयोग गर्दछ ।

**उद्देश्य**

- आम्दानी र खर्चका क्षेत्रहरू पहिचान गर्ने ।
- जीवनस्तरमा सुधार ल्याउन आवश्यक क्षेत्रमा खर्च बढाउन तथा अनावश्यक खर्च कम गर्न महसुस गराउने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, वोर्डमार्कर र वोर्ड तथा मेटाकार्डहरू ।

**प्रक्रिया**

- छलफलबाट आम्दानीका श्रोतहरू र खर्चका क्षेत्रको सूची अलग अलग तयार गर्ने ।
- गाग्रोको चित्र बनाउने ।
- गाग्रोको मुखबाट आम्दानीका स्रोतहरूभित्र पसेको देखाउने ।
- खर्चहरू प्वालबाट चुहिरहेको देखाउने ।
- फजुल खर्चहरू र बढी चुहिने शीर्षकहरू गाग्रोको सिधै तल पिँधमा साथै ठूलो प्वालमा देखाउने ।
- अति आवश्यक कुराले कम प्राथमिकता पाएको महसुस गराउने ।

**विश्लेषणका लागि केही सहयोगी प्रश्नहरू : (व्यक्तिगत वा समुदायमा आधारित विश्लेषण गर्दा)**

१) हामीले खर्च गरिरहेको पैसा कहाँबाट आउने गर्छ ?


२) हामीले के काममा पैसा खर्च गरिरहेका छौं ?


३) सबैभन्दा बढी खर्च केमा भइरहेको छ ?

४) कुन कुन प्वाल टाल्न वा सानो बनाउन सकिन्छ होला ?

५) कुन कुन प्वाललाई ठूलो बनाउन आवश्यक होला ?

उदाहरणः




## १.५.७ मौसमी पात्रो विश्लेषण (Seasonal Calendar Analysis)

**प्रयोग :** मौसमी पात्रो विश्लेषण सवाल तथा समस्या बोध वा पहिचानका लागि प्रयोग गरिने विधि हो । यो विधिले सहभागिहरूलाई कार्यव्यस्तता र फुर्सदको समय, केही कामहरू गर्न, महत्वपूर्ण समय बुझाउन र महसुस गराउन सहयोग गर्छ । यस बिधिबाट जोखिम पहिचान र जोखिम न्यूनीकरणका लागि पूर्व तयारी गर्न सकिन्छ ।

### उद्देश्य

- बढी काम पाइने, कम पाइने र कामै नपाइने समय पत्ता लगाउने ।
- समुदायको बढी व्यस्त हुने समय वा तुलनात्मक रूपमा फुर्सदको समय पत्ता लगाउने ।
- १२ महिनामध्ये बच्चाहरूलाई खोप लगाइने महिनाहरू, योजना माग गर्ने समयहरू आदि बारे महसुस गराउने ।

**सामाग्रीहरू :** ब्राउन पेपर, मार्कर, वोर्ड र वोडमार्कर तथा मेटाकार्डहरू साथै स्थानीयस्तरमा पाइने खरानी या ढुङ्गा, सिन्का आदि पनि प्रयोग गर्न सकिन्छ ।

### प्रक्रिया (सवाल अनुसार)

- समुदायमा कुन महिनामा के कति कामहरू गरिन्छ छलफल गर्ने ।
- ब्राउन पेपरमा १२ महिनाको नाम राखी कोलम तयार गर्ने ।
- जुन महिनामा जे काम गरिन्छ सो महिनाको कोलममा थप्दै जाने ।
- नामको सूचीको सट्टा संकेतहरू पनि थप्दै जान सकिन्छ ।
- कम काम रहेको समयमा सरोकारवाला संघसंस्थासँग समन्वय गर्ने र सामाजिक कार्यहरू गर्ने योजनाहरू बनाइ कार्यान्वयन गर्ने समय, बच्चाहरूलाई खोप दिने समय आदि संकेत सम्बन्धित महिनाहरूमा दिने ।

### उदाहरण : नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चमा राखिने मौसमी पात्रोको नमूना :

**नमूना १ :** कार्यव्यस्तता र के कस्ता कामहरूमा पुरूषहरू र के कस्ता कामहरूमा महिलाहरू बढी व्यस्त हुन्छन् र फुर्सदको समय कहिले हुन्छ भनेर हेर्ने ।

| गरिने क्रियाकलाप | १२ महिनामा गरिने कामहरू सम्बन्धित महिनाको कोठामा लेख्ने | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै | |
| महिला<br>पुरूष | | | | | | | | | | | | | |

**नमुना २ :** छोरा छोरीहरू (बालबालिकाहरू) बढी विरामी कुन कुन महिनामा हुन्छन् ? के विरामी हुन्छन् ? सम्बन्धित महिनाको कोठामा राख्ने, त्यसैगरी बालबालिकालाई दिइने नियमित खोपहरू वर्षमा कुन कुन महिनामा दिइन्छ ? उक्त महिनामा उल्लेख गर्ने जसले गर्दा सबैलाई जानकारी भइरहन्छ ।

| गरिने क्रियाकलाप | १२ महिनामा गरिने कामहरू सम्बन्धित महिनाको कोठामा लेख्ने | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै | |
| छोरा<br>छोरी | | | | | | | | | | | | | |

**नमूना ३ :** स्थानीय योजना तर्जुमा प्रक्रिया कहिले सुरू हुन्छ, स्वीकृत योजना, आयोजना कहिलेदेखि कार्यान्वयनमा आउन थाल्छन् आदि ।

| गरिने क्रियाकलाप | १२ महिना (आ.ब.) मा गरिने कामहरू सम्बन्धित महिनाको कोठामा लेख्ने | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सा | भ | अ | का | मं | पु | मा | फा | चै | बै | जे | अ | |
| वस्तीस्तरको छलफल | | | | | | | | | | | | | |
| वडा नागरिक मञ्चमा छलफल | | | | | | | | | | | | | |
| एकीकृत योजना तर्जुमा समितिमा छलफल | | | | | | | | | | | | | |
| गाउँ परिषद्/नगर परिषद्बाट योजना स्वीकृत | | | | | | | | | | | | | |

## १.५.८ सामुदायिक सूचना पाटी (Community Information Board)

### सामुदायिक सूचना पाटी प्रयोग गर्नुको उद्देश्य

- बालबालिका तथा महिलाहरूको समस्या छलफल गर्न सहज बनाउँछ ।
- समुदायको वर्तमान अवस्था झल्काउन र समुदायमा आएको परिर्वतन हेर्न मद्दत पुऱ्याउँछ ।
- समस्या समाधान गर्न कार्ययोजना बनाउन सहयोग गर्दछ ।

यो एउटा सहभागितात्मक सरल विधि हो । जसले समुदायलाई समुदायको वास्तविक अवस्था झल्काउन सहयोग गर्दछ । सामुदायिक सूचना पाटीले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सामाजिक विकासका विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्न सहयोग गर्छ । यसले समुदायलाई सामाजिक क्षेत्र पनि मानव विकासको महत्वपूर्ण अंङ्ग हो भन्ने बारेमा महसुस गर्न सहयोग गर्दछ । उपयुक्त समयमा बालबालिका तथा महिलामा लगानी गर्नुको महत्वलाई पनि प्रकाश पार्दछ ।

सामुदायिक सूचना पाटीमार्फत सङ्कलन गरिएका सूचनाहरूको माध्यमबाट समुदायमा रहेका विद्यमान समस्या र चुनौतीहरू पत्ता लगाई समस्याका कारणहरू पहिल्याइ विश्लेषण गर्न सहयोग पुऱ्याउँदछ । यो विधि मार्फत समूहले आफनो अवस्था एवम् प्रगतिका बारेमा आफैंले जान्न सक्छन् ।

### सामुदायिक सूचना पाटी र सामुदायिक सूचना पाटी भर्ने/अद्यावधिक गर्ने तरिका

सामुदायिक सूचना पाटीको प्रयोग नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चमा गर्न सकिन्छ । सामाजिक परिचालकले समूहलाई अनुकूल पर्ने समयमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सबै सदस्यहरूलाई जम्मा गरेर यसको उद्देश्यको बारेमा प्रष्टयाउनु पर्छ । वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र जानु अगाडी

नै सामाजिक परिचालकले ठूलो सेतो कागज वा फ्लेक्समा सामुदायिक सूचना पाटीको तालिका तयार गरी लैजानु पर्छ। एउटा एउटा सूचक छलफल गर्दै सबै समूहका सदस्यहरूलाई सोधेर सुरूको अवस्था तालिकामा भर्नुपर्ने हुन्छ । उदाहरणको लागि पूर्ण खोप लगाउने बालबालिकाहरूको संख्याको तल एक वर्षभन्दा मुनिका जम्मा बालबालिकाको संख्या उल्लेख गर्नुपर्छ । सामुदायिक सूचना पाटी भरिसकेपछि सेवाबाट वञ्चित समस्याहरूका बारे छलफल गरी समस्या समाधान गर्न समूहलाई उत्प्रेरित गर्नुपर्छ । आवश्यकता अनुसार सामाजिक परिचालकले सेवा दिने निकायहरू र वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रबीच सम्बन्ध बढाउन पहल गर्नुपर्छ । वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको सल्लाहअनुसार यो सूचना पाटी चार महिनापछि पुन: छलफल गरी दोस्रो हरफमा अद्यावधिक गर्नुपर्छ ।

### १.५.९ स्थानीय संस्थाको स्रोत, सहभागिता र प्रतिनिधित्व विश्लेषण (Resource, Participation and Representation Analysis of CBOs)

समुदायमा गाविसलगायत विभिन्न किसिमका संस्थाहरू कार्यरत हुन्छन् । सामाजिक रूपान्तरणका लागि गाउँमा बस्ने समुदायको जानकारीको साथै त्यहाँ कार्यरत संघसंस्थाहरूको बारेमा जानकारी हुनु उत्तिकै आवश्यक हुन्छ । यसबाट कुन कुन संस्थाले के कस्ता क्षेत्रमा कार्य गर्दछन् र के के सेवा पुऱ्याएका छन् भन्ने थाहा हुन्छ । यसको आधारमा कुन संस्थासँग कस्तो सम्बन्ध विस्तार गरी सहयोग लिन सकिन्छ भन्ने कुरा पहिचान गर्न सकिन्छ। त्यसैले त्यस्ता संस्थाहरूको जानकारीको साथै उनीहरूको स्रोत तथा आम्दानी खर्चसमेतको विवरण भयो भने भविष्यमा के कति मात्रामा सहयोगको आशा गर्न सकिन्छ भन्ने पनि थाहा हुन्छ। यसका लागि सर्वप्रथम समुदायमा छलफल गरी त्यहाँ कार्यरत संघसस्थाहरूको सूची तयार गरिन्छ । त्यसपछि मात्र सम्बन्धित निकायमा गइ उक्त संस्थामा रहेको आर्थिक एवम् अन्य स्रोतहरू, सहभागिता र समावेशीताका बारेमा थप छलफल र सहयोग सुनिश्चित गर्न सहज हुन्छ । यसका लागि तल उल्लेख गरिएका विभिन्न तालिकाहरूको प्रयोग गर्न सकिन्छ ।

तालिका : स्थानीय तहमा क्रियाशील सरकारी तथा गैरसरकारी समूह, संस्थाको वार्षिक बजेट विवरण

| क्र.सं | सरकारी निकाय, संस्था तथा समूहको नाम | वार्षिक बजेट रू. |
|---|---|---|
| १ | गा.वि.स., नगरपालिका | |
| २ | सहकारी संस्था | |
| ३ | छलफल भएको सा.व.उ.स | |
| ४ | .......... अन्य | |
| | क्रियाशील सबै संस्थाहरूको कुल वार्षिक बजेट रू जम्मा | |

तालिका : गा.वि.स.को चालू आ.ब. ............. को वार्षिक कार्यक्रम र बजेट विवरण

| क्र.सं. | आम्दानीका स्रोतहरू | रकम | बार्षिक कार्यक्रमहरू | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

तालिका : विभिन्न संघसंस्था, समूहको कार्य समितिमा प्रतिनिधित्व एवम् सहभागितात्मक विवरण

क).................... समूह, संघ, संस्था

समूह, संघ, संस्था गठन मिति ........... पुनर्गठन मिति ..................

| क्र.स. | पद | जम्मा | | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

ख)..................... समूह, संघ, संस्था

समूह, संघ, संस्था गठन मिति ............ पुनर्गठन मिति ..................

| क्र.स. | पद | जम्मा | | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| | | | | | | | | | |

यसरी स्थानीय तहमा क्रियाशील कतिवटा समूह, संघ संस्था छन् सबैको कार्यसमितिमा भएको प्रतिनिधित्व र सहभागितात्मक विवरण तयार गर्ने ।

स्थानीय तहमा क्रियाशील समूह तथा संघसंस्थाहरूको विवरण तालिका

| क्र.स. | गाँउमा भएका संघसंस्थाहरू | उपलब्ध वा प्राप्त स्रोतहरू |
|---|---|---|
| | | |

तालिका : स्थानीय तहमा क्रियाशीलमध्ये छलफल गरिएका संघसंस्था र सहभागिता

| क्र.स. | संघ सस्थाको नाम | सहभागिहरू |
|---|---|---|
| | | |

### १.५.१० जनमुखी नीति नियम विश्लेषण (Analysis of People centric or Pro-poor Policies)

नेपाल सरकार र अन्तर्गतका विभिन्न निकाय तथा अन्य गैरसरकारी संघसंस्थाहरूले पछाडी परेको वर्ग एवम् समुदायलाई विशेष सहयोग पु¥याउने उद्देश्यले विभिन्न जनमुखी कानून, नीति, नियम, निर्देशिका र मार्गदर्शनहरू ल्याएका छन् । यी सबैले महिला, दलित, गरीव, पछाडी परेका जातजाति तथा जनजातिहरूको उत्थान गर्नका लागि विशेष प्रावधानहरूको व्यवस्था गरेका छन् । उक्त व्यवस्थाहरूले माथि उल्लेखित वर्ग र समुदायको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योग्दान पु¥याउने लक्ष राखिएको भएपनि यसको कार्यान्वयन त्यति प्रभावकारी हुन सकेको छैन । यसो हुनुको कारण उल्लिेखित नीति नियम तथा प्रावधानहरूको बारेमा सम्बन्धित समुदाय र वर्गका व्यक्तिहरू संगठित हुन नसक्नु, प्रावधानका बारेमा सम्पूर्ण जानकारी नहुनु, भएपनि त्यसको दावी गर्ने प्रक्रिया थाहा नहुनु र सेवाप्रदायकहरू पनि जवाफदेही हुन नसक्नु प्रमुख छन् । तसर्थ सामाजिक विश्लेषणको सम्पूर्ण प्रक्रियामा यी जनमुखी नीति नियम तथा प्रावधानहरूको बारेमा छलफल र विश्लेषण गरी ती विपन्न, महिला, दलित, जोखिममा रहेका र पछाडी परेका समुदायहरूलाई सशक्तिकरण गर्दै अधिकारको दावी गर्न सक्ने तहमा लैजान जरूरी हुन्छ ।

**केही जनमुखी नीति, नियम तथा प्रावधानहरूको सूची यसप्रकार रहेको छ :**

सूचनाको हक सम्बन्धी ऐन, २०६४
घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६६
स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७
गरिबी निवारण कोष ऐन, २०६३
गाउँ विकास समितिहरूको न्यूनतम शर्त मापन कार्यविधि,
लैङ्गिक समानता तथा सा.स.रणनीति, २०६४
स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७
शिक्षा नियमावली, २०४९
स्थानीय अनुकूलन कार्ययोजना, २०१२
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५
वन ऐन, २०४९ र वन नियमावली, २०५१
स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६
सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०६५
गाँउ विकास समिति सामाजिक परिचालन दिग्दर्शन, २०६८
स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८
महिला तथा बालबालिका विशेष कोष सञ्चालन निर्देशिका, २०६५

***सामाजिक परिचालक तथा सहजकर्ताले आवश्यकताअनुसार यी समेत विभिन्न ऐन, नीति नियम र निर्देशिकाहरू अध्ययन गर्ने र आवश्यकताअनुसार रूपान्तरणीय सामाजिक परिचालनका विभिन्न चरणहरूमा प्रयोग गर्ने ।***

### १.५.११ भविष्यको परिदृश्य विश्लेषण वा निर्माण (Visioning exercise)

यो विधि र औजार समुदायका सदस्यहरूले भविष्यमा आफ्नो समुदायलाई कस्तो बनाउन चाहन्छन् भनेर तयार गरिने एउटा सचित्र दूरदृष्टि निर्धारण अभ्यास हो । यसले समुदायलाई आफ्नो भविष्य निर्धारण गर्ने अवसर दिनुका साथै सकारात्मक सोंच ल्याई सशक्तिकरण गर्ने औजार पनि हो ।

**उद्देश्यहरू**

- समुदायको दीर्घकालीन सामूहिक दृष्टिकोण तयार गर्ने,
- समुदायको विकास योजना तर्जुमाका लागि भविष्यको सोचसहितको आधार तयार गर्ने ।
- गाविसको भौगोलिक वस्तुस्थितिसँग परिचित ।
- पछाडी परेको क्षेत्र तथा लाभान्वित र वञ्चित समुदायको पहिचान ।
- गाविसभित्र रहेका विभिन्न शक्ति केन्द्र (व्यक्ति, समूह, जातजाति, वर्ग) को पहिचान ।

**संकलन गर्न सकिने सूचनाहरू**

भविष्यमा जनजीविका र विकाससँग सम्बन्धित क्षेत्रहरूमा आ-आफ्नो समुदायलाई बनाउन चाहेको अवस्था सम्बन्धी सूचनाहरू ।

**मुख्य सूचनादाताहरू :** समुदायको प्रतिनिधित्व गर्ने सबै वर्ग तथा समूहसँग सम्बन्धित व्यक्तिहरू ।

**आवश्यक सामाग्री :** कार्डवोर्ड पेपर, रंङ्गिन कलमहरू, संकेतका लागि विभिन्न रङ्गका स्टिकरहरू, सिसा कलम ।

**पूर्व तयारी**

दूरदृष्टिसम्बन्धी छलफललाई सहजीकरण गर्न आवश्यक मुख्य प्रश्नहरू र यसको जाँच सूची तयार गर्नुपर्छ । उदाहरणका लागि प्रस्तुत गर्न सकिने अन्य समुदायले तयार गरेका केही दूरदृष्टिका नमूना तथा चित्रहरू । यो प्रक्रियामा दुई तरिकाले सहजीकरण गर्न सकिन्छ । पहिलो भविष्यको चित्र तयार गर्न लगाएर र दोस्रो छलफलमार्फत शव्द वा वाक्यहरू लेख्न लगाएर ।

**प्रक्रिया**

- उपस्थित समुदायका व्यक्तिहरूलाई समूहको दूरदृष्टि के हो ? यसलाई कसरी बुझ्नु हुन्छ ? भनी सोधनुहोस् । केही मिनेटको ध्यानपछि सहभागिहरूलाई आफ्नो आँखा खोल्न र आफ्ना भविष्यका विकास सपनाहरू र सपनाका प्रत्येक भाग बेग्ला बेग्लै मेटा कार्डमा लेख्न लगाउनुहोस । सहभागिहरूलाई सपना वास्तविक हुनुपर्ने र उपलब्ध स्रोत, सीप र अनुभवलाई ध्यानमा राखी व्यवहारिक हुनुपर्ने कुरा पुनःसम्झाउनुहोस् । सबै कार्डहरूलाई जम्मा गरी भित्ता वा बोर्डमा टाँस्नुहोस् । प्रत्येक कार्डको अर्थ सम्झाउनुहोस् । कुनै कार्डको अर्थ स्पष्ट छैन भने त्यो कार्ड लेख्नेलाई प्रष्ट गर्न लगाउनुहोस र समष्टिगत रूपको दूरदृष्टि बनाउन लगाउनुहोस ।
- यदि चित्रको माध्यमबाट दूरदृष्टि निर्धारण गर्ने भएमा समुदायलाई आफूले कल्पना गरेको दूरदृष्टिलाई चित्र कोर्न लगाउने जसलाई स-सानो समूहमा गराउन सकिन्छ । हरेक समूहले बनाएको चित्रलाई प्रस्तुत गरी छलफल गराउने र समष्टिगत रूपमा सबैको बिचार र सोचाई प्रतिविम्वित हुने गरी दूरदृष्टिलाई अन्तिम रूप दिने जसमा अन्तिम दूरदृष्टिको नयाँ चित्र समेत कोर्न सकिन्छ ।
- दुवै विधिबाट आएको दूरदृष्टिलाई ठूलो समूहमा मस्तिष्क मन्थन गरी न्यूजप्रिन्ट वा बोर्डमा लेख्न लगाउनुहोस । धेरै राम्रा बिचारहरू भएका बढी लजालु सहभागिहरू छुट्न सक्छन् उनीहरूलाई पनि संलग्न गराउनुहोस ।
- प्रस्तुत गरिएको दूरदृष्टिलाई एकत्रित गरी एउटै सपना वा समष्टिगत दूरदृष्टि संक्षेपीकरण गर्न लगाउनुस् ।

### सूचनाको विश्लेषण, निष्कर्ष र यसको प्रयोग

तयार भएको समुदायको दूरदृष्टिलाई अध्ययन समूहका सदस्यहरूकाबीचमा छलफल गर्ने । समूह फिल्ड कार्यबाट फर्केपछि सूचनाहरूलाई उद्देश्यपरक किसिमले विश्लेषण गर्ने । सङ्कलित सूचना र जानकारीहरूको छलफल र विश्लेषण गर्दा तलका बुँदाहरूलाई समेत ध्यान दिन आवश्यक छ ।

- अध्ययन समूहबीच फिल्डमा सङ्कलित सूचनाहरूलाई छलफल एवम् पुनरावलोकन गर्ने ।
- जसमा समुदायको दूरदृष्टिले समसामयिक विकासका आयाम वा चाहनाहरू प्रतिविम्वित भएको छ छैन पुनरावलोकन गर्ने ।
- आवश्यक भएमा परिमार्जन र संक्षेपीकरण गर्ने ।
- उक्त सामुदायिक दूरदृष्टिकोणलाई सम्बन्धित समुदायका सदस्यहरूबीच छलफल गराई अनुमोदन गराउने ।

## १.५.१२ परिवर्तन मापन (Moon Meter-measuring the change)

परिवर्तन मापनका निम्ति गरिबी, सामाजिक अन्याय र जोखिमताका क्षेत्रहरूमा भएको परिवर्तनलाई केलाउन सकिन्छ । परिवर्तन मापनका महत्वपूर्ण पक्षहरूमा समावेशीकरण, सहभागिता, सूचना सेवा, अवसर, स्रोत तथा साधनहरूमा पहुँच र नियन्त्रण, संघसंस्था तथा निकायहरूसँग सहकार्य र साझेदारी, विकास, शक्ति सम्बन्ध, रूपान्तरण, जनमुखी नीति नियममा आएको परिवर्तन, व्यक्तिगत तथा संस्थागत व्यवहारमा परिवर्तन आदि ।

परिवर्तन मापनका निम्ति तल प्रस्तुत गरिएको सूचकाङ्कहरू समुदायको परिवेश अनुसार थपघट गरि प्रयोग गर्ने ।

| सि. नं. | परिवर्तन हेर्ने केही क्षेत्रहरू | सुरूको अवस्था | | | | हालको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) |
| क | **सुसूचित अवस्था** | | | | | | | | |
| १ | गरिबी, सामाजिक अन्याय तथा जोखिमताका क्षेत्र र अन्तरनिहित कारण तथा समाधानका विकल्पहरूबारे जानकारी भएको | | | | | | | | |
| २ | लैङ्गिक असमानता र हिंसाको बारेमा जानकारी भएको | | | | | | | | |
| ३ | सबैको नागरिकता भएको | | | | | | | | |
| ४ | सबैको घरमा शौचालय भएको र प्रयोगमा आएको | | | | | | | | |
| ५ | सबै सहभागिहरूका बालबालिकाहरू विद्यालय गएका | | | | | | | | |
| ६ | आफ्नो निजी जग्गामा कम्तीमा २- ३ वटा विरूवा सारेको वा हुर्काएको | | | | | | | | |
| ७ | सबैको घरमा करेशावारी भएको र सञ्चालनमा रहेको | | | | | | | | |
| ८ | समुदायस्तरमा कार्यरत विभिन्न संघसंस्था तथा कार्यतन्त्र/सञ्जालका बारेमा जानकारी भएको | | | | | | | | |
| ९ | सहभागिहरूलाई समुदाय स्तरमा आवश्यक विभिन्न प्राविधिक र सशक्तिकरणसम्बन्धी क्षमता अभिबृद्धिका तालिमहरूका बारेमा जानकारी भएको | | | | | | | | |

| सि. नं. | परिवर्तन हेर्ने केही क्षेत्रहरू | सुरूको अवस्था | | | | हालको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) |
| १० | सहभागिहरूलाई जनमुखी नीति तथा प्रावधानका बारेमा जानकारी भएको जस्तै : गाविसको लक्षित कार्यक्रम (महिला १०, बालबालिका १० र जोखिम र सीमान्तकृत १५ प्रतिशत), सामुदायिक वन विकास मार्गदर्शन, २०६५ मा भएको प्रावधान - सा.व.उ.स को वार्षिक आम्दानीको ३५ प्रतिशत रकम विपन्नमुखी क्रियाकलापमा खर्च गर्नु पर्ने, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ सा.व. विकास कार्यक्रम मार्गदर्शन, २०६५ (अध्यक्ष वा सचिवमध्ये १ जना महिला सहित का.स. मा कम्तीमा ५० प्रतिशत हुनुपर्ने) | | | | | | | | |
| ख | **सशक्तिकरणको अवस्था** | | | | | | | | |
| १ | सबै सहभागिहरूको उपस्थितिमा नागरिक सचेतना केन्द्रको नियमित बैठक एवम् छलफल हुने गरेको | | | | | | | | |
| २ | नागरिक सचेचना केन्द्रले गरिबी, सामाजिक अन्याय र जोखिमता सम्बन्धी समस्या र सवालहरूमा स्थानीयस्तरमा संयुक्त कार्यक्रम तथा अभियानहरू सञ्चालन गरिरहेका | | | | | | | | |
| ३ | महिला, विपन्न तथा पछाडी परेको वर्गहरूको जीविकोपार्जनका विकल्पहरू चयन गरी आयबृद्धि भएको | | | | | | | | |
| ४ | लैंङ्िक असमानता र हिंसामा कमी भएको | | | | | | | | |
| ५ | कम्तीमा दुईवटा सरकारी कार्यालयमा गइ छलफल तथा अन्तरक्रिया गरेका र सरकारी कार्यालयको सहयोग लिन सफल भएको | | | | | | | | |
| ६ | स्थानीय निकाय योजना तर्जुमा प्रक्रियामा अर्थपूर्णरूपमा सहभागितामा बृद्धिभएको | | | | | | | | |
| ७ | समुदायस्तरका समूहहरूमा महिला दलित तथा सीमान्तकृत जनजातिहरूको समानुपातिक सहभागिता गराउन सफल भएका | | | | | | | | |
| ८ | वैकल्पिक उर्जा प्रयोग गरेको अवस्था | | | | | | | | |
| ९ | स्थानीयस्तरका समूहहरूको आन्तरिक सुशासन सुदृढीकरण | | | | | | | | |
| १० | जनमुखी नीति नियम तथा प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा समुदायको सहभागीता | | | | | | | | |

| सि. नं. | परिवर्तन हेर्ने केही क्षेत्रहरू | सुरूको अवस्था | | | | हालको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) | अन्धकार (औंसी) | एक तिहाई चन्द्रमा | अर्ध चन्द्रमा | पूर्ण चन्द्रमा (पूर्णिमा) |
| **ग** | **रूपान्तरणीय अवस्था** | | | | | | | | |
| १ | नागरिक सचेचना केन्द्रमा गरिबी, सामाजिक अन्याय, जोखिमता, वातावरणीय सरसफाईका समस्या र सवालहरू सम्बोधन गर्न योजना तयार भई कार्यान्वयन भएको | | | | | | | | |
| २ | नागरिक सचेतना केन्दमा पहिचान भएका विभिन्न सवाल तथा समस्या सम्बोधनका लागि अन्य विकास साझेदार तथा सरोकारवालाहरूसँग साझेदारी सम्बन्ध कायम भएको | | | | | | | | |
| ३ | समुदायमा लैंङ्गिक समानता, सामाजिक समावेशीकरण र सुशासनका अभ्यासहरूमा सिकाइ केन्द्रका सहभागिहरूले आफ्नो समुदाय तथा छरछिमेकमा सहजकर्ताको रूपमा काम गर्न सुरू गरेका | | | | | | | | |
| ४ | नागरिक सचेतना केन्द्रका सहभागिहरू सामुदायिक विकास तथा विभिन्न समूह तथा सञ्जालहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सफल भएका | | | | | | | | |
| ५ | सार्वजनिक स्रोत, सेवा, साधन र अवसरमा पहुँच बृद्धि भई उपयोगको अभ्यास भएको | | | | | | | | |
| ६ | स्थानीय निकायको काम कारवाहीप्रति नागरिकको अपनत्वमा बृद्धि भएको | | | | | | | | |
| ७ | नीति निर्माण र कार्यान्वयनमा नागरिक खास गरेर महिला दलित तथा सीमान्तकृत जनजातिहरूको सहभागिता अर्थपूर्णरूपमा बृद्धि भएको | | | | | | | | |
| ८ | समान काममा महिला र पुरूष दुवैले समान ज्याला पाएका | | | | | | | | |
| ९ | सार्वजनिक सेवा, अवसर र स्रोत साधनको परिचालनबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँड भएको | | | | | | | | |
| १० | गरिबी, सामाजिक अन्याय, जोखिमता, वातावरणीय सरसफाई जस्ता सवाल तथा समस्याहरूमा समुदाय, साझेदार निकाय तथा सरोकारवालाहरूको व्यवहारमा रूपान्तरण भएको | | | | | | | | |

### सहभागिमूलक अनुगमन, मूल्याङ्कन तथा सिकाई

सहभागिमूलक पद्धति एवम् प्रक्रिया र विधिहरूले सामाजिक रूपान्तरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछन। यसका साथै नतिजाहरू, उपलब्धिहरू, असर तथा प्रभावहरूलाई मापन गर्दै जानका लागि सहभागिमूलक अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा सिकाई पनि अर्को महत्वपूर्ण पक्ष हो। यो प्रक्रियाका लागि प्रशस्तै स्रोत सामाग्रीहरू उपलब्ध छन। जसलाई सहजकर्ताले सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गर्न सक्छन।

## १.६. वडा नागरिक मञ्च (Ward Citizen Forum)

### १.६.१ परिचय

सामाजिक परिचालन कार्यक्रमलाई सबै गाउँ वस्तीहरूमा कार्यान्वयन गर्न सम्पूर्ण गाउँ विकास समितिका सबै वडाहरू र सामाजिक परिचालन कार्यक्रम लागू भएका नगरपालिकाका वडाहरूमा कम्तीमा ३३ प्रतिशत महिला सम्मिलित वडा नागरिक मञ्च गठन भएका छन्। वडा नागरिक मञ्च गठन गर्दा वडाभित्रका अन्य कुनै समूह वा संस्थामा आवद्ध हुन नपाएका सामाजिक तथा आर्थिक रूपमा पछि परेका वर्गका महिलाहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

### १.६.२ वडा नागरिक मञ्चको वनावट

वडा नागरिक मञ्च वडाभित्र बसोबास गर्ने नागरिकहरूको साझा मञ्च हो। यो मञ्चलाई आफ्ना वडास्तरका विकासका आवश्यकताहरू पहिचान र प्राथमिकीकरण गर्न स्थानीय निकायलाई सहयोग गर्ने, वडाभित्र सञ्चालित विकासका गतिविधिहरूमा नागरिक सहभागिता अभिबृद्धि गर्ने, सञ्चालित कार्यक्रमहरूको गुणस्तर बृद्धि गर्न, पारदर्शी सेवा प्रवाह गर्न वकालत गर्ने, असल र लोकहितकारी सामाजिक परम्पराहरूलाई निरन्तरता दिदैं आफ्नो वडा वा समुदायमा सामाजिक सद्भाव र पारस्परिक भाव अभिबृद्धि गर्ने अपेक्षा गरिएको छ। वडाभरिका घरपरिवारहरू भेला भएर तल उल्लेख भएबमोजिम २५ देखि २७ जना सदस्यहरू सम्मिलित समावेशी वडा नागरिक मञ्च गठन हुने व्यवस्था छ।

१. सामाजिक, आर्थिक रूपले पछाडी परेका, सबै जातजाति समुदायको समानुपातिक प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना महिलासहित — ६ जना
२. सामुदायिक संस्था (सामुदायिक वन उपभोक्ता समूह, आमा समूह, ऋण तथा वचत समूह, स्थानीय क्लव, उपभोक्ता तथा समुदायमा आधारित संस्थाहरूमध्येबाट) — ४ जना
३. गाउँ कृषि तथा वातावरण समितिका सदस्य — १ जना
४. वडाभित्रका विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि — १ जना
५. वडाभित्रका स्वास्थ्य समितिका प्रतिनिधि — १ जना
६. वडाभित्रका बालक्लवहरूले आफूमध्येबाट छनौट गरेका बाल प्रतिनिधिहरू (१ बालक, १ बालिका) — २ जना
७. विपन्नता स्तरीकरणअनुसार अतिविपन्नको सूचीमा परेका २ महिला र २ पुरूष गरी — ४ जना
८. वडाभित्रका जानिफकार व्यक्तिहरू मध्येबाट वडा भेलाले छानेको व्यक्ति — १ जना
९. अपाङ्गता भएका नागरिकहरू मध्येबाट निजहरूले छानेको प्रतिनिधि — १ जना
१०. जेष्ठ नागरिकहरू मध्ये निजहरूले छानेका प्रतिनिधि (१ महिला र १ पुरूष) गरी — २ जना
११. वडाभित्रका महिला स्वास्थ्य स्वयंसेविका — १ जना
१२. सम्बन्धित नागरिक सचेतना केन्द्रको संयोजक — १ जना
१३. नगर वडाभित्र टोल विकास संस्था तथा टोल सुधार समिति विद्यमान रहेको भए निजहरूले आफूमध्येबाट छानेका प्रतिनिधि १ महिला र १ पुरूष गरी — २ जना

- वडा नागरिक मञ्चका कूल पदाधिकारीहरू मध्ये कम्तीमा ३३% सदस्य अनिवार्य रूपमा महिला हुनुपर्नेछ ।
- सदस्यहरू मध्येबाट एक जना संयोजक छान्नु पर्नेछ र संयोजक हरेक वर्ष परिवर्तन हुनेछ । एक पटक संयोजक पुरूष भएमा अर्को पटक महिला संयोजक हुनेछिन् ।
- प्रत्येक वर्ष वडा नागरिक मञ्चका एक चौथाई सदस्यहरूको पदावधि सकिने छ र तिनको स्थानमा सम्बन्धित क्षेत्रबाट नयाँ सदस्य आउनेछन् । सामाजिक परिचालन कार्यविधि, २०७१ लागू भएपछि पहिलो पटकको लागि पदावधि सकिने सदस्यहरू निर्धारण गर्दा सम्बन्धित सामाजिक परिचालकले गोला प्रथाद्वारा निश्चित गर्नेछ ।

### १.६.३ वडा नागरिक मञ्चको काम, कर्तव्य र जिम्मेवारी

**वडा नागरिक मञ्चको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछन् ।**

१. स्थानीय निर्वाचनपश्चात् वडा नागरिक मञ्चले आफनो वडाभित्र विभिन्न निकायहरूबाट सञ्चालन भएका विकास निर्माणसम्बन्धी कामहरूको नागरिक निगरानीकर्ताको रूपमा काम गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, संयुक्त अनुगमन जस्ता कामहरूमा क्रियाशील रहने,

२. वडा तहमा सञ्चालित कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता नागरिक तथा सामाजिक उत्तरदायीमूलक कार्यक्रमहरू सञ्चालन गर्न र यस्ता कार्यक्रमहरूमा नागरिक सहभागिता बढाउन सहयोग गर्ने । नागरिकहरूबाट प्राप्त गुनासो तथा सुझावलाई सम्बन्धित निकायसँग समन्वय गरी सम्बोधन गराउन पहल गर्ने,

३. विपन्न एवम् वञ्चितीकरणमा परेका घरपरिवारका (विपन्न, दलित, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्तिहरू, महिला, बालबालिका लगायत) आवश्यकता, प्राथमिकता, आवाज, बिचार एवम् सवालहरूलाई वडा नागरिक मञ्चमा स्पष्टसँग व्यक्त गर्ने वातावरण तयार गर्ने ।

४. वडामा विद्यमान सामाजिक विसंङ्गति, अन्धविश्वास (छाउपडी प्रथा, बालविवाह, बहुविवाह, बोक्सी/डायन, दाइजो/दहेज प्रथा, छुवाछुत, जातीय भेदभाव, निरक्षरता, महिलाविरूद्ध हिंसा, बालबालिकाविरूद्ध हिंसा, बालश्रम आदि) हटाउन अभियान सञ्चालन गर्ने । वडावासी नागरिकहरूलाई सचेतीकरण गर्ने आवश्यक कार्यक्रमहरू बनाउने ।

५. खुल्ला दिशामुक्त गाँउ/वस्ती/वडा अभियानलाई कार्यान्वयन गर्ने गराउने र पूर्ण सरसफाइ अभियानमा सहयोग गर्ने,

६. स्थानीय टोल, वस्तीबाट प्राथमिकता प्राप्त आयोजना/परियोजनाका क्रियाकलाप, परियोजना प्राथमिकीकरण गर्ने, वडा समितिसमक्ष प्राथमिकताका आधारमा कार्यक्रम बजेट विनियोजनका लागि सिफारिस गर्ने,

७. वडाभित्रको विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तनको असरको पहिचान गरी जलवायु अनुकूलन व्यवस्थापन गर्न सहयोग गर्ने । वडाभित्र वातावरणीय स्वच्छतासम्बन्धी कामहरू गर्ने, गराउने र वातावरणमैत्री वडा/वस्ती बनाउने,

८. समावेशी उपभोक्ता समिति गठन तथा परिचालन गर्न स्थानीय निकाय तथा सम्बन्धित कार्यालयलाई सहयोग र सहजीकरण गर्ने,

९. वडा, टोल र वस्तीमा स्थानीय सरोकार एवम् राष्ट्रिय प्राथमिकतामा परेका विषयलाई अभियानका रूपमा सञ्चालन गर्ने तथा सामाजिक सद्भाव बृद्धि गर्ने काममा अग्रसर रहने,

१०. सम्पन्न योजना/परियोजनाले नागरिकहरूको जीविकोपार्जनमा पारेको प्रभावको सहभागितामूलक मूल्याङ्कन गर्न विपन्न तथा वञ्चितीकरणमा परेका घरपरिवारलाई सहयोग गर्ने,

११. नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग गर्ने । नागरिक सचेतना केन्द्रले तय गरेका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

१२. टोल वस्ती तथा वडा तहका नागरिक सरोकारका सवालहरू स्थानीय निकाय तथा अन्य सेवाप्रदायक संस्थाहरूसँग छलफल र समन्वय गरी समाधानका उपायहरूको खोजी गर्ने,
१३. टोल वस्ती तथा वडाका सामाजिक-आर्थिक मुद्दाहरूमा नियमित बैठक गरी छलफल गर्ने र गाउँ विकास समिति तथा गाउँ सामाजिक परिचालन समन्वय समितिसँग समन्वय र सहकार्य गर्ने,
१४. स्थानीय वस्तुस्थिति विश्लेषणलाई सहजीकरण गर्ने, महिला, बालबालिका र विपन्न समूहका आवश्यकता तथा प्राथमिकताहरू पहिचान गर्ने,
१५. बालभेलाबाट माग भई संकलन गरिएका योजनाहरू बारे समीक्षा, छलफल तथा प्राथमिकीकरण गरी कार्य योजना सहित एकीकृत योजना समितिमा पठाउने,
१६. आफ्नो वडाभित्रका विद्यालयहरूको पठनपाठनको अवस्था अनुगमन गर्ने, विद्यालय भर्ना कार्यक्रम विद्यालय छाड्ने दर कम गर्न सहयोग पुऱ्याउने,
१७. स्वास्थ्य संस्थामा गएर सेवा लिन नागरिकहरूलाई सघाउने,
१८. सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरूको नामावली अद्यावधिक गर्न तथा भत्ता वितरणका लागि गाविसलाई आवश्यक सहयोग गर्ने ।
१९ व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद आदि) दर्ता अभियान सञ्चालन गर्न सहयोग पुऱ्याउने,
२०. व्यवसायिक कृषि र पशुपालनलाई प्रवद्धन गर्ने तथा आय आर्जन र रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने,
२१. बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनका सूचकहरू कार्यान्वयन गर्न वडावासी एवम् वडालाई सहयोग गर्ने आदि ।

### १.६.४ वडा नागरिक मञ्चको बैठक

वडा नागरिक मञ्चको बैठक महिनामा एकपटक वा आवश्यकताअनुसार अरू जुनसुकै वेला पनि बस्न सक्नेछ । मञ्चको बैठकमा आवश्यकताअनुसार गाउँ विकास समितिमा कार्यरत सरकारी एवम् गैरसरकारी संस्थाका प्रतिनिधि, गाउँ विकास समितिका सचिव वा नगरपालिकाको हकमा वडा सचिवलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

### १.६.५ वडा नागरिक मञ्चको पदावधि

१. वडा नागरिक मञ्चको पदावधि ४ वर्षको हुनेछ ।
२. वडा नागरिक मञ्चले निर्वाह गर्ने भूमिकाप्रति सबैले जिम्मेवारी लिने र स्वामित्वभाव हुनका लागि प्रत्येक वर्ष मञ्चका एक चौथाई सदस्यहरू नयाँ आउने र पूराना हट्दै जानेछन् ।
३. पहिलो पटक, दोश्रो पटक र तेश्रो पटक हट्ने सदस्य गोलाप्रथाबाट चयन हुनेछन् ।
५. जुन वर्गको प्रतिनिधि हटेको हो सोही वर्गको सदस्यलाई नयाँ सदस्य बनाइनेछ ।
६. १८ वर्ष उमेर पुगिसकेका कारण हट्ने बालबालिकाका स्थानमा बालकको ठाँउमा बालक र बालिकाको ठाउँमा बालिका नै रहने व्यवस्था मिलाउनु पर्नेछ ।

### १.६.६ वडा नागरिक मञ्च व्यवस्थापन समिति

१. वडा नागरिक मञ्चको कार्यलाई नियमित रूपमा सहजीकरण गर्न, निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउन वडा नागरिक मञ्चले आफूहरू मध्येबाट निम्नानुसार ५ सदस्य रहेको व्यवस्थापन समिति गठन गर्नेछ । वडा नागरिक मञ्च र **वडा नागरिक मञ्च व्यवस्थापन समितिको** बैठकको अध्यक्षता व्यवस्थापन समितिको संयोजकले गर्नेछन् ।

| | |
|---|---|
| संयोजक | १ जना |
| सह-संयोजक | १ जना |
| सदस्य | २ जना |
| सदस्य- सचिव (सामाजिक परिचालक) | १ जना |
| जम्मा | ५ जना |

२. व्यवस्थापन समितिमा पनि कम्तीमा ३३ प्रतिशत सदस्य अनिवार्य रूपमा महिला हुनुपर्नेछ । व्यवस्थापन समितिको बैठक महिनामा एक पटक बस्नेछ ।

### १.६.७ वडा नागरिक मञ्चको क्षमता विकास

सामाजिक परिचालन कार्यक्रमको प्रभावकारिता र सफलता वडा नागरिक मञ्चको क्रियाशीलतामा निर्भर छ । आत्मनिर्भर विकास प्रक्रियालाई संस्थागत नगरी दिगो विकासको परिकल्पना गर्न सकिदैन । स्थानीय आवश्यकता पहिचान गर्ने, प्राथमीकिकरण गर्ने, स्थानीय रूपमा उपलव्ध स्रोत, साधन, सीप र प्रविधिलाई परिचालन गर्न र समतामूलक रूपमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोग र अनुदानलाई पारदर्शी र नतिजामुखी तरीकाले परिचालन गर्न, जवाफदेहिताको संस्कार अभिबृद्धि गर्न, विकास प्रक्रियामा महिला, बालबालिका, सामाजिक आर्थिक रूपमा पछाडी परेका वर्गहरूको अर्थपूर्ण सहभागिता र हित प्रवर्द्धन गर्न, स्थानीयस्तरमा सेवा प्रवाह प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय निर्वाचित पदाधिकारीहरू तथा स्थानीय रूपमा कार्यरत संघ संस्थाहरूलाई सहयोग, सुझाव र खवरदारी समेत गर्नसक्ने गरी वडा नागरिक मञ्चहरूको क्षमता विकास गर्दै लैजान स्थानीय निकाय र मन्त्रालय प्रयत्नशील रहनेछन् ।

## १.७. नागरिक सचेतना केन्द्र

### १.७.१ परिचय

सामाजिक तथा आर्थिकरूपले पछाडी परेका विपन्न परिवारहरूलाई सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सहभागितामूलक विधिहरूको प्रयोग गरी गाउँ विकास समितिभित्रका पनि अतिविपन्न वडामा पर्ने वस्तीहरूमा नागरिक सचेतना केन्द्र गठन गरिनेछ । नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई रूपान्तरणीय सामाजिक परिचालनका विधिहरूको प्रयोग गरी सामाजिक रूपमा सशक्तिकरण गर्ने प्रक्रियासँगै उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि सामाजिक परिचालन कार्यक्रमका अतिरिक्त अन्य विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

### १.७.२ नागरिक सचेतना केन्द्रका कार्यहरू

**नागरिक सचेतना केन्द्रका कार्यहरू देहायबमोजिम हुनेछन् ।**

१. साक्षरताद्वारा सशक्तिकरण कक्षामा सबै सदस्यहरू सहभागि हुने वातावरण मिलाउने,
२. नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई नागरिकहरूको काम कर्तव्य, अधिकार र राज्यले प्रदान गर्ने विभिन्न प्रकृतिका सेवाहरू र सेवा प्राप्तिका प्रक्रियाहरू बारे जानकारी लिने र संरक्षणका कामहरू गर्ने,
३. वातावरण, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखिम पहिचान गर्ने र पूर्वसतकर्ता अपनाउने, वातावरणमैत्री स्वभाव अवलम्बन गर्ने,
४. स्थानीयआवश्यकता अनुसारको कृषि, पशुपालन तथा अन्य आय आर्जन सम्बन्धी सीप तथा क्षमता विकास योजना तयार गर्ने,

५. नागरिकताको प्रमाण पत्र, जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद आदिजस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने,

६. जातिगत भेदभाव, बालविवाह, बहुविवाह, अनमेल विवाह, बोक्सी, धामी, झाँक्री, जुवा, तास, निरक्षरता, दहेज प्रथा, छुवाछुत, छाउपडी तथा महिला विरूद्धको हिंसा, बालश्रम, बाल हिंसा जस्ता सामाजिक विसंगतिहरू बारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्ने,

७. आफ्नो वस्ती तथा समुदायलाई खुल्ला दिसामुक्त बनाउने । वातावरणीय तथा घरेलु सरसफाइ गर्ने,

८. प्राकृतिक प्रकोप (भूकम्प, बाढी, पहिरो, आँधिवेरी, आगलागी, शीतलहर, हिमपात आदि) बारे पूर्वसर्तकता अपनाउने र त्यसबाट बच्ने उपायहरू बारे छलफल गर्ने,

९. निर्वाचन शिक्षा, बाल अधिकार, महिला अधिकार संरक्षणका कार्य गर्ने,

१०. जातिगत एवं सामाजिक सद्भाव बढाउने,

११. बालबालिकालाई बाल विकास केन्द्र, विद्यालय भर्ना, विद्यालयमा निरन्तर हाजिरी, बालक्लवमा सहभागि गराउने,

१२. पाँचवर्ष मुनिका सबै बालबालिकाहरूलाई समयमै खोप लगाउने, गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थामा लगेर सुत्केरी गराउने व्यवस्था मिलाउने,

१३. सीप विकास, आय आर्जन तथा जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूसँग समन्वय गर्ने, वकालत गर्ने, पैरवी गर्ने र स्रोत जुटाउने,

१४. राहदानी प्राप्त गर्ने प्रक्रिया, वैदेशिक रोजगारीमा जाँदा ध्यान दिनुपर्ने कुराहरू, रेमिट्यान्स पठाउने विधि र यसको उपयोग जस्ता समसामयिक विषयका अतिरिक्त नेपाल सरकार तथा अन्य गैरसरकारी र निजी क्षेत्रबाट नागरिक सरोकारका विषयमा जारी भएका नयाँ विषयहरूमा छलफल तथा जानकारी लिने,

१५. नागरिक सचेतना केन्द्रलाई परिपक्व बनाइ सहकारी तथा संस्थागत विकासका लागि प्रयत्नशील रहने ।

## १.७.३ नागरिक सचेतना केन्द्र गठन र सञ्चालन

१. गरिबीका अर्न्तनिहित कारणहरूको खोजीलगायत विभिन्न सहभागिमूलक विधिहरूको प्रयोग गरी गाउँ विकास समिति तथा नगरपालिकाका वडाभित्रका पनि अतिविपन्न वडा तथा वस्तीहरूको छनौट गरी अतिविपन्न, महिला, सामाजिक रूपमा पछि परेका वर्गका नागरिकहरू सम्मिलित २५-३० जना सदस्यहरू रहेको नागरिक सचेतना केन्द्र गठन गरिने । त्यस्तो समुदायमा सोही प्रकृतिको समूह पहिले नै गठन भएको छ भने त्यसलाई समेत नागरिक सचेतना केन्द्रको मान्यता दिन सकिनेछ ।

२. नागरिक सचेतना केन्द्रका सहभागिहरूलाई साक्षरताद्वारा सशक्तिकरण (REFLECT) विधिहरूको प्रयोग गरी नागरिकका अधिकार, कर्तव्य बारे सुसूचित गराउने, गरिबीका अर्न्तनिहित कारणहरूको खोजी र विश्लेषण गर्न सहयोग पुर्‍याउने, आफ्ना आवश्यकता तथा प्राथमिकताहरू बारे आवाज उठाउन सक्ने, राज्य लगायत सेवा प्रवाहका लागि जिम्मेवार निकायहरूसँग आफ्ना मागहरू राख्न र उत्तरदायीपूर्ण व्यवहारको दावी गर्न, लैङ्गिक समविकास तथा बालबालिकासँग सम्बन्धित विषयहरूमा छलफल गरी के उपायद्वारा यस्ता समस्या हटाउन सकिन्छ भन्ने जस्ता विषय र पक्ष बारेमा विश्लेषण गर्नसक्ने क्षमताको विकास गरी नागरिक सशक्तिकरणको प्रक्रियामा अगाडि बढाइने ।

३. नागरिक सचेतना केन्द्र गठन गर्दा महिलाहरूलाई विशेष प्राथमिकता दिने । नागरिक सचेतना केन्द्रमा एक परिवारबाट एकजना मात्र सदस्य हुने ।

### १.७.४ नागरिक सचेतना केन्द्र संयोजन समिति

१. नागरिक सचेतना केन्दलाई नियमित रूपमा सञ्चालन गर्न नागरिक सचेतना केन्द्रका सदस्यहरूमध्येबाट आमसहमतिमा निम्नानुसार ५ सदस्य रहेको नागरिक सचेतना व्यवस्थापन समिति गठन गर्ने ।

| | |
|---|---|
| नागरिक सचेतना केन्द्र संयोजक | १ जना |
| नागरिक सचेतना केन्द्र सचिव | १ जना |
| सदस्य | २ जना |
| सदस्य- सचिव (सामाजिक परिचालक) | १ जना |

२. संयोजन समितिमा पनि कम्तीमा ३३ प्रतिशत सदस्य अनिवार्य रूपमा महिला हुनुपर्नेछ । व्यवस्थापन समितिको बैठक महिनामा एक पटक र आवश्यकताअनुसार जुनसुकै समयमा पनि बस्नेछ ।

### १.७.५ नागरिक सचेतना केन्द्र सञ्चालनमा सामाजिक परिचालकले ध्यान दिनुपर्ने कुरा

**रिफ्लेक्ट कुनै सैद्धान्तिक ज्ञान दिने शिक्षा नभइ व्यावहारिक शिक्षा पद्धति हो । रिफलेक्ट सेसनमा सहभागि भइसकेपछि सहभागिहरूले आफ्नो अवस्था बुझ्न, त्यसको कारण पत्ता लगाउन र समस्या समाधानका लागि क्रियाशील हुने, आत्मविश्वास विकास भई सामाजिक रूपान्तरणको प्रक्रिया सुदृढीकरण हुने अपेक्षा गरिएकोछ । यसर्थ नागरिक सचेतना केन्द्र सञ्चालन गर्दा सामाजिक परिचालक तथा सामुदायिक स्वयंसेवकले विशेष ध्यान दिनपर्नेछ ।**

१. रिफ्लेक्ट प्रक्रियामा सदस्यहरूले आफै विषयवस्तु चयन गर्ने, त्यसको बारेमा छलफल गर्ने, समस्या पहिचान गर्ने, समाधानका उपायहरू पनि खोजी गर्नेछन् । तर सबै विषयहरूमा उनीहरूको ज्ञान र सीप नहुन सक्छ । सदस्यहरूले उठान गरेका सवालको समाधान सामाजिक परिचालक तथा स्वयंसेवकबाट समाधान गर्न नसकिने अवस्थामा ती विषय वस्तुहरूको टिपोट गर्नुपर्नेछ र स्थानीय सेवाप्रदायक, गाउँ विकास समिति, जिल्ला विकास समिति, नगरपालिका तथा तत्विषयसँग सम्बन्धित सरकारी, गैरसरकारी वा निजी संस्थाका सम्बन्धित कर्मचारी, विशेषज्ञ वा स्रोत व्यक्तिलाई बोलाई रिफ्लेक्ट प्रक्रियामा सहजीकरण गर्ने वातावरण मिलाउनु पर्नेछ ।

२. रिफ्लेक्ट कक्षा सञ्चालन गर्ने क्रममा सामाजिक परिचालक वा सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्तिले सामूहिक भावना र सामूहिक कार्यको महत्व बारे जानकारी गराउँदै उनीहरूलाई संगठित गरी सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सेवाहरू लिन तथा दावी गर्न सक्षम बनाउन निरन्तर रूपमा सहयोग र सहजीकरण गर्ने ।

३. कहिलेकांही नासकेका सहभागिहरूलाई छलफल गर्नुपर्ने महत्वपूर्ण विषयहरू बारे जानकारी नहुनपनि सक्छ । जस्तै वडास्तरीय योजना तर्जुमा गोष्ठी, गाँउ परिषद्, खोप अभियान, विद्यालय भर्ना अभियान सञ्चालन गर्नुपर्ने वेलामा अरू विषयहरूमा छलफल गर्नुभन्दा यी कार्यक्रमहरूमा केन्द्रित भएर छलफल चलाउन सकिए त्यसबाट प्राप्त जानकारी तत्काल व्यवहारमा आउने भई यी कार्यक्रमहरूमा उनीहरूको सहभागिता बृद्धि हुने, आत्मबल बढ्ने र गुणात्मक सेवा दावी गर्नसक्ने भएकाले समयअनुसार छलफलका विषयवस्तु चयनमा ध्यान दिनुपर्दछ ।

### १.७.६ नागरिक सचेतना केन्द्र परिपक्वताका आधारहरू

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सन् २००० देखि हालसम्म ४००० भन्दा बढी नागरिक सचेतना केन्द्रहरूको गठन गरी परिचालन भई यो प्रक्रिया निरन्तर रूपमा अगाडि बढिरहेको छ । यी सबै नासकेहरूलाई अनन्तकालसम्म यस कार्यक्रमले नै निरन्तर सहयोग गर्न न सम्भव

छ न त रिफ्लेक्टको अवधारणा नै यस्तो हो तर सामाजिक परिचालन आफैमा एउटा अभियान भएकाले यसले कुनै न कुनै रूपमा निरन्तरता भने पाउनु पर्दछ । तसर्थ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले पूराना नासकेलाई एउटा निश्चित अवस्थामा पुऱ्याएपछि उनीहरूको परिपक्वताका आधारमा स्थानीय स्वयंसेवक वा स्थानीय सहजकर्तामार्फत उनीहरूको व्यावहारिक छलफल, अनुभव साटासाट, भावी कार्ययोजना, विभिन्न निकायहरूसँग कार्यगत सम्बन्ध विस्तारका लागि आवधिक रूपमा सहयोग र सहजीकरण कार्यनीति लिइनेछ । नागरिक सचेतना केन्द्रको परिपक्वताको स्तर के छ भनेर थाहा पाउन निम्न पाँच खम्वा र यीसँग सम्बन्धित सूचकहरूका आधारमा आफ्नो स्वमूल्याङ्कन गर्नेछन् ।


## परिपक्वताका आधारभूत खम्वाहरू

नागरिक सचेतना केन्द्रको परिपक्वता मापनका लागि तल उल्लेख भएअनुसारका पाँचवटा मुख्य क्षेत्रहरू वा आधारभूत खम्वाहरूको पहिचान गरिएको छ ।

१. **सञ्चालन अवस्था (Functional Status) :** नागरिक सचेतना केन्द्रको सञ्चालनको वर्तमान अवस्था के कस्तो छ ? न्यूनतम रूपमा नगरी नहुने कार्यहरू जस्तै नियमित कक्षा सञ्चालन, व्यवस्थापन समिति र त्यसको बैठकको निरन्तरता, सहभागिहरूको उपस्थिति र पहिलो चरणमा गठन गरिएका केन्द्रहरूको ५२ हप्तापछिको निरन्तरताको अवस्था के कस्तो छ भनी यस अन्तर्गत छलफल गरिन्छ ।

२. **सामाजिक सशक्तिकरण (Social Empowerment) :** नागरिक सचेतना केन्द्रको गठन गर्नुको एउटा प्रमुख उद्देश्य भनेको संगठित गरिएका सचेतना केन्द्रका सहभागिहरूलाई सामाजिक रूपमा सशक्तिकरण गर्नु हो । तसर्थ यस खम्वाअन्तर्गत विशेष गरी स्थानीयस्तरमा रहेका सामाजिक कुरूतिहरूमा के कति कमी आएको छ ? सरसफाईको अवस्था के कस्तो छ ? बालबालिकाहरूको खोप, गर्भवती महिलाले गर्नुपर्ने नियमित स्वास्थ्य परीक्षण तथा स्थानीय तहमा हुने योजना तर्जुमा प्रक्रिया बारे जानकारी र सहभागिताको अवस्थाका बारेमा छलफल गरी पत्ता लगाउने कार्य गरिन्छ ।

३. **प्रतिनिधित्व र सहभागिता (Participation and Representation) :** नागरिक सचेतना केन्द्रका सदस्यहरूको स्थानीयस्तरमा रहेका अन्य समूह संघसंगठनहरूमा सचेतना केन्द्र तथा त्यसका सदस्यहरूको सहभागिता र प्रतिनिधित्व बढाउन् यो अभियानको अर्को उद्देश्य हो । तसर्थ यस अन्तर्गत विशेष गरी सामाजिक परिचालन हातेपुस्तिकामा उल्लेख भएका सहभागिमूलक औजारहरूको प्रयोग, त्यसको विश्लेषण र निष्कर्षको अभिलेखीकरण, स्थानीय निकाय र अन्य संघसंस्थाका कार्यक्रमहरूमा प्रतिनिधित्व र सहभागिता तथा स्थानीय र राष्ट्रिय अभियानमा उनीहरूको सहभागिता र योग्दानका कुराहरू यस अन्तर्गत छलफल गरी अवस्था पत्ता लगाउने कार्य गरिन्छ ।




४. **सेवा र स्रोतमाथिको पहुँच (Access to Services and Resources) :** नागरिक सचेतना केन्द्र गठन गरी सञ्चालन गर्नुको अर्को उद्देश्य भनेको नागरिकहरूलाई सरकारी तथा अन्य निकायहरूले प्रवाह गर्ने विभिन्न सेवा र सुविधाहरूमाथि उनीहरूको सहज रूपमा पहुँच पुऱ्याउनु पनि हो ।

तसर्थ यस खम्वाअन्तर्गत विशेष गरी उनीहरूको आफ्नो पहलमा भएका योजनाहरू, व्यक्तिगत घटनाहरूको दर्ता, सामाजिक भत्ता लगायत अन्य सुविधाको बारेमा जानकारी र यसको सहजताका बारेमा छलफल गरी अवस्था पहिचान गर्ने कार्य गरिन्छ ।

५. **सम्बन्ध तथा सञ्जाल (Linkage and Networking) :** कुनैपनि संगठनको स्थापनापछि त्यसको अन्य संगठनहरूसँगको सम्बन्ध तथा त्यस्तै प्रकृतिका संस्थाको संजालहरूसँगको आवद्धताको विशेष महत्व हुन्छ । सबै कार्यहरू र सबै समस्याहरूको एक्लैले सामना गर्न सकिदैन । यसैगरी सबै समस्याहरूको समाधान स्थानीयस्तमा मात्रै हुदैन र एक्लो प्रयासले मात्र पुग्दैन । यस्तो अवस्थामा सम्बन्ध र सञ्जालसगैको आवद्धताले धेरै सहयोग गर्छ ।

**नागरिक सचेतना केन्द्र परिपक्वता मापनका आधारहरू**

क. सहजकर्ता (सामाजिक परिचालक) को सहयोगमा कम्तीमा ५२ वटा रिफ्लेक्ट कक्षा सञ्चालन गरेको,
ख. नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको
ग. सहभागितामूलक विधिहरूको अभ्यास गरी प्राप्त नतिजाहरूको अभिलेख राखिएको,
घ. स्थानीय निकाय तथा अन्य सेवाप्रदायकहरूले सञ्चालन गरेको बैठक तथा कार्यक्रमहरूमा नागरिक सचेतना केन्द्रका सदस्यहरूले भाग लिएको,
ङ. रिफ्लेक्टको माध्यमबाट कम्तीमा २ वटा क्रियाकलापहरू पहिचान तथा छनोट गरी काम सुरू गरेको,
च. समुदायको वास्तविक अवस्था र यसको आधारमा कम्तीमा एउटा योजना सञ्चालन गरेको,
छ. नागरिक सचेतना केन्द्र स्थापना हुनुभन्दा पहिलेको अवस्थालाई तुलना गर्दा हाल सामाजिक कुरीतिहरू (बालविवाह, बहुविवाह, अनमेल विवाह, दहेज प्रथा, बोक्सीको आरोप, जाँड/रकसी, महिला विरूद्ध हिंसा, बाल हिंसा आदि) मा कमी आएको अभिलेख तथा प्रमाण उपलव्ध भएको,
ज. सरसफाइ र शौचालय प्रयोग गर्ने परिवारको संख्यामा बृद्धि भएको,
झ. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, बसाइँसराइँ आदि) दर्ता, निर्धारित अवधिभित्रै दर्ता हुने गरेको,
ञ. सामाजिक सुरक्षा भत्ता, पेन्सन वितरण आदि बारे जानकारी भई समयमै सोको दावी गर्नसक्ने भएको,
ट. पाँच वर्षमुनिका बालबालिकाहरूलाई नियमित खोप, गर्भवती परीक्षण, स्वास्थ्य केन्द्रमा प्रसुति सेवा लिनपर्ने विषय बारे जानकारी भएको,
ठ. स्थानीयस्तरका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रिया बारे सामान्य जानकारी भएको,
ड. स्थानीयस्तरमा कार्यरत संघसंस्थाहरू र ती संस्थाहरूबाट प्रवाह गरिने सेवाहरू बारे जानकारी भएको,
ढ. नागरिक सचेतना केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने क्षमता विकास भएको ।

द्रष्टव्य : माथि उल्लेखित सूचकमा कम उपलब्धि हासिल भएको आधारमा कार्यक्रमको प्रारम्भिक वर्षहरूमा गठन भएका नागरिक सचेतना केन्द्रलाई परिपक्व नभएको भनी हालको निरन्तर सहयोग जारी राखिने छैन् ।

१. सामान्यतया स्थापना भएको २ बर्षमा नागरिक सचेतना केन्द्रलाई परिपक्वताको अवस्थामा लगिनेछ । परिपक्वताको लागि प्रस्तावित नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले नियमित रूपमा गरी आएको सहजीकरण कार्यलाई नयाँ गठन भएका नागरिक सचेतना केन्द्रमा स्थानान्तरण गरिनेछ । परिपक्व नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालन स्वयंसेवक/स्थानीय स्रोत व्यक्तिमार्फत निश्चित अवधिसम्म सेवा प्रदान गरिनेछ ।

२. सामाजिक परिचालन सदासर्वदा स्वःचालित हुनुपर्ने भएकाले एक चरणको परिपक्वतापश्चात् सहकारीमा परिणत हुन प्रेरित गरिनेछ ।

३. नागरिक सचेतना केन्द्रले जीविकोपार्जन सुधार कार्यक्रममार्फत विभिन्न आय आर्जनका क्रियाकलापहरू सञ्चालन गरी नागरिकहरूको सामाजिक आर्थिक पुँजीको विकास गर्नेछ । यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनको लागि नागरिक सचेतना केन्द्रहरूलाई स्थापित सहकारीको सदस्य बन्न उत्प्रेरित गरिनेछ ।

४. सामाजिक परिचालनका क्रममा गठित नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चहरूलाई गाविस

क्षेत्रभित्र काम गर्ने अन्य संस्थाहरूसँग मिलेर आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ती संस्थाहरूसँग साझेदारीता अभिबृद्धि गर्न उत्प्रेरित गरिनेछ ।

५. जीविकोपार्जनका कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने स्रोतहरू संकलन गरी त्यसको समुचित व्यवस्थापन गर्न सहजीकरण गरिनेछ ।

६. नागरिक सचेतना केन्द्रलाई गाउँ विकास समितिमा सूचीकृत गरी अन्य संघसंस्थाहरूसँग समन्वय र साझेदारी विकासका लागि प्रेरित गरिनेछ ।

## १.८. स्थानीय सेवाप्रदायकको काम, कर्तव्य र भूमिका

स्थानीय निकायहरूलाई आफ्नो क्षेत्रका सबै गाविस तथा नगरपालिकाहरूमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सघाउने प्रयोजनका लागि जिल्लास्थित गैससहरूबाट स्थानीय सेवाप्रदायक संस्था छनौट गरिनेछ । छनौट भएको सेवाप्रदायक संस्थाको काम कर्तव्य र जिम्मेवारी देहायअनुसार हुनेछ ।

१. कार्यक्रमले निर्धारित गरेको प्रक्रिया/विधि/मापदण्डअनुसार जिल्ला विकास समिति, नगरपालिका तथा जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समितिसँगको समन्वयमा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरू छनौट गर्ने,

२. राष्ट्रिय सेवाप्रदायकसँगको समन्वयमा सामाजिक परिचालकहरूलाई तोकिएअनुसारको तालिम सञ्चालन गर्ने,

३. कार्यक्रमको समग्र व्यवस्थापनका लागि पूर्णकालीन कार्यक्रम संयोजक छनौट गर्ने । कार्यक्रम संयोजक पूर्ण रूपमा सम्बन्धित जिविस तथा नगरपालिकाको निर्देशनमा रहेर तोकिएको क्षेत्रमा सामाजिक परिचालनको काम गर्ने ।

४. सामाजिक परिचालकहरूलाई कार्यक्रम सञ्चालन गर्न (गाउँ विकास समिति तथा नगर वडास्तरमा निर्वाचित प्रतिनिधि, राजनीतिक दल, नागरिक सामाज, समुदायमा आधारित संस्थाहरूलाई कार्यक्रम बारे अनुशिक्षण सञ्चालन गर्ने, वडा नागरिक मञ्च गठन तथा पुनर्गठनमा सहजीकरण, नागरिक सचेतना केन्द्र सञ्चालन तथा विस्तार, जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन, अन्य सामाजिक परिचालन निकायहरूसँग कार्यगत सम्बन्ध र समन्वय विस्तार गर्ने तथा सामाजिक परिचालकहरूलाई निरन्तर रूपमा सहजीकरण तथा प्राविधिक सहयोग र पृष्ठपोषण दिने,

५. सामाजिक परिचालकहरूको नियमित बैठक राख्ने र एक अर्काबीच अनुभव, सिकाई तथा राम्रा कामहरूको आदान प्रदान गर्ने । कार्यक्रमसँग सम्बन्धित कुनै समस्या भएमा समाधानका उपायहरू बारे छलफल गरी समाधानका लागि तत्काल पहल गर्ने,

६. बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिता र समग्रमा बालअधिकार, वातावरणमैत्री दिगो विकास, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आय आर्जन, सामुदायिक मेलमिलाप, सामुदायिक विकास, सामाजिक सद्भाव अभिबृद्धि, जेष्ठ नागरिकको आदर र सम्मान, सामाजिक विकृति उन्मूलन, नागरिक अधिकार, कर्तव्य आदि बारे जानकारी दिने खालका सूचना, शिक्षा र सञ्चारका सामाग्रीहरू संकलन गर्ने र सामाजिक परिचालनका माध्यमबाट समुदायलाई सचेतीकरण गर्ने,

७. मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समितिले दिएका सुझाव तथा पृष्ठपोषणहरू लागू गर्ने,

८. नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित अनुगमनको व्यवस्था मिलाउने,

९. तोकिएको ढाँचा र मितिभित्र जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा आर्थिक तथा प्राविधिक प्रतिवेदन पेश गर्ने,

१०. जिल्ला विकास समिति तथा नगरपालिकाबाट प्राप्त गर्नुपर्ने सामाजिक परिचालनसँग सम्बन्धित बजेट सामाजिक विकास शाखामार्फत समयमै निकासा माग गरी तोकिएका क्षेत्रहरूमा खर्च गर्ने र कार्यक्रम संयोजकको पारिश्रमिक बैंकमार्फत भुक्तानी दिने,

११. आर्थिक तथा सामाजिक रूपमा पछिपरेका वर्गहरूको पहिचान गर्न तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका हरेक चरणहरूमा यी वर्गहरूको आवश्यकता र चाहनाहरूलाई समावेश गर्न एकीकृत योजना तर्जुमा समितिको कामलाई सहजीकरण गर्ने,
१२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले समय-समयमा माग गरेका विवरणहरू उपलब्ध गराउने, सामाजिक परिचालनका गतिविधिहरूमा दोहोरोपन हटाउने, स्थानीय ज्ञान, सीप र अनुभवहरूको आदान प्रदान गर्ने र सामाजिक परिचालनका सर्वोत्तम अभ्यासहरूको प्रचारप्रसार गर्ने । विद्यमान संगठन, संस्था, विषयगत कार्यालय, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय र सम्बन्ध स्थापना गर्ने, गाउँ, कृषि वन तथा वातावरण समिति सञ्जाल निर्माण गर्ने,
१३. जिल्लास्थित प्राकृतिक स्रोत, कृषि, पशु, स्वास्थ्य, खानेपानी, सिंचाई, विद्युत, शिक्षा र अन्य विविध गतिविधिहरूमा संलग्न सरकारी, गैरसरकारी निकायहरू तथा दात्री संस्थाहरूसँग जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गर्न समन्वय र सहकार्यको वातावरण स्थापित गर्ने,
१४. नागरिक सचेतना केन्द्रहरूको बैंक खाता सञ्चालन गर्न र नागरिक सचेतना केन्द्रहरूका लागि प्राप्त हुने अनुदान तथा कार्यक्रम बजेट बैंक तथा वित्तीय संस्थाहरूमार्फत कारोवार गर्न सहयोग गर्ने,
१५. जीविकोपार्जन कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न नागरिक सचेतना केन्द्रलाई निरन्तर रूपमा सहयोग गर्ने,
१६. कार्यक्रमसँग सम्वन्धित विषयमा स्थानीय निकाय, सामाजिक परिचालन समन्वय समिति, मन्त्रालय र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा राष्ट्रिय सेवाप्रदायकबाट प्राप्त सुझाव, निर्देशन र पृष्ठपोषणहरूको पालना गर्ने गराउने ।

## १.९. सामाजिक परिचालकका मुख्य काम, कर्तव्य र जिम्मेवारीहरू

सामाजिक परिचालकहरू आफूले जिम्मेवारी पाएको गाविस तथा नगरपालिकाको वडाहरूमा रहेर नियमित रूपमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, समुदायमा आधारित संस्थाहरू, आफ्नो कार्यक्षेत्रभित्र रहेका सरकारी तथा गैरसरकारी संस्थाहरूसँग निकटतम कार्य सम्बन्ध राखेर निम्न कार्यहरू गर्नुपर्नेछ :

१. गाविस, न.पा तथा सम्बन्धित वडा नागरिक मञ्चलाई सहयोग र सहजीकरण । नागरिक सचेतना केन्द्रको गठन, सञ्चालन र सहजीकरण गर्ने,
२. बालक्लव गठन, परिचालन र तिनीहरूको क्षमता विकासका कामहरू गर्ने,
३. नागरिक अनुगमन र सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यहरूमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सहयोग गर्ने,
४. अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने,
५. सामाजिक विकाससँग सम्बन्धित क्षेत्रमा गाउँ विकास समिति तथा वडा कार्यालयको काममा सहयोग गर्ने,
६. गाउँ विकास समिति तथा नगरपालिका वडाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने,
७. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान र योजना तर्जुमाका लागि सरोकारवालाहरूलाई आवश्यक सूचना तथा विवरणहरू उपलब्ध गराउने,
८. स्थानीयस्तरमा योजना तर्जुमा गर्न, बालबालिकाको आवाज सुनिश्चित गर्न बालभेला सञ्चालन गर्ने र बालबालिकाको आवश्यकताहरूलाई वडा नागरिक मञ्चमा छलफल गराई एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने,
९. लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने,
१०.विपन्न समूहका घरधुरी नक्साङ्कन तथा अद्यावधिक गर्ने,
११. नागरिक अनुगमनका लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको क्षमता अभिबृद्धि गर्ने,
१३. स्थानीय सेवाप्रदायकलाई तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने,
१४.वातावरणमैत्री स्थानीय शासनका सूचकहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

१५.करार सम्झौतामा उल्लेख भई तोकिएबमोजिमका अन्य कामहरू गर्ने,
१६.नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको प्रमुखले तोकेका सामाजिक परिचालन सम्बन्धी अन्य कार्यहरू गर्ने ।

## १.१०. सामाजिक परिचालकका गुणहरू र आचारसंहिता

सामाजिक परिचालनको सफलता र प्रभावकारिता धेरै भन्दा धेरै हदसम्म सामाजिक परिचालकको लगनशीलता, इमान्दारिता, समुदाय र आफ्नो कामप्रतिको प्रतिवद्धता र केही आधारभूत सीपमा निर्भर रहन्छ । सामाजिक परिचालकहरूमा आफ्नो काम र जिम्मेवारीप्रतिको गहिरो बोध, समुदायसँग सम्बन्ध विकास गर्ने र परिचालन गर्नसक्ने सीप, असल र स्वच्छ चरित्र, निष्पक्ष र तटस्थ व्यवहार, सबैलाई आदर सम्मान गर्नसक्ने प्रवृत्ति, अभिव्यक्तिगत तथा तार्किक शैली र सबैसँग मिलेर काम गर्ने क्षमतालाई सामाजिक परिचालकमा हुनुपर्ने आधारभूत गुणका रूपमा स्वीकार गरिएको छ । कुनैपनि मानिस आफैमा सर्वगुणसम्पन्न हुने काम निकै गाह्रो छ तर समाजको दृष्टिमा असल मानिसको रूपमा चिनिन असम्भव छैन । सकारात्मक चिन्तन र इमान्दार प्रयास भयो भने धेरै गुण र सीप विकास गर्न सकिन्छ । समाज रूपान्तरण गर्ने महत्वपूर्ण कामको गहन जिम्मेवारी प्राप्त सामाजिक परिचालकहरूले आचार संहितालाई मूल मन्त्रका रूपमा ग्रहण र व्यवहारमा प्रतिविम्वित गर्नुपर्नेछ ।

### सामाजिक परिचालकहरूका लागि आचार संहिता

*१. हामी हाम्रो काम र तोकिएको जिम्मेवारीप्रति पूर्ण सचेत, निष्पक्ष र तटस्थ छौं ।*
*२. हामी कुनै राजनीतिक दलसँग सम्बद्ध छैनौं ।*
*३. हामी बालबालिका, बृद्धबृद्धा, अशक्त, अपाङ्गता भएका, जेष्ठ नागरिक, पिछडिएका विपन्न नागरिक र वातावरणमैत्री विकास प्रति संम्वेदनशील र प्रतिवद्ध छौं ।*
*४. हामी लैङ्गिक रूपमा र बालबालिकाप्रति संवेदनशील छौं ।*
*५. हामी गरिव, विपन्न लक्षित समूहहरूको आवश्यकता हित र चाहनाप्रति समानुभूति विकास गर्न प्रतिवद्ध छौं ।*
*६. देश र नागरिकहरूको हितमा हाम्रो ज्ञान सीप र व्यवहार प्रदर्शन गरी कर्तव्यनिष्ठ, बफादार र उत्तरदायी भई कार्य गर्नेछौं ।*
*७. सामाजिक परिचालकमा हुनुपर्ने गुणहरू आत्मसात् गर्न र सामाजिक मर्यादा राखी कार्य गर्न दत्तचित्त हुनेछौं ।*
*८. हामी शान्तिपूर्ण रूपमा सकारात्मक सामाजिक रूपान्तरणको लागि प्रतिवद्ध छौं ।*
*९. हामीले कुनैपनि जातजति र धर्मालम्वीहरूलाई भेदभाव गर्ने छैनौं ।*

समाज बदल्ने चाहना राख्नु अगाडि आफू बदलिने चाहना राख्नु पर्दछ । ममा आएको परिवर्तनले मेरो परिवार, परिवारमा आएको परिवर्तनले, टोल छिमेक, टोल छिमेकमा आएको परिवर्तनले गाँउ शहर र गाँउ शहरमा आएको परिवर्तनले देश बदल्ने प्रेरणा मिल्छ । आफू रत्तिभर नबदलिने तर अरूलाई बदल्ने चाहनाले निराशा मात्र निम्त्याँउछ ।

## १.११. जीविकोपार्जन सुधार योजना के हो ?

स्वःरोजगार वा ज्यालामा आधारित रोजगारीको माध्यमबाट व्यक्ति, घरपरिवार तथा समुदायका सदस्यहरूको जीवनस्तर सुधारका लागि सञ्चालन गरिने आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरूको योजना नै जीविकोपार्जन सुधार योजना हो । जीविकोपार्जन सुधार योजना नागरिक सचेतना केन्द्रका विपन्न सदस्यहरूलाई आय आर्जनका कामहरू सञ्चालन गर्न सहयोग पुऱ्याई आर्थिक सशक्तिकरण र गरिबी न्यूनीकरणसँग सम्बन्धित छ ।

### जीविकोपार्जन सुधार कार्यक्रम किन ?

१. नागरिक सचेतना केन्द्रका सदस्यहरूको आर्थिक अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने,
२. नागरिक सचेतना केन्द्रका अतिविपन्न र गरीव सदस्यका मागहरू सम्बोधन गर्न सहयोग गर्ने,
३. जीविकोपार्जन सुधार योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न सहयोग गर्ने,
४. स्थानीय निकाय र समुदायबीचको अन्तर सम्बन्ध बलियो बनाउने र
५. सरकारी तथा गैरसरकारी सेवा र स्रोतमा विपन्न परिवारहरूको पहुँच स्थापित गर्दै लैजाने ।

### जीविकोपार्जन सुधारका लागि सम्भाव्य कार्यक्रमहरू के के हुन सक्दछन् ?

स्थान, परिवेश र समयअनुसार जीविकोपार्जन सुधारका लागि फरक फरक स्थानमा फरक फरक प्रकृतिका आय आर्जन तथा व्यवसाय सञ्चालनका सम्भावना तथा अवसरहरू हुन्छन् । सामान्यतया, गाँउ तथा शहर उन्मुख

क्षेत्रहरूमा जीविकोपार्जनअन्तर्गत निम्न क्रियाकलापहरू गर्न प्रोत्साहित गरिएको छ ।

- व्यवसायिक वा सामुदायिक खेती/पशुपालन,कबुलियती वन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आयआर्जन तथा लघु उद्यम विकास,
- रोजगारीमूलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका सीपमूलक तालिम,
- आय र उत्पादन बृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग,
- वैकल्पिक ऊर्जा (सोलार, बायोग्यास, ब्रिकेट, सुधारिएको घट्ट, उन्नत चुल्हो आदि) निर्माण,
- आयमूलक कार्यक्रम वा लघु उद्यम विकास, तरकारी खेती, नगदेबाली, पशुपालन,
- पानीघट्ट, साना सिंचाई, मिल, आरन, घरेलु शिल्पकला, लुगा कटाई सिलाई, बुनाई आदि,
- सहकारी पसल, खुद्रा पसल, साना व्यवसाय तथा व्यापार,

आयमूलक कार्यक्रम/लघु उद्यम विकाससम्बन्धी आयोजना छनौट गर्दा बजारको उपलब्धता तथा व्यवस्था, मर्मत सम्भार सीपको उपलब्धता, सामानको बजार मूल्य बारे सामान्य विश्लेषण गर्नु पर्दछ ।

## जीविकोपार्जन कार्यक्रम सञ्चालनका लागि नागरिक सचेतना केन्द्र छनौटका आधारहरू

१. नागरिक सचेतना केन्द्रमा नियमित रूपमा रिफ्लेक्ट सेसन सञ्चालन भएको ।
२. नागरिक सचेतना केन्द्रमा विभिन्न सहभागिमूलक विधिहरूको अभ्यास भई सहभागिहरूको अवस्था विश्लेषण भएको ।
३. नागरिक सचेतना केन्द्रले समुदायस्तरबाट गर्नसक्ने कार्यहरू नियमित रूपमा गरिरहेको ।
४. नागरिक सचेतना केन्द्रका सहभागिहरूले जीविकोपार्जन कार्यक्रम सञ्चालनका लागि सम्भाव्य काम तथा व्यवसायको छनौट गरेको ।
५. आयआर्जन व्यवसाय सञ्चालनका लागि केन्द्रका अतिविपन्न सदस्यलाई प्राथमिकता दिने निर्णय भएको ।
६. नागरिक सचेतना केन्द्रका परिपक्वताका सूचकहरू पूरा गरेको ।

## कार्यान्वयन प्रक्रिया

जीविकोपार्जन सुधार कार्यक्रम प्रारम्भ गर्नुपूर्व सम्बन्धित स्थानीय सेवाप्रदायक र गाविस तथा नगरपालिकाका सामाजिक परिचालकहरूलाई जीविकोपार्जन सुधार कार्यक्रमको अवधारणा, कार्यक्रम सञ्चालन प्रक्रिया, व्यवसायिक योजना निर्माणलगायत विभिन्न पक्षहरूको जिम्मेवारी बारे प्रष्टता ल्याउन जीविकोपार्जन सुधार अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिन्छ ।

अभिमुखीकरणपश्चात् सामाजिक परिचालकले नागरिक सचेतना केन्द्रका सदस्यहरूलाई जीविकोपार्जन सुधार योजना तयारी र सञ्चालन गर्न सहजीकरण गर्ने । योजना तयार गर्दा निम्न कुराहरूलाई प्राथमिकता दिनुपर्छ :

(क) नागरिक सचेतना केन्द्रका बहुसंख्यक सदस्यहरूको रोजगारी र आम्दानी बृद्धि गर्ने,
(ख) स्थानीयस्तरमा उपलब्ध श्रोत, सीप र प्राविधिको प्रयोग हुने,
(ग) थोरै लगानीबाट धेरै मानिस लाभान्वित हुने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा युवावर्गलाई प्रत्यक्ष लाभ पुग्ने,
(घ) वातावरणीय अनुकूलन हुने, कृषि, गैरकृषि, वन तथा अन्य सेवामा उत्पादकत्व बढ्ने ।

## जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन र बजेट निकासा प्रक्रिया

(१) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यक्रमका लागि स्वीकृत बजेट सम्बन्धित जिल्ला विकास समिति तथा नगरपालिकालाई उपलब्ध गराउनेछ ।

(२) जीविकोपार्जन सुधार अभिमुखीकरणपश्चात् सामाजिक परिचालक तथा स्थानीय सेवाप्रदायक संस्थाहरूले नागरिक सचेतना केन्द्रलाई योजनाहरूको प्राथमिकताक्रम निर्धारण गर्न तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्न थप सहयोग र सहजीकरण गर्नेछ ।

(३) नागरिक सचेतना केन्द्रका लागि जीविकोपार्जनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा गाउँ विकास समिति तथा नगरपालिकाको वडास्थित अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरेर कार्यान्वयन गराउनका लागि प्राथमिकता दिइने । यसरी नागरिक सचेतना केन्द्रको पूर्ण बैठकबाट प्राथमिकतामा परेका व्यवसायिक योजना तथा कार्यक्रमहरूलाई नागरिक सचेतना केन्द्रले वडा नागरिक मञ्चमार्फत गाविस/नगरपालिकामा पठाउने छ ।

(४) यसरी प्राप्त हुन आएका कार्यक्रमहरू गाविस तथा नगरपालिकाका वडाले स्वीकृत गरी पेश भएको मितिले ७ दिनभित्र सिफारिशसहित सम्बन्धित जिविस तथा नगरपालिका कार्यालयमा पेश गर्नेछन् ।

(५) गाविस तथा नगरपालिका वडावाट सिफारिश भई आएका कार्यक्रमहरूउपर आवश्यक छलफल गरी गाविसको हकमा जिल्ला विकास समितिले र नगरपालिका वडाको हकमा नगरपालिकाले उक्त कार्यक्रमहरू स्वीकृत गरी सोअनुसारको बजेट गाविस तथा नगरपालिकाको वडालाई निकासा गर्नेछन् ।

(६) गाविस तथा नगरपालिकाले नागरिक सचेतना केन्द्रको अनुदान रकम नागरिक सचेतना केन्द्रको बैंक खातामार्फत निकासा दिनेछ ।

(७) नागरिक सचेतना केन्द्रका नाममा खाता नभए गाउँ विकास समिति, जिल्ला विकास समिति तथा नगरपालिकाले बैंक खाता खोल्न नागरिक सचेतना केन्द्रलाई सहयोग गर्नेछ ।

(८) वडा कार्यालय नभएको नगरपालिकाका हकमा नगरपालिकाको कार्यालयले स्वीकृत रकम सिधै नागरिक सचेतना केन्द्रलाई बैंकमार्फत निकासा दिनेछ ।

## जीविकोपार्जन सुधार कार्यक्रमको बजेट बाँडफाँडका आधारहरू

जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिने गाविस तथा नगरपालिकाको नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिले प्राप्त अनुदान निम्नबमोजिमको दुई किसिमका कामका लागि बाँडफाँड गर्नेछन् :

**क) नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई उत्पादन तथा आयमूलक काम सञ्चालन गर्न कम्तीमा ८०%**

**ख) नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई आयमूलक तालिम प्रदान गर्नका लागि बढीमा २०%**

यस परिधिमा रहेर कुन प्रयोजनका लागि कति रकम विनियोजन गर्ने भन्ने निर्णय नासकेको पूर्ण बैठकले गर्नुपर्छ ।

## जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि विभिन्न निकायको भूमिका

### क. स्थानीय निकाय (जिविस, गाँउ विकास समिति, नगरपालिका)

सहभागितामूलक विधिहरूको प्रयोग गरी गरिएको विपन्नता स्तरीकरणअनुसार नागरिक सचेतना केन्द्रका सहभागि भनेका गाविस तथा नगरपालिकाका पछाडि परेको वस्तीका अतिविपन्न नागरिक हुन् । यसको अर्थ यी परिवारहरू भनेका राज्यका लक्षित वर्ग पनि हुन् । राज्यले लक्षित वर्ग भनेर पहिचान गरेका विपन्न नागकिहरूको जीवनस्तर उठाउन सहयोग गर्ने दायित्व मूलत स्थानीय निकायको हो । नागरिक सचेतना केन्द्रका सदस्यहरूलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट उपलब्ध गराउन सकिने रकम न्यून छ । यसर्थ, जिविस, नगरपालिका तथा गाविसले पनि उक्त अनुदानमा सम्भव भएको अनुदान थप गरी बढी भन्दा बढी सदस्यहरूलाई लाभ पुग्ने गरी विपन्न नागरिकहरूको जीवनस्तर सुधार गर्ने दायित्व निर्वाह गर्नु पर्दछ । साथै समयमै तोकिएको बजेट निकासा गरी कार्यक्रम कार्यान्वयनलाई सुनिश्चितता दिनुपर्दछ ।

### ख. स्थानीय सेवाप्रदायक संस्था

स्थानीय सेवाप्रदायक संस्थाले उक्त क्षेत्रमा काम गर्ने अन्य सरकारी तथा गैरसरकारी क्षेत्र, निजी क्षेत्रहरूसँग सम्पर्क गर्ने, नागरिक सचेतना केन्द्रसँग यी निकायहरूको कार्यगत साझेदारीता सम्भावनाहरूको खोजी गर्ने, सम्भाव्य व्यवसाय छनौटका लागि नासकेलाई सहयोग र सहजीकरण गर्ने, विपन्नताकोस्तर अनुसार व्यवसायी सदस्य छनौटमा सहजीकरण गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापनमा सहयोग गर्ने, आय आर्जन कार्यक्रमको नियमित फलोअप गरी आवश्यक सरसल्लाह सुझावहरू प्रदान गर्ने दायित्व मूलत स्थानीय सेवाप्रदायक संस्था,

तथा सामाजिक परिचालकको हो । यसका साथै सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकले तोकिएको ढाँचामा जीविकोपार्जन सुधार कार्यक्रमको प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

### ग. स्थानीय सरकारी तथा गैरसरकारी संघसंस्था

विपन्न नागरिक सबै सरकारी गैरसरकारी संघसंस्थाका लक्षित वर्ग हुन् । त्यसैले स्वभाविक रूपमा यिनीहरूप्रति सबैको उत्तिकै दायित्व छ । नागरिक सचेतना केन्द्रका विपन्न सदस्यहरूलाई उपयुक्त व्यवसाय तथा आयआर्जन कार्यक्रम पहिचान गर्न सहयोग गर्ने, आ-आफनो कार्यक्रमबाट उनीहरूलाई जे जति सकिन्छ प्राविधिक सल्लाह, सहजीकरण, स्रोतको व्यवस्था, बजार प्रवर्द्धनजस्ता काममा सबै मिलेर सहयोग पुऱ्याएर साझा प्रयासबाट अपेक्षित नतिजा निकाल्ने अपेक्षा गरिएको छ ।

### घ. राष्ट्रिय सेवाप्रदायक संस्था

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सामाजिक परिचालनका क्षेत्रमा आवश्यक सल्लाह, सुझाव र नीतिगत निर्णयहरूमा सहयोग पुऱ्याउने, गाविस, नगरपालिका र जिविस तथा स्थानीय सेवाप्रदायकहरूको क्षमता अभिबृद्धि गर्ने, सामाजिक परिचालनसम्बन्धी तालिम दिग्दर्शन, हातेपुस्तिकालगायतका सामाग्रीहरू तयार गरी सामाजिक परिचालक, स्थानीय सेवाप्रदायक र सरोकारवालाहरूलाई क्षमता अभिबृद्धिसम्बन्धी तालिम सञ्चालन गर्ने तथा सामाजिक परिचालन कार्यक्रमको समग्र व्यवस्थापनमा सहयोग गर्न राष्ट्रिय सेवाप्रदायकको रूपमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान क्रियाशील रहेको छ ।

# भाग-२

# गाविसका कार्यहरू

## २.१ पञ्जीकरण

### व्यक्तिगत घटना दर्ता

व्यक्ति, परिवार, समाज, राष्ट्रलाई असर र प्रभाव पार्ने व्यक्तिका जनसाङ्ख्यि प्रकृतिका जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेदजस्ता घटनाहरूलाई व्यक्तिगत घटना (Vital Events) को रूपमा परिभाषित गरिएको छ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र नियमावली, २०३४ ले जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेदजस्ता घटना दर्ता गर्ने र प्रमाण-पत्र दिने कार्य सरल, सहज र व्यवस्थित ढङ्गले कार्यान्वयन गर्ने कानूनी व्यवस्था गरेको छ। जसअनुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको जनसङ्ख्या तथा पञ्जीकरण व्यवस्थापन शाखा प्रमुखले पञ्जीकाधिकारी (रजिष्टार) को रूपमा कार्य गर्ने र गाउँ विकास समितिको सचिव र नगरपालिकाको वडा-सचिव स्थानीय पञ्जीकाधिकारी (लोकल रजिष्टार) हुने व्यवस्था गरिएको छ ।

नेपालमा बसोबास गर्ने व्यक्तिहरूको जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेदजस्ता घटना दर्ता गर्ने नेपालका सबै गाउँ विकास समितिमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा पञ्जीकृत गर्ने र नगरपालिका क्षेत्रका वडा कार्यालयमा पञ्जीकृत गर्ने कानूनी व्यवस्था गरिएको छ ।

### व्यक्तिगत घटना दर्ताको महत्व के छ ?

व्यक्तिगत घटना दर्ता प्रणालीलाई राज्यको प्रशासनिक अभिलेख र जनसांख्यिक तथ्याङ्कको आधारस्तम्भको रूपमा लिइन्छ। विभिन्न किसिमका योजना तर्जुमा तथा जनसांख्यिक नीति नियमहरूको विकास तथा कार्यान्वयनमा सघाउ पुऱ्याउनको लागि यसको विशेष महत्व छ। यसको महत्वलाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ ।

### (क) व्यक्तिगत महत्व

(१) दर्ता भएको घटनाको अभिलेखको आधारमा अदालत वा अन्य व्यक्तिगत कार्यमा प्रयोग गर्न सकिने,

(२) व्यक्तिको नाम, उमेर, नागरिकता र जन्मेको मुलुक स्पष्ट हुने,

(३) विद्यालय भर्ना, नागरिकता र राहदानी प्राप्ती लगायतमा सहयोग पुग्ने,

(४) नाता कायम, चल अचल सम्पत्तिको बेचबिखन तथा हस्तान्तरणमा सहज हुने,
(५) पति पत्नीबीचको नाता सम्बन्ध प्रमाणित हुने,
(६) सम्बन्ध- विच्छेद प्रमाणित गर्न,
(७) विभिन्न किसिमका सामाजिक सुरक्षाका सुविधाहरू प्राप्त गर्न,
(८) बसाइँसराइलाई प्रमाणित गर्न आदि ।

## (ख) राज्यको लागि महत्व

(१) नागरिकता वितरण तथा नागरिकतासम्बन्धी समस्या समाधान गर्न,
(२) नीति नियम तथा विकास योजनाहरू तर्जुमा गर्दा जनसांख्यिक तथ्याङ्कलाई उपयोग गर्न,
(३) आवधिक रूपमा गरिने जनगणनाबाट खर्च हुने ठूलो धनराशीलाई जोगउन तथा नियमित रूपमा सही तथ्याङ्क प्राप्त गर्न,
(४) लक्षित समूहका तथ्याङ्क नियमित रूपमा प्राप्त गर्न,
(५) स्वदेश तथा विदेशमा भईरहेको बसाइँसराइ सम्बन्धी नियमित तथ्याङ्क प्राप्त गर्न,
(६) जन्मदर, मृत्युदर, शिशु मृत्युदर, मातृ मृत्युदर आदि अनुपातिक सूचकाङ्कलाई हेरी आवश्यक नयाँ योजना लागु गर्न सहयोग पुग्ने आदि ।

**"व्यक्तिगत घटना दर्ता समयमै गरौं,**
**राज्यप्रति जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौं"।**

## व्यक्तिगत घटना दर्तासम्बन्धी बारम्बार सोधिने प्रश्नहरू

१. व्यक्तिगत घटना दर्ताअन्तर्गत कुन कुन घटना दर्ता गरिन्छन् ?
नेपाल सरकारले व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइँसराइ गरी ५ वटा घटनालाई व्यक्तिगत घटनाको रूपमा दर्ता गर्ने व्यवस्था गरेको छ ।

२. व्यक्तिगत घटना दर्ता कहाँ गरिन्छ ?
सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको गाउँ विकास समिति वा नगरपालिकामा ।

३. व्यक्तिगत घटना कसले दर्ता गर्दछ ?
स्थानीय पञ्जीकाधिकारीले ।

४. स्थानीय पञ्जीकाधिकारी भनेका छुट्टै कर्मचारी हुन् ?
होइनन् । नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कर्मचारीले स्थानीय पञ्जीकाधिकारीको रूपमा काम गर्दछन् । हाल गाउँ विकास समितिको हकमा गाविस सचिव र नगरपालिकाको हकमा सम्बन्धित वडा सचिव वा अन्य तोकिएको व्यक्तिले पञ्जीकाधिकारीको काम गर्दछन् ।

५. व्यक्तिगत घटना दर्ताको लागि सूचक को को हुनसक्दछन् ?
व्यक्तिगत घटना दर्ताको लागि देहायबमोजिमका व्यक्तिहरू सूचक हुन सक्दछन् ।

| व्यक्तिगत घटना | सूचक बन्न सक्ने व्यक्ति |
|---|---|
| जन्म | बुवा वा आमा |
| मृत्यु | परिवारको जेष्ठ व्यक्ति |
| विवाह | पति/पत्नी दुबै |
| सम्बन्ध बिच्छेद | पति वा पत्नीमध्ये कुनै एक |
| बसाइँसराइ | परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराइ गर्ने व्यक्ति स्वयंमले |

६. बाबुको ठेगान नभएका बच्चाको आमाको नामबाट जन्म दर्ता गर्न मिल्छ की मिल्दैन् ?
मिल्दछ । बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता आमा सूचक बनेमा गर्न सकिन्छ ।

७. आमा र बाबु दुवै नभएका बच्चाको जन्म दर्ता गर्न मिल्दछ ?
आमा र बाबु दुवैको मृत्यु भएका बच्चाको हकमा स्थानीय पञ्जीकाधिकारी सूचक भई जन्म दर्ता गरिदिन सकिने व्यवस्था ऐनमा छ । त्यसको लागि सर्जमीन गर्नुपर्दछ ।

८. के हजुरबुबा वा हजुरआमा पनि सूचक बन्न सक्छन् ?
बच्चाको आमा र बुबा दुवै नभएको अवस्थामा हजुरबुबा वा हजुरआमा पनि सूचक बन्न सक्छन् ।

९. मावली हजुरबुबा वा हजुरआमा पनि सूचक हुन सक्दछन् ?
सक्दैनन् ।

१०. के धर्मपुत्र वा धर्मपुत्रीको जन्म दर्ता गर्न सकिन्छ ?
धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले सूचक बनी त्यस्ता बच्चाको जन्म दर्ता गराउन सक्छन् ।

११. विदेशी नागरिकबाट जन्मिएका बच्चाको जन्म दर्ता गर्न मिल्दछ ?
मिल्दछ ।

१२. विदेशमा जन्मी बाबुको पत्ता नलागेको नेपाली आमाबाट जन्मेको बच्चाको जन्म दर्ता गर्न मिल्दछ ?
विदेशमा जन्मी बाबुको पत्ता नलागेको नेपाली आमाबाट जन्मेको बच्चाको जन्म दर्ता गर्न मिल्दछ ।

१३. के कारागारमा जन्मिएका बच्चाको पनि जन्म दर्ता गर्न मिल्दछ ?
कारागारमा रहेका बालबालिकाको कारागारबाट प्रमाणित भई आएबमोजिम जन्म दर्ता गर्न मिल्दछ ।

१४. के शैक्षिक प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिन्छ ?
शैक्षिक प्रमाणपत्रको आधारमा नभई एस.एल.सी.उत्तीर्ण भएको मितिले ६ महिनाभित्र शैक्षिक प्रमाणपत्रमा जन्म दर्ता प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिने व्यवस्था रहेको छ ।

१५. बाबुआमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक बनी जन्म दर्ता गर्न मिल्दछ ?
मिल्दैन । बाबु-आमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक बन्न नपाउने तर त्यस्ता व्यक्तिको हकमा गाविस अध्यक्ष, उपाध्यक्ष वा मेयर वा उपमेयर सूचक बन्न सक्ने ब्यवस्था रहेको छ ।

१६. विदेशी नागरिकको मृत्यु दर्ता गर्न मिल्दछ ?
विदेशी नागरिकको मृत्यु दर्ता गर्न मिल्दछ ।

१७. विदेशी नागरिक र नेपाली नागरिकबीच भएको विवाह दर्ता गर्न मिल्दछ ?
मिल्दछ । विदेशी नागरिक र नेपाली नागरिकबीच भएको विवाह प्रमुख जिल्ला अधिकारी वा कानूनले तोकेको अधिकारीद्वारा प्रदत्त प्रमाण-पत्रको आधारमा मात्र दर्ता गर्न सकिन्छ ।

१८. के बहुविवाह, अनमेल तथा बालविवाह पनि दर्ता गर्न मिल्दछ ?
मिल्दछ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता ऐन) ऐन, २०३३ को मुख्य उद्देश्य नै जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइजस्ता विभिन्न घटनाहरू दर्तासम्म गरी तत्सम्बन्धी प्रमाण-पत्र वितरण गर्ने रहेकोले प्रक्रिया पुगेको छ भने दण्डनीय हो, होइन र दण्डनीय नै भएको अवस्थामा पनि दर्तासम्म गरी प्रमाण-पत्र दिन सकिन्छ ।

१९. वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न के गर्नुपर्दछ ?
वेपत्ता भएको आधिकारिक प्रमाण तथा विवाहित महिलाको सासू वा ससुरा वा देवर वा जेठाजु समेतले साक्षी बसी गरेको सर्जमीनको आधारमा वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न सकिने ब्यवस्था रहेको छ ।

२०. पतिले विवाह दर्ता गर्न इन्कार गरेको खण्डमा के गर्नुपर्दछ ?
पतिले विवाह दर्ता गर्न इन्कार गरेमा अदालतको फैसलाको आधारमा विवाह दर्ता गर्नु पर्दछ ।

२१. के विदेशमा सम्बन्ध बिच्छेद भएकाको दर्ता नेपालमा गर्न मिल्दछ ?
विदेशी अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाणका आधारमा नेपालमा सम्बन्ध विच्छेदको दर्ता गर्न मिल्दछ ।

२२. सम्बन्ध बिच्छेदको घटना कहाँ दर्ता गरिन्छ ?
सम्बन्ध बिच्छेदको घटना दर्ता पतिको स्थायी ठेगाना भएको स्थानमा मात्र गर्न सकिन्छ ।

## २.२ सिफारिस

### सिफारिस के हो ?

सिफारिसको माध्यमबाट गाविस र नगरपालिकाले स्थानीय नागरिकहरूको अधिकारको रक्षा गरी लोकतान्त्रिक प्रक्रियाको प्रत्याभूति दिई रहेको हुन्छ । नेपाल सरकारले सर्वसाधारण नागरिकहरूलाई सेवा प्रवाह गर्ने क्रममा सेवा लिने पक्षको आधिकारिकताको मूल्याङ्कन गर्ने सिलसिलामा स्थानीय निकायलाई अधिकार तोकेको छ । स्थानीय निकायले आवश्यक जाँचबुझ गरी सोही व्यहोरा खुलाई सम्बन्धित निकायमा जानकारी दिने कार्यलाई सिफारिस भनिन्छ ।

सिफारिसको आधारमा विभिन्न सेवाप्रदायक निकायहरूले सेवा दिने गर्दछन् । स्थानीय निकाय शब्दबाट नै स्थानीय तहमा रहेर कार्यसम्पादन गर्ने भएकोले उक्त निकायको सिफारिसलाई आधिकारिकताको रूपमा लिइने हुँदा स्थानीय निकायले उचित जाँचबुझ गरी आफू स्पष्ट भै सिफारिस गर्नुपर्ने हुन्छ । कानूनी रूपमा व्यक्तिको हक स्थापित गर्न गाविस र नगरपालिकाले स्थानीय नागरिकहरूको हितका लागि विभिन्न प्रकारका सिफारिसहरू गर्दछन् । स्थानीय नागरिकहरूलाई उपलब्ध गराउने सेवा र सुविधाहरूदेखि व्यक्तिगत नागरिकता र नामसारीजस्ता सिफारिस दिने कार्यहरू गाविस र नगरपालिकाको कार्यक्षेत्रभित्र पर्दछन् । गाविस र नगरपालिकाले स्थानीय नागरिकहरूलाई सिफारिस प्रदान गर्नु प्रारम्भिक कार्य हो । सिफारिस गर्दा किटानी साथ गर्नु पर्दछ जसले गर्दा कार्यान्वयन गर्नुपर्ने सम्बन्धित कार्यालय वा संस्थालाई कार्यान्वयन गर्न सजिलो हुन्छ । कतिपय अवस्थामा निवेदकले वास्तविकतालाई लुकाएर पनि सिफारिस माग गर्न सक्छन् त्यस्तो अवस्थामा वास्तविकता पहिचान गरेर मात्र सिफारिस दिनुपर्छ ।

### स्थानीय निकायले सिफारिस किन गर्नु पर्दछ ?

१. स्थानीय जनताहरूलाई गाविस/नपा क्षेत्रभित्र कानूनी रूपमा आफ्नो अस्तित्व स्थापित गर्न वा कायम राख्न,
२. आफ्नो क्षेत्रभित्र बसोवास व्यवस्थित गर्न,
३. आधारभूत सेवा र सुविधाहरूको व्यवस्था गर्न,
४. साधन र श्रोतहरू (आर्थिक, भौतिक, जनशक्ति) परिचालन गर्न ।
५. राजनैतिक हक स्थापित गर्न आदि ।

**सिफारिस गर्दा बिचार पुर्‍याउनु पर्ने कुराहरू :** सिफारिसको प्रकार, सिफारिसको लागि आवश्यक पर्ने प्रमाण तथा आधारहरू, सिफारिसको कारवाही र निर्णय प्रक्रिया ।

**सिफारिसको प्रकार :** गाविस र नगरपालिकाले मुख्य रूपमा निम्न सिफारिसका कार्यहरू गर्दछन् :

नागरिकताको सिफारिस, जग्गा नामसारी, नाता प्रमाणित, नाम थर संशोधन, घर जग्गा मूल्याङ्कन, घर बाटो प्रमाणित, चार किल्ला प्रमाणित, उद्योग दर्ता, छुट तथा सुकुम्वासी जग्गा दर्ता, राहदानीका लागि सिफारिस, धारापानी तथा बिजुली जडानसम्बन्धी सिफारिस आदि । यी सिफारिसहरूको अतिरिक्त गाविस र नगरपालिकहरूले अन्य सिफारिस पनि गर्दछन् । जस्तै : छात्रावृत्ति, पेन्सन, चन्दा, आर्थिक सहयोग आदिका लागि पनि सिफारिस गरेको पाइन्छ ।

**सिफारिसको लागि आवश्यक पर्ने प्रमाण तथा आधारहरू :** आवश्यक प्रमाण र आधारबिना कुनै पनि सिफारिस गरिएमा ती गरिएका सिफारिसहरू औचित्यहीन हुन जान्छ र त्यस उपर कुनै कारवाही हुन सक्दैन । सिफारिस गर्दा मुख्य गरी कुन उद्देश्य र कामको लागि सिफारिस गरिएको हो, सोको लागि आवश्यक पर्ने प्रमाण तथा आधारहरू महत्वपूर्ण हुन्छन् ।

**नागरिकता प्रमाण-पत्र :** सिफारिसको लागि निम्न कागजपत्रहरू प्रमाणको लागि निवेदनसाथ पेश गर्नुपर्छ । हुलाक टिकट टाँस गरेर निवेदन दिने, अस्थायी नागरिकताको प्रमाणित प्रतिलिपि टोली दर्ता नं....., नभए बुबा वा आमाको नागरिकताको प्रमाणित प्रतिलिपि वा घरपरिवार सनाखत गर्ने व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, विवाहित भए पतिको नागरिकताको प्रमाणित प्रतिलिपि, अध्ययनरत अथवा अध्ययन समाप्त गरेको व्यक्तिको हकमा जन्म मिति खुलेको विद्यालयको प्रमाणपत्रको प्रतिलिपि, अन्य व्यक्तिको हकमा जन्म मिति उल्लेख

भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, बसाइँसराइ गरी आएको भए बसाइँसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, वैवाहिक सम्बन्धको अंगीकृतको लागि विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि र माग भए अन्य प्रमाण एवम् कागजातहरू ।

सिफारिसको प्रकार र प्रकृतिअनुसार आवश्यक पर्ने प्रमाण कागजपत्रहरू फरक फरक हुने भएपनि नागरिकता प्रमाणपत्र प्राय जसो सबै सिफारिसको लागि आवश्यक पर्दछ ।

**जग्गाको नामसारीका लागि आवश्यक पर्ने कागजातहरू :** हुलाक टिकटसहित फोटो टाँस गरको निवेदन, नगारिकताको प्रमाणित प्रतिलिपि, जग्गा धनी प्रमाण पत्र, हकदारहरूको नाम, सर्जमीन मुचुल्का, चालू आर्थिक वर्षको मालपोत तिरेको रसिद प्रतिलिपि, मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण पत्र र समय समयमा माग गरको अन्य कागजातहरू ।

**व्यक्तिगत विवरण सच्चाउने :** हुलाक टिकटसहित फोटो टाँस गरेको निवेदन, नागरिकताको प्रतिलिपि, सच्चाउनु पर्ने कागजातको प्रतिलिपि, सर्जमीन मुचुल्का (चरित्र सम्बन्धी) र अन्य मागभएका कागजातहरू ।

**नाता प्रमाणित :** हुलाक टिकटसहित सम्बन्धित व्यक्तिको फोटो टाँस गरेको निवेदन, नागरिकताको प्रतिलिपि, सर्जमीन मुचुल्का, नाता प्रमाणित कायम गर्ने व्यक्तिको फोटो, नाता सम्बन्ध स्पष्ट खोल्ने कागजातहरू, मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण पत्र, सम्बन्धित व्यक्तिको उपस्थिति ।

**सिफारिसको कारवाही र निर्णय प्रक्रिया :** सिफारिस कसरी गरिन्छ र सिफारिस गर्दा कुन कार्यहरूको लागि कुन कुन व्यक्तिहरू संलग्न हुन्छन् भनी सिफारिस कार्यमा संलग्न कर्मचारीहरूले थाहा पाउन आवश्यक हुन्छ । यी सबै कुराहरूको विस्तृत रूपमा जानकारी हासिल गर्नको लागि सिफारिस कार्यको कार्यप्रवाह विश्लेषण गर्न आवश्यक हुन्छ । यस कार्यप्रवाह विश्लेषण प्रक्रियाबाट सर्वप्रथम नागरिकता सिफारिस कार्य सम्पन्न गराउन कति चरणहरू पूरा गर्नु पर्दो रहेछ र ती चरणहरू पूरा गर्नको लागि को को व्यक्तिहरू जिम्मेवार छन् आदि कुराहरूको पूर्णरूपमा जानकारी प्राप्त गर्न सकिन्छ ।

**प्रारम्भिक कार्य :** सिफारिस कार्यको सुरूमा निवेदन दिने र निवेदन दस्तुर लिने कार्य गरिन्छ । उक्त निवेदन भर्न र निवेदनको लागि आवश्यक पर्ने प्रारम्भिक आवश्यक प्रमाण, कागजपत्र र कार्यको जाँच पनि गर्नु पर्दछ ।

**सर्जमीन कार्य :** स्थानीय वडावासीहरूसमेतको उपस्थिति र सिफारिसमा सर्जमीन, साक्षी र मुचुल्का तयार र सम्पन्न गर्ने कार्य गरिन्छ ।

## सिफारिसका लागि दिने निवेदन फाराममा हुनुपर्ने मुख्य मुख्य अंङ्गहरू

सिफारिसको प्रकृतिअनुसार भिन्नभिन्न सिफारिसहरूको विषयवस्तु भिन्न भिन्न प्रकारको हुने कारणले निवेदन फारामहरूको ढाँचा पनि आवश्यकता अनुसार फरक फरक हुन सक्छ । तसर्थ, निवेदन फारामहरूलाई मुख्य गरी ६ भागमा विभाजन गर्न सकिन्छ ।

सम्बोधन गरिने गाविस वा नगरपालिकाको नाम र स्थान, निवेदन लेख्दाको मिति, निवेदन कुन सिफारिसको लागि दिइएको हो त्यसबारे छोटकरीमा विषय, निवेदनको मुख्य भाग जसमा सिफारिस लिनुपर्ने कारणसहित विस्तृत रूपमा व्यहोरा लेखिएको हुनुपर्दछ । यस व्यहोराबाट निवेदन दिनुको उद्देश्य र के कस्तो कारवाही हुने हो भन्ने कुरा स्पष्ट पार्दछ । निवेदनको अन्त्यमा निवेदकको नाम, थर, ठेगाना उल्लेख गर्नुपर्ने हुन्छ र नाम थरको माथि निवेदकले सही गर्नुपर्दछ । सिफारिसको लागि संलग्न गर्नुपर्ने आवश्यक सम्पूर्ण प्रमाण कागजपत्रहरूको प्रमाणित प्रतिलिपिहरू निवेदनको अन्त्यमा उल्लेख गर्नुपर्दछ । यसबाट निम्न प्रमाणहरू यसै निवेदनसाथ संलग्न गरिएको छ भनी जानकारी हुन जान्छ ।

## राजश्व असुली गर्ने

गाविस वा नगरपालिकाको कार्यालयबाट स्थानीय जनतालाई सिफारिस प्रदान गर्नु अगावै निवेदकसँग असुल गर्नुपर्ने कर दस्तुर शुल्क र बाँकी बक्यौता असुल गरी सिफारिस गर्ने प्रणालीको विकास गर्नुपर्दछ । नागरिकको काम तत्काल गर्नुपर्ने परिप्रेक्ष्यलाईसमेत ध्यानमा राख्नुपर्ने हुँदा गम्भीर प्रकृतिको सिफारिस गर्नुपर्ने भएमा सरोकारवाला व्यक्तिहरूलाई वडाबासीहरूको मुचुल्का एवं सर्जमीनसमेत गरी कागजी प्रमाण जुटाई सोही आधारमा आवश्यक

सिफारिस गर्नुपर्ने हुन्छ । अनुमानको भरमा, हचुवाको भरमा, करकापको भरमा, डर, धाक, धम्कीको भरमा गलत सिफारिस भएमा गरेको सिफारिसले अन्य निकाय र स्वयंम व्यक्तिलाई समेत असजिलो पार्ने भएकोले उल्लेखित कुराहरूलाई उचित ध्यान दिनुपर्ने हुन्छ । उदाहरण : घर बाटो प्रमाणित गरी पाउँ भन्ने निवेदन ।

**घर बाटो सिफारिस सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू :** निर्धारित निवेदन फाराममा जग्गाको र घर भए घरकोसमेत यथार्थ विवरण उल्लेख भएको हुनुपर्छ । जग्गाको सिफारिस सम्बन्धमा चार किल्लाको साथै, कुन दिशातिर कति चौडाईको बाटोले छोएको हो स्पष्टरूपमा विवरणमा उल्लेख हुनुपर्छ । बाटोले नछोएको जग्गाको हकमा सोही व्यहोरा उल्लेख गरेको हुनु पर्छ । घर भए घरको प्रकार (पक्की कच्ची के बाट बनेको हो) तल्ला र क्षेत्रफल स्पष्ट उल्लेख गरेको हुनु पर्छ । निवेदनमा जग्गा लिनेदिने दुवै व्यक्तिको नागरिकता प्रमाण-पत्रको छायाँकपी, जग्गाधनी प्रमाण पत्रको छायाँकपी र नक्सा समावेश भएको हुनुपर्छ । नावालक (नागरिकता नभएको) को हकमा स्पष्ट नाता खुलेको संरक्षकको नागरिकताको प्रमाणपत्रको छायाँकपी हुनुपर्छ । निवेदनमा दुवै पक्षले सहीछाप गरेको हुनु पर्छ । निवेदनको साथमा निवेदन दस्तुर र तोकिए बमोजिम जग्गा तथा घरको सिफारिस दस्तुर अनिवार्य रूपमा संलग्न हुनुपर्छ । रीतपूर्वकको निवेदन प्राप्त भएपछि नक्सा समेत अध्ययन गरी स्थलगत रूपमा जग्गाको स्थिति बुझी घर छ वा छैन, बाटो छ वा छैन आवश्यक परे सर्जमीन समेत गरी यथार्थ विवरण सिफारिस गर्नुपर्छ । नक्सामा बाटो नदेखिएको तर फिल्ड निरीक्षणमा बाटो भएको पाइएमा कैफियत खुलाई सोही व्यहोरा सिफारिस गर्नुपर्छ । सिफारिस गर्दा सम्बन्धित प्राविधिकबाट पनि विवरण प्रमाणित भएको हुनुपर्छ । सिफारिसको जानकारी सम्बन्धित व्यक्तिलाईसमेत दिई सिफारिस भएको विवरण फारामबमोजिम भरी गाविस/नगरपालिका कार्यालयमा सूचना प्रकाशित गर्न पठाउनु पर्छ । निवेदन परेको मितिले भौगोलिक अवस्थासमेतलाई मध्यनजर गरी यथाशक्य छिटो सिफारिस गरी दिनुपर्छ ।

## सर्जमीन मुचुल्का

सर्जमीन के हो ?

सम्बन्धित घटना घटेको वा समस्या परेको ठाउँ, छर-छिमेकका मानिस, साँध-संधियार, सम्बन्धित स्थान वा छर-छिमेकमा मानिस बुझ्नु पर्ने मुद्दा मामिलामा सवुत प्रमाणका निम्ति रीतपुऱ्याई बुझ्ने कारवाही ।

**सर्जमीन गरिने विषयहरू :** फौजदारी प्रकृतिका विषयहरू र देवानी प्रकृतिका विषयहरू ।

सामान्यतया गाविसले देवानी प्रकृतिका विषयमा मात्र केन्द्रित रही सर्जमीन मुचुल्का तयार गर्नुपर्छ । सर्जमीन मुचुल्का कुनै अनुसन्धानको प्रयोजनको लागि अर्थात् गाविसले सिफारिस गर्नुपर्ने विषयमा स्पष्टताको लागि गरिन्छ । सर्जमीन मुचुल्का सिफारिस गर्ने अधिकारीको सुरक्षा कवच हो । सर्जमीन मुचुल्काले तथ्यको बारेमा स्थानीय जनमत अभिव्यक्त गर्छ यसले प्रमाण सृजना गर्दैन । सर्जमीन कुनै विषयमा स्थानीय बासिन्दाको के धारणा छ र सम्बन्धित विषयमा स्थानीय सम्वेदनशीलता कत्तिको छ भन्ने बुझ्नका लागि गरिन्छ ।

## सर्जमीन कसले गर्छ ?

देवानी र फौजदारी मुद्दामा विवादित तथ्यमा सत्य कुरा बुझ्न अदालत वा न्यायिक वा अर्धन्यायिक निकाय स्वयंले डोर खटाइ गर्छ । कुनै अनुसन्धान तहकिकात गर्दा लुकेको तथ्य (Hidden Fact) पत्ता लगाउन प्रहरी कार्यालय वा अन्य अनुसन्धानकर्ताले आफै डोर खटाई गर्छ । कुनै न्यायिक वा अर्धन्यायिक निकायले कनै विषयमा विवादित तथ्यको सम्पूर्ण कुरा खुलाई स्थानीय जनताको जनमत बुझी सर्जमीन मुचुल्का बनाई पठाउन स्थानीय निकायलाई आदेश दिएमा स्थानीय निकायले पनि गर्छ । स्थानीय निकायमा कुनै विषयमा सिफारिस गरी पाउन निवेदन परेमा सो विषयमा स्पष्टताका लागि स्थानीय बासिन्दाको अभिमत बुझ्नका लागि स्थानीय निकायले गर्छ ।

## सर्जमीन गर्दा के गर्नु हुँदैन ?

विवादित तथ्य पत्ता लगाउँदा एक पक्षका मानिसहरूको मात्र बिचार लिनु हुँदैन । स्थानीय जनतालाई सर्जमीन गर्न बोलाउँदा सम्बन्धित निवेदक वा अर्को पक्षलाइ नागरिक जुटाउनु भन्नु हुँदैन । सर्जमीन मुचुल्कामा अभिमत दिने व्यक्तिको छनौट निष्पक्ष र पारदर्शी ढंगले गर्नुपर्ने हुनाले मोल मोलाहिजामा परी पक्षपात गर्नु हुँदैन । जुन विषयमा सर्जमीन गर्नुपर्ने हो सो विषय सीमाभित्र केन्द्रित रहनु पर्छ । विवादको मूल विषय भन्दा बाहिर गई सर्जमीन गर्नु

वा गराउनु हुँदैन । कतै कुनै निकायमा बिचाराधिन विषयलाई प्रभावित गर्ने गरी स्वेच्छाले सर्जमीन गर्नु हुँदैन । आफू समक्ष बिचाराधिन विषयमा वा आफूलाई आदेश दिएको विषयमा मात्र सर्जमीन गरिने भएकाले सर्जमीन सो सीमा बाहिर गर्नु हुँदैन ।

### सर्जमीन गर्दा ध्यान नपुऱ्याएमा हुने असरहरू

सर्जमीनले एक पक्षीय रूपमा फाइदा र हानी पुऱ्याउन सक्छ जसले सम्बन्धित निकायको आस्था विश्वसनीयतामा प्रतिकूल प्रभाव पर्छ । अनुसन्धानको परिणाम तथ्यभन्दा उल्टो निस्कन्छ । सर्जमीन अनुसन्धानको लागि महत्वपूर्ण खुट्किलो भएकोले असावधानीपूर्वक वा कुनियत चिताई गरेको सर्जमीनले समाजमा गलत तत्वलाई प्रोत्साहित गर्छ र पूरै समाजमा नकारात्मक प्रभाव पार्छ । सर्जमीन गराउने व्यक्तिको नैतिकता, इमान्दारिता र विश्वसनीयतामा प्रश्न चिन्ह लगाउँछ । सर्जमीनमा संलग्न कर्मचारी र सर्जमीनमा कुरा राख्ने व्यक्तिलाई नै फौजदारी मुद्दामा फसाउन सक्छ । जोखिममा पार्न सक्दछ । समाजको उक्त विषयप्रतिको स्पष्ट धारणा बाहिर आउन दिंदैन । समुदाय र स्थानीय निकायबीचको दूरी बढाउन सक्छ र द्वन्द्वलाई अझै बढी मलजल गर्न सक्छ । समुदायमा नैतिकता, सदाचारको उल्लंघन गर्न र समाजमा स्थापित सामाजिक मान्यतालाई कुरूप पार्न सक्छ ।

### सर्जमीन गर्दा के गर्ने ? के नगर्ने ?

स्वार्थ, लोभ, मोलाहिजामा नपर्ने, आफूखुसी कुनै विषयमा सर्जमीन नगर्ने । स्थानीय निकायप्रति जनविश्वास बढाउन बढी पारदर्शी र निष्पक्ष बन्ने । समुदायमा विवादको न्यूनीकरण र शान्तिपूर्ण समाधान गर्न प्रयास गर्ने । स्वेच्छाचारी भई कसैलाई प्रमाण सृजना गर्ने उद्देश्यले सर्जमीन नगराउने, तथ्यको स्पष्टता र स्थानीय जनमत अभिव्यक्त हुने गरी सर्जमीन गराउने । कानूनले तोकेका काम गर्दा जनहितलाई नै केन्द्र विन्दु मानी समाजमा शान्ति र न्याय स्थापना गर्ने उच्च लक्ष्यका साथ कर्तव्य पालन गर्ने ।

## २.३ सामाजिक सुरक्षा

### सामाजिक सुरक्षा कार्यक्रम भन्नाले के बुझिन्छ ?

नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावना अनुरूप समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलितवर्ग, लोपोन्मुख आदिवासी/जनजाति, अशक्त, अपाङ्गताभएका नागरिक एवं बालबालिकाहरूको सामाजिक सुरक्षासम्बन्धी मौलिक हकको संरक्षण गर्ने, राज्यको दायित्व, संविधानको निर्देशक सिद्धान्त तथा नीतिहरूले निर्देश गरेअनुरूप सामाजिक न्याय गर्ने कार्यमा सहयोग गर्न नेपाल सरकारका नीति कार्यक्रम तथा बजेटले सम्बोधन गरेअनुरूप वहाँहरूको जीवनयापन तथा पोषणमा सुधार ल्याउन सहयोग गर्न थोरै रकम भए पनि भत्ता/वृत्ति वितरणको व्यवस्था गरेको छ त्यसलाई नै सामाजिक सुरक्षा कार्यक्रम भनिन्छ ।

**"स्थानीय सामाजिक सुरक्षा समन्वय समितिलाई प्रभावकारी पारौं,**
**समयमै लाभग्राहीको विवरणलाई दर्ता तथा नवीकरण गरौं"।**

### सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी बारम्बार सोधिने प्रश्नहरू

१. सामाजिक सुरक्षा भत्ता कुन कुन लक्षित वर्गका व्यक्तिहरूले पाउँछन् ?

**नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत भत्ता/बृत्ति/अनुदान पाउने लक्षित समूहको वर्गीकरण यसरी गरिएको छ :**

| क.सं. | लाभान्वित हुने वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर | मासिक रकम (रू.) | कैफियत/आधार |
|---|---|---|---|---|
| १ | **जेष्ठ नागरिक** | कर्णाली अञ्चल : ६० वर्ष पूरा भएका सबै नगारिक<br>दलित : ६० वर्ष पूरा भएका दलित वर्गमा सूचीकृत जातजातिहरू<br>अन्य : ७० वर्ष पूरा भएका देशभरका सबै नागरिक | ५००।- | **दलित वर्गमा सूचीकृत जातजातिको सूची**<br>पहाडे मूल : गन्धर्व (गाइने), परियार (दमाइ, दर्जी, सूचीकार, नगर्ची, ढोली, हुडके, वादी, विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा), सार्की (मिजार, चर्मकार, भूल)<br>मधेसी मूल : कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल, खङ्ग), चमार, मोची, हरिजन, रविदाश, चिडिमार, डोम (मरिन) तत्मा (ताँती, दास), दुसाध (पासवान, हजरा) धोवी (रजक) हिन्दु, पासी, वाँतर, मुसहर, मेस्तर (हलखोर), सरभङ्ग (सरवरिया) |

| | | | | |
|---|---|---|---|---|
| २. | **एकल महिला** | ६० वर्ष उमेर पुरा भएका विवाह नगरी बसेका एकल महिला ६० वर्ष उमेर पुगेका सम्बन्ध विच्छेद भएका एकल महिला (एकल महिलाले विवाह गरेमा सुविधा प्राप्त हुनेछैन) | ५००।- | विवाह वा पुनः विवाह भएमा त्यस्ता व्यक्तिको लगत स्वतः काटिने छ । |
| ३. | **विधुवा** | पतिको मृत्यु भएका जुनसुकै उमेरका महिला | ५००।- | पुनः विवाह गरेमा स्वतः लगत काटिने |
| ४. | **पूर्ण अपाङ्गता भएका व्यक्तिहरू** | जुन सुकै उमेरका | १०००।- | जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट 'क' वर्ग अर्थात् रातो रंङ्को अपाङ्गता परिचयपत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरू |
| ५. | **अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू** | जुन सुकै उमेरका | ३००।- | जिल्लास्थित महिला, बालबालिका कार्यालयबाट ख वर्ग अर्थात निलो रंङ्को अपाङ्गता परिचयपत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरू |
| ६. | **आंशिक अपाङ्गता भएका व्यक्तिहरू** | जुन सुकै उमेरका | ३००।- | वि.सं. २०६९ भन्दा अघि अपाङ्गता वृत्ति वा भत्ता पाइरहेका व्यक्तिहरू । नयाँ व्यक्तिहरू थप नहुने । |
| ७. | **लोपोन्मुख आदिवासी/जनजाति** | जुन सुकै उमेरका | १०००।- | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को अनुसूची २ मा उल्लेखित लोपोन्मुख आदिवासी (कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया (पत्थरकट्टा, सिलकट, कुशबधिया र कुचबधिया) |
| ८. | **विपन्न बालबालिका** | ६० महिनासम्म | २००।- | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा ३ (च) बमोजिम विपन्न पहिचान भएका एकापरिवारका बढीमा २ जना बालबालिका |

२. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य कुन कानून अन्तर्गत हुन्छ ?
सामाजिक सुरक्षा भत्ता वितरणको लागि छुट्टै कानूनी व्यवस्था छैन । कार्यक्रमलाई व्यवस्थित बनाउन सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ जारी गरी सोहीअनुसार कार्यक्रम सञ्चालनमा रहेको छ ।

३. सामाजिक सुरक्षा भत्ता पाउन कहिले, कहाँ निवेदन दिनु पर्दछ ?
सामाजिक सुरक्षा भत्ता पाउनका लागि हरेक आर्थिक वर्षको मङ्सिर १५ गतेभित्र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालयमा निवेदन दिनु पर्दछ । कार्यविधिले तोकेको ढाँचामा निवेदन दिएका र भत्ता पाउन योग्य व्यक्तिहरूले अर्को आर्थिक वर्षदेखि भत्ता पाउन सक्नेछन् ।

४. के मङ्सिर १५ भित्र निवेदन दिने व्यक्तिहरूले सोही वर्षदेखि नै भत्ता पाउँछन् ?
पाउँदैनन् । चालू आर्थिक वर्षको मङ्सिर १५ गतेभित्र निवेदन दिने व्यक्तिहरूले निवेदन योग्य ठहरिएमा अर्को आर्थिक वर्षदेखि मात्र सामाजिक सुरक्षा भत्ता पाउँछन् ।

५. चालू आर्थिक वर्षको मङ्सिर १५ भन्दा पछि तर अर्को आर्थिक वर्ष शुरू हुनुभन्दा अघि उमेर पुग्ने व्यक्तिले भत्ता पाउन कहिले निवेदन दिनु पर्दछ ?
मङ्सिर १५ गतेसम्म भत्ता पाउनको लागि उमेर नपुगेका तर आगामी आर्थिक वर्ष शुरू हुँदासम्म (चालू आ.व.को आषाढ मसान्तसम्म) उमेर पुग्ने व्यक्तिहरूले समेत अनिवार्य रूपमा आवश्यक कागजातसहित चालू आ.व.को मङ्सिर १५ भित्र निवेदन पेश गरेको हुनुपर्दछ । मङ्सिर १५ गतेभित्र त्यस्तो निवेदन नदिएमा त्यस्ता व्यक्तिले आगामी आर्थिक वर्षमा भत्ता पाउँदैनन् ।

६. चालू आ.ब.को मङ्सिर १५ गतेभित्र निवेदन दिने व्यक्तिहरूलाई परिचय पत्र कहिले र कसले दिने गर्दछ ?
त्यस्ता व्यक्तिहरूको निवेदनउपर छानविन गरी गाउँ वा नगर सामाजिक सुरक्षा समन्वय समितिको सिफारिसमा जिल्ला सामाजिक सुरक्षा समन्वय समितिले माघमसान्तभित्र परिचयपत्र दिन सक्नेछ ।

७. माघमसान्तभित्र परिचय पत्र पाएपछि सोही आर्थिक वर्षको तेश्रो चौमासिकको रकम पाउन सकिन्छ त ?
सकिदैन । माघ मसान्तभित्र परिचय पत्र प्राप्त भए तापनि उनीहरूले अर्को आर्थिक वर्षबाट मात्र सामाजिक सुरक्षा भत्ता पाउँछन् ।

८. के परिचयपत्र नभएका व्यक्तिहरूले पनि सामाजिक सुरक्षा भत्ता पाउन सक्छन् ?
सक्दैनन् । सामाजिक सुरक्षा भत्ता पाउन अनिवार्य रूपमा परिचयपत्र हुनुपर्दछ ।

९. के सामाजिक सुरक्षा भत्ता लिइरहेका व्यक्तिहरूले पनि परिचय पत्र नवीकरण गर्नुपर्दछ ?

गर्नुपर्दछ । हरेक आर्थिक वर्षको मङ्सिर १५ गतेभित्र आगामी आ.व.को सामाजिक सुरक्षा भत्ता लिन चाहने सबै व्यक्तिले आफ्नो परिचयपत्र नवीकरण गर्नको लागि निवेदन दिनुपर्दछ ।

१०. सामाजिक सुरक्षा भत्ता वर्षमा कति पटक वितरण हुन्छ ? के हरेक महिना भत्ता वितरण हुन्छ ?
हरेक चौमासिकमा एक पटक अर्थात् वर्षमा तीन पटक भत्ता वितरण हुन्छ । असोज महिनामा वडादशैं पूर्व आश्विन १ गते, माघ १२ गते शहीद सप्ताहको बेलामा माघ १२ गते र गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन जेष्ठ १५ गते सामाजिक सुरक्षा भत्ता वितरण गरिन्छ ।

११. कुनै एक चौमासिकमा भत्ता वितरण गर्दा उपस्थित हुन नसकेको खण्डमा त्यस्तो व्यक्तिले अर्को चौमासिकमा भत्ता लिंदा पहिलाको चौमासिकको भत्ता लिन पाउँछ की पाउँदैन ?
अघिल्लो चौमासिकको भत्ता रकम दोश्रो वा तेश्रो चौमासिकमा लिन पाइन्छ तर एक आर्थिक वर्षको भत्ता अर्को आर्थिक वर्षमा लिन पाइदैन ।

१२. अघिल्लो आ.व.मा भत्ता लिन नआएका व्यक्तिले चालू आ.व.मा भत्ता पाउँछन् की पाउँदैनन् ?
एक आर्थिक वर्षको भत्ता अर्को आर्थिक वर्षमा वितरण गर्न नमिल्ने अर्थात् फ्रिज हुने भएकोले अघिल्लो आ.व.को भत्ता लिन पाउँदैनन् । तर अघिल्लो आ.व.को मङ्सिर १५ गतेभित्र परिचयपत्र नवीकरण गरेको भए चालू आ.व.को भत्ता लिन सक्छन् ।

१३. के सामाजिक सुरक्षा भत्ता सबैको घर घरमा गएर वितरण गरिदिनु पर्दछ ?
सामाजिक सुरक्षा भत्ता वितरण गर्ने दिन र समयमा लाभग्राहीहरू स्थानीय निकायले तोकेको मिति र स्थानमा परिचयपत्र सहित उपस्थित भई भत्ता लिनु पर्दछ । तर हिंडडुल गर्न नसक्ने पूर्ण अपाङ्गता भएका व्यक्ति, बृद्ध, बिरामी आदिलाई सम्बन्धित कर्मचारीले नै भत्ता पुऱ्याई दिने व्यवस्था कार्यविधिले गरेको छ ।

१४. सामाजिक सुरक्षा कार्यक्रममार्फत् प्राप्त भत्ता कुन प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ ?
सामाजिक सुरक्षाबापत व्यक्तिले प्राप्त गरेको भत्तामा सम्बन्धित व्यक्तिकै अधिकार हुने भएकोले व्यक्तिले आफ्नो इच्छा अनुसार खर्च गर्न सक्दछन् ।

१५. सामाजिक सुरक्षा भत्ता वितरणको लागि लिएको पेश्की रकम कति दिनभित्र फर्छ्यौट गरिसक्नु पर्दछ ?
पेश्की लिएको ३५ दिनभित्र ।

१६. पेश्की फर्छ्यौट समयमा नभएमा के हुन्छ ?
एक चौमासिकको पेश्की फर्छ्यौट नभइकन अर्को चौमासिकको पेश्की लिन र दिन मिल्दैन । तर अघिल्लो चौमासिकका वितरण गर्न बाँकी रकम पेश्की फर्छ्यौटको बेलामा फिर्ता गरी दोस्रो चौमासिकको पेश्की लिँदा थप गरेर लिन मिल्दछ ।

१७. कुनै व्यक्तिको भत्ता परिवारको सदस्य वा नजिकको अन्य व्यक्तिलाई हस्ते गरी दिन मिल्छ की मिल्दैन ?
मिल्दैन । हस्ते गरी कुनै पनि रकम वितरण गर्न तथा बुझ्न मिल्दैन । सम्बन्धित व्यक्ति उपस्थित हुन नसक्ने न्यायोचित कारण भए त्यसको पुष्ट्याईंसहित मञ्जुरीनामा लिएरमात्र अरूले रकम बुझ्न मिल्दछ ।

१८. बैंक मार्फत भत्ता वितरण हुने निकायमा समेत के सेवाग्राही उपस्थित हुनुपर्दछ ?
बैंकमा खाता खोल्ने क्रममा उपस्थित भई खाता खोल्न सहयोग गर्नुपर्दछ । बैंक खाता खुलेपछि स्थानीय निकायले बैंक खातामा रकम पठाइदिने भएकोले उपस्थित भइराख्नु पर्दैन ।

१९. बैंकखातामा जम्मा भएको रकम कति समयभित्र निकाली सक्नुपर्दछ ?
जतिखेर चाहियो त्यतिखेर निकाल्न सकिन्छ ।

२०. बैंकमार्फत भत्ता वितरण गर्नु भनेको के हो ?
सामाजिक सुरक्षा भत्तापाउने सेवाग्राहीहरूको नाममा व्यक्तिगत खाता खोली सोही खातामा स्थानीय निकायले भत्ता वापतको रकम पठाइदिने र सेवाग्राहीले आफ्नो इच्छा र अनुकूल समयमा रकम निकाल्न मिल्ने व्यवस्था हो ।

२१. बैंकमा खाता खोल्दा कुनै रकम तिर्नुपर्दछ ?
पर्दैन । स्थानीय निकायले सम्बन्धित बैंकसँग समन्वय गरी शून्य मौज्दातमा खाता खोलिदिने व्यवस्था गर्नुपर्दछ ।

२२. कुन कुन अवस्थामा भत्ता पाइरहेका व्यक्तिहरूको लगत कट्टा गर्नुपर्दछ ?
भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएमा, निजले बसाइँसराइ गरी अन्यत्र गएमा, विधुवा तथा एकल महिलाले पुनः विवाह गरेमा र विपन्न बालबालिकाहरू ६० महिना पुगेपछि त्यस्ता व्यक्तिको लगत कट्टा गर्नुपर्दछ ।

२४. सामाजिक सुरक्षावापत प्राप्त रकम स्थानीय निकायले अन्य प्रयोजनमा खर्च गर्न मिल्दछ की मिल्दैन ?
सामाजिक सुरक्षा वापतको रकम स्थानीय निकायले अन्य प्रयोजनमा खर्च गर्न मिल्दैन ।

२५. गलत व्यक्तिले सामाजिक सुरक्षावापतको भत्ता रकम लिएमा वा गलत व्यक्तिलाई भत्ताको लागि सिफारिस गरेमा कुनै कारवाही हुन्छ की हुँदैन ?
गलत व्यक्तिले झुठो विवरण पेश गरी सामाजिक सुरक्षा भत्ता लिएमा निजबाट बिगोबमोजिम असूल उपर गरिन्छ । त्यसैगरी गलत व्यक्तिलाई भत्ता पाउनयोग्य भनी सिफारिस गरेमा त्यस्तो सिफारिस गर्ने समितिका सदस्यहरूबाट समेत बिगोबमोजिम असूल उपर गरिन्छ ।

२६. भत्ता पाउने व्यक्तिको उमेर गणना गर्दा के लाई आधार मानिन्छ ?
सामाजिक सुरक्षाबापतको भत्ता पाउन नेपाली नागरिकताको प्रमाणपत्रको उमेरलाई आधार मानिन्छ ।

२७. नागरिकतामा जन्मेको साल र महिना खुलेको तर गते नखुलेको अवस्थामा के कुरालाई आधार मानिन्छ ?
जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भए उल्लिेखित महिनाको मसान्त र सालमात्र खुलेको भए सो सालको चैत्र मसान्तलाई आधार मानी जन्म मिति गणना गरिनेछ ।

२८. बाल संरक्षण अनुदान प्राप्त गर्नेको हकमा उमेरको गणनाको लागि के कुरालाई आधार मानिन्छ ?
जन्म दर्ता प्रमाणपत्र ।

२९. बाल संरक्षण अनुदानको लागि अस्पतालले प्रदान गर्ने जन्मको प्रमाणपत्र भए पनि हुन्छ ?
हुँदैन । स्थानीय निकायले जारी गरेको जन्म दर्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्दछ ।

३०. कुन कुन अवस्थामा दोहोरो भत्ता लिन पाइदैन ?
राज्यकोषबाट सुविधा प्राप्त गरिरहेका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता लिन मिल्दैन । राज्यकोषबाट प्राप्त सुविधा भन्नाले नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संघसंस्था, कम्पनिबाट तलव, भत्ता, पेन्सन वा यस्तै अन्य नाममा मासिक रूपमा प्राप्त हुने सुविधा समेतलाई जनाउँछ ।

३१. कुनै व्यक्ति एकभन्दा बढी लक्षित समूहमा परेमा के सबै समूहबाट भत्ता लिन पाउछ ?
पाउदैन । कुनै व्यक्ति एकभन्दा बढी लक्षित समूहमा परेमा त्यस्तो व्यक्तिले सबैभन्दा बढी रकम भएको एक समूहको भत्ता वा वृत्ति पाउनेछ ।

# भाग - ३
# सामाजिक जवाफदेहिता

## अवधारणा

सार्वजनिक निकाय संस्था वा कार्यालयहरूबाट प्रवाह गरिने सेवा नागरिकहरूलाई बिनाझन्झट निष्पक्ष निस्वार्थ र छिटोछरितो रूपमा प्रदान गरून भन्ने उद्देश्यले विभिन्न ऐन, नियम, नीति, कार्यनीति, निर्देशिका तथा कार्यविधि लगायत तयार गरी कार्यरत कर्मचारीहरूको जवाफदेहिता तोकिएको हुन्छ । सार्वजनिक निकाय वा संस्थाहरूले उपलब्ध गराएका सेवाको गुणस्तरको आधारमा ती निकाय तथा कार्यालयहरू नागरिकहरूका लागि कति प्रभावकारी र सान्दर्भिक छन् भन्ने आंकलन गर्न सकिन्छ । उनीहरूले दिने सेवा नागरिकहरूको इच्छा, चाहना र आवश्यकता अनुसार भएन भने त्यस्ता निकाय संस्था वा कार्यालयहरू माथि प्रश्न उठाउने अधिकार नागरिकलाई हुन्छ । तसर्थ जवाफदेहितामा निम्न सात बिषय समाहित भएको हुन्छ :

- ✓ जवाफदेहिता मानव अधिकारसँग गाँसिएको हुन्छ,
- ✓ जवाफदेहिताका लागि सम्बन्धहरू आवश्यक हुन्छन् (जस्तैः राजनीतिज्ञ र जनता, निर्वाचित प्रतिनिधिहरू, सरकारी कर्मचारी, संस्था र तिनका सदस्यबीचको सम्बन्ध आदि)
- ✓ जवाफदेहिताका लागि जिम्मेवारी लिनुपर्दछ । सरकारी निकायमा कार्यरतहरूले नागरिकहरूलाई राम्रो सेवा दिनुपर्दछ र यो उनीहरूको जिम्मेवारी हो । सेवा प्रदान गर्न नसकेको खण्डमा के कारणले त्यसो भएको हो जवाफ दिन तयार हुनुपर्दछ ।
- ✓ जवाफदेहिता शक्तिसँग सम्बन्धित हुन्छ र जवाफदेहिताको सबै सम्बन्धहरूमा शक्ति विद्यमान हुन्छ । जवाफदेहि व्यक्तिले सहीढङ्गले काम गरेमा यसले अरू शक्तिशाली व्यक्ति वा साझेदारहरूको तजबिजीको आधारमा कामगर्ने प्रक्रिया सीमित पार्न अनुगमन, नियन्त्रण र सन्तुलन गर्न सहयोग गर्दछ ।

- ✓ प्रभावकारी जवाफदेहिताको लागि सहभागिता आवश्यक पर्दछ। यसले महिला र पुरूष, सेवा प्रदान गर्ने र सेवा प्राप्त गर्नेहरू, सञ्चार माध्यम, नागरिक समाज र अन्य सरोकारवालाहरूलाई संयुक्त रूपमा सहमति गरिएका प्रतिबद्धता र यसको कार्यान्वयनमाथि निगरानी राख्न सहयोग पुऱ्याउँछ।
- ✓ जवाफदेहिताको लागि पारदर्शिता आवश्यक हुन्छ। जवाफदेहितालाई फष्टाउन दिन सार्वजनिक क्षेत्रका प्रक्रियाहरू खुल्ला रूपमा सञ्चालन गर्नुपर्दछ।
- ✓ जवाफदेहिता कानूनी शासनमा निर्भर हुन्छ। यसले आफ्नो पद्धति बनाउन र त्यसलाई मजबुत गर्न योगदान दिन्छ जसमा गलत आचरण र गलत काम कारवाहीलाई दण्डित गरिन्छ।

## ३.१ सामाजिक जवाफदेहिता अनुगमनका औजारहरू

विशेषगरी प्रभावकारी रूपमा कानून कार्यान्वयन गर्न असमर्थ भएका कम विकसित र राजनीतिक संक्रमणकालबाट गुज्रीरहेका मुलुकका नागरिकबाट नियमित रूपमा आउने गुनासाहरूलाई व्यवस्थित र वैज्ञानिक तरिकाले न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न किसिमका सार्वजनिक जवाफदेहितासम्बन्धी तौरतरिकाहरू (संयन्त्र) विकास भएका छन्। नेपालमा पनि यस्ता धेरै तौरतरिकाहरूले कानूनी रूपमा मान्यता पाउनुको साथै विभिन्न क्षेत्रबाट अभ्यासमा ल्याइएको छ।

| प्रमुख सामाजिक जवाफदेहिता औजार/संयन्त्रहरू (Tools) | | |
|---|---|---|
| बहिर्गमन अभिमत (Exit Poll) | नागरिक प्रतिवेदनपत्र | सामुदायिक अंक पत्र |
| सार्वजनिक परीक्षण | सामाजिक परीक्षण | नागरिक बडापत्र |
| स्थानीय खर्च सोधखोज | | |
| **सर्भेक्षण विधि** | | |
| संरचनात्मक तथा अर्धसंरचनात्मक अन्तर्वार्ता | लक्षित समुदायसँग सानो समूह छलफल | धरातलीय अवलोक्न (Transient walk) |
| **सरोकारवाला/सेवाप्रदायकलाई सामाजिक जवाफदेहिता सर्भेक्षणबाट प्राप्त सूचना एवं निष्कर्ष सुसूचित गर्ने संयन्त्रहरू** | | |
| सार्वजनिक सुनुवाई | बहु-सरोकारवाला बहस | सञ्चार माध्यम |

### कुन संयन्त्र वा औजार कहिले प्रयोग गर्ने ?

- ✓ कतिपय अवस्थामा पद्धति वा तरिकामा दोहोरोपन आउन सक्छ। जस्तै : नागरिक प्रतिवेदन कार्ड, सामुदायिक अंक कार्ड र सहभागितामूलक सेवा प्रदान आंकलनमा केही फरक भए तापनि धेरै हदसम्म समान छन।
- ✓ सेवा प्रयोगकर्ताबाट सरकारी सेवाबारे सार्वजनिक धारणा संकलन र प्रदान गरिएको सेवाको सहभागितामूलक आंकलन गर्न नागरिक प्रतिवेदन कार्ड प्रयोग गर्न सकिन्छ।
- ✓ सार्वजनिक सेवाको सामूहिक आंकलन अभिलेखको लागि सामुदायिक अंक कार्ड प्रयोग गर्न सकिन्छ।
- ✓ बजेट प्रक्रियामार्फत् सार्वजनिक स्रोत सोधखोज बारे सार्वजनिक खर्च सर्भेक्षण गर्न सकिन्छ।
- ✓ सामुदायिकस्तरबाट हुने विकासका विविध क्रियाकलाप तथा सेवा प्रवाहको लेखाजोखा तथा अध्ययन गर्न सार्वजनिक परीक्षण गर्न सकिन्छ।
- ✓ सार्वजनिक निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा वा पालना अनुगमनको अवस्थाबारे जानकारी हासिल गर्न सामाजिक परीक्षण गर्न सकिन्छ।

## (क) नागरिक बडापत्र

### नागरिक बडापत्र भनेको के हो ?

नागरिक बडापत्र भन्नाले सार्वजनिक सेवाप्रदायक निकायले दिने सेवाको किसिम, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्रदान गर्ने जिम्मेवार व्यक्ति, सेवाको गुणस्तर, सेवा प्रदान गर्दा लाग्ने समयावधि, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा उपचारको विधि जस्ता कुराहरू खुलाई सेवाग्राहीको जानकारीका लागि सार्वजनिक सेवाप्रदायक निकायमा टाँगिएको सार्वजनिक सूचनालाई जनाउँछ। साथै नागरिक बडापत्रले कुनै खास सेवा विशेषका सन्दर्भमा लक्षित सेवाग्राहीलाई सेवा पुऱ्याउनका लागि सेवाप्रदायकले जारी गरेको प्रतिबद्धतासमेतलाई बुझाउँदछ। स्थानीय निकायहरू, सरकारी कार्यालय, निजीक्षेत्र, संघसंस्था आदि सेवाप्रदायकले दिने सेवा तथा वस्तुका बारेमा नागरिकलाई स्पष्ट जानकारी नदिँदा सेवाग्राहीमा अन्योल देखिएको र सेवा प्रवाह प्रभावकारी नभएकाले नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था गरिएको हो।

सेवा तथा वस्तु प्राप्त गर्दा के कस्ता कागजात पेश गर्नुपर्छ, कुन सेवा कुन फाँट वा शाखाबाट प्राप्त गर्न सकिन्छ, कति समय र दस्तुर लाग्छ, समयमा सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारीसँग कसरी सम्पर्क गर्न सकिन्छ र तोकिएको सेवा प्राप्त गर्न के कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने बारेमा बडापत्रमा जानकारी दिनुपर्छ। साथै तोकिएको प्रक्रिया पूरा गर्दा पनि समयमा सेवा पाउन नसकेका कारणबाट सेवाग्राहीलाई कुनै क्षति भएमा के कसरी क्षतिपूर्ति पाउन सकिन्छ भन्ने जानकारीसमेत समावेश गरी नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था गरिएको छ।

## (ख) नागरिक प्रतिवेदनपत्र

सरकारी कार्यालयहरूले नागरिकहरूलाई सार्वजनिक सेवाहरू प्रवाह गरी आफ्नो कार्य सम्पादन गर्दछन। यसरी सम्पन्न भएको कार्यमा नागरिकहरूको प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागिता भएको हुन्छ। सेवाग्राहीहरूले सेवाहरू ग्रहण गर्दाको प्रत्यक्ष अनुभवलाई समेटिने गरी मूल्याङ्कन कार्यमा उनीहरूलाई पनि सहभागि बनाउने सहभागितात्मक सर्भेक्षण पद्धति अपनाई नागरिक समाज वा नागरिक समाजका संस्थाबाट जानकारी लिई सोको आधारमा सम्बन्धित कार्यालयको मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने विधिलाई नागरिक प्रतिवेदनपत्र भनिन्छ। यस किसिमको मूल्याङ्कनमा बुँदागत रूपमा निम्न कुराहरू पर्दछन :

१. सरकारी कार्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने
२. सेवाग्राहीहरूको प्रत्यक्ष अनुभवलाई समावेश गर्ने
३. सहभागितात्मक पद्धति अपनाउने
४. पृष्ठपोषण गर्ने पद्दति अपनाउने

नागरिक प्रतिवेदनपत्र नागरिकहरूको धारणा, भावना र आवाज व्यक्त गर्ने सशक्त माध्यम हो। यसै कारणले उनीहरूको धारणा भावना र आवाजलाई संकलन गर्दा एकातर्फ हचुँवाको भरमा, सिमित पक्षको मात्र प्रतिनिधित्व हुने गरि गरेमा सहि सूचना नआइ पक्षपाती हुन जान्छ। अर्को तर्फ बैज्ञानिक र व्यवस्थित ढङ्ग र ढाँचा प्रयोग नगरी नागरिकहरूबाट सूचना संकलन गरिएमा पनि गलत सूचना संकलन हुन जान्छ। यस्तो सूचनाहरूको प्रयोग गर्दा नीति निर्माता र सेवाप्रदायक कार्यालयहरूलाई प्रत्युत्पादक हुन सक्छ। भ्रामक, आंशिक र गलत सूचनाबाट निर्णयमा पुग्न कठिन हुन्छ। यस्तो अवस्थामा निर्णय गरे पनि यसले नागरिकहरूको हित गर्न सक्दैन। तसर्थ नागरिक प्रतिवेदनपत्र *CRC* सर्भेक्षण गर्न एक व्यवस्थित र बैज्ञानिक आधारमा योजना तयार पार्नुपर्दछ।

## (ग) बहिर्गमन (सेवाग्राही) अभिमत (Exit poll)

बहिर्गमन अभिमत भन्नाले सेवाग्राहीले सेवा सुविधाको प्राप्तीपछि कार्यालयबाट बाहिर निस्किने समयमा त्यस्तो सेवासुविधाको विषयमा दिएको अभिमत वा सुझाव हो। यस्तो अभिमतबाट सेवाग्राहीले लिनचाहेको सेवाको गुणस्तर, सेवाप्रदायकहरूले सेवाग्राहीलाई गरेको व्यवहार र समग्र सेवाका बारेमा सेवाग्राहीको धारणा, अपेक्षा, गुनासा तथा सुझावहरू प्राप्त हुन्छ। यसबाट सार्वजनिक सुनुवाईको लागि आवश्यक समसामयिक महत्वका सवाल तथा बिषयहरू पहिचान गर्न सकिन्छ।

कार्यालयको ढोकाबाट बाहिर निस्कनेबित्तिकै सेवाग्राहीले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाका बारेमा सोधपुछ गरी अभिमत लिइने भएकोले यस विधिको नाम Exit Poll रहेको हो। सेवाग्राही अभिमत संकलन गर्ने व्यक्ति सेवाप्रदायक निकाय (स्थानीय निकायको सन्दर्भमा कुरा भैरहेकोले सम्बन्धित स्थानीय निकायको कार्यालयको ढोकामा बस्नुपर्दछ र सेवाग्राही बाहिर निस्कनेबित्तिकै अभिमत लिनु पर्दछ। यस्तो अभिमत सेवाग्राहीसँगको छलफल तथा अन्तर्वार्ता विधिबाट लिनुपर्दछ। यसको लागि सामान्य चेकलिष्ट अग्रीमरूपमा तयार गर्नुपर्दछ। लामो प्रश्नावली त्यति प्रभावकारी हुँदैन। सेवाग्राहीले तत्काल लिन चाहेको वा लिएको सेवामा केन्द्रित रहेर अभिमत जाहेर गर्न लगाउँदा बढी यथार्थपरक जानकारी आउन सक्छ।

## (घ) सार्वजनिक परीक्षण

सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संस्था तथा सामुदायिकस्तरबाट हुने विकासका विविध क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी र मितव्ययी बनाउन सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिता आवश्यक हुन्छ। सेवा उपलब्ध गराउने निकायले सेवाग्राहीको संलग्नता तथा प्रत्यक्ष सहभागिता सुनिश्चित गरी त्यसको कार्यान्वयनलाई निरन्तरता दिनुपर्दछ।

स्थानीय विकास परियोजनामा भएको लगानीको प्रभावकारिताका बारेमा सम्बन्धित सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गरिने संयन्त्रलाई सार्वजनिक परीक्षण (Public Audit) भनिन्छ । यसको प्रयोग गरी सम्बन्धित परियोजनाका लागि कहाँबाट कति पैसा आयो ? कति खर्चभयो ? को को व्यक्तिहरू संलग्न भएर कसरी खर्च गरियो ? कस्तो खरिद प्रक्रिया अपनाइयो ? खर्च पारदर्शी ढङ्गले गरियो कि गरिएन ? र योजना सञ्चालन गर्दा के कस्ता कमी कमजोरी भए ? भन्ने बारेमा योजनासँग सरोकार राख्ने व्यक्तिहरूबाट पृष्ठपोषण लिइन्छ ।
यो परीक्षण योजना सञ्चालन भएकै स्थानमा सो योजनामा संलग्न मजदुर, प्राविधिक, इन्जिनियर, ठेकेदार, लेखा तथा स्टोरका कर्मचारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा उक्त योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ताको सहभागितामा सम्पन्न गरिन्छ ।

## (ङ) स्थानीय खर्चको सोधखोज

स्थानीय निकाय (गाविस, नगरपालिका, जिविस) र सरकारी तथा गैरसरकारी निकायमा विकास योजना सञ्चालनका लागि के कति बजेट बाँडफाँड भएको छ र कति बजेट निकासा भयो र के कसरी खर्च भयो, हुँदैछ र भइसकेका खर्चबाट के प्रतिफल पाइयो भनेर खोजी गर्ने विधिलाई स्थानीय खर्चको सोधखोज (Local Expenditure Tracking) भनिन्छ । यस संयन्त्रका माध्यमबाट सार्वजनिक निकायहरूले गर्ने बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमी कमजोरी, अनियमितता, चुहावटसम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गर्न मद्दत पुग्छ । स्थानीय खर्चको सोधखोज संयन्त्र प्रयोग गर्ने निकाय तथा व्यक्तिहरूलाई सार्वजनिक खर्च प्रणालीले कसरी काम गर्छ, सम्बन्धित कामका लागि छुट्याइएको बजेट कसरी खर्च गर्ने भनिएको थियो, कसरी खर्च गरियो, के कुराले काम गऱ्यो र के कस्ता कमी कमजोरी रहे भन्ने बारेमा जानकारी हुनुपर्दछ । जीविकोपार्जनका लागि सार्वजनिक बजेट महत्वपूर्ण हुन्छ । यस्ता स्रोतहरू लक्षित वर्गसम्म पुग्नु पर्छ र बीचैमा हराउने वा दुरूपयोग हुनुहुँदैन । यदि दुरूपयोग भयो भने त्यसबाट सबैभन्दा बढी प्रभाव लक्षित वर्गलाई पर्छ तर यस्तो वर्गको उत्थानका लागि ठूलो स्रोत व्यवस्था गरे पनि लक्षित वर्गसम्म पुऱ्याउने काम भने सँधैं चुनौतीपूर्ण हुन्छ । लक्षित वर्गसम्म स्रोत नपुग्नुको प्रमुख कारण केवल अनियमितता मात्र नभई गलत व्यवस्थापन र असक्षम प्रशासन पनि हुनसक्छ ।

## (च) सार्वजनिक सुनुवाई

सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका पदाधिकारीहरूबीच ती निकायहरूबाट अपेक्षा/प्रदान गरिएका समग्र सेवा, बस्तु र सुविधाको बारेमा सार्वजनिक चासोको विषयलाई लिएर सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया सार्वजनिक सुनुवाई हो । नागरिकहरूलाई प्रभाव परिरहेको वा प्रभाव पार्न सक्ने विषय वस्तुलाई केन्द्रित गरी सरोकार राख्ने नागरिकहरू र अधिकारप्राप्त व्यक्तिहरूबीच साझा समझदारी कायम गरी सुधार गर्न व्यवस्थित रूपमा जनमञ्च वा सार्वजनिक संवाद वा सार्वजनिक बैठक सञ्चालन गर्ने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ । यही प्रक्रिया सामाजिक जवाफदेहिता सर्भेक्षणपछि अवलम्बन गर्न सकिन्छ ।

## सार्वजनिक सुनुवाई कसले गर्ने ?

सार्वजनिक सुनुवाई नागरिकहरूको भावना र गुनासाहरू लिने दिने तथा प्रतिवद्धता पालना गर्ने प्रक्रिया हो । सार्वजनिक क्षेत्रमा काम गर्ने जो सुकैले पनि यो गर्दा हुन्छ । सामान्यतया यो प्रक्रिया सरकारी कार्यालय तथा स्थानीय निकायहरूले गर्नैपर्ने अनिवार्य प्रावधान छ ।

# नागरिकले पाउने अधिकारयुक्त सेवा तथा सुविधा

## नागरिकको अधिकारयुक्त सेवा भनेको के हो ?

नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका हरेक निकायमा समावेशीकरणलाई प्राथमिकता दिएको छ । जस अनुसार राज्यका हरेक संयन्त्रमा ३३ प्रतिशत महिलाको सहभागितालाई सुनिश्चित गर्दै जाने प्रयत्न भएको छ । यसैगरी, सामाजिक रूपमा पछाडी परेका वा पारिएका दलित, जनजाति, मधेसी, मुस्लिम तथा अन्य अल्पसंख्यक समुदायका नागरिकहरूको न्यायोचित समावेशीकरणलाई सुनिश्चिता गरेको छ । त्यस्तै सार्वजनिक सेवा प्रवाहमा पनि कतिपय सेवा सुविधालाई सामाजिक रूपमा बहिष्करणमा पारिएका समुदायको लागि अधिकारयुक्त सेवाको रूपमा परिभाषित गरिएको छ । साथै नागरिकलाई यस्ता सेवा वा वस्तु प्राप्त गर्ने कानूनी अधिकार समेत सुनिश्चित गरिएको छ । कानूनले तोकेका अधिकार युक्त सेवा सुविधा तोकिएको समयभित्र नपाएमा सेवाग्राही नागरिकले सेवाप्रदायक संस्थाका जिम्मेवार अधिकारीहरूसँग

गुनासो गर्न सक्ने व्यवस्था छ । उक्त गुनासो उपर समयमै चित्त बुझ्दो सम्बोधन नभएमा नागरिकले क्षतिपूर्तिसमेत पाउने अधिकार कानूनी रूपमै सुरक्षित गरिएको हुन्छ ।

## जवाफदेहिता प्रवर्द्धन गर्न वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको भूमिका

वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र कानूनतः निर्वाचित वा तलब सुविधा लिएर कार्यगर्ने संस्था होइनन् । नागरिकहरूका आवाज बुलन्द गर्ने, नागरिक कर्तव्य निर्वाहका लागि सचेतना, क्षमता विकास लगायतका कार्य गर्ने, नागरिक अधिकारको पूर्तिका लागि दबाब सृजना गर्ने, स्थानीय निकायलगायत सरकारी सेवामा नागरिकको पहुँच बृद्धि गर्न ती निकायहरूबाट दिइने सेवा सुविधाबारे नागरिक सचेतना र गुणस्तरीय सेवाका लागि नागरिक निगरानी, खबरदारीका कार्यहरू गर्ने कार्यमा नागरिक समाजका संस्थाको जिम्मेवार भूमिका रहन्छ । भनिन्छ, सबल नागरिक समाजले सरकार र तिनका सेवाप्रदायकहरूलाई अनुगमन र खबरदारी गरी अनुशासित र जिम्मेवार बनाउन सक्दछन् । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरू पनि जिम्मेवार नागरिक समाजका संस्थाहरू हुन । तसर्थ उनीहरूले सामाजिक उत्तरदायित्व प्रवर्द्धनमा देहाय अनुसारका भूमिका निर्वाह गर्न सक्दछन् :

- स्थानीय निर्वाचनपश्चात् वडा नागरिक मञ्चले आफनो वडाभित्र सञ्चालन भएका विकास निर्माण सम्बन्धी कामहरूको नागरिक निगरानीकर्ताको रूपमा काम गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, संयुक्त अनुगमन जस्ता कामहरूमा क्रियाशील रहने,
- वडा तहमा सञ्चालित सार्वजनिक परीक्षण, सार्वजनिक सुनवाई जस्ता नागरिक तथा सामाजिक उत्तरदायीमूलक कार्यक्रमहरू सञ्चालन गर्न, यस्ता कार्यक्रमहरूमा नागरिक सहभागिता बढाउन सहयोग गर्ने ।
- नागरिकहरूबाट प्राप्त गुनासा र सुझावलाई सम्बन्धित निकायसँग समन्वय गरी सम्बोधन गराउन पहल गर्ने,
- विपन्न एवम् वञ्चितीकरणमा परेका घरपरिवरका (विपन्न, दलित, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्तिहरू, महिला, बालबालिकालगायत) आवश्यकता, प्राथमिकता, आवाज, बिचार एवम् सवालहरूलाई वडा नागरिक मञ्चमा स्पष्टसँग व्यक्त गर्ने वातावरण तयार गर्ने ।
- सरकारी एवं गैरसरकारी निकायबाट आफ्नो क्षेत्रमा सञ्चालित कार्यक्रम/आयोजनाको आवश्यक अनुगमन एवं सहजीकरण गर्ने,
- योजना स्वीकृत भएपश्चात् समावेशीका आधारमा उपभोक्ता समिति गठनमा सहयोग र सहजीकरण गर्ने,
- वस्ती तथा वडा तहका नागरिक सरोकारका सवालहरू स्थानीय निकाय तथा अन्य सेवाप्रदायक संस्थाहरूसँग छलफल र समन्वय गरी समाधानका उपायहरूको खोजी गर्ने,
- वस्ती तथा वडा, टोलका सामाजिक-आर्थिक मुद्दाहरूमा नियमित बैठक गरी छलफल गर्ने र गाउँ विकास समिति तथा गाउँ सामाजिक परिचालन समन्वय समितिसँग समन्वय र सहकार्य गर्ने ।

## सामाजिक जवाफदेहिता अभिबृद्धिमा नागरिक सचेतना केन्द्रको भूमिका

- अधिकारमुखी स्थानीय सेवा बारे नासकेका सदस्यहरू माझ छलफल र उनीहरूको समुदायमा उपलब्ध सेवाहरूको सूची निर्माण, उपलब्ध भएका सेवाहरू सबैले लिन गए नगएको, पाए नपाएको बारे छलफल गरी सरकारी, गैरसरकारी, निजीक्षेत्रबाट उपलब्ध सार्वजनिक सेवा बारे सदस्यहरूले छलफल गरी जानकारी लिनेदिने,
- अधिकारमुखी सेवाहरू (जस्तै : जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद आदि घटना दर्ता, नागरिकता सिफारिस, अन्य सिफारिस, स्वास्थ्य संस्थामा १ वर्ष मुनिका बालबालिकालाई नियमित खोप, भिटामिन ए र जुकाको औषधी वितरण, टि.बी., कुष्ठरोगका निःशुल्क औषधि वितरण, गर्भवती जाँच, निःशुल्क प्रसुति सेवा र प्रोत्साहन भत्ता, पोषण कार्यक्रम, सामान्य स्वास्थ्य सुविधा, सुरक्षात्मक र स्वस्थ रहने उपायहरू बारे जानकारी, बालबालिका निःशुल्क विद्यालय भर्ना र अध्ययन कार्य, प्राथमिक तहको निःशुल्क पाठ्यपुस्तक वितरण आदि) बारे छलफल र समस्या समाधानका लागि पहल,
- यस्ता सेवाहरूको गुणस्तरबारे छलफल, सेवाप्रति कसैको केही गुनासो छन् भने सो बारे छलफल,
- स्थानीय निकायमा हुने योजना तर्जुमा, आफ्नो समुदायमा भैरहेका आयोजना कार्यान्वयन र त्यसको बारेमा जानकारी र निगरानी अनुगमन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाईमा सहभागि र तत्सम्बन्धी राम्रा भएगरेका कार्य र गुनासाहरू, सुधार गर्नुपर्ने कुराहरू, सुझावहरू प्रस्तुत गर्ने, नासकेका सदस्यहरूलाई छलफलमा सवाल राख्न

प्रोत्साहन गर्नेलगायत नागरिकका पक्षमा गर्नुपर्ने कार्यहरूको अनुगमन, निगरानी र खवरदारी गर्न सक्दछन् ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले तयार गरेका प्रशिक्षकहरूको सूची प्राप्त गरी दक्षताका आधारमा सम्बन्धित तालिम तथा क्षमता विकास कार्यक्रमहरूमा परिचालन गर्ने,

१) स्थानीय सेवाप्रदायकहरूले सामाजिक परिचालकहरूलाई प्रदान गर्ने तालिमको अनुगमन गर्ने र पृष्ठपोषण दिने,

२) स्वीकृत मापदण्ड भित्र रहेर सामाजिक परिचालनसँग सम्बन्धित क्षेत्रमा प्रशिक्षकहरू तयार गर्ने र कार्यक्रमसँग सम्बन्धित विविध प्रकृतिका तालिमहरू सञ्चालन गर्ने,

३) सामाजिक परिचालनका क्षेत्रमा स्थानीय सेवाप्रदायकको भूमिकालाई सशक्त गराई सामाजिक परिचालन कार्यलाई प्रतिफलयुक्त बनाउने ।

# भाग - ४

# बालमैत्री स्थानीय शासन




## बालमैत्री स्थानीय शासन भनेको के हो ?

बालमैत्री स्थानीय शासन एक रणनीतिक अवधारणा हो जसले बालबचाउ, बालसंरक्षण, बालविकास, र अर्थपूर्ण बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा मूलप्रवाहीकरण गर्दछ । सारमा भन्दा बालमैत्री स्थानीय शासन: (क) बालबालिकाको लागि योजना (ख) बालबालिकाको लागि लगानी (ग) स्थानीय शासन प्रक्रियामा बालबालिकाको सहभागिता (घ) बालबालिकाको आवाजको सम्मान गर्नु हो ।

## बालअधिकार भनेको के हो ?

नेपाललगायत संयुक्त राष्ट्रसंघका सदस्य देशहरूले सन् १९८९ नोभेम्वर २० तारिखका दिन बालअधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरेका थिए । नेपालले यो महासन्धिलाई सन् १९९० सेप्टेम्वर १४ मा अनुमोदन गरिसकेको छ । महासन्धीमा भएका ५४ धाराहरूलाई बालबचाउ, बालसंरक्षण, बालविकास र अर्थपूर्ण बालसहभागिता गरी चारवटा समूहमा विभाजन गर्ने गरिएको छ । बालबालिकाले आधारभूत रूपमा प्राप्त गर्नुपर्ने यिनै चार समूहभित्रको अधिकार नै बाल अधिकार हो ।

## बालमैत्री स्थानीय शासन किन आवश्यक छ ?

नेपालको अन्तरिम संविधान, २०६३, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिका सम्बन्धी प्रचलित ऐन कानूनहरू जारी भै कार्यान्वयनमा ल्याई नेपालले बालअधिकार सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । बालबालिका जहाँ हुन्छन् त्यहीबाट बालअधिकारका सवालहरू सम्बोधन हुनु आवश्यक देखिएको हुँदा व्यक्ति, घरपरिवार, समुदाय, गाउँ, नगर र जिल्ला तहबाट हुने व्यवहार बालमैत्री हुनु आवश्यक छ । त्यसैले बालअधिकारका सवालहरूलाई स्थानीय निकायको नीति, संरचना, पद्धति र प्रक्रियामा संस्थागत गरी बालअधिकार सुनिश्चित गर्न बालमैत्री स्थानीय शासनको आवश्यकता परेको हो । नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धताहरू कार्यान्वयन गर्न सघाउ पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकारले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र कार्यान्वयन कार्यविधि, २०६८ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## बालमैत्री स्थानीय शासन र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबीच के सम्बन्ध रहेको छ ?

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सबै ९ वटै प्रतिफलहरू (Outputs) बालमैत्री स्थानीय शासनको लक्ष्य प्राप्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोगी रहेका छन् । त्यसैले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा यस कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको छ । यसमध्ये प्रतिफल १, ६, र ७ प्रत्यक्ष रूपमा बालमैत्री स्थानीय शासनसँग सम्बन्धित रहेका छन् ।

## बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न विषयगत निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रका स्थानीय कार्यालय र संघसंस्थाहरूको भूमिका के हुन्छ ?

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ को सफल कार्यान्वयन गर्न सम्बन्धित क्षेत्रगत योजना तथा कार्यक्रम सञ्चालन गरी विषय क्षेत्रगत सूचक प्राप्त गर्ने भूमिका यस्ता निकायको जिम्मेवारीमा पर्दछ । बालमैत्री स्थानीय शासनले विषयगत निकायहरूलाई एक साझा कार्यथलो उपलब्ध गराएको छ जसका कारण यस रणनीति मार्फत सबै सरोकारवालाहरूको सहयोगमा क्षेत्रगत नतिजा हासिल गर्न सकिन्छ। यस्ता निकायले खासगरी बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि स्वीकृत नीति नियम, कार्यविधि तथा योजना कार्यान्वयन गर्ने, बजेट लगानी गर्ने, बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्त गर्ने जिम्मेवारी लिने र सोहीअनुरूप काम गर्ने, स्थानीय सामाजिक तथा भौतिक पूर्वाधारहरूलाई बालमैत्री बनाउने जस्ता कार्यहरू गर्नेछन् ।

## गाविस र महा/उप-महा/नगरपालिकालाई कसरी बालमैत्री बनाउन सकिन्छ ?

गाविस, नपा र जिविसलाई बालमैत्री बनाउन बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने, यसका प्रतिफल प्राप्त गर्ने र तोकिएका सूचकहरू प्राप्त गर्नु पर्दछ। तोकिएको प्रक्रिया र पद्धति अवलम्वन गरी नतिजामूलक सूचकहरू प्राप्त गरेमा गाविस, महा/उपमहा/नगरपालिकाहरूले आफूलाई बालमैत्री गाविस, नगर घोषणा गर्न सक्दछन् ।

## बालमैत्री स्थानीय शासन अवलम्वन भनेको के हो ?

बालबालिकाको सहभागितामा देहाय बमोजिमका ६ वटा कार्यहरू पूरा गरेको अवस्थामा त्यस्ता स्थानीय निकायलाई बालमैत्री स्थानीय शासन अवलम्वन गरेको स्थानीय निकाय भनिन्छ ।

(१) साझेदार संस्थाहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण र अवलम्वन गर्न प्रतिवद्धता जाहेर गरेको (२) व्यवहारिक र नतिजामुखी कार्ययोजना तर्जुमा गरेको (३) स्थानीय निकायको कुल पुँजीगत बजेटको कम्तिमा १५ प्रतिशत बालबालिकाको क्षेत्रमा विनियोजन गरी लगानी योजना तर्जुमा गरेको (४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सूचकहरू निर्धारण गरेको (५) बालमैत्री स्थानीय शासन इकाई सञ्चालन गरेको र बालमैत्री सम्पर्क व्यक्ति तोकेको र (६) सम्बन्धित स्थानीय निकायको परिषद्बाट बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने निर्णय गरेको ।

## बालमैत्री स्थानीय शासनको प्रतिफल (outputs) के के हुन् ?

(१) **सूचनाको आधारमा तयार गरिएको स्थानीय विकास योजना :** एकीकृत र खण्डिकृत सूचनाहरू (बालबालिका सम्बन्धी सूचना सहित) समावेश भएको प्रोफाईल तयार गर्ने। सूचनाको आधारमा नतिजामूलक एकीकृत (बालमैत्री स्थानीय शासनका सूचकहरू समेत समावेश भएको) आवधिक र वार्षिक जिल्ला/नगर/गाउँ विकास योजना तयार गरी कार्यान्वयन गर्ने ।

(२) **स्थानीय लगानी योजना :** आवधिक र वार्षिक योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय निकायले एकीकृत लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्वन गरिने सबै क्रियाकलापलाई स्रोतगत रूपमा बजेट विनियोजन गरी बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नु पर्नेछ। यसो गर्दा केन्द्रीय स्तरबाट प्राप्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र स्थानीय विषयगत निकायबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रूपमा विनियोजन गरी लगानी भएको हुनुपर्दछ।

(३) **बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरूको तर्जुमा एवम् परिमार्जन :** बालमैत्री स्थानीय शासन विकास, विस्तार र प्रवर्द्धन गर्न स्थानीय निकायहरूले आवश्यकता अनुसार नीति नियम तर्जुमा गर्ने, परिमार्जन गर्ने तथा आचार संहिता, विनियम, कार्यविधि तथा हातेपुस्तिकाहरू तयार गर्नु पर्दछ।

(४) **बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन :** बालबालिकाको क्षेत्रमा भएगरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्तिको अवस्था, अवलम्वन र घोषणाको स्थिति, योजना र कार्यक्रम कार्यान्वयनको विश्लेषण गरिएको स्थिति पत्र तयार गरी प्रकाशन र वितरण गर्नु पर्दछ ।

## चारवटा प्रतिफल प्राप्त गर्दैमा बालमैत्री हुन्छ ?

माथि उल्लेख गरिएका चारवटा प्रतिफल पूरा गरेर मात्र बालमैत्री हुने होईन । बरू यी चारवटा प्रतिफलमा उल्लेख भएबमोजिमको कार्य सम्पन्न भै सोको नतिजा प्राप्त भएको हुनु पर्दछ। जस्तैः प्रोफाईल नियमित रूपमा परिमार्जन गर्दै

जाने, आवधिक र वार्षिक योजना कार्यान्वयन गरी नतिजामूलक सूचकहरू प्राप्त गर्ने, कमजोर सूचकहरूमा थप लगानी गरी कम्तिमा बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू प्राप्त भएको हुनु पर्दछ ।

## बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू

बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनका सेवा प्रवाह सम्बन्धी २७ र संस्थागत विकास सम्बन्धी १२ वटा न्यूनतम सूचकहरू यस प्रकार रहेका छन् :

## ४.१ सेवा प्रवाहसम्बन्धी न्यूनतम् सूचकहरू

**४.१.१ बालबचाउ :** ६ महिनासम्मको शिशुलाई अनिवार्यरूपमा पूर्ण स्तनपान गराई आमाको दूधमात्र खुवाएको, १ बर्षभिका प्रत्येक बालिबालिकाले पूर्णरूपमा खोप पाएको, ६ महिनादेखि ५ बर्षसम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको, गर्भवती महिलाहरूले प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात् आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको, गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाएको, गर्भवती तथा सुत्केरी आमाहरूले २२५ वटा आईरन चक्की खाएको, एच्. आई. भि. संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले ARV Prophylaxis पाएको, सबै घरधुरीमा पिउनयोग्य खानेपानीको सुविधा भएको, चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोएपछि सावुन पानीले हात धुने विषय सम्बन्धी सूचकहरू रहेका छन् ।

**४.१.२ बालसंरक्षण :** ५ बर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको, बालविवाहको संख्यामा न्यूनीकरण भई कमी आएको, निकृष्ट प्रकारको बालश्रम दर घटेको, घरपरिवार र समुदायबाट बालबालिका विरूद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको । बाल संरक्षणसम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएका सूचकहरू रहेका छन् ।

**४.१.३ बालविकास :** ४ बर्षसम्मका बालबालिकाहरू प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका, कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शतप्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएका, ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरूले १ देखि ८ कक्षासम्मको आधारभूत शिक्षा पाएको, औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाहरूका लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको, प्रत्येक विद्यालयमा छात्रछात्राहरूका लागि अलग अलग शौचालयको व्यवस्था भएको, प्रत्येक विद्यालयमा बाल विकासका अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएका सूचकहरू रहेका छन् ।

**४.१.४ बालसहभागिता :** स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागि गराइको, स्थानीय निकायले सञ्चालन गर्ने योजनामा बालबालिकाका योजना तथा कार्यक्रम समेटिएको, विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको, स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको, गाँउ विकास समितिमा बाल क्लवको सञ्जाल र नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको, जिल्ला र नगर तहमा बाल संजाल गठन भएका सूचकहरू रहेका छन् ।

**४.२ संस्थागत विकास सम्बन्धी न्यूनतम सूचकहरू :** स्थानीय निकायको परिषद् नियमित रूपमा सञ्चालन भएको, स्थानीय निकायहरूले बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको, स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको, स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहेको, स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहेको, स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएको, स्थानीयस्तरमा बाल क्लव तथा महिला समूहहरू बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि क्रियाशीलता रहेको, स्थानीयस्तरमा बाल संजाल विकास भई जिल्लास्तरसम्म बालबालिकाहरूको प्रतिनिधित्व रहको । बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको, जिल्ला, नगर तथा गाँउ विकास समिति योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको, बालबालिकासम्बन्धी स्थितिपत्र तयारी, प्रकाशन र अद्यावधिक भएका सूचकहरू रहेका छन् ।

## बालमैत्री गाविस, महा/उप-महा/नगरपालिका घोषणा गर्न के गर्नु पर्दछ ?

**देहायको अवस्थामा बालमैत्री गाविस, महा/उप-महा/नगरपालिका घोषणा गर्न सकिनेछ ।**

(१) न्यूनतम् सेवा सूचकको निर्धारण गरेको (२) स्थानीय परिवेश अनुसार बालश्रम, बाल हिंसा, बाल शोषण तथा एच्.आई.भि. एड्स न्यूनीकरण सम्बन्धी सूचकहरू आफ्नो आवधिक र वार्षिक योजनामा समावेश गरेको (३) कमलरी, छाउपडी, झुमा, देउकी प्रथा वा यस्तै प्रकारका अन्य सामाजिक विकृतिहरू रहेको भए यसको अन्त्य गर्ने कार्यक्रमहरू आफ्नो आवधिक र वार्षिक योजनामा समावेश गरी बालमैत्री स्थानीय शासनका सेवा सूचकहरूमा समावेश गरेको (४) आवधिक र वार्षिक योजनाले लिएको लक्ष्य र समावेश भएका नतिजामूलक सूचकहरू मध्ये सत्प्रतिशत तोकिएकोमा सोही अनुसार र बाँकी सबै सूचकहरूको हकमा न्यूनतम् ८०% सूचक हासिल गरेको (५) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सम्बन्धित जिल्ला विकास समितिले अनुगमन गरी घोषणा गर्न स्वीकृति दिएको (६) गाविस, नगर परिषद्ले आफूलाई बालमैत्री गाविस, नगर घोषणा गर्ने निर्णय गरेको ।

## बालमैत्री स्थानीय शासन कार्यान्वयनमा सामाजिक परिचालकको भूमिका के रहन्छ ?

(१) बालमैत्री स्थानीय शासन समितिहरूको बैठक कम्तीमा चौमासिक रूपमा राख्ने ।

(२) बालमैत्री स्थानीय शासन विस्तार र प्रवर्द्धन गर्न नगरपालिका एवम् गाविसको पूँजीगत बजेटको कम्तीमा १५% बजेट विनियोजन गर्न सहयोग गर्ने ।

(३) समयमै बाल भेला आयोजना गरी बालबालिकाका माग तथा योजनाहरू गाविस र नगरपालिकाको आवधिक र वार्षिक योजनामा समावेश गर्न सहयोग गर्ने ।

(४) बालक्लव तथा बालसञ्जालको गठन गरी उनीहरूको क्षमता विकासका लागि स्थानीय शासन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने ।

(५) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्दको क्षमता विकासका लागि बालमैत्री स्थानीय शासनका सूचकहरू स्थानीय योजनामा समावेश गर्न सहयोग गर्ने ।

(६) नगरपालिका (महानगर, उप-महानगर, नगर), गाविसले बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने र घोषणाको योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) सम्बन्धित सबै सरोकारवाला निकायहरूसँग समन्वय, साझेदारी, सहयोग विकास र विस्तार गर्न नियमित रूपमा बैठक, परामर्श र छलफल गर्ने गराउने ।

## बालभेला भनेको के हो र यो कहिले सञ्चालन गर्ने ?

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लिएको नीति अनुसार बालबालिकाहरूको योजना छनौट गर्नुपूर्व बालबालिकाहरूको भेला गराई उनीहरूबाट आएका योजनाहरूको प्राथमिकता निर्धारण गरी वडागत रूपमा सम्बन्धित वडाहरूले प्राथमिकता सहित गा.वि.स., नपामा पेश गर्नुपर्ने भएको हुँदा स्थानीय निकायको योजना तर्जुमा पूर्व हरेक बर्ष गा.वि.स./न.पा.स्तरमा बालभेला अनिवार्य रूपमा गराउनुपर्छ। स्थानीय निकायका योजना छनौट गर्नुपूर्व बालबालिकाका योजना तर्जुमा गर्नका लागि गरिने बालबालिकाहरूको भेला नै बालभेला हो । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको बालभेला सञ्चालन कार्यविधिमा यसको विस्तृत विधि र प्रक्रिया दिईएको छ । बालभेला सञ्चालन गरी बालबालिकाका माग तथा योजनाहरूलाई गाविस, नपा, जिविससम्म पुर्‍याउने प्रमुख जिम्मेवारी सामाजिक परिचालकको हो ।

# भाग- ५
# सामुदायिक मेलमिलाप

## सामुदायिक मेलमिलाप
## "विवादको साटो मेलमिलापको बाटो"

मेलमिलाप दुई वा दुई भन्दा बढी पक्षहरू बीचको विवाद समाधान गर्ने एउटा वैकल्पिक विवाद समाधान गर्ने पद्धति हो। जसमा विवादित पक्षहरूले स्वीकार गरेको मेलमिलापकर्ताले आपसी छलफल गराई दुवैलाई मान्य हुने सहमतिमा पु-याउन मद्दत गर्दछ। यसले छिटो छरितो, सरल, कम खर्चिलो, सबैको पहुँच हुन सक्ने र विश्वसनीय विधि र प्रक्रियाबाट विवाद समाधान गर्न सहयोग गर्दछ। व्यक्ति, घरपरिवार, समुदाय, समाज, गाविस, नगरपालिका र जिल्लामा हुने स-साना विवाद एवम् झै-झगडाहरूलाई मेलमिलापको माध्यमबाट समाधान गरी सामाजिक सद्भाव र शान्ति कायम राख्नु सामुदायिक मेलमिलापको मर्म हो। घरपरिवार तथा समुदायमा हुने स-साना विवादको सम्बोधन समयमै नहुनाले छरछिमेकमा आपसी सम्बन्ध बिग्रेर समुदायमा गरिने विकास निर्माणका योजनाहरू समेत प्रभावित हुने गरेका छन्।

अदालती तथा कानूनी प्रक्रियाबाट विवादको निर्णय गर्दा बढी खर्चिलो, झन्झटिलो, सयम घेरै लाग्ने र अन्तिम निर्णय/फैसलाबाट समेत एक पक्षको जीत र अर्को पक्षको हार हुने भएकोले विवादित पक्षहरूमा मेलमिलाप हुन सक्दैन्। यस प्रक्रियाबाट समाजका विपन्न तथा कमजोर वर्ग अझ पीडित हुने र विवादको दिगो समाधान नहुँदा यसले दीर्घकालमा हिंसात्मक द्वन्द्वको रूप लिन सक्ने सम्भावना समेत रहन्छ। अतः समुदायमा हुने विवादहरूलाई दक्ष सहजकर्ताहरूको सहजीकरण मार्फत विवादित पक्षहरूले आपसी मेलमिलापबाट विवाद समाधान गर्न नेपाल सरकारले मेलमिलाप ऐन, २०६८ र नियमावली, २०७० को व्यवस्था गरी लागू गरेको छ। विपन्न तथा कमजोर वर्गलाई छिटो छरितो, मितव्ययी, सुलभ एवम् सहजरूपमा न्याय प्रदान गर्न र विवादित पक्षहरूलाई जीत-जीतको महसुसीकरण गराई दिगो विकास र शान्ति स्थापनार्थ सामुदायिक मेलमिलाप अपरिहार्य रहेको छ।

## सामुदायिक मेलमिलापको उद्देश्य

समुदायमा हुने विवादहरूको दिगो समाधान गरी सामाजिक सद्भाव एवम् दिगो शान्ति सुनिश्चित गर्नु र स्थानीयस्तरका विकास योजनाहरू सहज रूपमा कार्यान्वयन गर्नु नै सामुदायिक मेलमिलापको मुख्य उद्देश्य रहेको छ। यसका अतिरिक्त सामुदायिक मेलमिलापका केही विशिष्ट उद्देश्यहरू पनि रहेका छन् :

- समुदायमा हुने विवाद तथा झै झगडाहरू मेलमिलापको प्रक्रियाबाट समाधान गर्ने।
- विपन्न तथा कमजोर वर्गलाई न्यायमा पहुँच सुनिश्चित गर्ने।
- न्याय प्रणालीलाई सहज, सुलभ, मितव्ययी तथा विश्वसनीय बनाउने।
- समुदायमा सद्भाव र मेलमिलापको भावना अभिबृद्धि गर्ने।

## सामुदायिक मेलमिलापको सिद्धान्त

सामुदायिक मेलमिलाप सहकार्य, समझदारी र सहमतिका तीन मुख्य सिद्धान्तहरूमा आधारित रहेको छ। सामुदायिक मेलमिलापमा विवादित पक्षहरू एकसाथ बसी एकअर्काका भनाई र चाहनाहरू बुझ्ने कोसिस गर्दछन्। आपसी छलफलबाट समाधानका उपायहरू खोज्छन र अन्तमा दुवै पक्षलाई स्वीकार्य र दुबै पक्षको हितमा आपसी सहमति गरी विवादको टुङ्गो आफैं लगाउने गर्दछन्। विवादित पक्षहरू आफै आफ्ना समस्याहरू समाधान गर्न सक्षम छन भन्ने मान्यता राख्दछ।

## सामुदायिक मेलमिलापका फाइदाहरू

सामुदायिक मेलमिलापले आपसी द्वेष हटाउँदछ। सहज वातावरणमा सत्यतथ्य कुरामा छलफल गरिन्छ। एक पक्षको दवाव र प्रभावमा मेलमिलाप हुदैन। छोटो समयमा विवादको समाधान हुन्छ। विवाद दिगो रूपमा समाधान हुन्छ। दुबै पक्षलाई सशक्तिकरण गर्छ। आर्थिक मितव्ययिता हुन्छ। सहमतिको कार्यान्वयन गर्न सजिलो हुन्छ। दुबै पक्षको जीत-जीत हुन्छ। यसका साथै सामुदायिक मेलमिलापबाट निम्न अतिरिक्त फाईदाहरू हुने गर्दछ।

- गा.वि.स. र नगरपालिकाभित्रका अत्यधिक सरोकारका विषयहरूको विवाद स्थानीय तहमा नै समाधान हुने जसले विकास निर्माणका योजनाहरूको सहज कार्यान्वयन र लाभको न्यायोचित बाँडफाँडमा सहयोग पुग्ने।
- स्थानीय तहमा विवादको सत्यतथ्य या यथार्थता बारे जानकारी हुने भएकोले पीडित पक्षलाई न्याय पाउन सजिलो हुने।
- प्रमाणको आधारमा गरिने अदालती प्रक्रियाबाट एक पक्षमा फैसला हुन्छ तर सामुदायिक मेलमिलापमा विवादित दुवै पक्षको आपसी हितमा दुबैलाई स्वीकार्य सहमतिमा मेलमिलाप हुन्छ।

## ५.१ सामुदायिक मेलमिलापका प्रक्रिया र चरणहरू

सामुदायिक मेलमिलाप प्रक्रियामा समुदायमा उठेका सानातिना विवादहरूलाई तालिम प्राप्त मेलमिलापकर्ताहरूले निष्पक्ष र गोपनियता अपनाई सहजीकरणको माध्ययमबाट सहमतिमा ल्याई जीत- जीतको अवस्थामा पुग्न सहयोग गर्दछ । विवादित पक्षहरूबीचको विवाद मेलमिलाप केन्द्रमा दर्ता भई मेलमिलापकर्ताको छनौट भईसकेपछि मेलमिलाप सत्रको प्रारम्भ हुन्छ । मेलमिलाप प्रक्रिया सञ्चालन गर्दा सामान्यतया निम्न ७ चरणहरूको अवलम्बन गर्ने गरिन्छ ।

### चरण १ : शुभारम्भ सत्र

यस सत्रमा विवादित पक्षहरूलाई मेलमिलाप केन्द्रमा स्वागत अभिवादन, आसन ग्रहण, एक आपसमा परिचय, भलाकुसरी, मेलमिलाप केन्द्रका भौतिक सुविधाहरू, मेलमिलापकर्ताको भूमिका र मेलमिलाप प्रक्रियाहरूका बारेमा विवादित पक्षहरूलाई जानकारी दिने गरिन्छ । यस चरणमा विवादित पक्षहरूलाई विश्वासको वातावरण सृजना गर्न प्रयास गरिन्छ ।

### चरण २ : आधारभूत नियमहरूको निर्धारण

यस चरणमा मेलमिलाप प्रक्रियामा हुने छलफललाई सहज बनाउन दुवै पक्षको सहमतिमा आधारभूत नियमहरू निर्माण गरिन्छ । नियमहरू मेलमिलापकर्ता र विवादित पक्षहरूले पालना गर्नु पर्दछ । आधारभूत नियम निर्धारणको सत्र सञ्चालन भैरहदा पक्षहरूले आ-आफ्नो कुराहरू पालैपालो राख्ने, बीचमा कुरा नकाट्ने, बोल्दा एकअर्कालाइ नहोच्याउने, छलफल सत्र बीचमा छोडेर नहिड्ने आदि हुन सक्दछन् ।

### चरण ३ : घटना प्रस्तुती र सूचना संकलन

यस चरणमा विवादित पक्षलाई पालैपालो आ-आफ्नो समस्या र भावनाहरू खुलस्त भन्न प्रेरित गरिन्छ जसबाट विवादको विषय पत्ता लगाउने कोशिश गरिन्छ । पक्षहरूले आफ्नो कुरा राख्दा उनीहरूको खास समस्या, आशय र अडान थाहा पाउन बीच- बीचमा पूर्नकथन पूर्नसरंचना जस्ता विधिको प्रयोग मेलमिलापकर्ताले गर्न सक्दछन् ।

### चरण ४ : दुवै पक्षले एक अर्कालाई बुझ्न सहयोग गर्ने र विवादित विषयवस्तुको पहिचान गर्ने

यस चरणमा दुवै पक्षबीच सिधा सम्वाद गर्न लगाईन्छ । यस प्रक्रियाबाट एकले अर्काको खास आशय, माग र आवश्यक्ता बुझ्न सक्छन् । यस चरणमा मेलमिलापकर्ताले के, किन, कसरी जस्ता खुला प्रश्न सोध्ने विधिको प्रयोग गरी विवादको मूल कारण पत्ता लगाउन प्रयास गर्दछ । साथै यस चरणबाट दुवै पक्षको हित कहाँ हुन सक्दछ भन्ने सम्भावनाको पहिचान गर्न सक्छ । घटनाको आशय र प्रभावका बारेमा यो चरणमा जानकारी हुन्छ ।

### चरण ५ : एकान्त वार्ता

पक्षहरूको सिधा सम्वादबाट पारस्परिक हितको विषय पत्ता लगाउन नसके वा वार्ता प्रक्रियामा अवरोध आउने भएमा मेलमिलापकर्ताले दुवै पक्षको सहमतिमा पक्षहरूसँग छुट्टा-छुट्टै वार्ता गर्न एकान्त वार्ताको चरण प्रयोग गर्दछ । विवादको वास्तविक जड के रहेछ ? विवादमा के कस्ता दाउपेच भएका रहेछन् ? अरू कसको संलग्नता रहेछ ? विवाद समाधान गर्न वा नगर्न कसको के स्वार्थ रहेछ ? मेलमिलापबाट पक्षहरूले के हासिल गर्न खोजेका छन् ? भन्ने जानकारी हुन्छ । एकान्त वार्ताबाट पक्षहरू सहमत हुन सक्ने न्यूनतम विन्दुको सम्भावना खोजिन्छ ।

### चरण ६ : दुबै पक्षहरूलाई विकल्पहरू र समाधान खोज्न सहयोग गर्ने

एकान्त वार्ताबाट पक्षहरूको आपसी हित हुन सक्ने विभिन्न सम्भावनाहरूको आधारमा यस चरणमा पक्षहरूलाई समाधानका उत्तम विकल्पहरू खोज्न सहयोग गरिन्छ । मेलमिलापकर्ताले यस चरणमा पक्षहरू स्वयंले पहिचान गरेका आपसी हित हुन सक्ने उत्तम विकल्पलाई पक्षहरूकै सहमतिमा विवाद समाधानका लागि रोज्न उत्प्रेरित गरिन्छ ।

### चरण ७ : सहमति- पत्र तयार गर्ने

चरण ६ मा पहिचान भएको विवाद समाधानको उत्तम विकल्प नै पक्षहरूबीचको सहमतिको आधार हुने गर्दछ । यस चरणमा पक्षहरूले सहमतिलाई कार्यान्वयन गर्न तत्पर हुने वा नहुने यकिन गरि निर्दिष्ट ढाँचामा सहमति- पत्र तयार गरिन्छ र दुवै पक्षलाई हस्ताक्षर गराई सम्बन्धित स्थानीय निकायमा अभिलेख राखिन्छ ।

### सामुदायिक मेलमिलापकर्ताको छनौट

सामुदायिक मेलमिलाप प्रक्रियाबाट विवाद सामाधानका लागि मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण हुने भएकोले मेलमिलापकर्ताहरू दक्ष, निष्पक्ष, विश्वासिलो, ईमान्दार, आफैं विवादमा नपरेको, तटस्थ र पारदर्शी जस्ता गुणहरूलाई आधारमानी सम्बन्धित समुदायका सदस्यहरू मध्येबाट समाज सेवाका भावना भएका व्यक्तिहरूलाई मेलमिलापकर्ताको रूपमा छनौट गर्नुपर्दछ । वडा नागरिक मञ्चको अग्रसरतामा वडा भेला गरी कम्तीमा १ महिला सहित प्रत्येक वडाबाट ३/३ जनाको संख्यामा मेलमिलापकर्ता छनौट गरी नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिमको सामुदायिक मेलमिलाप

सम्बन्धी तालिम दिनुपर्दछ। सामुदायिक मेलमिलाप प्रक्रियाको सहजीकरण गर्न तालिम प्राप्त मेलमिलापकर्ताहरूलाई परिचालन गर्नुपर्दछ। अत : मेलमिलापकर्ता निष्पक्ष तालिम प्राप्त तेश्रो व्यक्ति हो। योग्य मेलमिलापकर्ता विश्वास गर्न सकिने, निष्पक्ष, धैर्य गर्न सक्ने, सञ्चार सीप भएको, गोपनीयता राख्न सक्ने, ध्यानपूर्वक सुन्न सक्ने जस्ता गुणहरूले भरीपूर्ण भएको हुनुपर्दछ।

## सामुदायिक मेलमिलापकर्ताले ध्यान दिनुपर्ने कुराहरू

विवाद समाधान प्रक्रिया आफैंमा जटिल तथा संवेदनशील कार्य भएकोले मेलमिलाप प्रक्रियाका चरणहरूको कुशल सहजीकरण गर्नु नै मेलमिलापकर्ताको विशेषता हो। मेलमिलापले पक्षहरूबीचको विवाद समाधान मात्र गर्ने नभई यसबाट प्राप्त हुने परिणामले सामाजिक सद्भाव एवम् शान्ति निर्माणमा समेत प्रभाव पार्ने हुँदा मेलमिलाप प्रक्रिया सञ्चालन गर्दा निम्न विषयमा ध्यान दिनुपर्दछ।

- विवाद समाधानमा सहजकर्ताको मात्र भूमिका निर्वाह गर्नु पर्दछ।
- दुवै पक्षहरूलाई मान्य हुने सहमति खोज्न उत्प्रेरित गर्नु पर्दछ।
- विवादित पक्षहरूबीचको मनमुटाव हटाई विवादको मूल समस्या पहिल्याउन सहयोग गर्नु पर्दछ।
- एक अर्काको हित र चाहनाहरू पहिचान गरी समाधानको लागि उत्तम विकल्पहरू खोज्न र सहमतिमा पुग्न सहयोग गर्नु पर्दछ।

## मेलमिलापकर्ताले गर्न नहुने कुराहरू

- छलफलको बिषयवस्तु बारे हस्तक्षेप गर्न हुदैन।
- आफ्नो सल्लाह सुझाव वा निर्णय दिनु हुदैन।
- को गलत, को सही भनि औलयाउन हुदैन।
- कसैलाई दण्ड जरिवाना गर्न हुदैन।
- साक्षी प्रमाण बुझ्न हुदैन।
- विवादित पक्षहरूलाई भेदभाव गर्न हुदैन।
- आदेश वा दवाब दिनु हुदैन।
- कुनै पक्षको प्रभावमा पर्न हुदैन ।

## सामुदायिक मेलमिलाप के होइन ?

यो कुनै अदालती सुनुवाई र कारवाही होइन। को गलत को सही भनी छुट्याउने प्रक्रिया पनि होइन। कुनै दण्ड जरिवाना तोक्ने प्रक्रिया होइन। साक्षी प्रमाणको आधारमा न्याय दिने प्रक्रिया पनि होइन।

## कस्ता विवादहरू सामुदायिक मेलमिलाप गराउन उपयुक्त हुदैन ?

- जघन्य मानव अधिकार हनन् एवं अपराधिक विषयहरू (Gross Human Rights Violations ) जस्तै : क्रुर यातना, गैरकानुनी थुना, डकैती, ज्यान मार्ने उद्योग आदि।
- समाजविरूद्ध वा समाजलाई प्रत्यक्ष असर पार्ने विवादहरू (Anti Social offences) आदि।
- प्रचलित कानुनद्वारा कैद र जरिवाना हुने अपराधसम्बन्धी सरकारवादी हुने फौजदारी मद्दाहरू (Anti state offences) जस्तै : हत्या, जर्बजस्तीकरणी, लुटपाट आदि। कानूनी कारवाही गरी सजाय गराउन पर्ने अपराधमा कानूनी न्यायिक प्रक्रिया अपनाउनु पर्दछ।
- मेलमिलाप प्रक्रियामा आउने पक्षको स्वेच्छिक कुरा हो, बलजफ्ती गरेर मेलमिलाप गराउन सकिदैंन।
- राजनैतिक विवादहरू सामुदायिक मेलमिलाप प्रक्रियाबाट समाधान गरिदैन्।
- कहिलेकाही पक्षहरूबीच धन, पहुँच, बल आदिको आधारमा असमानता देखिन्छ अथवा, एक पक्ष असाध्यै धनी र पहुँचवाला छ र अर्को पक्ष गरीव र पहुँच नभएको छ भने पनि त्यस्तो अवस्थामा सामुदायिक मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान सम्भव नहुन सक्छ।

# भाग - ६
# लोकतन्त्र र निर्वाचन सम्बन्धी सामान्य जानकारी

## ६.१ लोकतन्त्र (Democracy)

लोकतन्त्र अंग्रेजी शब्द Democracy को नेपाली रूपान्तरण हो । लोकतन्त्र नागरिकहरूद्वारा नागरिककै निमित्त शासन गर्ने व्यवस्था हो । लोकतन्त्रमा नागरिक नै अधिकार सम्पन्न हुन्छन् र उनीहरूले नै सरकार बनाउँछन् । सबै नागरिक एकै पटक सरकारमा सहभागि भई शासन आफै चलाउन सम्भव हुँदैन् । त्यसैले नागरिकले निर्वाचन/चुनावको माध्यमबाट आफ्ना प्रतिनिधिहरू छान्दछन् र उनीहरू मार्फत् मुलुकको शासन सञ्चालन गर्दछन् । लोकतन्त्रमा विभिन्न राजनीतिक दल र उम्मेदवारहरूबीच स्वच्छ र स्वतन्त्र प्रतिस्पर्धा हुन्छ । लोकतन्त्रमा नागरिकको फरक/फरक अभिमत र फरक/फरक राजनीतिक दलको छनौट र संगठन (Freedom of voice, choice and association) गर्ने सुनिश्चितता हुन्छ । लोकतन्त्र दुई किसिमको हुन्छ प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्र । प्रत्यक्ष लोकतन्त्रमा नागरिक स्वयंले आफै संलग्न र सक्रिय भई भोटको माध्यमबाट आफ्ना चासोका विषयमा निर्णय लिने गर्दछन् । अप्रत्यक्ष लोकतन्त्रमा नागरिकहरूले चुनावको माध्यमबाट आफ्ना प्रतिनिधि छनौट गरी शासन व्यवस्थामा सहभागिता जनाउँछन् ।

## ६.२ निर्वाचन

निर्वाचन भनेको मतदाताले आफ्नो मताधिकार प्रयोग गरी प्रतिनिधि छान्ने तथा निर्णय प्रक्रियामा सहभागि हुने एक वैधानिक पद्दति हो । कुनैपनि देशको भावी नीति, योजना, कार्यक्रम सम्बन्धी निर्णयको लागि शासकीय प्रणालीको केन्द्रदेखि स्थानीय तहसम्म प्रतिनिधि चयन गर्ने सबैभन्दा महत्वपूर्ण विधि नै निर्वाचन हो । स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको मुटु हो । कुनैपनि निर्वाचनबाट नागरिक इच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन निष्पक्ष, स्वतन्त्र, स्वच्छ र विश्वसनीय हुन आवश्यक छ ।

### लोकतन्त्रमा निर्वाचन किन ?

सरकारलाई नागरिकप्रति जवाफदेही बनाउन, लोकतन्त्रको सम्बर्द्धन (विकास) गर्न, शान्तिपूर्ण तरिकाले विवाद समाधान गर्न, नेपालको सन्दर्भमा बालिग (१८ वर्ष उमेर पुगेका) मतदाताले आफ्नो मत प्रकट गरी निर्णयमा सहभागिता जनाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सरकारको वैधता कायम गर्न आवधिक निर्वाचन आवश्यक छ । निर्वाचन नभएमा नागरिकका प्रतिनिधिमूलक संस्थाहरू प्रतिनिधिविहीन हुन्छन्, नीति निर्माणमा बाधा पुग्छ, गाउँ र देशको अपेक्षित विकास नहुन सक्छ र लोकतान्त्रिक अभ्यास हुन पाउँदैन ।

### निर्वाचनका सन्दर्भमा नागरिकको अधिकार र कर्तव्य

निर्वाचनका सन्दर्भमा नागरिकको अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा जस्ता हुन् । लोकतन्त्रमा नागरिकको अधिकारलाई सर्वोपरि ठानिएको हुन्छ । बालिगमताधिकारको सिद्धान्त, मतको विश्वसनीयताको सिद्धान्त, एक व्यक्ति एक मतको सिद्धान्त, मतको सर्वव्यापिता, आवधिक निर्वाचनको व्यवस्थाजस्ता निर्वाचनका अन्तर्राष्ट्रिय सिद्धान्तहरूले सबै योग्य मतदाताहरूलाई बिना अवरोध गोप्य मतदान गर्ने अधिकारमा जोड दिन्छ ।

### अन्य अधिकार र कर्तव्य

<table>
<tr><th>मतदाताका अधिकार</th><th>मतदाताका कर्तव्य</th></tr>
<tr><td>क) आफूले चाहेका राजनीतिक दल वा उम्मेदवारलाई स्वतन्त्र र गोप्य रूपमा मतदान गर्ने ।<br>ख) उम्मेदवारको घोषणापत्र तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्ने ।<br>ग) अर्काको नामबाट मतदान गर्न खोज्ने व्यक्तिविरूद्ध उजुरी गर्ने ।<br>घ) शान्तिपूर्ण वातावरणमा स्वतन्त्र भई मतदान गर्ने ।</td><td>क) तोकिएको उमेर पुगेका सबै नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउने ।<br>ख) मतदाता नामावलीमा दर्ता गराएको नाम, थर, उमेर, फोटो आदि विवरण सही वा गल्ती भएको यकीन गर्ने । गल्ती भएमा विवरण तथा नाम सच्याउन वा नाम एक स्थानबाट अर्को स्थानमा सार्न परेमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको स्थानमा तोकेको समयमा निवेदन दिने ।<br>ग) मतदाताको पहिचान दर्शाउने निर्वाचन आयोगले वितरण गरेको मतदाता परिचयपत्र लिने र सुरक्षित राख्ने ।<br>घ) नामावलीमा नाम दर्ता र निर्वाचन प्रक्रियाका सम्बन्धमा आफ्नो परिवारका सदस्यहरू तथा छरछिमेकीहरूलाई समेत जानकारी गराउने ।<br>ङ) मतपत्रमा भएका विभिन्न दल र उम्मेदवारहरूका चिन्हहरूका सम्बन्धमा र मतदान गर्ने तरिकाका बारेमा जानकारी राख्ने र अरूलाई पनि यससम्बन्धी जनचेतना जगाउने ।<br>च) मतदान गर्नु सम्पूर्ण बालिग मतदाताको कर्तव्य भएकोले आफ्नो मतको सदुपयोग गर्ने ।<br>छ) आर्थिक प्रलोभन वा डर र धम्कीमा परेर आफ्नो अमूल्य मतको दुरूपयोग नगर्ने । अरूलाई पनि यससम्बन्धमा जानकारी गराउने ।<br>ज) योग्यता पुगेका व्यक्तिहरूले निर्वाचनमा उम्मेदवार बन्ने अवसरको समेत सदुपयोग गर्ने ।</td></tr>
</table>

## मतदाता नामावली

योग्य मतदाताहरूको पहिचान गरी फोटो, औंलाको छाप र व्यक्तिगत विवरण दर्ता गरी तयार पारिएको मतदाताहरूको सूची नै मतदाता नामावली हो । स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना र सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित हुनुपर्छ । फोटोसहितको मतदाता नामावलीले मतदाताको पहिचान सहज र भरपर्दो बनाउँछ । निम्न योग्यता पुगेका र मतदाता नामावलीमा नाम दर्ता गराएका देहायबमोजिमका व्यक्तिहरू नै योग्य मतदाता हुन् ।

- **नेपाली नागरिक,**
- **निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिमा १८ वर्ष उमेर पूरा भएको,**
- **कुनै निर्वाचन क्षेत्र भित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास गरेको ।**

मतदाता नामावलीमा नाम दर्ता गराउन निर्वाचन आयोगको जिल्लास्थित जिल्ला निर्वाचन कार्यालय वा आयोगले तोकेको स्थानमा नागरिकताको सक्कल प्रमाणपत्र लिई जानुपर्छ । मतदाताको नाम दर्ता कार्य सार्वजनिक बिदाको दिन बाहेक निरन्तर चलिरहन्छ । मतदाता नामावलीमा रहेको विवरणमा कुनै त्रुटि सच्याउनु परेमा वा मतदान केन्द्र परिवर्तन गर्नु परेमा आयोगले तोकेको ढाँचामा ताके बमोजिम गर्नुपर्छ । यसका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क राख्नुपर्छ । योग्य मतदाताहरूको पहिचान गरी कुनै निर्दिष्ट निर्वाचनका लागि तयार गरी आयोगबाट स्वीकृत गरिएको फोटोसहितको मतदाता नामावली नै अन्तिम नामावली हो । अन्तिम नामावलीमा नाम भएका व्यक्तिहरूले मात्र निर्वाचनमा सहभागि हुन पाउँछन् ।

## ६.३ सामाजिक परिचालकहरूले निर्वाचन शिक्षा कार्यकर्ता वा स्वयंसेवकको भूमिका निर्वाह गर्दा माथि उल्लिखित विषयका अतिरिक्त देहायका काम गर्नुपर्नेछ

सामाजिक परिचालकहरूले निर्वाचन शिक्षा कार्यकर्ता वा स्वयंसेवकको रूपमा काम गर्न निर्वाचन आयोगले परिचालन गरेको अवस्थामा आफ्नो क्षेत्राधिकारभित्र रहेको गाउँ विकास समिति वा नगरपालिकाको वडाको लागि काम गर्नुपर्नेछ । यसरी आयोगको समेत थप जिम्मेवारी लिएको अवस्थामा सोसम्बन्धी कार्यलाई सामाजिक परिचालकको दैनिक काममा बाधा नपर्ने गरी निर्वाचनसम्बन्धी देहायका कार्य सम्पादन गर्नुपर्नेछ ।

- स्थानीयस्तरमा सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाको वडाको लागि निर्वाचन आयोगको मुख्य सम्पर्क विन्दु (Focal Point) को रूपमा आयोगको कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने,
- मतदाता नामावलीमा नाम दर्ता गराउन बाँकी रहेका १६ वर्ष उमेर पुगेका नेपाली नागरिकहरूलाई नाम दर्ता हुने मिति, समय, स्थान र दर्ता गर्न चाहिने प्रमाणको बारेमा जानकारी गराई उनीहरूलाई मतदाता दर्ताको लागि उत्प्रेरित गर्ने,
- निर्वाचन आयोगबाट समय समयमा सञ्चालन हुने मतदाता नामावली दर्ता तथा घुम्ती शिविर एवम् विशेष समुदायमा आधारित कार्यक्रम (Outreach) हरूका बारेमा स्थानीय समुदायलाई जानकारी गराई कार्यक्रमको उद्देश्य प्राप्तिमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने,
- निर्वाचन आयोगले रेडियो नेपालबाट हरेक शनिबार बिहान ७:४५ बजे प्रसारण गर्ने रेडियो कार्यक्रम "निर्वाचन" नियमित सुन्ने र स्थानीय समुदायलाई पनि सुन्नका लागि अभिप्रेरित गर्दै आयोगका सूचना तथा सन्देशहरूलाई बढीभन्दा बढी जनतासमक्ष पुऱ्याउने,
- आफ्नो काम कारवाहीले आयोगको कामको स्वतन्त्रता, स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा कुनै प्रकारको आँच आउन नदिने र आयोगले तयार गरेको आचारसंहितालाई सम्बन्धित सरोकारवालाहरूलाई पालना गर्न गराउन अभिप्रेरित गर्ने ।

# भाग - ७
# विपद् व्यवस्थापन र जलवायू परिवर्तन तथा अनुकूलन

## ७.१ समुदायमा आधारित विपद् व्यवस्थापन
## पृष्ठभूमि

विपद् अकस्मात आइदिन्छ र सबै तह र स्तरका समुदायलाई प्रभावित गर्दछ। विपद् कसैले पनि चाहेको अवस्था होईन। यसले विपन्न र गरीब समुदायलाई थप तनाब र गरिबीतिर धकेलदछ। विपद् कसैको एक्लो प्रयासबाट व्यवस्थापन गर्न सकिदैन। स्थानीय समुदायको क्षमता अभिबृद्धि गरी स्थानीय स्तरबाटै विपद् व्यवस्थापनको कार्य थालनी गरिनुपर्दछ। स्थानीयस्तरमा उपलब्ध स्रोत र साधनहरूको समुचित सदुपयोग र सीपको उपयोग गरी विपद्जन्य जोखिमहरू कम गर्न वा तिनीहरूसँगको सम्बेदनशीलता कम गर्न सकिन्छ। यस परिप्रेक्षमा नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय विपद् व्यवस्थापन निर्देशिका, २०६८ तयार गरी कार्यान्वयनमा ल्याएको छ। जस अन्तरगत वस्तीस्तर, वडास्तर, गा.वि.स.स्तर, नगरस्तर र जिल्लास्तरीय विपद् व्यवस्थापनका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न गराउन सक्ने व्यवस्था गरिएको छ। विपद्का घटनाहरू हुन नदिने गरी कार्य गर्ने तथा विपद्का घटनाहरू घटेमा सोको प्रभावहरूलाई न्यूनीकरण गर्दै समुदायलाई पहिलाकै अवस्थामा जस्तै सहज जीवनयापन गर्न सक्ने बनाउनु विपद् व्यवस्थापनको समग्र लक्ष्यलाई विपद् उत्थानशीलताले समेट्दछ। "समुदायमा आधारित विपद् व्यवस्थापन सक्षमताको विकास" गरी सोमार्फत विपद्को सामना र उत्थानशीलताका लागि समदुाय तहमा विपद् पूर्वतयारी, प्रतिकार्य तथा पनुःस्थापना जस्ता कार्य गर्ने गराउने गरिन्छ।

### समुदायस्तरमा विपद् व्यवस्थापनका लागि के गर्ने ?

- समुदायलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम दिने।
- समुदायका नागरिकहरूलाई विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण क्षमता अभिबृद्धिका कार्य गर्ने।
- समुदायमा विपद् व्यवस्थापनसम्बन्धी दस्तावेज तयार गर्ने।
- समुदायस्तरको आपतकालीन प्रतिकार्य योजना तयार गर्ने, पूर्वअभ्यास गराउने।
- आपतकालीन उद्दार सामाग्रीहरूको व्यवस्थापन र परिचालन गर्ने।
- समुदायस्तरीय विपद् जोखिम न्यूनीकरण योजना निर्माण गरी सोअनुसार कार्यान्वयन गर्ने।
- विपद् जोखिम न्यूनीकरणका लागि वडा कार्यालय, नगरपालिका, जिल्ला विकास समितिलगायत अन्य संघसंस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने गराउने।
- विपद् व्यवस्थापन कोष स्थापना गरी सञ्चालन गर्ने।
- विपद् उत्थानशीलताका लागि सक्षमता अभिबृद्धिका कार्यहरू गर्ने गराउने।

### विपद् व्यवस्थापनसम्बन्धी व्यवस्था

स्थानीय स्वायत्त शासन ऐन तथा कार्यविधिहरूमा विपद् व्यवस्थापन/भवन संहितासम्बन्धी निम्न अनुसारको प्रावधानहरू उल्लेख गरिएका छन् :

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा प्रकोपसँग सम्बन्धित विषयमा नगरपालिकाको काम कर्तव्य र अधिकार निम्न अनुसार तोकिएका छन् :

- दैवी प्रकोप सम्बन्धमा आवश्यक काम गर्ने। (दफा ९६ (ञ) विविध काम)
- दैवी प्रकोपवाट हुने धनजनको क्षति कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरू गर्ने। (दफा ९६ (ञ) विविध ऐच्छिक काम)
- न्यूनतम शर्त तथा कार्यसंपादन मापन कार्याविधि, २०६६ मा आकस्मिक सेवा र विपद् जोखिम व्यवस्थापन तथा भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहित, २०६० कार्यान्वयनसम्बन्धी सूचकहरू राखिएका छन्।

### समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनसम्बन्धी भएका पछिल्ला प्रयासहरू

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नगर, गाँउ/समुदायस्तरको विपद् व्यवस्थापन निर्देशिका (LDRMP) बमोजिम हरेक नगरपालिका तथा गाउँ विकास समितिले विपद् व्यवस्थापन योजना (DRM Plan) निर्माण

गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९ तयार गरी कार्यान्वयनमा आएको छ ।
- सबैजसो जिल्लाहरूले विपद् पूर्वतयारी प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको ।
  - हालसम्म ७०० स्थानीय विपद् जोखिम व्यवस्थापन योजना, १० जिल्ला विपद् व्यवस्थापन योजना र १२५ वडास्तरीय विपद् व्यवस्थापन योजना निर्माण भएका छन् ।
- सबै जिविस र नगरपालिकामा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति (Focal Person) तोकिएको छ ।
- जिविस, नगरपालिका र गाविसहरूले विपद् व्यवस्थापन कोष खडा गरेका छन् ।

## ७.२ राष्ट्रिय भवन संहितासम्बन्धी जान्नै पर्ने कुराहरू

### परिचय

हालसम्म संसारमा ठूलाठूला भूकम्पले लाखौं मानिसहरूको ज्यान लिइसकेको छ । यो क्रम अझै पनि जारी छ । केही दशकयता भूकम्पीय जोखिमको वैज्ञानिक तथ्यहरूलगायत भूकम्पप्रतिरोधी भवनहरूको निर्माण प्रविधिका बारेमा प्रचारप्रसार हुँदाहुँदै पनि भूकम्पबाट मृत्यु हुनेहरूको संख्यालाई अझै कम गर्न सकिएको छैन् ।

भूकम्प के कारणले आउँछ, भूकम्पबाट हामीले निर्माण गरेका संरचनाहरूमा कसरी क्षति पुऱ्याउछ र भूकम्पबाट सुरक्षित भवनहरूको निमार्ण सम्भव छ छैन भन्ने विषयमा सबैले जान्नु जरूरी छ । भारतीय उपमहाद्वीप (Indian Plate) र युरोशियन महाद्वीप (Euroasian Plate) को सन्धीस्थल (Subduction Zone) मा परेको कारण नेपालको सम्पूर्ण भूभागहरू भूकम्पीय जोखिम क्षेत्र (Earthquake Prone Zone) भित्र पर्दछ । भौगोलिक तथा भौगर्भिक परिस्थितिका कारण यस क्षेत्रमा सानातिना देखि ठूल्ठूला आम विनाशकारी भूकम्पहरू आउने जाने क्रम निरन्तर जारी छ । यस्ता विनाशकारी भूकम्पीय प्रकोपलाई हामीले रोक्न सक्दैनौं तर समयमै बुद्धि पुऱ्याइएमा यसबाट हुनसक्ने असरलाई कम गर्न सकिन्छ । तसर्थ नेपालको भूकम्पीय जोखिमलाई गम्भीरतापूर्वक मनन गरिनु जरूरी छ र जोखिम न्यूनीकरणका लागि स्थानीय निकायहरूबाट अग्रसरता लिनु आवश्यक छ ।

भूकम्पबाट प्रायः जसो क्षति मानवनिर्मित संरचनाहरूको विनाशको कारणले हुने गदर्छ । तसर्थ यस्ता संरचनाहरू भूकम्प प्रतिरोधात्मक प्रविधि अपनाई सुरक्षित रूपमा निमार्ण गर्न सकिएको खण्डमा भूकम्पबाट हुन सक्ने जनधनको क्षति धेरै हदसम्म कम गर्न सकिन्छ । उल्लेखित विषयहरूमा आम नागरिकहरूको चेतना अभिबृद्धि गर्न र नगरपालिका एवम् गाविस क्षेत्रभित्र निर्माण हुने भवनहरू भूकम्पीय सुरक्षाको लागि "नेपाल राष्ट्रिय भवन संहिता (National Building Code) व्यवहारिक रूपमा कार्यान्वयन गर्नु/गराउनु अति आवश्यक छ । यस विषयको आवश्यकतालाई हृदयंगम गरी नेपालमा निर्माण हुने भवनहरूलाई भूकम्पीय सुरक्षात्मक प्रविधियुक्त, किफायती र भरपर्दो बनाउन नेपाल सरकारबाट भवन ऐन, २०५५ (प्रथम संशोधन २०६४) तथा भवन नियमावली, २०६६ राजपत्रमा प्रकाशित गरी नेपालकासम्पूर्ण नगरपालिकाहरू र नगरउन्मुख गाविसहरूमा निर्माणका विभिन्न विषयहरू समाहित राष्ट्रिय भवन संहिता, २०६० को कार्यान्वयन अनिवार्य गरिसकेको छ ।

### भवन संहिताको कार्यान्वयन किन आवश्यक छ ?

वि.सं. १९९० माघ २ गते दिनको २ बजे २४ मिनेट २२ सेकेण्ड जाँदा नेपालमा ठूलो महा-भूकम्प गएको थियो । यो महा-भूकम्पको केन्द्र विन्दु नेपालको पूर्वी क्षेत्र संखुवासभाको चैनपुरमा रहेको थियो । यसको नाप ८.४ रेक्टर स्केलको थियो । सो महा-भूकम्पले नेपालमा पुरूष ३८५० र महिला ४६६९ गरी जम्मा ८५१९ जनाको मृत्यु भएको थियो । यस भूकम्पबाट घरबास, देवालय र पाटी पौवासमेत गरी जम्मा २,०७,७४० संरचनाहरू भत्केका थिए । यसै गरी वि.सं. २०४५ साल भाद्र ५ गते पूर्वी नेपालको उदयपुर जिल्लाको मुर्कुच्चे भन्ने ठाउँमा केन्द्रविन्दु रहेको ६.६ रेक्टर स्केलको भूकम्पले ७२१ जनाको ज्यान गयो । ६५,००० घरहरू बसोबास गर्न नहुने गरी क्षतिग्रस्त भए । २०६८ असोज १ गते नेपालको पूर्वी सिमाना ताप्लेजुङ्ग जिल्ला नजिक केन्द्र बिन्दु भइ गएको ६.९ रेक्टर स्केलको भूकम्पले पूर्वका ८ जिल्लाहरू (झापा, ताप्लेजुङ्ग, पाँचथर, भोजपुर, तेह्रथुम, इलाम, धनकुटा, संखुवासभा) मा थुप्रै जनधनको क्षति पुऱ्यायो । त्यस भूकम्पमा परी ६ जनाको मृत्यू, २३ जना गम्भिर घाइते, ८८ जना सामान्य घाइते भएका थिए । यो भूकम्पबाट करीब ५,९२१ घर पूर्णरूपमा क्षति, ६,५०० घर आंशिक क्षति, १८,००० घर सामान्य क्षति भएका थिए । हालै गोरखाको वारपाक

केन्द्र विन्दु भई ७.६ रेक्टर स्केलको महाभूकम्प र त्यसपछि आएका पराकम्पनहरूले ठूलो मात्रामा जनधनको क्षति भएको तथ्य सर्वविदितैछ । यस भूकम्पले १४ जिल्लामा नराम्रो असर पारेका छ् । हालसम्म ८,८३१ जनाको मृत्यु भइसकेको छ भने २२,३०९ जना घाइते भएका छन् । यस भूकम्पको कारण ५,२७,८२९ घरहरू पूरै क्षति भएका छन् भने २,७७,८४१ घरहरू आंशिक क्षति भएका छन् ।

यसर्थ विगत र हालै गएका भूकम्पहरूले पुऱ्याएको क्षतिको तथ्याङ्कबाट नेपालमा निर्माण हुने अधिकांश घरहरू भूकम्पीय जोखिमबाट निकै असुरक्षित भएको प्रमाणित हुन्छ । नेपालमा बन्ने आवासीय घरहरूमध्ये अधिकांश घरहरू दक्ष प्राविधिकहरूको रेखदेखबिना घरधनी आफैले निर्माणकर्मीहरू लगाएर बनाउने गर्दछन् । स्थानीय सामाग्रीहरू तथा तौर तरिकाको सट्टा नयाँ निर्माण सामाग्री र प्रविधिहरूको प्रयोग बढदै गएको छ । तथापि घरधनीहरू र निर्माणकर्मीहरूलाई निर्माण सामाग्रीहरूको गुणस्तर एवं प्रयोग गर्ने सही विधिहरूबारे पर्याप्त ज्ञान छैन । समग्र रूपमा निर्माण कार्यहरूको गुणस्तर खस्कंदो छ । त्यसकारण अब निर्माण हुने भवनहरू भूकम्पीय सुरक्षाको हिसाबले भूकम्प प्रतिरोधात्मक प्रविधिसहितको राष्ट्रिय भवन संहिताको आवश्यकता महसुस गरियो ।

वि.सं. २०४५ साल भाद्र ५ गते पूर्वी नेपालमा गएको भूकम्पपश्चात् भूकम्प प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण परियोजना लागू भयो । यस परियोजनाले नेपालमा **आवास नीति** बनाउन सिफारिस गऱ्यो । तत्पश्चात २०४८/४९ मा नेपालको पहिलो आवास सर्भेक्षण सम्पन्न गरियो । उक्त सर्भेक्षणले **भवन संहिता**को आवश्यकतामा विशेष जोड दिएको थियो ।

## राष्ट्रिय भवन संहिता भनेको के हो ?

राष्ट्रिय भवन संहिता भनेको नेपालमा स्थानीयस्तरमा उपलब्ध निर्माण सामाग्रीहरूको अधिकतम उपयोग गरी यहाँको भू-बनोट र हावापानी सुहाउँदो भूकम्प प्रतिरोधात्मक क्षमता राख्ने गरी घरहरूको डिजाइन र निर्माण गर्ने विधिहरू समावेश गरी तयार गरिएको नेपाल सरकारको आधिकारिक दस्तावेज हो । राष्ट्रिय भवन संहिता, २०६० को दस्तावेज अंग्रेजी भाषामा तयार गरे तापनि भवन निर्माण निर्देशिका र भवन संहिताको एक भाग नेपालीमा अनुवाद गरिएको छ । भवन ऐन, २०५५ र नियमावली, २०६६ मार्फत **राष्ट्रिय भवन संहिता** नेपालभर लागू गर्ने व्यवस्था गरिएको छ । भवन संहितामा गाउँ घरहरूमा निर्माण हुने साधारण भवन देखि ठूला शहरमा बन्ने आधुनिक भवनहरूको भूकम्प प्रतिरोधात्मक डिजाइन गर्ने तरिकाहरू यसप्रकारका छन् :

- विकसित मुलुकबाट आएका प्रतिष्ठित आधुनिक निर्माण प्रविधिको अवलम्बन,
- दक्ष इन्जिनियरहरूका लागि भूकम्प प्रतिरोधात्मक घर डिजाइन गर्ने तरिका,
- निश्चित आकार प्रकारका आवासीय घरहरू निर्माणका लागि पूर्व निर्धारित (बाध्यात्मक नियम) डिजाईन नक्सा,
- ग्रामीण क्षेत्रका साधारण घरहरूलाई भूकम्प प्रतिरोधात्मक बनाउने तरिकाहरू ।

## राष्ट्रिय भवन संहिता कार्यान्वयन र सुपरिवेक्षणको जिम्मेवारी कसको हो ?

नगरपालिका क्षेत्रभित्र निर्माण हुने कनै व्यक्ति, संस्था वा सरकारी निकायको भवन डिजाइन तथा नक्सा सम्बन्धित नगरपालिकाहरूबाट राष्ट्रिय भवन संहिताअनुसार स्वीकृति गर्नुपर्नेछ । गाविस क्षेत्रमा निर्माण हुने कनै व्यक्ति, संस्था वा सरकारी निकायको भवनको डिजाइन तथा नक्सा शहरी विकास कार्यालयबाट स्वीकृत गर्नुपर्नेछ । यसै गरी कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तरअनुरूप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र गाउँ विकास क्षेत्रभित्रको हकमा शहरी विकास कार्यालयले सुपरिवेक्षण गर्न सक्नेछ । यसरी सुपरिवेक्षण गर्दा नगरपालिका वा शहरी विकास कार्यालयले कुनै भवनको निर्माण भवन संहितामा तोकिएको स्तर अनुरूप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुनेछ ।

## भूकम्पप्रतिरोधी भवन भनेको के हो ?

विभिन्न समय अन्तरालमा आउने ठूला महाभूकम्पहरूबाट भवनहरूमा कुनै क्षति नहुने गरी भूकम्प निरोधक (Earthquake Proof) बनाउन निकै खर्चिलो र जटिलताका कारण कठिन पनि हुन सक्छ । तसर्थ, भूकम्पप्रतिरोधी भवन (Earthquake Resistant building) भनेका त्यस्ता भवनहरू हुन जुन भवन सानोतिनो भूकम्पबाट खासै क्षति हुदैनन् । मध्यम खालका भूकम्पको धक्काबाट चर्किने, क्षति पुग्ने र ठूला भूकम्पबाट भवन क्षतिग्रस्त भए पनि ग्वार्लामै नढल्ने हुन्छन् । भवन संहिताले यस्तै प्रकारका भवनहरूको डिजाइनलाई समेटेको छ ।

तसर्थ सानोतिनो भूकम्पको धक्कापछि कम खर्च र कम समयमै मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउन सकिन्छ। मध्यमखालका भूकम्पको धक्कापछि ती भवनहरूका क्षति पुगेका भागहरूको मर्मत वा प्रवलीकरण गरी वा पूरै भवनलाई भूकम्पीय सुदृढीकरण गरी पुनः बस्न मिल्ने बनाउन सकिन्छ। ठूला भूकम्पहरूले त्यस्ता भवनहरूलाई हल्लाइ सकेपछि पनि भवनहरू ग्वार्लाम्मै नलड्ने भएकाले घरभित्रका मानिसहरू सुरक्षित तवरले बाहिर निस्कन सक्छन्।

## भूकम्पप्रतिरोधी भवन निर्माणमा थप कति खर्च लाग्छ ?

राष्ट्रिय भवन संहिताअनुसार भूकम्प प्रतिरोधात्मक प्रविधि अपनाई भवनहरू निर्माण गर्दा खासै धेरै खर्च लाग्दैन। तीन तल्लासम्मको १००० वर्गफूट प्लिन्थ क्षेत्रफल सम्मको पिलरवाला भवनहरू भूकम्प प्रतिरोधात्मक प्रविधि अपनाइ निर्माण गर्दा साधारण प्रविधिमा बन्ने भवनहरूको तुलनामा निम्न अनुसार थप खर्च लाग्छ :

- **घरमा प्रयोग हुने डण्डीको कूल खर्चमा २५% सम्म थप खर्च लाग्छ।**
- **घर निर्माणको कूल खर्चमा ५% देखि १०% सम्म थप खर्च लाग्छ।**

## भूकम्पप्रतिरोधी भवनहरू निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

### (क) गारोवाला भवनहरूलाई भूकम्पप्रतिरोधी बनाउन ध्यान दिनुपर्ने कुराहरू

- गारोको जगमा पि.सि.सि. माथि वारपार कम्तीमा ३ इन्च मोटाइको जग बन्धन ढलान गर्नुपर्छ।
- जग बन्धनमा १२ मि.मि. को दुई वटा मुख्य डण्डीहरू र ८ मि.मि. को रिङहरू ६-६ इन्चको फरकमा राख्नुपर्छ। जग बन्धनको चौडाइ कम्तीमा माथि उठाइने गारोको चौडाइ बराबर हुनुपर्छ।
- गारोहरूलाई एक आपसमा बाँध्न र जमीनबाट आउने चिसोपना रोक्नको लागि कंक्रिटको टाई बिम राख्नुपर्छ।
- गारोहरू जोडिने स्थानमा भूकम्पको धक्का बढी पर्ने हुँदा गारोहरूको कुना र टी जोर्नीमा दुवै गारोलाई च्यापिने गरी कुना बन्धनहरू (स्टिच) बनाई राख्नुपर्छ।
- कुना बन्धनहरूमा ३ लाईन (१० मि.मि.) को डण्डी २ वटा तेर्सो गरी र २.५ लाईन (८ मि.मि.) डण्डीको यू हुक रिङ्ग ६-६ इन्चको फरकमा राख्नुपर्छ। यस्ता स्टिचहरू गारोको हरेक २-२ फीट उचाईमा राख्दै जानुपर्छ।
- झ्याल र ढोकाको माथि लिण्टल लेभलमा तथा झ्यालको ठीकमुनि अर्थात् सिल लेभलमा ढलानको तेर्सो पेटी (सिल र लिण्टल ब्याण्ड) राख्नुपर्छ।
- गारो जोडिने स्थानहरू कुना र टी जोर्नीमा कम्तीमा १ वटा ४ लाईन (१२ मि.मि.) को डण्डी जगदेखि छाना वा स्ल्याबसम्म पुग्ने गरी राख्नुपर्छ।
- झ्याल र ढोकाको दायाँबायाँ ३ लाईन (१० मि.मि.) को ठाडो डण्डीहरू टाइबीमदेखि स्ल्याबसम्म राख्नुपर्छ।

### (ख) पिलरवाला भवनहरूलाई भूकम्पप्रतिरोधी बनाउन ध्यान दिनुपर्ने कुराहरू

- भवनका सबै जगमा हात्तिपाइलाको माथिबाट सबै पिलरहरू जोडिने गरी बेस टाई बिम राख्नुपर्छ।
- ३ तल्लासम्मको घरहरूमा यदि पिलरहरूबीचको दूरी एकापट्टि अधिकतम १०’-०” (३ मी.) र अर्कोपट्टि अधिकतम १४’-९” (४.५ मी.) सम्म भएमा पिलरको साइज कम्तीमा १२”-१२” हुनुपर्छ। भवनको पिलरहरूमा कम्तीमा ५ लाईन (१६ मि. मि.) को ४ वटा डण्डीहरू र ४ लाईन (१२ मि. मि.) को ४ वटा डण्डीहरू राख्नुपर्छ। पिलरहरू दुवै दिशामा एकै लाइनमा हुनु पर्दछ।
- बीमको सबै डण्डीहरू पिलरको डण्डीको भित्रबाट पर्ने गरी लग्नुपर्छ।
- बीम टुंगिने स्थानका पिलरहरूमा बीमको डण्डीहरू डण्डीको व्यासको ६० गुणा पिलरको भित्री मोहडाबाट लम्बाइ बराबर हुनेगरी पिलरमा मोड्नु पर्छ। तल्लो तहका डण्डीहरू माथितिर मोड्नु पर्छ र माथिल्लो तहको डण्डीहरू तल मोड्नु पर्छ
- बीम र पिलर जोडिएको ठाउँमा बीमको माथिल्लो र तल्लो डण्डीबीच कम्तिमा २ वटा पिलरका रिङ्गहरू राख्नु पर्छ।
- गारोहरूको भूकम्पीय सुरक्षाको लागि झ्यालको तल र माथि (सिल र लिण्टल लेभलमा) एवं ढोकाहरूको माथि लिण्टल लेभलमा ढलान पेटी (कंक्रिट व्याण्ड) हरू राख्नुपर्छ। यस्ता ढलान पेटी (व्याण्ड) हरू एक पिलरदेखि अर्को पिलरसम्म जोडिएको हुनुपर्छ। ढलानका पेटी (व्याण्ड) हरूको मोटाइ ३ इन्च भन्दा बढी हुनु हुँदैन र चौडाइ गारोभरिको हुनुपर्छ।
- कौसी/बरण्डाहरूको गारोलाई भूकम्पीय धक्काबाट सुरक्षित र मजबूत बनाउन कौशी बन्धनहरू राख्नुपर्छ ।

**संक्षेपमा,**

नेपालको भौगोलिक अवस्थितिका कारण यहाँको सम्पूर्ण भू-भाग विनाशकारी भूकम्पको चपेटामा छन् । नेपालका शहर तथा गाउँहरूमा तीव्ररूपमा भैरहेको जनसंख्या बृद्धि, अव्यवस्थित शहरीकरण तथा वस्ती विकासका कारण भूकम्पीय प्रकोपकों जोखिममा अझ बृद्धि भैरहेको छ । भूकम्पीय प्रकोपलाई हामी रोक्न सक्दैनौं । तर न्यूनीकरणका उपायहरूको अवलम्वनबाट यसको असरलाई कम गर्न सकिन्छ । सुरक्षित निर्माण नै भूकम्पीय जोखिम न्यूनीकरणको अतिउत्तम विकल्प हो । यसका लागि सम्पूर्ण नयाँ संरचनाहरूको निर्माणमा राष्ट्रिय भवन संहिता कार्यान्वयन हुन अतिजरूरी छ । भूकम्पप्रतिरोधी भवन निर्माण प्राविधिक र आर्थिक रूपमा पनि सम्भब छ । अहिलेको विद्यमान निर्माण प्रविधिमा सामान्य सुधार र थप केही खर्च लगानीमा सुरक्षित भवनहरू निर्माण गर्न सकिन्छ । यसका लागि सरकारी तथा स्थानीय निकायहरू, घरधनी, डिजाइनकर्ता तथा निर्माणकर्मीहरूलगायत सम्पूर्ण नागरिक समाज, वडा नागरिक मञ्च, राजनीतिकर्मीहरू लगायतको प्रतिवद्धता सहयोग र सहकार्य अति जरूरी छ ।

## ७.३ जलवायु परिवर्तन र अनुकूलन

**मौसम (Weather):** पृथ्वीको वायुमण्डलमा हरेक दिन परिवर्तन भई रहने तापक्रम, वर्षा, वायुको चाप, आद्रता, आदिको अवस्थालाई मौसम भनिन्छ । यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भईरहन्छ । मौसम आजको भोलि वा अहिलेको भरे पनि फेरिन सक्छ । मौसमी परिवर्तनलाई सजिलै देखिन्छ र अनुभव गर्न सकिन्छ ।

**जलवायु (Climate):** लामो अवधि (करिब ३० वर्ष) को सरदर मौसमको अवस्थालाई जलवायु भनिन्छ । सामान्यतया जलवायु स्थान, ऋतु विशेषअनुसार स्थिर रहन्छ । यसका सूचकहरू (Parameters) मौसमको जस्तै हुन् ।

**जलवायु र मौसममा भिन्नता:** लामो अवधिसम्म रहने 'जलवायु' हो जस्तै जाडो, हिउँद, तातो/ग्रीष्मयाम अनि छोटो अवधिसम्म रहने 'मौसम' हो जस्तै घाम लागेको दिन ।

### जलवायु प्रणालीबारे जानकारी

हाम्रो ग्रहको कुनै पनि ठाउँको जलवायु यी तत्वहरूको सन्तुलनबाट बन्दछ- सूर्य, वायुमण्डल, समुन्द्र, जलमण्डल, वनस्पति, प्राणी र भू-स्थिति । पृथ्वीको जलवायुको चालमा सूर्यले प्रमुख र महत्वपूर्ण असर पारेको हुन्छ । पहाड, समतल, वनजङ्गल र पर्यावरणीय स्थितिसहितको समस्त भू-बनोटले स्थानीय साथै विश्वभरको जलवायुलाई निर्देशित गर्दछ ।

### वायुमण्डल

पृथ्वीको सतह वरिपरि रहेको मिश्रित ग्याँसहरूको पातलो तहलाई वायुमण्डल भनिन्छ । वस्त्रले शरीरको ताप ठीक्क राख्न सघाए जस्तै वायुमण्डलले पृथ्वीको ताप ठीक्क राख्न सघाउँछ । तलतिरको वायुमण्डलमा जलवायु प्रणालीहरू विकसित हुन्छन् । तिनलाई सूर्यको ताप, पृथ्वीको परिक्रमा र पृथ्वीको सतहमा हुने दबावको हेरफेरले प्रभावित पारिरहेका हुन्छन् । पृथ्वीको वरिपरि रहेको हावाको पातलो घेरालाई वायुमण्डल भनिन्छ । हामी यसैबाट सास फेर्छौ । यो ७८% नाइट्रोजनर २१% अक्सिजनले बनेको हुन्छ । बाँकी १% मा हरितगृह ग्याँसहरू सहितको मिहीन ग्याँस हुन्छन् । हरितगृह ग्याँसहरूमा पानीको वाफ, मिथेन, कार्बनडाइअक्साइड, ओजोन, नाइट्रस अक्साइडहरू अनि हेलोकार्बनहरू प्रमुख हुन्छन् । वायुमण्डलमा रहेका यस्ता हरितगृह ग्याँसहरूले पनि काँचघरले जस्तै काम गर्छन् ।

### हरितगृह प्रभाव

हरितगृह ग्याँसहरूको तह छिचोलदै घामको प्रकाश पृथ्वीको वायुमण्डलभित्र पस्छ र पृथ्वीको सतहसम्म पुग्छ । पृथ्वीको स्थल र जलले त्यस प्रकाशमा रहेको तातोपनालाई सोस्छन् । यसरी सोसिएको उर्जा फेरी वायुमण्डलमै फिर्ता आउँछ । त्यस उर्जाको केही अंश अन्तरीक्षमै पनि फिर्ता जान्छ, तर बढी अंश वायुमण्डलको हरितगृह ग्याँसहरूकै जालमा अल्झिन्छ । त्यसले पृथ्वीको ताप बढाउँछ । यही प्रक्रियालाई नै हरितगृह प्रभाव भनिएको हो ।

### जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पार्ने प्रभाव

अत्याधिक पानी भएर खेती गर्ने जग्गा नै जलमग्न भए के होला ? वा लामो समयसम्म पानी नपरे खेती गर्ने किसानले के गर्लान ? खडेरी बढ्दै गएर वनमा भिषण आगालागी हुदाँ अवस्था कस्तो होला ? जलवायु परिवर्तनले समग्र वातावरणीय प्रणालीमा असर पार्छ । मानव जीवनमा नराम्रो असर पार्छ र समग्रमा मानव सभ्यतामै असर पार्छ । उदाहरणको लागि मरूस्थल बन्नुको सोझो सम्बन्ध त्यस स्थानमा हुने न्यून वर्षासँग हुने गर्दछ ।

थाहा भएकै कुरो हो कि पृथ्वी तात्नुको कारण हरितगृह ग्याँस हो । जुन सामान्य अवस्थामा सन्तुलित रहेको हुन्छ तर दुःखको कुरा के छ भने विभिन्न क्रियाकलाप गरेर हामीले हरितगृह ग्याँसको बनावट नै बदलिदिन्छौं र जलवायुको

प्राकृतिक ढाँचा नै विचलित गरिदिन्छौं । त्यही विस्थापनलाई जलवायु परिवर्तन भनिन्छ । जलवायु परिवर्तनले निम्न क्षेत्रहरूमा प्रभाव पार्छ ।

- मानव स्वास्थ्यमा पार्ने प्रभाव । कृषिमा पार्ने प्रभाव । पानीमा पर्ने प्रभाव । जैविक विविधतामा पर्ने प्रभाव

**जलवायु परिवर्तन अनुकूलन :** जलवायु परिवर्तनबाट हुने र हुनसक्ने नकारात्मक असरहरूबाट हुने जोखिम कम गर्न र सकारात्मक प्रभावबाट बढीभन्दा बढी फाइदा लिन प्राकृतिक र मानवनिर्मित प्रणालीहरूमा ल्याइने वा गराइने परिवर्तनलाई अनुकूलन भनिन्छ ।

### अनुकूलन कार्य किन महत्वपूर्ण छ ?

तत्काल जलवायु परिवर्तनका असरहरूलाई कम गर्न र स्थानीय क्षेत्रमा उपलब्ध स्रोत साधनको उचित सदुपयोग गरी जलवायु परिवर्तनको असर कम गर्दै दिगो विकासको बाटोमा अघि बढ्न ।

**अनुकूलनका क्रियाकलापहरू :** बाढी पहिरो नियन्त्रणका क्रियाकलापहरू सञ्चालन गर्ने, आकाशे पानी संकलन, बायो इन्जिनियरिङ्ग, थोपा सिचाई, मूल संरक्षणजस्ता प्रविधि प्रवर्द्धन गर्ने, जनचेतना अभिबृद्धि गरी पूर्व तयारीमा जोड दिने, बाली लगाउने ढाँचामा परिवर्तन गर्ने, परिवर्तित जलवायु र रोगप्रतिरोधी बालीका जात विकास गर्ने, जीवन बीमा, पशु बीमा र बाली बीमाको व्यवस्था गर्ने, स्थानीय, क्षेत्रीय र राष्ट्रिय संयन्त्र र संस्थागत संरचना विकास गर्ने ।

## जलवायु परिवर्तनका सवालहरू सम्बोधनका लागि नेपाल सरकारको प्रयास

### राष्ट्रिय सम्बोधन

जलवायु परिवर्तनको असरलाई कम गरी संकटासन्न समुदायको अनुकूलन क्षमतामा अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकारले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७ जलवायु परिवर्तन नीति, २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा), सन् २०१०

स्थानीय अनुकूलन कार्य योजना (लापा) को राष्ट्रिय संरचना

रेडको पूर्वतयारी प्रस्तावना (रेड आरपीपी),

जलवायु परिवर्तन नीति, सन् २०११

स्थानीय अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय संरचना

स्थानीय अनुकूलन कार्ययोजना स्थानीय तहमा अनुकूलन क्रियाकलापको तर्जुमा र कार्यान्वयनमा प्रभावकारी हुने अपेक्षा राखिएको छ । स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले जलवायु अनुकूलन र समानुकूलनको पक्षलाई स्थानीय तथा राष्ट्रिय योजनामा एकीकृत र समायोजन गर्दै स्थानीय निकायको अनुकूलन क्षमताको बृद्धि गर्दछ । यसले जलवायु अनुकूलन र समानुकूलनको पक्षलाई स्थानीय तथा राष्ट्रिय योजनामा एकीकृत र समायोजन गर्दै स्थानीय निकायको अनुकूलन क्षमताको बृद्धि गर्दछ ।

राष्ट्रिय अनुकूलन कार्यक्रमअनुसार स्थानीय अनुकूलन कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले वेलायत सरकारको अर्न्तराष्ट्रिय विकास विभाग (डिएफआईडि) र युरोपियन युनियन (इयु) को आर्थिक तथा युएनडिपीको प्राविधिक सहयोगमा २०१३ देखि २०१६ डिसेम्वरसम्मका लागि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) सञ्चालन भएको छ । केन्द्रीय तहमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको समन्वयनमा विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले यस कार्यक्रमको नेतृत्वदायी भूमिका खेलेको छ भने जिल्ला तहमा जिल्ला विकास समितिको नेतृत्वमा कार्यक्रम सञ्चालित छ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम नेपालको सुदुर पश्चिमाञ्चल क्षेत्रका ३ वटा जिल्लाहरू अछाम, कैलाली बाजुर र मध्य पश्चिमाञ्चल क्षेत्रका ११ जिल्लाहरू हुम्ला, जुम्ला, डोल्पा, कालिकोट, मुगु, दैलेख, जाजरकोट, रूकुम, रोल्पा, दाङ, बर्दिया गरी जम्मा १४ वटा जिल्लाहरूको ९० गाविस र ७ वटा नगरपालिकाहरूमा १०० वटा स्थानीय अनुकूलन कार्य योजनाहरू तयार भई कार्यान्वयन भैरहेका छन् ।

### अनुकूलन कार्यहरूको प्राथमिकीकरण र योजना तर्जुमा प्रक्रिया

✓ योजना तर्जुमा प्रक्रियामा स्थानीयस्तरका वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सहभागि गराउने ।

✓ जलवायु परिवर्तन हालै पहिचान गरिएको चुनौति भएकोले यसलाई सम्बोधन गर्न के कस्ता कार्यहरू प्रभावकारी हुन्छन्

भन्ने बारेमा अनुकूलन कार्यहरूको पहिचान र सूचीकृतमा सहयोग पुऱ्याउने ।

- ✓ स्थानीय अनुकूलन कार्यहरूको पहिचान र सूचीकृत गरेपछि समस्या तथा चुनौतीको सीमाको आधारमा अनुकूलन कार्यहरूको प्राथमिकीकरण गर्ने ।
- ✓ समुदाय, बसोवास क्षेत्र, गाविस/नपा, वडा आदिका लागि कार्ययोजना तर्जुमा भएको अवस्थामा सर्वप्रथम अति सङ्कटासन्न समुदायका आवश्यकता सम्बोधन गर्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने ।
- ✓ उर्ध्वगामी प्रक्रियाबाट तर्जुमा भएका वडा/वस्ती/टोलस्तरका योजनाहरूको प्राथमिकीकरण गरी गाउँ उर्जा वातावरण तथा जलवायु परिवर्तन समन्वय समितिले गाविसस्तरीय एकीकृत योजना तर्जुमा समितको बैठकमा पेश गर्नेछ । एकीकृत योजना तर्जुमा समितिबाट गाउँ परिषद्मा पेश भै गाउँ परिषद्ले आश्वयक छलफल तथा समायोजन गरी अनुमोदन गर्नेछ । गाउँ परिषद्ले आवश्यकतानुसार जिल्ला परिषद्मा कार्यक्रमहरू पेश गर्न सिफारिस गर्नेछ । यसरी कार्यक्रमको प्राथमिकीकरण गर्दा संकटासन्न समुदाय/घरधुरीहरूले प्रत्यक्ष रूपमा फाईदा पाउने कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्नेछ ।
- ✓ वडा नागरिक मञ्चले कार्ययोजना तर्जुमा र प्राथमिकीकरणमा जनसहभागिता जुटाउन सक्षम तुल्याउने र स्थानीय जवाफदेहिता तथा पारदर्शिताका लागि सहजीकरण गर्दछ । वडा नागरिक मञ्चमा सङ्कटासन्न समुदाय, महिला, दलितलगायत अन्य उपेक्षित समूहहरूको व्यापक प्रतिनिधित्व हुन्छ । देशका सबै गाविस/नपा र नगरपालिकाका सबै वडामै स्थानीय सेवाप्रदायकहरूमार्फत नेपाल सरकारले कार्यान्वयन गरिरहेको सामाजिक परिचालन कार्यक्रम अतिउपेक्षित र अतिविपन्न परिवारहरूको सशक्तिकरणमा केन्द्रित छ । यसरी सशक्तिकरण गर्नुको उद्देश्य आफ्ना प्राथमिकतालाई स्थानीय निकायहरूमा पेस गर्न उपेक्षित र अतिविपन्न परिवारहरूलाई सक्षम तुल्याउनु रहेको छ ।

# भाग - ८

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

## ८.१ लैङ्गिक समानता

### लैङ्गिक समानता भनेको के हो ?

लैङ्गिक समानता भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर, दायित्व र समान लाभ हासिल गरी समान अधिकारको उपभोग गर्न सक्ने अवस्थालाई सम्झनु पर्छ ।

उदाहरण स्वरूप : समान ज्याला, समान मताधिकार, समान रूपमा विकास नियोगहरू, समितिहरू, आयोगहरू, निकायहरूमा प्रतिनिधित्व, समान अधिकारको प्रयोग, समतामूलक दायित्व र उपलब्धिको अनुभव आदि ।

### लैङ्गिक र लिङ्गको भिन्नता

| लिङ्ग/प्राकृतिक (Sex) | लैङ्गिक/सामाजिक (Gender) |
|---|---|
| जन्मजात हुन्छ, त्यसकारण परिवर्तन गर्न सकिदैन | समाजद्वारा निर्मित हुन्छ, त्यसकारण परिवर्तन गर्न सकिन्छ |
| उदाहरण : महिलाले मात्र गर्भधारण गर्न र स्तनपान गराउन सक्छन । शुक्रकीट पुरूषमा मात्र बन्न सक्छ । | उदाहरण : महिला पुरूष दुवै शिक्षक डाक्टर, इन्जिनियर बन्न सक्छन् । महिला पुरूष दुवैले केटाकेटी र बुढापाकाको हेरचाह गर्न सक्छन् । |

**लैङ्गिक समानता (Equality) :** कुनै पनि विभेद नहुनु, सबैलाई बराबरीको अवसर, अधिकार, व्यवहार गर्नु नै लैङ्गिक समानता हो । कुनै पनि व्यक्तिलाई जाति, लिङ्ग, धर्म, बासस्थान र अपाङ्गताको आधारमा भेदभाव नगरी समान दृष्टिले हेर्नु समानता हो । महिला र पुरुषलाई एउटै समान प्राणी वा व्यक्तिका रूपमा व्यवहार गर्नु तथा सबै पक्ष र तहहरूमा बराबर अवसर र बराबर लाभ हासिल भएको अवस्थानै लैङ्गिक समानता हो । जस्तैः आर्थिक समानता, राजनीतिक समानता साथै समान प्रतिनिधित्व आदि ।

**लैङ्गिक समता (Equity):** लैङ्गिक समानता लक्ष हो भने समता लक्षमा पुग्ने एक माध्यम हो । समता भनेको असमानताको आवस्थामा रहेका वर्गलाई समान अवस्थामा ल्याउन गरिने सकारात्मक विभेद र विशेष उपाय हो । कुनै पनि अवसरबाट वञ्चित महिलाहरूलाई गरिने विशेष व्यवहार नै लैङ्गिक समता हो । जस्तै बालिकालाई छात्रावृत्ति, महिलालाई निजामती सेवामा ल्याउन गरिएका सकारात्मक कार्यहरू : क्षमता विकास, आरक्षण र सकारात्मक विभेद आदि लैङ्गिक समता हो ।

**लैङ्गिक खण्डिकृत आँकडा:** महिला, पुरूष, जातजाति, आर्थिक सामाजिक स्थितिको आधारमा छुट्याएको आँकडा ।
**लक्षित समूह:** महिला, बालबालिका, बृद्धबृद्धा, जेष्ठ नागरिक, मधेसी, मुस्लिम, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, क्षेत्रीय, आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वा पारिएका समुदायहरू ।
**अर्थपूर्ण सहभागिता:** व्यक्तिको शारीरिक रूपमा मात्र उपस्थिति नभएर उनीहरूको बिचार वा भावनाको कदर सहितको सक्रिय सहभागिता ।

## लैङ्गिक मूलप्रवाहीकरण के हो ?

कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितीमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई लैङ्गिक मूल प्रवाहीकरण भनिन्छ। राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रका पुरै नीति तथा कार्यक्रमहरूको ढाँचा निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको तहमा महिलाहरू, वञ्चितीमा परेका वर्गहरू साथसाथै पुरूषहरूको पनि सवाल तथा अनुभवहरूलाई समाहित गर्ने रणनीति हो जसले महिला, वञ्चितीकरणमा परेका वर्ग समुदाय सबै समान रूपले लाभान्वित हुन्छन् । यसको अन्तिम लक्ष्य भनेको नै लैङ्गिक समानता प्राप्त गर्नु हो । यो विशेष गरेर लक्षित समूहको समानता तथा अधिकार संरक्षण गर्न विकासका हरेक चरणमा उनीहरूको समान र सक्रिय सहभागिता सुनिश्चित गर्ने प्रक्रिया हो ।

## लैङ्गिक समानता किन आवश्यक छ ?

महिला र पुरूष प्राकृतिक रूपमा र समाजले विभाजन गरेको कार्य सम्पादन गर्ने कार्यशैली, व्यवहार र चाहनामा केही फरक हुने भएकोले उनीहरूको आवश्यकता पनि फरक फरक हुन सक्छन् । हाम्रो समाजमा लैङ्गिक दृष्टिकोणबाट पुरूषको दाजोमा महिलाको अवस्था पछाडी परेको छ। महिलाले बढी काम गर्नुपर्ने, महिला र पुरूषबीच असन्तुलित कार्य विभाजन (महिला र पुरूषले गर्न हुने र नहुने), राजनैतिक तथा आर्थिक साधन र श्रोतमा महिलाको पहुँच र नियन्त्रणमा कमी हुनु, महिलाले गरेका घरधन्दा, खेतीपाती तथा प्रजनन स्याहारका कामलाई सम्मान तथा आयबृद्धि हुने कामको रूपमा मान्यता नदिएका कारण महिलाको अवस्था पछाडी परेको छ । त्यसैले घरपरिवार र समाजमा रहेको श्रोत र साधनमा महिलाको पहुँच तथा नियन्त्रणको स्थिति भेदभावपूर्ण रहेकाले यस्ता विभेदपूर्ण असामनताहरू हटाउन आवश्यक छ जसबाट लैङ्गिक समानताको अवस्थामा सुधार हुनेछ । **विशेषत लैङ्गिक समानतालाई बढवा दिन "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" रहेको छ ।** यस ऐनद्वारा संशोधन भएका मुख्य मुख्य पक्षहरू : (१) सम्पूर्ण ऐनमा रहेका विभेद जन्य शव्दहरू हटाइएको पुरूष मात्र रहेकोमा महिलाहरू पनि उल्लेख छ। (२) सन्तान नजन्मिए अर्को विवाह गर्न पाउने अधिकार हटाएको छ । (३) श्रीमतीलाई पनि श्रीमानबाट जवर्जस्ती करणी हुनसक्ने कुरालाई स्वीकारेको छ । (४) नाबालक छउन्जेल आमा बाबुको सम्बन्धविच्छेद भएपनि बच्चालाई आमाले राख्न पाउने व्यवस्था गरेको छ । (५) कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् । (६) अपुतालीको महलमा हकवाला भनेको सम्बन्धित व्यक्तिको सात पुस्तासम्मको सबैभन्दा नजिकको अंशियार हुन्छ । (७) अपुतालीको सबै चल अचल सम्पत्ति त्यस्तो स्याहार सम्भार गर्नेले पाउँछ भन्ने शब्दहरू राखिएका छन् । (८) लेनदेन व्यवहारले हकवाला भन्नाले छोरीलाई पनि मानेको छ। (९) गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन । (१०) कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउनु हुँदैन । (११) आशय करणीको परिभाषा स्पष्ट तोकी सजायको व्यवस्था गरेको छ। (१२) जबर्जस्ती करणीको परिभाषा प्रष्ट पारेको छ र सजायको किटानी र क्षतिपूर्तिको व्यवस्था गरिएको छ । (१३) पुरूषले अर्को विवाह गर्दा श्रीमती निको नहुने गरी बौलाएको र अंश लिइ भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा श्रीमतीको सहमति लिनु पर्नेछ। (१४) विवाह दर्ता गर्न महिला पुरूष दुबैको उमेर २० वर्ष पूरा भएको हुनु पर्नेछ ।

## सामाजिक रूपान्तरण वा परिचालनमा लैङ्गिक समानताका सवालहरू कसरी स्थापित गर्ने ?

लैङ्गिक समानताका लागि महिलाले अहिले भोगिरहेको अवस्थामा सुधार ल्याउन वा व्यवहारिक आवश्यकता पूरा गर्ने विषयवस्तुमा जोड दिनुपर्दछ । जसले आधारभूत आवश्यकता पूरा गर्दछ र तत्काल सुविधा बढाउन सहयोग गर्दछ । जस्तैः साक्षरता बढाउने, खानेपानी र स्वास्थ्य सेवा पायक पर्ने ठाँउमा व्यवस्था गर्ने, आयमूलक क्रियाकलापमा सहभागि गराई आयअर्जन गर्न सहयोग पुऱ्याउने, सहुलियत ऋणको व्यवस्था गर्ने, सुधारिएको चुलोको व्यवस्था गर्ने जस्ता कार्यले

वर्तमानमा भोगिरहेका कामको बोझ तथा दुःख कम गर्न सहयोग गर्दछ। कार्यबोझमा कमी भएमा महिलाहरूले आफ्नो समय अन्य क्षेत्रमा प्रयोग गरी आयआर्जन र क्षमता अभिबृद्धि गर्न मद्धत गर्दछ।

अर्कोतर्फ महिला र पुरूषको समानताका लागि कानूनी एवम् नीतिगत विभेदहरू हटाउन दीर्घकालीन रणनीतिको आवश्यकता पर्दछ। जसले महिलाको सम्मान, इज्जत, प्रतिष्ठा आदि बढाउने कुरामा जोड दिन्छ। महिला र पुरूषले गर्ने कार्य न्याय संगतरूपमा पुनर्परिभाषित गर्ने, महिलाको श्रोत साधन र पहुँचमा नियन्त्रण, लैङ्गिक तथा घरेलु हिंसा, यौन हिंसा, समान काममा समान ज्यालाको व्यवस्था आदि दीर्घकालीन रणनीतिका बारेमा पनि वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको बैठकमा छलफल चलाउन आवश्यक हुन्छ।

### लैङ्गिक उत्तरदायी बजेट भनेको के हो ?

**लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्धरुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो।**

### लैङ्गिक उत्तरदायी बजेटका मान्यता र विशेषताहरू

लैङ्गिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै बजेट नभई बजेटका सबै उपलब्धीमा महिला/पुरूषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हो।

- लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक समानताको नीति एवं समष्टिगत आर्थिक नीतिबीच सम्बन्ध स्थापित गर्दछ।
- लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाले महिला र पुरूषमा बजेटले पार्ने प्रभावको विश्लेषण गर्नुको साथै बजेट तर्जुमा गर्दा लैङ्गिक पक्षको समायोजन (integration) को सुनिश्चितता गर्दछ।
- लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक मूलप्रवाहीकरणलाई बढी अर्थपूर्ण बनाउँछ।
- बजेटको सबै प्रक्रिया र यसले पार्ने प्रभाव लैङ्गिक रूपमा तटस्थ हुदैन। बजेटको अनुमान, स्रोतको खोजी तथा संकलन र खर्च गर्ने प्रक्रियाजस्ता सबै पक्षमा यो तथ्य लागू हुन्छ। विकासका विभिन्न साझेदारहरूको लगानीलाई लैङ्गिक समानताको परिणामतर्फ डोऱ्याउन लैङ्गिक उत्तरदायी बजेट उपयोगी हुन्छ।

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा विधिको प्रयोग गर्दा मुख्यतया ५ वटा सूचकहरू र त्यसको अंकभार विश्लेषण गर्नु जरूरी हुन्छ। ती सूचकहरू यसप्रकार छन :

| क्र.सं. | सूचकहरू | अंकभार |
|---|---|---|
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| २ | महिलाहरूको क्षमता अभिबृद्धि | २० |
| ३ | कार्यक्रममा महिलालाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जन अभिबृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |
| | **जम्मा** | **१००** |

नोटः महिला भन्नाले सबै वर्ग, जातजाति र धर्मका जो पिछडिएका, वन्चितीकरणमा परेका साथै आर्थिक अवस्था कमजोर वर्गलाई सम्झनु पर्दछ।

स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा विधिको प्रयोग सहभागितामूलक वार्षिक योजना (१४ चरणको योजना) तर्जुमा गर्दा गा.वि.स.मा वडा तहदेखि र नगरपालिकामा टोल तहदेखि गर्नु जरूरी हुन्छ। योजना तर्जुमाको १४ वटै चरणहरूमा प्रयोग गरी प्राथमिकीकरण गर्दै जानु पर्दछ। स्रोतको विनियोजन गर्दा स्रोतको अभाव देखिन आएमा सबैभन्दा बढी अङ्कभार भएका कार्यक्रमहरूलाई बढी प्राथमिकता दिने र कम अङ्कभार भएका कार्यक्रमहरूलाई हटाउदै जानु पर्दछ। यो प्रक्रिया जि.वि.स., न.पा. र गा.वि.स र उक्त निकायहरूको अगुवाईमा आयोजना हुने सहभागितामूलक वार्षिक योजना तर्जुमा प्रक्रियामा सहभागि हुने सबै निकायका सम्पूर्ण कार्यक्रम

र योजना/आयोजनाहरूमा लागू गर्नु पर्दछ । । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा सम्बन्धी विस्तृत जानकारी स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको राष्ट्रिय कार्यक्रम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको **website** मा उपलब्ध छ ।

## ८.२ सामाजिक समावेशीकरण

सामाजिक समावेशीकरण यस्तो प्रक्रिया हो, जसले समाजमा रहेका वञ्चितवर्गलाई समाजको मूलपब्राहमा ल्याउनको लागि देखपर्ने अवरोधहरूलाई हटाई उनीहरूलाई सामाजिक एवं विकासका कार्यक्रममा सहभागि गराइ फाइदा पुऱ्याउछ । समावेशीकरणले वञ्चितीमा परेका महिला र पुरूषको अस्तित्वको स्वीकारोक्तिसँगै उनीहरूका आवश्यकता र सवाललाई सम्बोधन गरेको हुन्छ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण के हो ?

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महिला तथा पुरूष र विभिन्न सामाजिक समूहहरूबीचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

### सामाजिक समावेशीकरण किन आवश्यक छ ? कसरी समावेशीकरण गर्ने ?

सबै नागरिकको पहिचान, प्रतिनिधित्व, सहभागिता र अधिकार सुनिश्चित गर्न । सबै नागरिकहरूलाई विकासको मूलप्रवाहीकरणमा ल्याइ सबैको योगदान प्राप्त गर्न । सबैखाले विभेद तथा द्वन्द्वको अन्त्य गर्न र सन्तुलित विकास प्राप्तीका लागि सामाजिक समावेशीकरणको आवश्यकता छ । हाम्रा समुदायहरूमा समाजिक रूपमा सबै अवसरबाट बञ्चित भएका समूह एवम् समुदायहरू प्रशस्त छन् । जवसम्म ती वर्गहरू विकासको मूलधारमा समाहित हुदैनन् तवसम्म सन्तुलित सामाजिक विकास सम्भव छैन । राज्यले तोकेको लक्षित वर्ग वा पछाडी परेका वर्गलाई समुदायस्तर जस्तै : वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, विभिन्न विकास निर्माण समितिहरू तथा उपभोक्ता समितिहरूमा अनिवार्य प्रतिनिधित्व गराउने, स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा सहभागिता, कार्यान्वयनमा सहभागिता र प्रतिफल उपभोगमा पनि यो वर्गको सहभागितको सुनिश्चितता गर्न आवश्यक छ । वञ्चित वर्गलाई हेर्ने दृष्टिकोण सकरात्मक बनाउने, समतामूलक तरिकाले सेवा र सुविधा उपलब्ध गराउने कार्यले समावेशीकरणलाई सहयोग पुग्दछ । तसर्थ सामाजिक परिचालनको प्रक्रियामा स्थानीयस्तर देखिनै सामाजिक समावेशीकरणको नीतिलाई अवलम्वन गरिरहेको अवस्थामा यसलाई प्रभावकारी एवम् नतिजामूलक बनाउन आवश्यक छ ।

### सामाजिक समावेशीकरण गर्ने केही उपायहरू निम्नानुसार रहेका छन् ।

- समुदायमा वञ्चितीकरणमा परेकाहरूको पहिचान गर्ने ।
  - को, को वञ्चितीकरणमा परेका छन् ?
  - के के कारणले परेका छन् ?
  - वर्तमान अवस्था कस्तो छ ?
  - समूह, संस्था वा कार्यक्रममा तिनीहरूलाई समावेश गर्ने, नीति बनाउने र त्यसको इमान्दारीपूर्वक कार्यान्वयन गर्ने ।
  - विकासका हरेक क्रियाकलापमा उनीहरूको सहभागिता बढाउने ।
  - हरेक कार्यक्रम र त्यसको प्रतिफलमा खण्डिकृत तथ्याङ्क लिएर अनुगमन गर्ने र आवश्यक सुधार गर्ने ।
- वञ्चितीकरणमा परेकाहरूलाई समावेश गर्ने स्पष्ट नीतिहरू निर्माण गर्ने ।
- वञ्चितीकरणमा परेका र पारिएकाहरूलाई योजना तर्जुमा सम्बन्धी नीतिहरूको पहिचान, समुदाय सचेतीकरण तथा कार्यान्वयनका लागि वकालत गर्ने ।
- वञ्चितीकरणमा परेकाहरूको संगठन विकास, सुदृढीकरण र संस्थागत क्षमताको अभिबृद्धि गर्ने ।
- उनीहरूलाई नीति निर्माण तहमा सहभागि गराउन सहयोग गर्ने कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने ।
- वञ्चितीकरणमा पारिएकाहरूको पक्षमा नीति निर्माण गर्न राज्यलाई दवाब तथा सहयोग दिने ।
- गरिबी निवारण रणनीति अनुसार कार्य भएनभएको अनुगमन गर्ने सूचक तयार गरी सोअनुसार अनुगमन प्रक्रियाको अवलम्बन गर्ने ।
- परिर्वतनका वाहक जस्तै सामुदायिक संस्थाहरू, निजी क्षेत्रका संघसंस्थाहरू, नागरिक वकालतसम्बन्धी कार्य गर्ने

गै.स.स.हरू, सञ्चार, प्रेस, पेशेवर संगठनहरू, अनुसन्धान गर्ने समूहहरूसँग सामाजिक समावेशीकरणको लागि सहकार्य गर्ने । साथै सरकारी निकायहरूसँग नीति निर्माणका लागि आवश्यक सुशासन र आर्थिक पक्षमा सुधार ल्याउन सहयोग गर्ने ।

- वञ्चितीकरणमा परेका वर्गहरूको स्रोत तथा सेवाहरूमा पहुँच र नियन्त्रण अवस्थाको अध्ययन गरी गरिबी निवारण कार्यक्रममा पहुँचको स्थितिमा सुधार ल्याउन सहयोग गर्ने ।
- स्रोत परिचालनमा स्रोत सहयोग गर्ने निकाय तथा संस्थाहरूले वञ्चितीकरणमा परेका वर्गहरूका कार्यक्रम प्रति लचिलो संयन्त्र निर्माण गर्ने ।
- गरीब तथा वञ्चितीकरणमा परेका वर्गको नागरिक वकालतका लागि सञ्चार माध्यमसँग सहकार्य गर्ने ।

नोट : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी विषयमा विस्तृत जानकारीको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय प्रशिक्षण स्रोत पुस्तिका, २०७० स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको राष्ट्रिय कार्यक्रम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको **website** मा उपलब्ध छ ।

## ८.३ लैंङ्गिक हिंसा के हो ?

लिङ्गको आधारमा अर्थात् बालिका वा महिला भएको कारणले घरभित्र वा घरबाहिर उनीहरूमाथि गरिने मानसिक शारीरिक, यौनजन्य दुर्व्यवहारसम्बन्धी हिंसा नै लैङ्गिकतामा आधारित हिंसा हो । महिलालाई कुटपिट गर्नु, एसिड खन्याउनु, जलाउनु, छोराको चाहनाले स्त्री भ्रुणको हत्या, बलात्कार, मानसिक यातना, बालविवाह, बहुविवाह, दाइजोको निहुमा महिलालाई जलाउने, यौनकार्यको लागि महिलाको बेचबिखन, बोक्सीको नाममा दिइने यातना, छाउपडी, घरभित्र वा कार्यस्थलमा हुने यौन दूर्व्यवहार आदिलाई लैङ्गिकतामा आधारित हिंसाको रूपमा लिन सकिन्छ । यसै गरी छात्रा तथा किशोरीहरूलाई बाटोमा जिस्काउने, सार्वजनिक सवारी साधन वा सार्वजनिक स्थानमा गरिने दूर्व्यवहारहरू तथा विद्यालयमा बालिकालाई गरिने यौन दूर्व्यवहारलाई पनि यसै श्रेणीमा राखिन्छ ।

नेपालको सन्दर्भमा महिलामाथि गरिने शारीरिक, मानसिक, सामाजिक, आर्थिक र यौनिक दूर्व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ । लैङ्गिक हिंसा शब्दले व्यक्तिको इच्छाविरूद्ध महिला र पुरूषको शक्ति असामनताको कारणले हुने कुनै पनि हानी नोक्सानीलाई जनाउँछ । संसार भरीनै लिंङ्गको आधारमा हुने हिंसा महिलाको विरूद्धमा हुने हिंसा बुझाए पनि केही पुरूषहरू समेत लैङ्गिक हिंसामा परेको पाइन्छ ।

### लैङ्गिंक हिंसाका प्रकारहरू के के हुन ?

घरेलु हिंसा, बलात्कार, यौन दूर्व्यवहार, मानव बेचबिखन, जर्वजस्तीकरणी, बोक्सीको आरोपमा यातना, दाइजोको नाममा दिने यातना र परमपरागत प्रचलनहरू बालविवाह, बहुविवाह, बहुपती, छाउपडी, वादी, देउकी, जार प्रथा आदि इत्यादी ।

### घरेलु हिंसा के हो ?

घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

सामाजिक रूपमा हुने यसप्रकारका हिंसा वा सामाजिक विकृतिहरूले सामाजिक रूपान्तरणमा बाधा पुऱ्याएका हुन्छन् । तसर्थ यस प्रकारका घट्नाहरू हुन नदिन बारम्बार सम्बन्धित समुदायमा छलफल गरी यसले व्यक्तिलाई समाजमा पार्न सक्ने असरका बारेमा सामाजिक परिचालकले वडा नागरिक मञ्चको बैठक, रिफलेक्ट कक्षा र स्थानीय निकायमा जानकारी दिन जरूरी छ । सामाजिक रूपमा हुने विकृति र हिंसासँगै रूपान्तरणीय सामाजिक परिचालन सम्भव छैन । त्यसैले स्थानीयस्तरमा समाज रूपान्तरणका लागि सामाजिक परिचालकको भूमिका महत्वपूर्ण रहन्छ ।

### यौन हिंसापश्चात् महिलाको स्वास्थ्यमा निम्न समस्या र जोखिमहरू हुन सक्छन

- अनिच्छित गर्भाधारण हुने ।
- असुरक्षित गर्भपतन गर्नुपर्ने अवस्था आउन सक्ने ।
- यौन रोगहरूका साथै एच.आइ.भी.एड्स सर्न सक्ने ।
- शारीरिक तथा यौनाङ्गमा चोटपटक लाग्ने ।

- तल्लो पेटको सङ्क्रमण हुने ।
- मनोवैज्ञानिक असर पर्ने जस्तै : आत्म बलमा कमी, निन्द्रा र भोक नलाग्ने, नैराश्यता ।
- हीनताबोध हुने, एक्लोपनको अनुभूति, आफूलाई दोषी देख्ने, डर र चिन्ता ग्रस्त हुने । आदि ।

## यौन हिंसा भएमा स्वास्थ्य सेवा कहाँबाट लिनुपर्छ ?

यौन हिंसा त्यसमा पनि खासगरी बलात्कार र हाडनाता करणी भएको अवस्थामा पीडितलाई अनिच्छित गर्भाधारण तथा यौन रोग र एच.आइ.भी. एड्सबाट जोगउन र प्रमाणहरू नष्ट हुन नदिन समयमै सुविधायुक्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गर्नुपर्दछ । उपलब्ध स्वास्थ्य सेवाको आधारलाई हेर्दा पीडितले सबैभन्दा नजिकको जिल्लास्तरको अस्पतालमा यी सेवाका लागि जानु पर्दछ ।

## यौन हिंसा भएमा कहिले र कति समयभित्र स्वास्थ्य सेवा लिनुपर्छ ?

यौन हिंसामा परेको पीडितलाई अनिच्छित गर्भाधारण तथा यौन रोग र एच.आइ.भी. एड्सबाट जोगउन र प्रमाणहरू नष्ट हुन नदिन सुविधायुक्त स्वास्थ्य संस्थामा सकेसम्म तुरुन्तै जानु पर्दछ । अनिच्छित गर्भाधारण हुन नदिन ढिलोमा ५ दिन (१२० घण्टा) भित्र आकस्मिक गर्भ निरोधक औषधि लिइसक्नु पर्दछ । त्यसैगरी यौन रोग तथा एच. आइ. भी. एड्सबाट बचाउनका आगि दिइने औषधिका लागि ढिलोमा ३ दिन (७२ घण्टा) भित्र सुविधा युक्त अस्पतालमा पुगिसक्नु पर्छ ।

## स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम कार्यान्वयनमा सामाजिक परिचालकको मुख्य मुख्य भूमिकाहरू के के हुन्छन् ?

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम कार्यान्वयनमा सामाजिक परिचालकको प्रमुख भूमिका निम्न अनुसार रहनेछन् ।**

(क) नगरपालिका एवम् गाविसका सबै कार्यक्रमहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन सहयोग गर्ने । साथै, केही योजना/कार्यक्रमहरू यस्ता लक्षित समुदाय (स्थानीय अवस्था हेरी महिला, आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग लगायत पछाडी परेका समुदाय) मार्फत नै सञ्चालन गर्ने र कार्यक्रमबाट पूर्ण लाभान्वित वर्ग लक्षित समुदाय नै रहने रणनीति लिन स्थानीय सरकारलाई सहयोग गर्ने ।

(ख) नगरस्तरीय एवम् गाविसस्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको नियमित बैठक राख्न सहयोग एवं यी समितिहरूको भूमिका नगर र गाविसको विकासको लागि प्रभावकारी बनाउन सहयोग गर्ने ।

(ग) गाउँ विकास समिति तथा नगरमा वडास्तरीय खण्डीकृत तथ्याङ्क संकलन गरी वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने ।

(घ) महिला तथा सामाजिक एवं आर्थिक रूपमा पछाडी परेका वर्गहरूको स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागि सरोकारवालाहरूलाई आवश्यक सूचना तथा विवरणहरू उपलब्ध गराउने ।

(ङ) लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७२ मा उल्लेख भएअनुसार लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधि प्रयोग गरी स्थानीय तह (नगर र गाविस स्तरीय) को सहभागितात्मक योजना तर्जुमाका सबै चरणहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्न सहयोग गर्ने । सो विधिमा उल्लेखित सूचक अनुसार योजना तर्जुमा र कार्यान्वयन गराउन सहयोग गर्ने ।

(च) सामाजिक परिचालकले योजना तर्जुमा गर्दाको चरणमा हेर्नुपर्ने कुराहरू जस्तै : के योजना तर्जुमा गर्दा लक्षित समूह : महिला, आदिवासी, जनजाति, मधेसी, मुस्लिम तथा वञ्चितीकरणमा परेका वर्ग, महिला, जेष्ठ नागरिक, अपांङ्ग तथा बालबालिकाको भावना, चाहना एवम् आवश्यकता समेटिएको छ ? के हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा वच्चितीकरणमा परेका समूहहरूलाई समावेशीकरण र यी वर्गहरूको सशक्तिकरण गर्नलाई मुख्य रूपमा योजना बनाइएको छ ? के महिला तथा वञ्चितीकरणमा परेका समूहको सक्रिय सहभागितामा मात्र योजना तर्जुमा, विकास निर्माणका निर्णयहरू हुने गरेको छ ? आदि लगायत कुरामा विशेष ध्यान दिई कार्य गर्नु पर्नेछ ।

(छ) सामाजिक परिचालकले योजना कार्यान्वयन गर्दाको चरणमा हेर्नुपर्ने कुराहरू जस्तै : के उपभोक्ता समिति गठन गर्दा समावेशी ढंगबाट भएको छ ? के उपभोक्ता समितिमा कम्तिमा पनि ३३% महिला हुनुपर्ने साथै अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कम्तीमा पनि एक पदमा महिला हुने व्यवस्था गरिएको छ ? के योजनामा भएअनुसार

कार्यक्रम कार्यान्वयन भैराखेको छ ? के संस्थागत लेखाजोखाको लागि स्थानीय निकायाहरूमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि प्रयोग गरिने गरेको छ ? के योजनामा भएअनुसार नै लक्षित समुदायको उपस्थितिमा कार्यक्रम भएको छ ? के कुनै पनि लाभ वितरण वा कार्यक्रममा सामाजिक समावेशीकरणको लागि सकारात्मक विभेदको सिद्धान्त अपनाएको छ ? के उनीहरूको सवाल हित र चाहनाहरू सुनिराखिएको छ ? के उनीहरूको प्रतिनिधित्वको प्रतिशत सुनिश्चित गरिएको छ ? के हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा वच्चितीकरणमा परेका समूहहरूको समावेशीकरणलाई महत्व दिई उनीहरूको आवाजको सही सुनुवाई एवम् सम्बोधन हुने गरेको छ ? भन्ने कुरामा विशेष ध्यान दिई कार्य गर्नु पर्नेछ ।

(ज) नगर र गाविसस्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) कार्यक्रम प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नपा तथा गाविसको पूँजीगत बजेट कम्तिमा १०% महिलाहरूलाई, १५% पछाडी परेको लक्षित समुदाय र १०% बालबालिकाहरूका लागि बजेट विनियोजन गर्न र सोहीअनुसार लक्षित वर्गको विकासका लागि खर्च गर्न सहयोग गर्ने ।

(झ) नागरिक सचेतना केन्द्रमा महिला हिंसा रोकथाम गर्न र पछाडी परेका वर्ग एवम् महिलाहरूको विकास के कसरी गर्न सकिन्छ त्यस कार्यलाई सहयोग गर्ने ।

(ञ) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरूको लैससास विषयमा क्षमता विकास गर्न सहयोग गर्ने । महिला तथा वञ्चितीकरणमा परेको वर्गका लागि नेतृत्व विकासका तालिम तथा कार्यक्रम ल्याउने । महिला तथा पछाडी परेका वर्गको जीविकोपार्जनका लागि आवश्यक स्रोत, साधन तथा सेवाहरूमा योग्दान पुऱ्याउन समूहको पहुँच बढाउने । महिला तथा पछाडी परेका वर्गहरूको क्षमता विकासका लागि बजेटको व्यवस्था गरिनु पर्ने आदि कुरामा ध्यान दिनु पर्नेछ ।

(ट) नगर र गाविस स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने । महिला तथा पछाडी परेको वर्गहरूको विकासमा प्राथमिकतासाथ कार्य गर्ने । नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका अरू स्थानीयस्तरमा रहेका संस्थामा पनि उनीहरूको पहुँच बढाउन जोड दिने ।

(ठ) सामाजिक परिचालकहरूले नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चको बैठकमा बालविवाहसम्बन्धी सवालहरूमा छलफल चलाउने तथा बालविवाहका कारण तथा असरहरू बारे वृक्ष विश्लेषण विधिबाट विश्लेषण गर्न सहजीकरण गर्ने र यसको समाधानका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(ड) सामजिक परिचालकले समुदायमा प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरू जस्तैः प्रशव वा गर्भअवस्थाका जटिलताबाट मातृमुत्यु, धेरै सन्तान हुने, परिवार नियोजन, असुरक्षित गर्भपतन, गर्भवती तथा सुत्केरी आमाहरूलाई आवश्यक पोषिलो आहार तथा स्याहार, आङ्ग खस्ने समस्या, महिला सुत्केरी सेवाजन्य कुरीतिहरू साथै प्रजनन स्वास्थ्यको ज्ञान तथा प्रजनन स्वास्थ्य अधिकार आदि विषयमा छलफल उठान गरी विश्लेषण गर्न सहजीकरण गर्ने । यस्ता सवालहरूको समाधानका लागि कार्ययोजना, सचेतीकरण, सेवाको उपयोग तथा स्थानीय सेवाप्रदायक अन्तरक्रिया गर्न सहयोग तथा वकालत गर्ने ।

(ढ) सामाजिक समस्या जस्तैः कुप्रथा, परम्परा, बालविवाह, लैङ्गिक हिंसा, छुइ, छाउपडी, छुवाछुत, बोक्सी तथा भेदभावजन्य सामाजिक चलनहरूको पहिचान र त्यसको समाधान गर्नको लागि गरिएका स्थानीय प्रयासमा सहयोग तथा आवश्यक योजना तयारी र कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(ण) नगर र गाविसस्तरीय सम्पूर्ण विकासका कार्यहरू लैङ्गिक एवं समावेशीमैत्री छ छैन ? प्रभावकारी अनुगमन गर्ने एवम् गर्न सहयोग गर्ने । उदारणको लागि जस्तै हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा वच्चितीकरणमा परेका वा लक्षित वर्गको समावेशीकरण योजना अनुसार कार्यक्रम भयो कि भएन वा उनीहरू कस्तो महशुस गर्दछन् ? लक्षित वर्गलाई छुट्याइएको बजेट वास्तवमै उनीहरूको लागि खर्च भएको छ की छैन ? कार्यक्रमले समुदायमा रहेका मानिसहरूको सोंच व्यवहारमा सकारात्मक परिवर्तन ल्यायो कि ल्याएन ? नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चको निर्णयबाट आएका योजनाहरूको कार्यान्वयन भएको छ की छैन भन्ने आदि लगायतका विषयमा ध्यान दिनु पर्नेछ । साथै योजनाहरूबाट महिला तथा पछाडी परेका वर्गहरू लाभान्वित भएका छन त भन्ने विषयमा सधैं ध्यान दिनुपर्नेछ ।

## ८.४ बालविवाह

सामाजिक परिचालकहरूले नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चको बैठकमा बालविवाहसम्बन्धी सवालहरूमा छलफल चलाउने तथा बालविवाहका कारण तथा असरहरू बारे वृक्ष विष्लेषण विधिबाट विश्लेषण गर्न सहजीकरण गर्ने । बालविवाह हुन नदिन कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

**बालविवाहका कारण र असरहरू :** शारीरिक रुपमा परिपक्व नभई यौन सम्पर्क राख्नुपर्ने, गर्भनिरोधक साधनहरुको बारेमा जानकारी नहुने, जोखिमपूर्ण गर्भावस्था हुन सक्ने/कम तौलको बच्चा जन्मिने, बच्चा र आमा दुवैको मृत्यु हुन सक्ने, पाठेघर खस्ने बढी सम्भावना हुने, विभिन्न यौनजन्य सङ्क्रमणहरु हुन सक्ने, असुरक्षित गर्भपतन हुन सक्ने, विद्यालयको औपचारिक शिक्षाबाट वञ्चित हुनुपर्ने, घरेलु हिंसामा पर्न सक्ने, सानै उमेरमा बाबुआमाको जिम्मेवारी वहन गर्नुपर्ने, बढी सन्तान हुने, सामाजिक कार्यहरूमा सहभागी हुन नपाउने, जीविकोपार्जनमा समस्या हुने, गरिबीको दुश्चक्रमा फस्न सक्ने ।

### बालविवाह न्यूनीकरणका सूचकहरू

- बालविवाह गर्नेको संख्यामा कमी आएको ।
- बालविवाह अन्त्य गर्न परिवार, नागरिक समाज तथा राजनैतिक तहमा तयार गरिएका व्यक्तिगत तथा सामूहिक प्रतिबद्धताहरू ।
- बालविवाहका विरूद्धमा समाजमा सामूहिक अभियान सञ्चालन भएको ।
- बालविवाहमा रोक लगाईएको, बालविवाह गर्नेलाई दण्ड सजाय दिने गरिएको ।
- बालविवाह मुक्त वडा गा.वि.स. तथा न.पा घोषणा गरिएको ।
- बालविवाह वा यस्ता परमपरा प्रथा विरूद्ध रणनीतिक योजना तयार गरिएको ।
- किशोरावस्थाको गर्भवती संख्यामा कमी आएको ।

### प्रजनन स्वास्थ्य

प्रजनन स्वास्थ्य भनेको प्रजनन प्रणाली, प्रजनन अंग र यसका कार्य तथा प्रक्रियाहरूसँग सम्बन्धित सबै कुराहरूमा खाली कुनै रोग वा कमजोरी नभएको अवस्था मात्र नभई पूर्ण रूपमा शारीरिक, मानसिक तथा सामाजिक सम्बृद्धिको एक अवस्था हो । प्रजनन स्वस्थ्य अन्तर्गत परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु स्याहार, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याको रोकथाम तथा उपचार, यौन रोग, एच.आई.भी. र एड्स, बाँझोपनको रोकथाम तथा उपचार, किशोर किशोरीहरूको प्रजनन स्वास्थ्य, प्रौढ महिलाका प्रजनन स्वास्थ्य समस्या, लैङ्गिकतामा आधारित हिंसा आदि पर्दछन् । सामजिक परिचालकले समुदायमा प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरू जस्तै प्रशब वा गर्भअवस्थाका जटिलता, मातृमृत्यु, परिवार नियोजन, असुरक्षित गर्भपतन, धेरै सन्तान जन्माउँदा हुने शारीरिक र मानसिक कष्ट एवम् सन्तानको बोझ आदि विषयमा छलफल गरी समस्या समाधान गर्न कार्ययोजना, स्थानीय सेवाप्रदायक अन्तरक्रिया, सचेतीकरण, अभिमुखीकरण, वकालत, प्रजनन स्वास्थ्य सेवाको उपयोगलगायत विषयहरूमा टोल वस्ती, समुदाय, वडा, गाविस तथा नगरपालिकाका नागरिकहरूलाई जानकारी दिई सशक्तिकरण गर्नुपर्दछ ।

### प्रजनन स्वास्थ्यका सूचकहरू

- १५ देखि २४ वर्ष उमेर समूहका युवा युवतीहरूमा एच.आई.भी. एड्स सर्ने (*असुरक्षित यौन सम्पर्क, रगत लिंदा, सूई लगाउदा तथा छाला छेडने र टाटु बनाउने औजारहरू निर्मलीकरण नगरी अर्को व्यक्तिले प्रयोग गरेमा, गर्भवती आमाबाट बच्चामा*) तरिकाहरू बारे ज्ञान ।
- परिवार नियोजनका साधन अपनाउनेहरूको प्रतिशत ।
- प्रजनन उमेरका विवाहित महिला मध्ये परिवार नियोजनको आवश्यकता पूरा नभएको सङ्ख्या ।
- आङ्ग खस्ने समस्या हुने महिलाको संख्या र किशोरावस्थाको जन्म दर ।
- रेट्रोभाइरल प्रतिरोधी सघन उपचार प्राप्त गर्ने चरम एचआइभी सङ्क्रमित जनसङ्ख्याको प्रतिशत ।
- गर्भवतीले ४ पटक सुत्करीपूर्वको जाँच र ३ पटक सुत्केरीपछिको सेवा लिनेको संख्या ।
- संस्थागत तथा दक्ष प्रसूतीकर्मीको सहयोगमा सुत्केरी हुनेको संख्या ।
- सबै प्रजनन उमेरका महिलाहरू, नवजात शिशु तथा बालबालिकाहरूले आवश्यक खोप लगाउनेहरूको संख्या ।
- सुत्केरी सेवाजन्य कुरीतिहरू (कपाल मुखमा राखी बल गर्न लगाउने, खरानी पानी खुवाउने, श्रीमानले स्याहार गर्न नहुने "अशुद्ध" हुन्छन् भनेर सुत्केरी हुने बित्तिकै महिलालाई अलग्याउने, छाउपडी सहित महिलाका लागि हानिकारक परम्परागत चलनहरु लगायत सबै किसिमका लैङ्गिक विभेद आदि) को व्याप्तता ।

# भाग-९
# लक्षित समूहहरुलाई उपयोगी कार्यक्रम तथा आयोजनाहरू

## ९.१. महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूको सूची

### (क) पूर्वाधार विकास

**स्वास्थ्य तथा सरसफाई :** प्रसुतीगृह निर्माण तथा मर्मत सुधार, प्रसुती एवं स्वास्थ जाँचका लागि आवश्यक पर्ने सामाग्री,

**खानेपानी तथा सरसफाई :** इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण मर्मत र सम्भार, विपन्न वर्गका महिलाहरुको कार्यबोझ घटाउने किसिमका आयोजना जस्तै बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, पानी घट्ट, खाद्य प्रशोधन आदि आयोजनाहरु, हिंसा पिडित महिला र किशोरीको लागि अस्थायी आवास गृह निर्माण र मर्मत सुधार, अपाङ्ग महिलाहरु र किशोरीहरुको लागि सहयोग पुग्ने आयोजनाहरु जस्तै : छात्राबास, स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपुरक कोष ।

### (ख) सामाजिक/क्षमता विकास

प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम, पाठेघर सम्बन्धी समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम, छाउपडी प्रथा विरूद्ध जनचेतना जगाउने कार्यक्रम, एच.आई.भी/एडस् सम्बन्धी जनचेतना जगाउने कार्यक्रम, महिलाहरूको लागि लोक सेवा तयारी कक्षा सञ्चालन, बैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास, स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गर्ने विकास कार्यको समय सीमा, कार्य पद्धति (योजना तर्जुमा, कार्यान्वयन, अनुगमन), महिला सम्बन्धी विभिन्न नीतिगत प्रावधानहरू बारेमा जानकारी दिने कार्यक्रम, महिला नेतृत्व विकास, सशक्तिकरण (सामाजिक, राजनैतिक, आर्थिक) कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्बन्धी कार्यक्रम, महिला साक्षरता सम्बन्धी कार्यक्रम, किशोरीहरूको लागि जीवन उपयोगी सीप, महिला सहकारीहरूको क्षमता विकासको लागि सहयोग (जस्तै प्रस्तावना लेखन सम्बन्धी तालिम, नेतृत्व विकास आदि), महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयंसेविकाहरूलाई क्षमता अभिबृद्धि एवम् प्रोत्साहन पुरस्कार, गरीब महिला सामुदायिक संस्थाहरूलाई गाउँ विकास समिति अनुदान सम्बन्धी अनुशिक्षण तालिम, लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त तथा महिला विरूद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्बन्धी कार्यक्रम, महिला सम्बन्धी मानव अधिकार, नीति, कानुन आदि बारे चेतना अभिबृद्धि कार्यक्रम (जस्तैः बालविवाह, छाउपडी, बहुविवाह, जारीप्रथा आदि), महिला सञ्जाल, समुदायिक संस्था र सहकारी संस्थाहरूको महिलाहरूको नेतृत्व विकास र विकासमा पहूँच बृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना र सञ्चारमा महिलाहरूको सहभागिता र पहुँच बृद्धि गर्ने कार्यक्रम (जस्तैः किशोरीहरूलाई पत्रकारिता, कम्प्यूटर सम्बन्धी विस्तृत तालिम, महिला तथा किशोरीहरूको सामुदायिक संस्था तथा सहकारीहरूको बचत तथा लेखा व्यवस्थापनमा क्षमता विकास, जीवनउपयोगी शिक्षा आदि), विपन्न वर्गका महिलाहरूको लागि क्षमता विकास कार्यक्रम (समूह निर्माण, लघुउद्यम विकास योजना तर्जुमा जस्तैः करेसावारी, फलफूल प्रशोधन, कम्पोस्टिङ्ग, सिलाईकटाई, कम्प्यूटर, रेडियो, होटेल व्यवस्थापन तथा मोवाईल मर्मत आदि ।

### (ग) आर्थिक/सीप विकास

**कृषिमा आधारित :** कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफूल खेती विकास, माटो सुधार, बीउ बिजन, उन्नत प्रविधिको विस्तार, हाट हटियाको व्यवस्थापन, प्रर्वद्धन कार्यक्रम, महिलाहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्बन्धी क्रियाकलापहरू ।

**गैर कृषिमा आधारित :** घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनीकरण गर्ने, गरीव महिलाहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू, गरीव महिलाहरूको सामुदायिक संस्थाहरूलाई स-साना आयआर्जनमूलक कार्यक्रमहरूका लागि कोषको सहयोग ।

### (घ) संस्थागत विकास

स्वास्थ्य चौकी एवं उपस्वास्थ्य चौकीहरूको संस्थागत सुधारका कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति, महिला सञ्जाल, लैङ्गिक निगरानी समूह, कानूनी उपचार तथा सहायता समिति, महिला सहकारी संस्था, सामुदायिक संस्था/महिला समूहहरूका संस्थागत सुधारका कार्यक्रम, गरीब महिलाहरूको सामुदायिक संस्था गठन तथा विस्तारमा सहयोग आदि ।

स्थानीय निकायहरूले जिल्लाको बार्षिक कार्यक्रम तर्जुमा गर्दा स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ मा उल्लेख गरिएको सूचकहरूका आधारमा कार्यक्रमहरू तय गर्नु पर्दछ । जसअनुसार बजेटका प्रत्येक क्रियाकलाप लैङ्गिक तथा सामाजिक समावेशीका दृष्टिले कता उन्मुख छ भनी निर्क्योल गर्न निम्नानुसार वर्गीकरण गर्नुपर्दछ ।

**लैङ्गिक उत्तरदायी तथा समावेशी क्रियाकलापहरुको वर्गिकरण विधि**

| | |
|---|---|
| क) ५० प्रतिशत भन्दा बढी लाभ पुग्ने क्रियाकलाप | - प्रत्यक्ष फाइदा पुग्ने |
| ख) २० प्रतिशत देखि ५० प्रतिशतसम्म लाभ पुग्ने क्रियाकलाप | - अप्रत्यक्ष फाइदा पुग्ने |
| ग) २० प्रतिशतभन्दा कम लाभ पुग्ने | - तटस्थ |

उपरोक्तअनुसार प्रतिशत निकाल्दा देहायका सूचकहरूको आधारमा मूल्याङ्कन गरी स्थानीय निकायको योजनाहरूको वर्गीकरण गर्नु पर्दछ ।

**सूचक र अंकहरु :** महिलाहरूको योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता २०%, महिलाहरूको क्षमता अभिबृद्धि २०%, लाभको बाँडफाँडमा महिलाहरूको हिस्सा ३०%, महिलाहरूको रोजगार/आयअभिबृद्धिमा सहयोग २०% र महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझको कमी १०%

## ९.२. बालबालिकालाई प्रत्यक्ष फाईदा पुग्ने आयोजनाहरुको सूची

### (क) पूर्वाधार विकास

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यविधि, २०६८ को सूचक अनुसार बालमैत्री गाउँ विकास समिति, बालमैत्री नगरपालिका र बालमैत्री जिल्ला विकास सम्बन्धी कार्यक्रम, प्राथमिक शिक्षा (प्रारम्भिक बालविकास भवन, बालमैत्री शैक्षिक सामाग्री, खेलकुद मैदान, खेलकुद सामाग्री, विद्यालय मर्मत सुधार, फर्निचर, पुस्तकालय निर्माण तथा मर्मत सुधार, शौचालय निर्माण तथा मर्मत सुधार, खानेपानी तथा सरसफाई कार्यक्रम, हिंसा पिडित बालिकाहरूका लागि आकस्मिक संरक्षण थलो, औषधि उपचार सहयोग ।

### (ख) सामाजिक/क्षमता विकास

बाल अधिकारको आधारमा विभिन्न बालमैत्री सूचकहरूको विकास गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने, स्थानीय निकायको योजना तर्जुमा कार्यक्रमहरूमा बालबालिकाहरूको सहभागिता बृद्धि र बालबालिकाहरूको विकासको लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रमहरू, बालमैत्री शिक्षण सिकाई (शिक्षक/शिक्षिका तालिम, शिक्षण सामाग्रीहरू, बातावरण सुधार आदि कार्यक्रमहरू), बालक्लव र बालबालिकाहरूको समूहहरूको संस्थागत विकास र व्यवस्थापन (नेतृत्व विकास, क्षमता विकास कार्यक्रम), गाउँ विकास समिति तथा विद्यालयस्तरीय बालक्लव, संजालहरूको संस्थागत विकास र बालभेलाका लागि आवश्यक सहयोग जस्तैः विभिन्न अभियान सञ्चालनका लागि फर्निचर, बालभित्ते पत्रिकाका वोर्ड तथा स्टेशनरी सहयोग), किशोरी किशोरहरूमा मानसिक र शारीरिक स्वास्थमा आउने परिवर्तन र यस सम्बन्धी व्यवस्थापकीय ज्ञान र चेतना अभिबृद्धि गर्ने कार्यक्रम जस्तै महिला कक्षा शिक्षिका, बालक्लवका महिला सदस्यका लागि सरसफाई सम्बन्धि तालिम, किशोर र किशोरीहरूको नेतृत्व विकास गर्ने किसिमका कार्यक्रम, बालविवाह विरूद्ध अभियान कार्यक्रम, बालश्रम विरूद्धको कार्यक्रम, किशोरी शिक्षा अभियान कार्यक्रम र बैकल्पिक विद्यालय स्थापना, जीवन उपयोगी सीपहरू सम्बन्धी ज्ञानको अभिबृद्धि, प्राथमिक स्वास्थ्य सेवा, एच.आई.भी/एडस, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, जन्म दर्ता अभियान कार्यक्रममा सहयोग, विभिन्न खोप अभियान कार्यक्रमहरूमा सहयोग, पोषण कार्यक्रम सहयोग, जो खिममा परेका बालबालिकाहरूको लागि सहयोग, सूचना र संचारमा पहुँच र उपयोगिता, आर्थिक अवस्था कमजोर, जेहेन्दार र असक्त अपाङ्गता भएका छात्र, छात्राहरूको लागि छात्रवृत्ति कार्यक्रम, आर्थिक र सामाजिक अवस्थाले विद्यालयमा पठन पाठन गर्न नसक्ने र बीचमा विद्यालय छोडने छात्र छात्राहरूको लागि शैक्षिक विकासको विशेष कार्यक्रम, अशक्त, अपाङ्गता भएका छात्राहरूको लागि शैक्षिक र बालस्वास्थ सम्बन्धी विकासको लागि विशेष कार्यक्रम, बालबालिकाहरूको क्षमता विकास र सशक्तिकरण सम्बन्धी कार्यक्रम, बालस्वास्थ्य सम्बन्धी कार्यक्रम, स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीहरूमा बालबालिकाहरूको स्वास्थ्य सेवाका लागि आवश्यक सामाग्रीहरू, अभिभावकहरूलाई बालबालिकाहरूको हेरचाह सम्बन्धी ज्ञानको अभिबृद्धि गर्ने कार्यक्रम, समुदायमा आधारित सूचना प्रणालीको विकास, सहभागितामूलक अनुगमन विधिहरूको विकास (उदारण : सामुदायिक सूचना पाटी, पिआरए आदि), बालबालिकाहरूको क्षेत्रमा काम गर्ने स्वयंसेविकाहरू जस्तै : सामुदायिक परिचालिकाहरूको क्षमता अभिबृद्धि, संजाल निर्माण, नियमित बैठक सञ्चालनमा सहयोग कार्यक्रम, बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने ग्रामीण सहजकर्ताहरूको परिचालन क्षमता अभिबृद्धि, बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने सहजकर्ता, सामुदायिक परिचालिकाहरूको लागि व्यवस्थापन सहयोग, उत्प्रेरणामूलक कार्यक्रम, स्थानीय निकायमा बालबालिका, महिलाहरूको विकासको योजना तर्जुमा, समीक्षा गर्न समन्वय समिति बैठकमा सहयोग, बालबालिकाहरूको अवस्था विश्लेषण गर्न सर्भेक्षण, बालबालिकाहरूको प्रोफाईल तयारी आदि ।

### (ग) संस्थागत विकास

विद्यालय, स्थास्थ्य चौकी, बालक्लब, बालसञ्जाल संस्थाहरूको संस्थागत विकास गर्ने कार्यक्रम, बालबालिकाहरूको क्षेत्रमा गरिएका अनुकरणीय सफल कामको अभिलेखन, किशोरी/यूवा क्लब गठन एवम् बिस्तार ।

## ९.३. आर्थिक तथा सामाजिक रुपमा पछि परेका विपन्न वर्गहरूले प्रत्यक्ष फाईदा पाउने आयोजनाहरूको (दलित, आदिबासी/जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम, पिछडा वर्ग र अन्य पिछडिएका वर्गका समेत) सूची ।

### (क) पूर्वाधार विकास

**खानेपानी तथा सरसफाई :** इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार, ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण मर्मत र सम्भार, बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, पानी घट्ट, खाद्य प्रशोधन आयोजनाहरू, स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन, सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार, लक्षित समूहहरूको आवश्यकतामा आधारित स-साना उत्पादनमूलक आयोजनाहरू ।

### (ख) सामाजिक/क्षमता विकास

पछाडि परेका तथा पारिएका विपन्न वर्गहरूको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङ्कन तयारी, स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट सञ्चालन गर्ने विकास कार्यको समय सीमा, कार्य पद्धति, बञ्चितमा परेको समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्बन्धी जनचेतना जगाउने कार्यक्रम, सूचना र संचारमा पहुँच, बैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास, लोक सेवा तयारी कक्षा सञ्चालन, अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिबृद्धि कार्यक्रम, विपन्न पछाडि परेको वर्गहरूको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम, नेतृत्व विकास र सशक्तिकरण सम्बन्धी कार्यक्रम, यौनिक तथा अल्पसंख्यक समुदायको विकास, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा, क्षमता विकास सम्बन्धी कार्यक्रम, समाजका सबै भाषा, धर्म जातीहरूप्रति सदभाव जगाउने र जनचेतनामूलक कार्यक्रमहरू ।

### (ग) आर्थिक/सीप विकास

**कृषिमा आधारित :** कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफूल खेती विकास, माटो सुधार, बीउ बिजन, उन्नत प्रविधिको विस्तार, लक्षित समूहहरूको आयबृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिमहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्बन्धी क्रियाकलापहरू ।

**गैर कृषिमा आधारित :** घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनिकीकरण गर्ने, लक्षित समूहको आयबृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू ।

### (घ) संस्थागत विकास

सामुदायिक संस्था र यस वर्गका विभिन्न संघ संस्थाहरूको संस्थागत विकास सम्बन्धी कार्यक्रमहरू ।

# भाग-१०
# कृषि र पशु सेवासम्बन्धी कार्यहरू

## १०.१ कृषिसम्बन्धी कार्यहरू

देशमा उपलब्ध कृषियोग्य भूमि, सिंचाई सुविधा, कृषिसँग सम्बन्धित प्राकृतिक स्रोतहरू, भौगोलिक तथा जैविक विविधताको संरक्षण तथा दिगो उपयोग र परमपरागत खेती पद्धतिलाई आधुनिकीकरण र व्यवसायीकरण गरी समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुऱ्याउने र खाद्य पोषण सुरक्षाको प्रत्याभूतिको लागि खाद्य वस्तुको आपूर्ति बढाउन कृषि सेवाको पहुँच कृषकसम्म पुऱ्याउन निम्न उद्देश्यहरू रहेका छन् ।

१. कृषिलाई विविधिकरण, आधुनिकीकरण एवं व्यवसायीकरण गर्दै खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योग्दान गर्ने ।
२. बाली र वस्तु विशेषका पकेट क्षेत्रहरूको पहिचान गरी सम्भाव्य बाली र बस्तुहरूको उत्पादन विशिष्टिकरणमा सहयोग पुऱ्याउने ।
३. युवा शक्तिलाई प्रविधि, सीप र पुँजी उपलब्ध गराई युवामैत्री आधुनिक प्रविधिको प्रयोगद्वारा व्यवसायिक उत्पादनमार्फत सहयोग पुऱ्याउने ।
३. रोजगारमूलक व्यवसायिक कृषि तालिम सञ्चालन गरी प्रविधि हस्तान्तरण गर्ने ।
४. कृषि उत्पादकत्व बढाउन कृषि औजार/उपकरण, प्राविधिक सल्लाह, सुझाब एवं सहयोग, साना सिंचाई र ग्रीन हाउस कार्यक्रम सञ्चालन गर्ने ।
५. पम्प सेट, थ्रेसर, ट्रिलर उपलब्ध गर्ने । सामुदायिक बीउ बैकको स्थापना गर्ने । माटो परीक्षण, विषादी नियन्त्रण, बाली विविधिकरण, कृषि तालिम, अभिमुखीकरण एवं उत्पादनको प्रदर्शन प्रवर्द्धन र बजारीकरण गर्ने । उन्नत जातका बीउ बिजनहरूको उत्पादन, गुणस्तर नियन्त्रण, सिफारिस, प्रचार प्रसार र वितरण लगायतका अन्य कार्यहरू गर्ने ।

### कृषि विभाग र जिल्ला कृषि कार्यालयमार्फत कृषकहरूलाई कृषिउपजसम्बन्धी आवश्यक प्राविधिक ज्ञान सीप र सेवा एवं सहयोग प्रदान गरी कृषकहरूको जीवनस्तर बृद्धि गर्ने केही उत्पादनहरू :

### १. फलफूल खेती

(क) वर्षे फलफूल : आँप, लिची, केरा, भुईंकटहर, मेवा, अम्बा, रूखकटहर, अमला, एभोकाडो, मेकाडेमी, स्ट्रबेरी, बयर, सुपारी, नरिवल, बेल

(ख) हिउँदे फलफूल : स्याउ, नास्पती, ओखर, आरू, आरूबखडा, कटुस, हलुवावेद, खुर्पानी, कागजी बदाम, लप्सी, चुच्चे ओखर, अनार, अङ्गुर, किवी फ्रूट, जैतुन, सुन्तला, अनार, कागती, लेमन (निबुवा), भोगटे, मुन्तला, ज्यामिर, आदि ।

**२. पुष्प खेती** : ग्लाडिओलस, गुलाव, जवरा, कानेशन, रजनीगन्धा, गोदावरी

**३. कफि तथा चिया खेती :** कफि, सि.टी.सी. चिया, अर्थोडकस चिया

### ४. तरकारी खेती

आलु, काउली (ओग्टे जात, मध्यम जात, पछौटेजात, हाइब्रीड), काँक्रो, केराउ, खुर्सानी (पीरो), गाँजर, गोलभेंडा (अग्लो र हो चो जात), ग्याँठकोभी, घिरौंला, चम्सुर, चुकन्दर, जिरीको साग, तरबुजा, तितेकरेला, पालुङ्गो, प्याज, फर्सी (स्क्वास), बकुल्ला, बन्दा, बोडी, ब्रोकाउली, भण्टा, भेडेखुर्सानी, मूला, मेथी, रामतोरिया, रायो, लसुन, लौका, सलगम, सिमी, स्वीसचार्ड, सखर खण्ड, कुरिलो, भटमास र बेमौसमी तरकारी खेती ।

**५. च्याउ खेती :** गोब्रे च्याउ, कन्ये च्याउ

### ६. मौरी पालन

मेहनती कृषकले कम लगानीमा राम्रो आय आर्जन गर्न सक्ने सरल व्यवसाय मौरी पालन हो । मौरीको घार राख्ने क्षेत्र सम्भव भएसम्म वर्षभरी चरीचरन उपलब्ध भएको, १ देखि १.५ कि.मी. वरिपरि मौरी चरन बाली फैलिएको, फूल फूल्ने पर्याप्त अवधि, पानीको स्रोत भएको तथा विषादी प्रयोग नहुने क्षेत्र हुनु पर्दछ ।

### ७. बाली संरक्षण

अन्नबाली, तरकारी खेती, फलफूल खेती लगायतका बालीहरूमा लाग्ने रोग पहिचान र जाँच गरी रोकथाम तथा उपचारका विधि र प्रक्रिया सिफरिस गरी बाली संरक्षणमा सहयोग गर्ने ।

### ८. मत्स्य पालन

पोखरी, ताल, तलैया, घोल, केज तथा धानखेतमा केही व्यवस्थाकीय प्रविधिहरू अपनाइ माछा पालन गर्न सकिन्छ । यससम्बन्धी आवश्यक प्राविधिक जानकारी जिल्ला कृषि विकास कार्यालयहरू, मत्स्य विकास केन्द्रहरू र राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम, केन्द्रीय मत्स्य प्रयोगशाला र मत्स्य विकास निर्देशनालयबाट प्राप्त गर्न सकिन्छ । नेपालमा हालसम्म १८५ जातका माछा पाइएको जानकारी छ ।

### ९. बीऊ विजन र बाली सिफारिस

गुणस्तरीय बीउ बिजनको उत्पादन, बिक्री वितरण, प्रमाणीकरण, बीउ बिजनको गुणस्तर नियन्त्रण र बाली सिफारिस गर्ने कार्य ।

(क) अन्न बाली : चैते धान, वर्षे धान, मकै, गहुँ, कोदो, जौ

(ख) दलहन : भटमास, मुसुरो, चना, बोडी, रहर, मास, मुङ्ग, गहत,

(ग) तेलहन : बदाम, तोरी, रायो, तील

(घ) औद्योगिक बाली : सूर्ती, कपास, उखु, जुट, अदुवा, अलैची,

(ङ) तरकारी बाली : आलु, काउली, बन्दा, मूला, सलगम, रायोको साग, प्याज, गोलभेंडा, गाँजर, तनेबोडी, घ्यूसिमी, केराउ, भेंडेखुर्सानी, खुर्सानी, भण्टा, घिरौंला, काक्रो, स्क्वास फर्सी, स्वीस चार्ड, तितेकरेला, रामतोरिया, पालुङ्गो, ब्रोकाउली, तर्बुजा, फर्सी, लौका, पाटे घिरौंला, धनियाँ, चिचिण्डा, कुरिलो, पार्सले, ग्याँठकोपी, पाकचोय, जिरीको साग, चुकन्दर, चाइनिज बन्दा

(च) मसला बाली : अलैची, अदुवा, बेसार, लसुन, मरिच, जिरा

**(१०) घाँसे बाली :** जै, सेतो क्लोभर लगायत

### (११) माटो परीक्षण

माटो, मल, पानी र बालीको उचित व्यवस्थापन गरी जमिनबाट बढी उत्पादन लिन समय समयमा माटोको उर्वराशक्तिको जाँच गर्नु अनिवार्य हुन्छ ।

### (१२) एकीकृत शत्रुजीव व्यवस्थापन

एकीकृत शत्रुजीव व्यवस्थापन बाली विरूवाका शत्रुहरू (रोग, कीरा, झारपात, चरा, मुसा आदि) लाई आर्थिक रूपले न्यायोचित, पर्यावरणीय दृष्टिकोणले दिगो तथा सामाजिक रूपमा स्वीकार्य बाली संरक्षण गर्ने एक विधि हो । स्वस्थ बाली उत्पादनका लागि मित्रजीवहरूको संरक्षण गरी रासायनिक विषादीको प्रयोगमा कमी ल्याउने हो ।

### (१३) ताजा कृषि उपजहरूको भण्डारण

बजारको मागबमोजिम परिपक्क अवस्थामा लिईएको बाली खाँदा स्वादिलो हुने, तरकारी तथा फलफूलहरूलाई बारीबाट भर्खरै टिपेको जस्तो ताजा अवस्थामा राखी भण्डारण अवधि लम्ब्याउँदा हतारमा सस्तोमा बेच्नु पर्ने बाध्यता नपर्ने, बिक्री गर्ने अवधि बढाउन सकिने, रूप, स्वाद र बासना कायम रहने, गुणस्तरीयता र विश्वसनीयतासमेत रहने भएकोले भण्डारणसम्बन्धी ज्ञान र सीप प्रदान गर्ने कार्य ।

### (१४) कृषि इन्जिनियरिङ्ग

व्यवसायिक रूपबाट उत्पादित कृषि औजार/उपकरणहरू

(क) कोदो चुट्ने र फल्ने मेशिन : खुट्टा र बिजुलीको मोटर दुबैबाट सञ्चालन गर्न सकिने ।

(ख) मकै छोड्याउने मेशिन : हातले चलाउन सकिने ।

(ग) ज्याव सिडर : मकैको बीउ र मल एकैसाथ रोपने । खनजोत नगरिएको जग्गामा हातले मेशिन चलाएर मकै लगाउन मिल्ने

(घ) धानको झार गोड्ने मेशिन : लाइनमा रोप्नेको धान खेतमा झारलाई उखेली माटोमा नै मिलाई दिने हातले मेशिनलाई चलाउन सकिने

(ङ) बीउ सफा गर्ने मेशिन : रायो, मूला, केराउ, रामतोरिया, भटमास, सिमीको बीउ सफा गर्न सकिने

(च) एयडि कफि पल्पर : हातले, खुट्टाले र बिजुलीको मोटरबाट समेत मेशिन चलाएर कफिको बोक्रा छोडाउने

(छ) थ्रेसर : खुट्टाले चलाई धान, गहुँ चुट्ने मेशिन

(ज) युरिया मोलासिस व्लक बनाउने प्रेस : हातले चलाई युरिया मोलासिस व्लक बनाउने

### (१५) बेमौसमी तरकारी उत्पादनको लागि प्लाष्टिक घर

### (१६) सिंचाईका लागि प्लाष्टिक पोखरी निर्माण

## १०.२ पशु सेवा सम्बन्धी कार्यहरू

नेपालको कृषि प्रणालीमा पशु व्यवसायको महत्व अनादिकालदेखि आजसम्म रहिआएको छ । वर्तमान अवस्थामा यो व्यवसाय कृषि उत्पादनको पूरक अंग मात्र नभएर अतिविपन्न एवं विपन्न नागरिकहरूको आय आर्जनको प्रमुख आधार पनि भएको छ । देशको अर्थतन्त्रको मेरूदण्ड र कृषकहरूको मुख्य पेशाको रूपमा रहेको पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी गुणस्तरीय स्वस्थकर खाद्य पदार्थको उपभोगमा बृद्धि ल्याई मुलुकमा रहेको कुपोषणलाई कम गर्दै आय आर्जन तथा रोजगारीको अवसरमा बृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउन पशु सेवा सम्बन्धी कार्यहरू हुदै आएका छन् । पशु उत्पादन, पशुपंक्षीको बजार प्रवर्द्धन, पशु सेवा तालिम तथा प्रसार र पशु स्वास्थ्य सेवाका क्षेत्रहरूमा कार्य हुर्दैआएको छ । पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन, उन्नत पशुपंक्षीको आपूर्ति, पशु विकास फार्महरूको स्थापना र पशु स्वास्थ्य सेवा पुऱ्याउने काम भएका छन् । **पशु उत्पादन, पशु स्वास्थ्य सेवा, पशु सेवा तालिम तथा प्रसार सेवा र पशुपंक्षी बजार प्रवर्द्धन सेवा अन्तर्गत निम्न कार्यहरू सञ्चालन गरिन्छन् :**

१. पशु विकास फार्महरूमा पशुपंछीको उन्नत नश्ल विकास गरी जिल्लाका श्रोतकेन्द्रहरूमा वितरण गर्ने ।

२ लोपोन्मुख घरपालुवा पशुपंछीको नश्लको संरक्षण गर्ने ।
३. पशुपंछीलाई उन्नत जातको दाना र घाँसको बीउ सिफारिस गरी उत्पादन बढाउने ।
४. छाला संकलन तथा प्रशोधनको लागि प्राविधिक तथा पूर्वाधार विकास गर्ने ।
५. निजी क्षेत्रको सहभागितामा गोवर ग्यासको उत्पादन बढाउने ।
६. पशुपंछी व्यवसायमा जोखिम घटाई कृषकलाई राहत दिन बीमा कार्यक्रम प्रवर्द्धन गर्ने ।
७. पशुजन्य उद्योगहरूको प्रवर्द्धन गर्ने ।
८. पशुपंछीलाई भ्याक्सिन उत्पादन गर्ने ।
९. पशुपंछीलाई लाग्ने संक्रमण रोगहरूको नियन्त्रण र उन्मूलन गर्ने ।
१०. पशु बधशाला तथा माशु जाँच ऐनलाई क्रियाशील बनाउने ।
११. पशुपंछीको उपचार गर्ने गराउने ।
१२. पशु स्वास्थ्य सेवालाई आधुनिकीकरण गर्ने ।
१३. कृषकहरूलाई नयाँ प्रविधि हस्तान्तरण गर्न तालिमको व्यवस्था गर्ने ।
१४. पशुपंछी बजार विकास तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।
१५. भैसी, गाई, बंगुर, भेडा, कुखुरा, बाखा, याक, चौरीका वीर्य उत्पादन गर्ने ।
१६. दुध, दही, चिज, नौनी, लगायतको उत्पादन बृद्धि गरी बजारीकरणका लागि सहयोग गर्ने ।
१७. अतिविपन्न तथा विपन्नहरूलाई बंगुर र खरायो पालनमा सहयोग गर्ने ।
१८. व्यवसायिक पशुपालन, कुखुरा पालन तथा पशुजन्य उत्पादनको बृद्धिको लागि सहयोग गर्ने ।
१९. चरन क्षेत्र, घाँसे क्षेत्र र बीउ बिजनको प्रवर्द्धन गर्ने ।
२०. पशुलाई लाग्ने रोगको उपचार रोकथाम र नियन्त्रण गर्ने ।
२१. रेविज लगायतका रोगहरूको रोग निरोधक भ्याक्सिन उत्पादन बिक्री वितरण गर्ने ।
२२. जिल्ला पशु सेवा कार्यालय मार्फत पशु सेवा कार्यक्रम सञ्चालन गर्ने ।
२३. पशु नश्लको सुधार गरी दुध, मासु र अण्डाको बृद्धि गर्ने ।

# भाग - ११

# वातावरणमैत्री स्थानीय शासन

## वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७०

स्थानीय निकायको नेतृत्वदायी भूमिकामा घरपरिवार, टोलबस्ती, वडा, गाउँ तथा नगरपालिका एवं जिल्ला हुँदै देशलाई नै वातावरणमैत्री बनाउने उद्देश्यले नेपाल सरकारले वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० जारी गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले स्वच्छ वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राज्यको निर्देशक सिद्धान्तमा राज्यले स्वच्छ वातावरणमा कायम गर्न आवश्यक व्यवस्था गर्ने, भौतिक विकाससम्बन्धी गतिविधिहरू सञ्चालन गर्दा वातावरणलाई संरक्षण गर्ने, नागरिकहरूमा वातावरणीय चेतना जगाउने, दुर्लभ वन्यजन्तु, वन, वनस्पति एवम् जैविक विविधताको संरक्षण गर्दै तिनीहरूको विकासलाई दिगो रूपमा उपयोग गरी त्यसबाट प्राप्त हुने लाभलाई समतामूलक ढङ्गले बाँडफाँड गर्ने कुरा उल्लेख गरिएको छ।

स्थानीय निकायका योजना तर्जुमा प्रक्रियामा वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद एवं फोहर व्यवस्थापनसम्बन्धी विषयहरू मूलप्रवाहीकरण गर्न र स्थानीय शासन पद्धतिलाई वातावरणमैत्री बनाई दिगो विकास गर्न आधारभूत तहदेखि नै सबैलाई जिम्मेवार बनाउन आवश्यक छ । वातावरण, जनसंख्या, गरिबी र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरणको दिगो व्यवस्थापनका लागि यसका आयामहरूलाई स्थानीयकरण गर्दै स्थानीय स्वामित्व बढाउन ऐन, नियम र नीतिमा छरिएर रहेका विषयहरूलाई सरल र मापनयोग्य सूचकसहित वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७० तयार भई कार्यान्वयनका रहेको छ।

## सूचकहरूको विश्लेषण

वातावरणमैत्री स्थानीय शासनका लागि घरपरिवार तह, टोल तह, वडा तह, गा.वि.स. तह, नगरपालिका तह र जिल्ला तहमा विभिन्न क्षेत्रगत सूचकहरू रहेका छन्। ती सूचकहरूलाई आधारभूत र विकसित गरी दुई तहमा छुट्याईको छ ।

### ११.१ गाँउ विकास क्षेत्रका वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

### (क) घरपरिवार तहका आधारभूत सूचकहरू

१. घर कम्पाउण्डभित्र प्यानसहितको चर्पी प्रयोगमा आएको ।

२. आफ्नो घर भान्साको फोहर सड्ने र नसड्ने गरी विभाजन गरिएको । सड्ने फोहोरलाई मल बनाउने गरिएको र नसड्ने फोहरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको । हानीकारक फोहर (जस्तैः व्याट्री, सि.एफ्.एल.चिम, फुटेका सिसा, बोतल, ट्यूबलाइट आदि) र अन्य फोहरलाई छुट्याई अलग अलग जम्मा गर्ने गरिएको ।

३. घरपरिवारका सबै सदस्यले खाना खानुअघि हात धुने गरेको । दिसा गरेपछि साबुन पानीले हात धुने गरिएको । शौचालय नजिक साबुन पानीको व्यवस्था गरिएको ।

४. भाँडा धुने र धोएको भाँडाको पानी तर्काउने तथा सुकाउन मिल्ने भाँडा माझ्ने ठाँउको प्रवन्ध गरिएको । भाँडा माझेको पानीको उचित व्यवस्थापन गरिएको ।

५. खाना पकाउन घरभित्रको धुवाँरहित चुल्होको प्रयोग गरिएको ।

६. खाना पकाउनको निम्ति गोबरबाट गुइँठा नबनाई गोबरलाई मलको रूपमा प्रयोग गरिएको ।

७. भकारो सुधार गरी पशुको मलमूत्रको उचित व्यवस्थापन गरिएको ।

### (ख) घरपरिवार तहका विकसित सूचकहरू

८. आफ्नो घर-आगन तथा बाहिरको बाटो नियमित रूपमा सफा गर्ने गरेको ।

९. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको ।

१०. तराई तथा मध्यपहाडमा खाना पकाउन गोबरग्यास, बायोब्रिकेट वा नवीकरणीय उर्जाको प्रयोग गरेको ।

११. बिजुली नपुगेको घरमा बत्ति बाल्न सौर्य उर्जाको प्रयोग गरेको ।

१२. खेतबारीमा रासायनिक मलमात्र प्रयोग नगरी गोबरमल पनि साथसाथै प्रयोग गर्ने गरेको ।

१३. गोबरबाट गुइँठा बनाउने काम पूर्णतः बन्द गरेको ।

१४. रासायनिक विषादीको सट्टा जैविक तथा बानस्पतिक विषादीको प्रयोग गरिएको ।

१५. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरिएको र यस सम्बन्धमा टोल विकास संस्थासमक्ष लिखित प्रतिवद्धता गरेको ।

### (ग) वडा तहका आधारभूत सूचकहरू

१. वडामा भएका सबै खानेपानीका स्रोतहरूको गुणस्तर परीक्षण गर्ने गरिएको ।

२. वडाभित्र रहेका सबै पोखरीहरूको लगत राखी संरक्षण गरिएको ।

३. आफ्नो वडाभरिमा खुला दिसा गर्ने प्रथा हटेको ।

४. घरपरिवारबाट सङ्कलित नसड्ने फोहर (प्लाष्टिक बाहेक) को व्यवस्थापन गर्न उपयुक्त स्थल तोकिएको ।

५. घर-परिवारबाट सङ्कलित प्लाष्टिक कुनै संघसंस्था वा व्यक्तिले किन्ने वा वडामा संकलन गरी गाविसमा पठाउने व्यवस्था मिलाएको ।

६. विपद्को अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित स्थल निर्धारण गरेको ।

७. विपद् व्यवस्थापनका लागि वडास्तरमा कम्तिमा २ जना तालिम प्राप्त स्वयंसेवकहरू भएको ।

८. कुन सडकको कुन ठाँउ खण्डमा के कस्तो घाँस वा रूखविरूवा लगाउने भनी वडाबासीले निर्णय गरेको ।

९. वडाबासीको निर्णयबमोजिम सडक दायाँबायाँ अम्लिसो, निगालो वा उपयुक्त घाँस, डालेघाँस वा रूख रोपी हरियाली कायम गरेको ।

१०. वडाक्षेत्रमा भएका सबै स्थानीय सडकको मापदण्डसहितको लगत वडामा पनि भएको ।

### (घ) वडा तहका विकसित सूचकहरू

११. वडाका सबै सडकहरूमा बर्षातको पानी निकास हुने कुलेसो, नाली भएको ।

१२. सार्वजनिक पैदल बाटोको कम्तिमा बर्षको ३ पटक सरसफाइ गर्ने गरिएको ।

१३. सडक मापदण्ड मिचेर कुनै पनि व्यक्तिगत तथा सार्वजनिक संरचना निर्माण नभएको ।

१४. वडाभित्र साविकमा पोखरी नभएको भए एउटा पोखरी निर्माण गरी व्यवस्थापन गरिएको ।

१५. वडाका व्यवसायिक कृषकहरूमध्ये कम्तिमा ५० प्रतिशत कृषकले रासायनिक मल तथा कीटनाशक बिषादीको नकारात्मक असरबारे तालिम प्राप्त गरेको ।

१६. वडाका व्यवसायिक कृषकहरूमध्ये कम्तिमा १० प्रतिशत कृषकले एकीकृत शत्रुजीव व्यवस्थापन र एकीकृत बाली पोषकतत्व व्यवस्थापनसम्बन्धी तालिम प्राप्त गरेको ।

१७. वडाका तालिम प्राप्त सबै व्यवसायिक कृषकहरूले जैविक, वनस्पतिजन्य बिषादीको पनि प्रयोग गरी खेतीपाती गरेको ।

१८. वडाका सबै कृषकहरूले प्राङ्गारिक मलको प्रयोग गरेको ।

१९. वडामा एउटा व्यवसायिक रूपमा नमूना प्राङ्गारिक खेती सञ्चालन गरिएको ।

२०. वडाभित्र विपद्को उच्च जोखिम भएका स्थानहरू पहिचान गरी लगत राखिएको ।

२१. वडाभित्रको खाली-प्रर्ती जग्गाको कम्तिमा १० प्रतिशत जग्गामा वार्षिक रूपमा रूख/डालेघाँस/फलफूलका विरूवा रोपी हुर्काइएको ।

२२. वडाभित्रको सबै खाली-पर्ती जग्गाको नक्सासहित विवरण खोली लगत राखिएको ।

२३. वार्षिक रूपमा वृक्षारोपण गरिएको र विरूवा हुर्काइएको क्षेत्रफलसहितको लगत राखिएको ।

## (ङ) गाविस तहका आधारभूत सूचकहरू

१. गाविसको क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूका लागि खानेपानीको आवश्यकता पूरा गर्ने रणनीतिक योजना गाँउ परिषद्बाट स्वीकृत गरिएको ।
२. गाविस क्षेत्रमा कम्तीमा एउटा बहुउपयोगी पोखरी भएको ।
३. सीमसार क्षेत्र भएमा सबै सीमसार क्षेत्रको संरक्षण गरेको ।
४. नेपाल सरकारको मापदण्डअनुरूप प्लाष्टिकको झोला प्रयोगमा रोक लगाइएको ।
५. प्रयोग भएका प्लाष्टिकको संकलन गरी गाविसको समन्वयमा बिक्री गर्ने व्यवस्था मिलाइएको ।
६. गाविसमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको ।
७. विपद् व्यवस्थापनका लागि तालिम दिनसक्ने कम्तीमा एक जना जनशक्ति भएको ।
८. विपद् जोखिमका दृष्टिले बढी खतराजन्य स्थानको पहिचान गरी त्यस्तो ठाँउमा नयाँ संरचना बनाउन निषेध गरेको ।
९. गाविसको लगानीमा बन्ने सबै भवनहरू निर्माण गर्दा भवन निर्माण संहिता पालना भएको ।
१०. गाविस क्षेत्रमा बन्ने सबै सार्वजनिक भवनहरू निर्माण गर्दा भवन निर्माण संहिता पालना गरेको ।
११. गाविसमा रूख विरूवासहितको वन क्षेत्रको क्षेत्रफल खुलेको लगत राखेको ।
१२. खाली पर्ती जग्गाको लगत राखेको ।
१३. सरकारी सार्वजनिक जग्गाको नक्सा र विवरण सहितको लगत राखेको ।
१४. सरकारी सार्वजनिक जग्गामा नक्सा सहितकोविवरण खुलाइएको बोर्ड राखेको ।
१५. गाविसमा कम्तीमा पनि तराईमा क्षेत्रमा १० बिघा र पहाडी क्षेत्रमा १५० रोपनी क्षेत्रफल वनको रूपमा तयार गरेको ।
१६. गाँउमा उत्पादन भइ बढी भएका कृषिउपज बजारमा पु¥याउन गाविसमा कम्तीमा एउटा संकलन केन्द्रको स्थापना गरिएको ।
१७. व्यवसायिक कृषि खेतीमा लाग्न चाहने कम्तीमा एक जना कृषकलाई गाविसको सहयोग र कृषि विकास कार्यालयको समन्वयमा कमसेकम ४५ दिनको ग्रामीण कृषि कार्यकर्ता तालिम दिइएको ।
१८. व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्न गाविसको आर्थिक र जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोगमा १ जना ग्रामीण कृषि कार्यकर्ता परिचालन भएको ।
१९. कम्तीमा प्रति वडा २ जनालाई सुधारिएको चुल्हो बनाउने तथा मर्मत सम्भार गर्ने तालिम दिएको ।
२०. सुधारिएको चुल्लो बनाउने तथा मर्मत सम्भार गर्ने तालिम प्राप्त जनशक्तिको लगत गाविसमा रहेको ।
२१. विद्युत नपुगेका र छरिएर रहेका घर वस्तीहरूमा बिजुलीको सट्टा सौर्य वा अन्य नवीकरणीय उर्जा उपयोगलाई प्रोत्साहित गरेको ।
२२. विद्युत पुगेका घरमा कम उर्जा खपत गर्ने चीम प्रयोग गर्नेलाई सहुलियत दिएको ।
२३. सौर्य वा अन्य नवीकरणीय उर्जा राख्न थप अनुदान वा अन्य प्रोत्साहन गरेको ।
२४. गाविस क्षेत्रका सामुदायिक विद्यालयहरूमा वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सहयोग गरे गराएको ।
२५. बर्षमा कम्तीमा ६ पटक वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने प्रावधान विद्यालयको बार्षिक कार्य तालिकामा भएको ।
२६. निर्धारित मापदण्डभन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको ।
२७. विवाह ब्रतबन्ध जस्ता सामाजिक संस्कार, विभिन्न उत्सव तथा धार्मिक एवं सार्वजनिक स्थल आदिमा मापदण्डभन्दा बढी ध्वनी निस्कने भएमा स्थानीय निकायको पूर्वअनुमति लिनुपर्ने व्यवस्था भएको ।
२८. सडक निर्माण गर्दा सर्वे, डिजाईन भै सम्बन्धित निकायको अनुमति लिएर मात्र डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग गर्ने गरिएको ।
२९. गाविस क्षेत्रभित्रका सबै स्थानीय सडकको सडक सीमा निर्धारण गरेको ।

## (च) गाविस तहका विकसित सूचकहरू

३०. वर्तमान जनसंख्या सडक सञ्जाल, वस्ती विकासको प्रवृत्ति, बिचार गरी गाविसले खानेपानी आपूर्ति सम्बन्धी नीति बनाएको ।
३१. सम्भाव्य खानेपानीको स्रोतहरू पहिचान भएको ।
३२. पहिचान भएका स्रोतहरूको संरक्षण एवं व्यवस्थापनका लागि पहाडी क्षेत्रमा पानीको स्रोतभन्दा उच्च भागमा पोखरीहरू बनाएको ।
३३. खानेपानीका स्रोतहरूको बचावटका लागि वृक्षारोपण र तारबार गरी संरक्षण गरेको ।
३४. बर्षात्को भेल खानेपानीको मुहानमा नपस्ने गरी व्यवस्था गरेको ।
३५. छुट्टै वा अरू गाविस वा नगपालिकासँग मिलेर ल्याण्डफिल साइट बनाएको ।
३६. निर्धारित ल्याण्डफिल साइटमा कुहिने र पुनः प्रयोग हुनेबाहेकका फोहरको उचित व्यवस्थापन गर्ने गरिएको ।
३७. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहन गरिएको ।
३८. गाविसको मुख्य हाटबजार तथा बसपार्क जस्ता सार्वजनिक स्थलमा लैङ्गिक, अपाङ्ग तथा बालमैत्री शौचालय सञ्चालन भएको ।
३९. एक गाँउ एक उत्पादनअन्तर्गत आफ्नो गाँउमा सम्भाव्य देखिएका (जस्तैः तरकारी फलफूल, पुष्प, नगदेवाली, मत्स्यपालन, तथा पशुपालन) कुनै एक उत्पादनलाई व्यवसायिक रूपमा अघि बढाएको ।
४०. गाविस क्षेत्रमा गाविसको समेत साझेदारीमा एकीकृत शत्रुजीव व्यवस्थापन तथा एकीकृत बाली पोषकतत्व व्यवस्थापनसम्बन्धी तालिम दिने जनशक्ति तयार भएको ।
४१. गाविस क्षेत्रमा एउटा बायोब्रिकेट बनाउने व्यवसाय चलेको अवस्था रहेको ।

४२. बायोब्रिकेट उत्पादन गर्न गाविसले वा अन्य संघसंस्थामार्फत सहयोग उपलब्ध गराइएको ।
४३. खाना बनाउन अधिकांश घरपरिवारले दाउरा तथा गुइँठाको सट्टा बायोब्रिकेट प्रयोग गरेको ।
४४. सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय, हाटबजार) बाट बायोग्यास उत्पादन गर्ने गरिएको ।
४५. प्लाष्टिक व्यवस्थापनको लागि हरेक वडामा कम्तीमा २ जनालाई तालिम दिई यस काममा लगाएको ।
४६. गाविसमा विपद् व्यवस्थापन समिति क्रियाशील भएको । विपद व्यवस्थापन कोष स्थापना गरी पोखरी निर्माण लगायतका कार्यहरू भएको ।
४७. गाविसमा भू-उपयोग नक्सा तयार भई भू-उपयोग योजना कार्यान्वयनका लागि गाविस परिषद्बाट स्वीकृत भएको ।
४८. गाविस क्षेत्रभित्र सञ्चालित सबै तहका विद्यालयहरूले कम्तिमा महिनामा एक पटक वातावरण संरक्षण सम्बन्धित विषयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरी वार्षिक क्यालेण्डरमै उल्लेख गरेको ।
४९. गाविस क्षेत्रमा कम्तीमा एउटा वन वा डालेघाँस वा आवश्यकताअनुसार नर्सरी स्थापना भएको ।
५०. गाविस क्षेत्रभित्र मनोरञ्जन पार्क वा बालबालिका पार्क निर्माण गरी सञ्चालनमा आएको ।
५१. सार्वजनिक सबै बाँझो जग्गा, नदीनाला, खोल्सा, किनाराहरूमध्ये कम्तीमा बार्षिक १० प्रतिशतका हिसाबले वृक्षारोपण गरी संरक्षण गरेको ।
५२. भू-क्षय, पहिरो तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्वन गरेको ।
५३. गाविस क्षेत्रभित्र निर्माण भएका सबै सडकको दायाँबायाँ सडक सीमा निर्धारण गरी संकेत राखिएको ।
५४. सडक सीमाभित्रको खाली भागमा अम्लिसो, घाँस वा डालेघाँस वा ठाँउअनुसार उपयुक्त जातका रूखविरूवा रोप्न वडाबासीलाई परिचालन गरेको ।
५५. सडक किनारा संरक्षण तथा हरियाली प्रवर्द्धन गर्न गाविसले हरेक बर्ष रकम लगानी गर्ने गरेको ।
५६. गाविसभित्र पर्ने सबै स्थानीय सडकको नियमित मर्मत सम्भार भएको ।
५७. सार्वजनिक सडकले चर्चेका जग्गाको लगत कट्टा गरेको ।

## ११.२ नगरपालिका क्षेत्रका वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

### (क) नगरपालिका क्षेत्रमा घरपरिवार तहका आधारभूत सूचकहरू

१. घर कम्पाउण्डभित्र प्यान सहितको चर्पी प्रयोगमा आएको ।
२. आफ्नो घर भान्साको फोहर सड्ने र नसड्ने गरी विभाजन गरिएको । सड्ने फोहोरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको । हानीकारक फोहर (जस्तैः व्याट्री, सि.एफ्.एल.चिम, फुटेका सिसा, बोतल, ट्युबलाइट आदि) र अन्य फोहर लाई छुट्याई अलग अलग जम्मा गरी निर्धारित स्थलमा राख्ने गरिएको ।
३. कुकुर पाल्ने घरधनीले आफ्नो कुकुरलाई घरक्षेत्रबाहिर खुला रूपमा दिसा गराउन पाईने छैन् । गराएमा आफैंले उठाएर आफ्नो परिसरमा नै व्यवस्थित गरी राख्ने गरेको ।
४. घरपरिवारका सबै सदस्यले खाना खानुअघि साबुन पानीले हात धुनुपर्छ भन्ने बुझेको । शौचालय नजिक साबुन पानीको व्यवस्था भएको ।
५. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको ।
६. घरभित्र विद्युतको लागि डिजेल मट्टितेल वा पेट्रोलबाट चल्ने उपकरणहरू प्रयोगमा नल्याइएको ।
७. खाना पकाउन इन्धनको रूपमा दाउरा प्रयोग गर्ने हो भने धुँवारहित सुधारिएको चुलोको प्रयोग गरेको ।
८. घरमा इन्धनको लागि गुइँठाको प्रयोग नगरिएको ।
९. घर-आँगनमा थरीथरीका फूलबिरूवा वा यस्तै सजाउने बोटविरूवा भएको ।
१०. घर-परिसरमा बहुवर्षीय किसिमका कम्तीमा २ वटा रूख भएको वा आफ्नो घर जग्गामा विरूवा रोपने ठाँउ नभएको अवस्थामा घरको छतमा स-साना किसिमका बहुवर्षीय कम्तीमा २ वटा रूख विरूवा भएको ।
११. बर्षातमा घर-कम्पाउन्डभित्र परेको पानी ढल वा नालामा नपठाई संकलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने व्यवस्था गरिएको ।
१२. सुरक्षित पिउने पानीका लागि शुद्धीकरणका उपायहरूको अवलम्वन गरिएको ।

### (ख) नगरपालिका क्षेत्रमा घरपरिवार तहका विकसित सूचकहरू

१३. सेप्टिक ट्याङ्कीसहित पक्की चर्पी सञ्चालनमा रहेको । (ढलको प्रयोग भएका नपाको हकमा यो सूचक निष्कृय हुने ।)
१४. घर-आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको ।
१५. प्लाष्टिक झोला प्रयोग नगरी आवश्यक पर्दा जुट कपडा वा कागका झोला प्रयोग गर्ने गरेको र यस सम्बन्धमा टोल विकास संस्थासमक्ष लिखित प्रतिवद्धता गरेको ।
१६. विद्युत सेवा नपुगेका घरमा वा विद्युत आपूर्ति नहुने समयमा विकल्पको रूपमा सौर्य उर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने गरेको ।
१७. घर कम्पाउण्डभित्र कम्तीमा एक- तिहाई जमिन घर नबनाई खाली राखेको ।
१८. टोल सुधार समितिको सक्रियतामा घरअगाडि/कौशी तथा बरन्डामा बाहिरबाट देखिने गरी गमलामा विभिन्न जातको फूल रोपेको ।
१९. ध्वनी प्रदूषण हुने गरी कुनै पनि साधन प्रयोगमा नराखेको ।

२०. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको ।
२१. तराई तथा मध्य पहाडमा खाना पकाउन गोबरग्यास, बायोब्रिकेट वा नवीकरणीय उर्जाको प्रयोग गरेको ।
२२. बिजुली नपुगेको घरमा बत्ति बाल्न सौर्य उर्जाको प्रयोग गरेको ।
२३. खेतबारीमा रासायनिक मलमात्र प्रयोग नगरी गोबरमल पनि साथसाथै प्रयोग गर्ने गरेको ।
२४. गोबरबाट गुइँठा बनाउने काम पूर्णतः बन्द गरेको ।
२५. रासायनिक विषादीको सट्टा जैविक तथा बानस्पतिक विषादीको प्रयोग गरिएको ।
२६. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरिएको र यस सम्बन्धमा टोल विकास संस्थासमक्ष लिखित प्रतिवद्धता गरेको ।

## (ग) नगरपालिका क्षेत्रमा टोल तहका आधारभूत सूचकहरू

२७. आफ्नो टोलका कम्तीमा ९०% घरधूरी आधारभूत रूपमा वातावरणमैत्री घोषणा भएको ।
२८. स्थानीय टोल समुदायमा त्यहाँका ८०% वा सो भन्दा बढी घर-परिवार संलग्न भएको टोल सुधार समिति/टोल विकास संस्था गठन भएको ।
२९. समुदायका सदस्यहरूले न्यूनतम बार्षिक २ पटक आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रूपमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको ।
३०. टोलभित्र कुकुरको खुला दिसा नरहेको ।
३१. घरबाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहर संकलन गर्न आउने सवारी साधनमा राख्ने गरेको ।
३२. समितिले मासिक बैठक र बार्षिक साधारण सभा गरी स्थानीय वातावरण संरक्षणसम्बन्धी छलफल गरी निर्णय गरेको ।
३३. समितिले हरेक बर्ष विश्व वातावरण दिवस (जुन ५) को दिन वातावरण संरक्षणसम्बन्धी सामूहिक क्रियाकलाप सञ्चालन गर्ने गरेको ।
३४. टोल विकास संस्था/टोल सुधार समितिको सक्रियतामा टोलभरिका सबै घर-परिवारलाई मौसमअनुसार र एकै जातका फूलहरू गमलामा रोपी घरबाहिर सडकबाटै देखिने गरी राख्न लगाएको ।
३५. टोलभित्र ध्वनीको स्तर पीडित पक्षको मागअनुसार मापन गर्ने गरेको ।
३६. मापन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्डभन्दा बढी भएको पाइएमा कारवाहीको लागि सिफारिस साथ वडामा पठाउने गरेको ।

## (घ) नगरपालिका क्षेत्रमा टोल तहका विकसित सूचकहरू

३७. आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र (जस्तै : सडक, नाला, गल्ली, फूटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन तथा चौर आदि क्षेत्र) मा प्लाष्टिक नसड्ने किसिमका फोहोर तथा खुला दिसा (मान्छे तथा कुकुरको) नरहेको ।
३८. टोलका सडकहरूको फूटपाथमा नगरपालिकाले तोकिदिएबमोजिम प्रजाति र परिमाणमा रूखहरू लगाई हरियाली प्रवर्द्धन गरेको ।
३९. नेपाल सरकारले निर्धारण गरेको सीमाभन्दा बढी ध्वनी उत्सर्जन भए नभएको सम्बन्धमा मापन गरी अभिलेख राख्ने गरेको ।
४०. अधिकतम ध्वनी उत्सर्जनको सीमा नाघेका व्यक्ति संघसंस्थालाई सम्बन्धित निकायबाट कारवाही हुने गरेको ।

## (क) नगरपालिका वडा क्षेत्रका आधारभूत सूचकहरू

१. वडाभित्रका सबै खानेपानीका स्रोतहरूको लगत राखी खानेपानीका स्रोतहरूको गुणस्तर परीक्षण गर्ने गरिएको ।
२. घर-परिवारबाट सङ्कलित नसड्ने फोहर तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको ।
३. घर-परिवाबाट सङ्कलित प्लाष्टिक वडा कार्यालय आफैंले वा कुनै संघसंस्था वा व्यक्तिले किन्ने व्यवस्था मिलाएको ।
४. वडाभित्रका सबै पोखरीको लगत राखी संरक्षणका लागि समिति गठन भै पोखरी संरक्षित भएको ।
५. विपत अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित स्थल निर्धारण गरी संकेत प्रयोग गरिएको ।
६. निर्धारित सुरक्षित स्थलमा सबैलाई जानकारी दिने गरी सूचनापाटी राखिएको ।
७. वडाक्षेत्रमा कम्तीमा एउटा नर्सरी रहेको ।
८. वडामा, सरकारी सार्वजनिक जग्गाको नक्सा, पर्ती जग्गा र रूख बिरूवा सहित वनक्षेत्रको क्षेत्रफल खुलेको लगत राखिएको ।
९. सरकारी सार्वजनिक जग्गामा नक्सासहित विवरण खुलाइएको बोर्ड राखिएको ।

## (ख) नगरपालिकाका वडा क्षेत्रका विकसित सूचकहरू

१०. वडाका सबै सडकहरूमा बर्षात्को पानी निकास हुने कुलेसो नाली भएको ।
११. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तीमा ५०% कृषकले रासायनिक कीटनाशक औषधिको नकरात्मक असर तथा जैविक, वनस्पतिजन्य बिषादी बारे तालिम प्राप्त गरेको ।
१२. वडाका व्यवसायिक कृषकहरूमध्ये कम्तीमा १०% कृषकले एकीकृत शत्रुजीव व्यवस्थापन तथा एकीकृत बाली पोषक तत्व व्यवस्थापनसम्बन्धी तालिम प्राप्त गरेको ।
१३. वडाका तालिम प्राप्त व्यवसायिक कृषकहरूले जैविक, वनस्पतिजन्य बिषादीको पनि प्रयोग गरी खेतीपाती गरेको ।
१४. वडाका सबै कृषकहरूले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको ।
१५. वडामा एउटा व्यावसायिक रूपमा नमूना प्राङ्गारिक खेती गर्ने कार्य सञ्चालन भएको ।

१६. वडाका सबै तालिम प्राप्त कृषकहरूले मौरी समेत पालेको ।
१७. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकाबमोजिम वडास्तरमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएको ।
१८. वडामा विपद् जोखिम न्यूनीकरण तथा उद्धार सम्बन्धमा युवाक्लब, आमा समूह, वन उपभोक्ता समिति, टोल विकास/सुधार संस्थाजस्ता सामाजिक संघसंस्थाका प्रतिनिधिहरूलाई समेटी वडाका कम्तीमा १०% घर-परिवारका सदस्यहरूलाई विपद् जोखिमबारे तालिम दिइएको ।
१९. वडाक्षेत्रको हालको खाली-पर्ती जग्गामा कम्तीमा १०% का दरले बार्षिक रूपमा रूख, डालेघाँस, फलफूलका बिरूवा रोपी हुर्काएको ।
२०. वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगतसहितको विवरण राखी सार्वजनिक जग्गाको नक्सासहितको विवरण खुलाई बोर्ड राखिएको ।
२१. वडाभित्रका खाली पर्ती ऐलानी र सार्वजनिक जग्गामा बाल क्रिडास्थल, खेलकुदस्थल, जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गरिएको ।
२२. आफ्नो वडाभित्र कम्तीमा पहाडमा ५ रोपनी तथा तराईमा १० कठ्ठा क्षेत्रफलमा एउटा उद्यान, क्रिडास्थल, पार्क वा खुला क्षेत्र रहेको ।
२३. टोलको सिफारिसको आधारमा ध्वनी प्रदूषणको सीमा उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासनसमक्ष सिफारिससाथ पठाएको ।

### (क) नगरपालिका तहका आधारभूत सूचकहरू

१. बढ्दो शहरी जनसंख्याका लागि स्वच्छ खानेपानीको आवश्यकता पूरा गर्ने रणनीतिक योजना नगरपरिषद्बाट स्वीकृत भएको ।
२. कुहिने फोहर तथा प्लास्टिक छुट्याई सकेपछि बाँकी रहेको फोहरको उचित एवं उपयुक्त व्यवस्थापन गर्ने ल्याण्डफिल साइटको व्यवस्था भएको ।
३. बसपार्क, पेट्रोलपम्प र मुख्य हाटबजार स्थलमा लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको ।
४. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्डअनुरूप नगरपरिषद्को निर्णयबाट प्लास्टिक प्रयोगमा बन्देज गरिएको ।
५. प्लास्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको ।
६. नगरपालिकामा २४ सै घण्टा सञ्चालन हुने गरी चालू हालतको दमकल रहेको ।
७. नगरस्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन र विपद् व्यवस्थापन कोष स्थापना गरिएको ।
८. नगरपालिकामा विपद् व्यवस्थापन तालिम दिने न्यूनतम १ जना जनशक्ति भएको ।
९. विपद्का क्षेत्रहरूको जोखिमको अवस्था जोखिम न्यूनीकरणका उपायहरूसमेत आवधिक योजनामा समावेश गरी नगरपरिषद्बाट स्वीकृत गरिएको ।
१०. नगर क्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता पालना गर्ने कुरा नगरपरिषद्बाट निर्णय गरी भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने गरिएको ।
११. भवन मापदण्ड बनाई कार्यान्वयन गरिएको ।
१२. राष्ट्रिय भवन निर्माण संहितालाई नक्सा पासको स्थानीय मापदण्डसँग आबद्ध गरिएको ।
१३. सरकारी सार्वजनिक भवनको नक्सा पास गर्दा अपाङ्गमैत्री बनाइएको ।
१४. भूकम्पीय जोखिम न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
१५. नगरबासी बालबालिकाहरूलाई पायक पर्ने कम्तीमा एक स्थानमा मनोरञ्जन पार्क वा बाल उद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको ।
१६. बाल क्रिडास्थल वा खेलकूद स्थल या जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गर्दा लैङ्गिक, समावेशी तथा अपाङ्गमैत्री बनाइएको ।

### (ख) नगरपालिका तहका विकसित सूचकहरू

१७. फोहरमैलाको संकलन, ढुवानी तथा विसर्जनका सबै प्रक्रियाहरू फोहरमैला व्यवस्थापन ऐन तथा नियमावलीको प्रावधान बमोजिम वातावरणमैत्री तरिकाले सम्पादन गर्ने गरिएको ।
१८. फोहरमैलाको बैज्ञानिक व्यवस्थापनका आयामहरू (जस्तै : इन्सिनरेशन पुनः प्रशोधन, बायोग्यास उत्पादन) अवलम्वन गरिएको ।
१९. ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको ।
२०. नगरपालिकामा होटल रेष्टुराँ, बार, भोजनालय र चमेनगृह आदिबाट प्रदान गर्ने सबै सेवाको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने संयन्त्र बनाई कम्तीमा महिनाको एक पटक अनुगमन गरी अनुगमन प्रतिवेदन बमोजिम कारवाही गर्ने गरिएको ।
२१. नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत शत्रुजीव व्यवस्थापनसम्बन्धी कार्य गरी नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत बाली पोषकतत्व र एकीकृत शत्रुजीव व्यवस्थापनसम्बन्धी कार्य भएको ।
२२. नगरक्षेत्र कृषि उपज बजारको स्थापना र व्यवस्थापनसम्बन्धी कार्य भएको ।
२३. नगरपालिकाका सबै मूल सडकहरूमा सडक बत्तीका लागि सौर्य वा अन्य नवीकरणीय उर्जाको प्रयोग भएको ।
२४. सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय र हाटबजार) बाट बायोग्यास उत्पादन गर्न नगरपालिकाबाट प्राविधि तथा आर्थिक सहयोग गरिएको ।
२५. नगरपालिकामा वातावरण शाखा/इकाई स्थापना वा जिम्मेवारी तोकी वातावरण संरक्षणसम्बन्धी विशेष कोष स्थापना गरेको ।
२६. विपद् जोखिमका दृष्टिले बढी खतराजन्य स्थानहरूको पहिचान गरी नक्साङ्कन गरिएको ।
२७. पहिचान गरिएका बढी जोखिमयुक्त ठाँउमा ठूला संरचना निर्माणमा रोक लगाइएको ।

२८. साठी हजार जनसंख्या बराबर एक दमकलको व्यवस्था गरी फरक फरक स्थानमा राखिएको ।
२९. आवधिक योजनाको आधारमा बार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको ।
३०. प्लाष्टिक संकलन पनु: प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका कम्तीमा २ जना व्यक्तिलाई तालिम दिई तालिम प्राप्त व्यक्तिलाई प्लाष्टिक संकलन गर्ने कार्यमा लगाइएको ।
३१. प्लाष्टिक पुन: प्रयोग गरी सामाग्री उत्पादन गर्ने कार्यमा नगरपालिकाले सहयोग गरेको ।
३२. विद्यालयको बार्षिक कार्यतालिकामा कम्तीमा महिनाको १ पटक वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने व्यवस्था भएको ।
३३. नगरपालिका आफैं वा विभिन्न संघसंस्थाको माध्यमबाट वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने विद्यालयलाई सहयोग पुऱ्याइएको ।
३४. सडक दायाँबाँया फुटपाथमा टोल वस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटविरूवा लगाएको ।
३५. सार्वजनिक सबै बाँझो जग्गा, नदीनाला, खोलसा, किनाराहरूमध्ये कम्तीमा बार्षिक १०% का हिसाबले वृक्षारोपण गरी संरक्षण गरिएको ।
३६. भू-क्षय, पहिरो तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्वन गरेको ।
३७. नगरबासी बालबालिकाहरूलाई पायक पर्ने गरी साठी हजार जनसंख्या बराबर कम्तीमा एक स्थानमा मनोरञ्जन पार्क वा बालउद्यान निर्माण गरी सञ्चालनमा ल्याएको
३८. नगरक्षेत्रमा जैविक विविधता पार्क आदि सञ्चालनमा गरेको ।
३९. नगरक्षेत्रभित्र कम्तीमा एउटा शहरी वनको स्थापना गरी संरक्षण गरेको ।
४०. वडाभित्र परिवर्तनका प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरेको ।
४१. नगरपालिकाभित्र वातावरण संरक्षणसम्बन्धी जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने गरेको ।
४२. मुख्य सडकको डिभाईडर वा किनारामा बहुबर्षीय फूलहरू रोपेको ।
४३. भू-उपयोग नीति अनुरूप नगरको भू-उपयोग क्षेत्रको पहिचान, वर्गिकरण तथा नक्सा सहितको भू-उपयोग योजना तयार गरी कार्यान्वयनको लागि नगरपरिषद्बाट निर्णय भएको ।
४४. स्वीकृत भू-उपयोग योजनाबमोजिम बाहेक अन्य निर्माण कार्यमा रोक लगाइएको ।
४५. IEE/EIA गर्नुपर्ने योजनामा गर्ने गरेको ।
४६. नगरभित्र सबै सडकहरू पक्की भएको ।
४७. सवारी साधनहरू पार्किङ्गका लागि मुख्य बजार केन्द्रहरूमा सार्वजनिक पार्किङ्गस्थल तोकेको ।
४८. खुला पार्किङ्गस्थलमा हरियालीका लागि बहुबर्षीय रूखहरू रोपिएको ।
४९. नगरमा स्वस्थ र सफा मासु आपूर्तिका लागि उपयुक्त स्थानमा पशु बधशाला सञ्चालनमा रहेको ।
५०. नगरक्षेत्रमा खुला एवं अव्यवस्थित तरिकाले पशुबध गर्न निषेध गरिएको ।
५१. नगरभित्रका सबै सडकको मापदण्ड निर्धारण ।
५२. सबै बस्तीहरूमा दमकल र एम्बुलेन्स जान सक्ने भएको ।
५३. मापदण्डविपरित निर्माण भएका संरचना नियमित रूपमा जरिवानासहित भत्काउने गरिएको ।
५४. नगरका मुख्य सडकहरूमा साईकल लेनको व्यवस्था भएको ।
५५. सबै सार्वजनिक सडकको लगत कट्टा भएको ।
५६. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरूको लगत तयार भएको ।
५७. नगरपालिका क्षेत्रभित्र सञ्चालन रहेको उद्योगहरूको प्रदूषणस्तर वर्गीकरण गरी अभिलेख तयार गरेको ।
५८. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासोसम्बन्धी अभिलेख तयार गरी जिल्ला विकास समितिमा जानकारी पठाएको ।
५९. ध्वनीको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, ग्रामीण आवास क्षेत्र, शहरी आवास क्षेत्र, मिश्रित आवास क्षेत्र र शान्त क्षेत्रको रूपमा विभाजन गरिएको ।
६०. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनीको स्तर भए नभएको सम्बन्धमा बार्षिक रूपमा मापन गर्ने गरिएको ।
६१. निर्धारित मापदण्डभन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको ।
६२. विवाह, ब्रतबन्ध जस्ता सामाजिक संस्कार तथा धार्मिक एवं सार्वजनिक स्थलहरूमा विभिन्न उत्सव आदिमा मापदण्ड भन्दा बढी ध्वनी निस्कने भएमा स्थानीय निकायको पूर्वअनुमति लिनुपर्ने व्यवस्था गरिएको ।
६३. नगरक्षेत्रमा वायु प्रदूषण न्यूनीकरणका उपायहरू अवलम्वन गरिएको ।
६४. नगपालिकाका क्षेत्रभित्र न.पा.को पहल र समन्वयमा निजी क्षेत्र र गैससलाई परिचालन गरी मूकम्प प्रतिरोधी प्रविधि, विपद् व्यवस्थापन, नवीकरणीय ऊर्जाका क्षेत्रमा सेवा दिन सेवा केन्द्रको स्थापना र सञ्चालन गरिएको ।

# अनुसूची खण्ड

अनुसूची- १

## वस्ती तथा वडास्तरमा समस्या पहिचानका लागि प्रयोगमा ल्याउन सकिने फाराम

गाविस वा नगरपालिका .................. वडा नं ................. वस्तीको नाम ..........................

| समस्याहरू | समस्या | समस्या | समस्या | समस्या | समस्या | कैफियत |
|---|---|---|---|---|---|---|
| अत्यधिक प्रभावित | | | | | | |
| जस्तै: महिला संख्या | | | | | | |
| वडा वा गाउँबासी संख्या | | | | | | |
| विपन्न परिवार संख्या | | | | | | |
| बालबालिका संख्या | | | | | | |
| दलित महिला संख्या | | | | | | |
| .............. आदि | | | | | | |

अनुसूची- २

## समस्या समाधानका उपायहरूको खोजी

गाविस वा नगरपालिका .................. वडा नं ................. वस्तीको नाम ........................................

| समस्याबाट बढी प्रभावित समूह | समस्या | समस्या समाधानका उपाय (आयोजनाहरू) | | | | छनौट भएको विकल्प (आयोजना को नाम र नं.) |
|---|---|---|---|---|---|---|
| | | विकल्प १ | विकल्प २ | विकल्प ३ | विकल्प .. | |
| जस्तै: विपन्न परिवारका महिला र परिवार संख्या....... | | | | | | |
| सबै वडा वा गाउँबासी र परिवार संख्या ....... | | | | | | |
| विपन्न परिवार र परिवार संख्या ..... | | | | | | |
| विपन्न परिवारका बालबालिका र परिवार संख्या ....... | | | | | | |
| दलित महिला र परिवार संख्या...... | | | | | | |
| आदि ........ | | | | | | |

**नोट : वस्ती तथा वडास्तरमा आयोजना प्राथमिकीकरण गर्दा ध्यान दिनुपर्ने बुँदाहरू**

- विपन्न, महिला र बालबालिकाको जीवनस्तरमा सुधार गर्ने र स्वास्थ्यमा सुधार ल्याउने योजनाहरू ।
- चेतना अभिबृद्धि, संस्थागत क्षमता विकासका कार्यक्रम तथा तालिमहरू ।
- बृद्धबृद्धाहरूलाई फाईदा पुग्ने कार्यक्रमहरू ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू ।
- कम लागत र बढी जनसहभागितामा जुट्न सक्ने योजनाहरू ।
- क्रमागत, अधुरा र थोरै रकममा मर्मतसम्भार गरी पुन: सञ्चालनमा ल्याउन सकिने योजनाहरू ।
- बढी स्थानीय श्रम, सीप, साधन र प्रविधि प्रयोग हुने योजनाहरू ।
- दिगो विकास, लैङ्गिक समानता, वातावरण संरक्षण, प्रकोप नियन्त्रण र नवीकरणीय उर्जा विकासमा सहयोग पुग्ने योजनाहरू ।

अनुसूची- ३

## प्राथमिकताका बुँदाहरुलाई निम्न तालिकामा आयोजनागत रुपमा प्राप्त अंकका आधारमा प्राथमिकता निर्धारण गर्ने

| विवरण | बुँदा क | बुँदा ख | बुँदा ग | बुँदा घ | बुँदा ङ | बुँदा च | बुँदा छ | बुँदा ज | बुँदा झ | बुँदा ञ | बुँदा ट | अंक | प्राथमिकता | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आयोजना १ | | | | | | | | | | | | | | |
| आयोजना २ | | | | | | | | | | | | | | |

अनुसूची- ४

## सामाजिक परिचालक वा सहजकर्ता डायरी

केन्द्रको नाम :
ठेगाना :
केन्द्र सञ्चालन मिति :
जम्मा सहभागि संख्या :

| दलित | | जनजाति | | अन्य | | जम्मा | | गरीव | |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| | | | | | | | | | |
| | | | | | | | | | |

सामाजिक विश्लेषणबाट समुदायमा देखिएका वा पहिचान भएका सामाजिक सवालहरू

.......................................................................................................................................

.......................................................................................................................................

**अनुसूची- ५**

## पैरवी कार्य योजना

मिति :

सवाल :

| के काम वा क्रियाकलाप गर्ने | कसरी गर्ने | कहिले गर्ने | सूचक | अनुगमन गर्ने निकाय | अघिल्लो हप्ताको प्रगति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची- ६**

## प्रगति/परिवर्तन/असर अभिलेख्न

पैरवीको कारणले समुदाय भित्र, समूह बाहिर र अन्य सरोकारवालाहरूमा समेत के परिवर्तन भयो ? सकारात्मक वा नकारात्मक के असर पऱ्यो ? नियमित रूपमा अनुगमन गर्ने र परिवर्तन तथा असरहरू स्पष्ट रूपमा लेख्दै जाने र प्रतिवेदनमा समावेश गर्ने ।

-
-
-

**अनुसूची- ७**

## पैरवी योजना अनुगमन फाराम

नागरिक सचेतना केन्द्रको नाम :

ठेगाना :

| हप्ता | सवाल | सञ्चालित कार्यक्रम | उपलब्धि |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |
| चौथो | | | |

तयार गर्ने :

मिति :

**अनुसूची- ८**

## नागरिक सचेतना केन्द्र

आर्थिक वर्ष :

जिल्ला :

गाविस वा नगरपालिका :

सामाजिक परिचालन सहजकर्ताको नाम :

केन्द्रको नाम :

| क्र.सं. | सहभागिको नाम | उमेर | आवद्ध | दलित | | जनजाति | | अन्य | | गरीव | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समूहहरू | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

समावेशी र उत्तरदायी स्थानीय शासनको मूल आधार: सामाजिक परिचालनले ल्याउनेछ सुधार

## बिचारणीय कुराहरु

- के हामीले गरेका कामहरूले सबैभन्दा गरीब समुदायलाई फाईदा पुगेको छ ?
- के हामी सबैभन्दा गरीब समुदायप्रति जवाफदेही छौं ?
- के हाम्रो कामले स्थानीय निकायहरूलाई सबैभन्दा गरीबप्रति थप उत्तरदायी बनाउन सहयोग पुगेको छ ?
- के हामीलाई पछाडी परेका वर्ग र समुदायले आफूलाई अप्ठारो परेको बेलामा सहयोग गर्छन भनेर विश्वास गर्छन् ?
- के हामी कम्तीमा पनि महिनाको एक दिन गरीबहरूको घरमा बास बस्छौ ?
- के हाम्रो कारणले नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्च लगायतका अन्य स्थानीय संयन्त्रहरू सक्रिय भई नागरिकप्रति थप जिम्मेवार र जवाफदेही भएका छन् ?

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**

जावलाखेल, ललितपुर

फोन नं. ५५२२००४, ५५२१०५१, ५५२५३४६,

इमेलः ldta.org.np@gmail.com, ldta@wlink.com.np